CC-0. In Public Domain. Digitization by eGangotri

ISSN 2795-1626 (Print)



मर्यादा

विज्ञसमीक्षित अनुसन्धानात्मक जर्नल

वर्षः १ अङ्क : १ असारः २०७८

नेपाल संस्कृत विश्वविद्यालय
Valmeeki Vidyapeeth
वाल्मीकि विद्यापीठ, काठमांडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्यादा

विज्ञसमीक्षित अनुसन्धानात्मक जर्नल

वर्षः १ अङ्क : १ असारः २०७८

प्रधान सम्पादक
प्रा.डा.भागवत ढकाल
(प्राचार्य)

सम्पादन समिति
प्रा.डा. जीवन अधिकारी (संयोजक)
डा. लेखप्रसाद निरौला (सदस्य)
डा. भोलानाथ भट्टराई (सदस्य)
उत्तम पौडेल (सदस्य)
रमेश जोशी (सदस्य)

प्रकाशक
नेपाल संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ, काठमाडौं, नेपाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्यादा

(विज्ञसमीक्षित अनुसन्धानमूलक जर्नल)

वर्षः १ | अङ्क : १ | असारः २०७८

प्रकाशन	:	वार्षिक
ढाँचा	:	मुद्रित संस्करण
सर्वाधिकार	:	वाल्मीकि विद्यापीठ, काठमाडौं, नेपाल
ISSN	:	2795-1626 (Print)
तयारी अवधि	:	२ महिना
मूल्य	:	३५०/-
प्रति	:	५००
सम्पर्क ठेगाना	:	वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं ।
फोन नं.	:	०१४२२७१९३
Email	:	maryada.researchjournal@gmail.com
मुद्रक	:	क्राउन प्वाइन्ट प्रिन्टिङ हाउस

लेखकका व्यक्तिगत विचारप्रति सम्पादन समिति जिम्मेवार हुने छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

प्रत्येक मानव मानवीय मूल्य र मान्यताको मर्यादामा आफूलाई चिनाउँदछ । मर्यादा वाल्मीकि विद्यापीठको खोजमूलक पत्रिकाको पर्यायवाची नाम हो । यस पत्रिकाका पनि आफ्नै मूल्य-मान्यता र मर्यादा छन् । मर्यादा पालनबाट नै व्यक्ति, समाज र राष्ट्रको गरिमा अभिवृद्धि हुन्छ । यसपटक मर्यादा विज्ञसमीक्षित अनुसन्धानमूलक स्वरूपमा यहाँहरूमाझ आएको छ । श्रुतिपरम्पराबाट विकसित पौरस्त्य वाङ्मय आज लिखित रुपमै आइसकेको अवस्था छ । वेदका ऋचा र मन्त्रबाट विश्वले ज्ञान ग्रहण गरी प्रयोगपक्षमा प्रवेश गरिसकेको छ । ऋषिकुलमा स्थित ज्ञान आज अन्तरिक्षसम्म पुगेको छ । यसको श्रेय शोध, अध्ययन र अनुसन्धान प्रक्रियामा भएको प्रगतिलाई जान्छ ।

वाल्मीकि विद्यापीठ नेपालको शैक्षिक इतिहासमा आफ्नो गुणात्मक पहिचान बोकेको संस्था हो । नेपालमा शैक्षिक जग बनेर संस्कृत शिक्षाले विगतदेखि आफूलाई चिनाउँदै आएको छ । पौरस्त्य ज्ञानलाई पठनपाठन, अध्ययन, अनुसन्धान र लेखरचनामार्फत् समाजसमक्ष ल्याउने कार्यमा मर्यादा पत्रिकाको आफ्नो पहिचान र परम्परा छ । यसपटक विज्ञसमीक्षित जर्नल बनेर मर्यादा उपस्थित भएको छ । यो आफैँमा नवीन यात्रा हो, यस पत्रिकाका लागि ।

विज्ञसमीक्षित जर्नल निकाल्ने पहिलो प्रयास भएकाले यसमा केही कमी कमजोरीहरू भएमा रचनात्मक सुझावको अपेक्षा गरिएको छ । एक महिनाको समयावधि दिएर विज्ञहरूलाई अनुसन्धानमूलक लेख लेख्न गरिएको आग्रहलाई ससम्मान स्वीकार गरी समयमै लेख उपलब्ध गराउने प्राध्यापकहरू धन्यवादका पात्र हुनुहुन्छ । विज्ञ व्यक्तित्वका रूपमा सम्बद्ध विषयका प्राप्त वरिष्ठतम प्राध्यापकहरूलाई अनुरोध गरिएको हो । वहाँहरूको अमूल्य सुझावबाट यसभित्रका शोधलेखहरूको परिष्कार गरी स्तरीय बनाउने प्रयत्न गरिएको छ । छोटो समयमा वहाँहरूबाट प्राप्त राय सल्लाहसहितका सुझाव हामीसँग सुरक्षित छन् ।वाल्मीकि विद्यापीठको मुखपत्र मर्यादामा संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाका लेखहरू समाविष्ट छन् । वेद, ज्योतिष, व्याकरण, न्याय, दर्शन, प्राकृतिक चिकित्सा, तथ्याङ्कशास्त्र, धर्मशास्त्र, साहित्य, इतिहास, पुराण, नेपाली भाषा, आदि अनेक विधाका विज्ञ व्यक्तित्वबाट आएका यी लेखहरू गुणात्मक कसीमा पनि उच्च छन् । यसमा प्रकाशित लेखसँगको नैतिक दायित्व स्वयं लेखकहरूमा रहेको छ ।

मर्यादा प्रकाशनका क्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवज्यूहरूबाट प्राप्त सल्लाह, सुझाव र आर्थिक सहयोगका लागि आभार प्रकट गर्दछौँ । आगामी अङ्कहरूमा पनि विद्वान् लेखकहरूका विभिन्न विधा र विषयका गहनतम अनुसन्धानात्मक लेखरचनाहरूको अपेक्षा गर्दछौँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

शीर्षक	लेखक	पृष्ठ
अभावपदार्थका विषयमा वैशेषिक र मीमांसकहरूको मतनिरूपण	अर्जुनबाबु दाहाल	१
वैदिक राज्यव्यवस्थामा दूत र गुप्तचर	डा. ऋषिराम रेग्मी	९
मृगौला रोगीको आहारमा कोभिड-१९ को प्रभाव	एलमिरा रिसाल	२०
ज्योतिषशास्त्रानुसारं शुभाशुभशकुनचिन्तनम्	कृष्णप्रसाद पौडेल	३०
न्यायदर्शनदृष्ट्या प्रत्यक्षप्रमाणविमर्शः	केशवशरण अर्याल	३९
पाणिनीयशिक्षायाः समीक्षणम्	गोविन्द पौडेल	५३
न्यायदर्शनदृष्ट्या सन्निकर्षविषयकं पर्यालोचनम्	घनश्यामो भण्डारी	६९
नेपालस्यैतिहासिकधार्मिकपरंपरायां पौराणिकः प्रभावः	डा.जनार्दन उपाध्याय	७९
ऐतिहासिक ध्वनिपरिवर्तनसम्बन्धी नियमहरूको स्वरुप	टेकनाथ दहाल	९२
त्रिंशांशकुण्डलीमा स्त्रीजातकका विश्लेषण	तनुजा दाहाल	१०१
सहिदको सालिक कथाको विषयस्रोत	तेजविलास अधिकारी	१११
नेपाली समालोचनामा कृतिविश्लेषणका लीलाबोधी आधारहरू	डा. नारायण चालिसे	११९
उपनयनमुहूर्तविचार	नारायणप्रसाद निरौला	१२८
गोचरफलादेशो गोचरानुसारेणाशुभग्रहाणां शान्तिविधिश्च	डा. पुरुषोत्तमो भट्टराई	१३७
धर्मशास्त्रीयषोडशसंस्कारविवेचना	डा. प्रकाश ढकालः	१४९
प्रकृतिभावसन्धिविमर्शः	डा. प्रकाश तिवारी	१६२
पदवाक्यप्रमाणशास्त्रदृशा वाक्यतत्त्वविचारः	भीमप्रसादः कण्डेल	१७५
Theme of Death in Emily Dickinson's Selected Poems	*Dr. Bimala Sharma*	१९०
ज्यौतिषशास्त्रीयप्रधानविषयविमर्षः	डा. माधवप्रसाद पाण्डेय	२००
भगवान् श्रीपशुपतिनाथ : षडाम्नायविद्याका मूल उपदेष्टा	डा. माधवप्रसाद लामिछाने	२११
सुकृतिदत्तपन्तस्य वैशिष्ट्यविमर्शः	डा. रत्नावली शर्मा	२२०
दर्शनशास्त्रेषु निर्विकल्पकप्रत्यक्षस्वरुपावलोकनम्	लक्ष्मण आचार्यः	२३२
शास्त्रीय हिन्दु विधिको स्वरूप र न्याय प्रशासन	डा. लालमणि पाण्डेय	२४२
पारदर्शी मान्छे भित्रको विसङ्गति	डा. लेखप्रसाद निरौला	२५९
धर्मशास्त्रीय प्रायश्चित्तव्यवस्या र प्रायश्चित्तका साधनहरू	डा. वासुदेव खनाल	२६७
नेपालमा धर्मपरिवर्तनः तथ्याङ्कीय विश्लेषण	शान्तिकृष्ण अधिकारी	२७७
षड्बलविचार	शालिग्राम ढकाल	२८३
सालङ्कारा कठोपनिषत्	शिवराज लामिछाने	२९४
नामसङ्गीतेः परम्परा विलासवज्रस्यावदानञ्च	शेखर दाहाल	३१०
प्रमाणविषये न्यायमीमांसयोः पार्थक्यपरिशीलनम्	सीताराम खतिवडा	३२०
विवाहको धर्मशात्रीय आधार	सुरेशराज पौडेल	३३४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभावपदार्थका विषयमा वैशेषिक र मीमांसकहरूको मत निरूपण

✍ अर्जुनबाबु दाहाल*

शोधसार

प्रस्तुत अनुसन्धानात्मक लेखमा वैशेषिक र मीमांसा दर्शनमा रहेको अभाव पदार्थसम्बन्धी धारणालाई उजागर गर्ने प्रयास गरिएको छ । अभाव पदार्थका विषयमा भाट्ट मीमांसकहरू र वैशेषिकहरूको मत समान रहेको देखिन्छ । भाट्ट मीमांसकहरूले द्रव्य, जाति, गुण, क्रिया र अभाव पदार्थलाई प्रमेयका रूपमा स्वीकार गरेको पाइन्छ भने वैशेषिकहरूले पनि द्रव्य, गुण, कर्म, सामान्य विशेष, समवाय र अभाव गरी सात पदार्थको उद्देश गरेको पाइन्छ । तर, प्रभाकर मीमांसकहरू भने अभावलाई पदार्थका रूपमा स्वीकार गर्दैनन् । भाट्ट वैशेषिकादिले जुन पदार्थलाई अभाव नामले व्यवहार गरेका छन्, त्यसलाई दृश्यप्रतियोगीको एकदेशको उपलब्धि रूपसम्म मान्न सकिन्छ, तर छुट्टै पदार्थ होइन भन्ने प्रभाकरहरूको मान्यता रहेको पाइन्छ । जसरी भाट्ट मीमांसक र वैशेषिकहरूले अभाव पदार्थलाई प्रमेयका रूपमा समान तरिकाले स्वीकार गरेका छन्, त्यसैगरी यसका भेदका विषयमा पनि दुवैको मत समान रहेको देखिन्छ । भाट्टहरूले संसर्गाभाव र अन्योन्याभाव गरी अभावलाई प्रथमतः दुई रूपमा विभाजित गरेका छन् । संसर्गाभावको पनि प्रागभाव, प्रध्वंसाभाव र अत्यन्ताभाव गरी तीन भेद देखाएका छन । त्यसरी नै विश्वनाथ आदि वैशेषिकहरूले पनि अभावको सोही विभाजन प्रक्रिया देखाएका छन् । अभाव पदार्थलाई छुट्टै प्रमाणका रूपमा मीमांसकहरूले व्याख्या गरेका छन् भने वैशेषिकहरूले प्रत्यक्षद्वारा नै अभावको पनि ज्ञान हुने भएकाले त्यसलाई अतिरिक्त प्रमाण मान्नु आवश्यक छैन भन्ने मत अघि सारेका छन् । यस विषयमा उभय दर्शनका बीचमा मतान्तर रहेको पाइन्छ । यस लेखमा वैशेषिक र मीमांसा दर्शनमा अभाव पदार्थसम्बन्धी मान्यताहरूलाई संक्षिप्त रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

शब्दकुञ्जीः *अभाव, निरूपण पदार्थ, मतवैभिन्य, मीमांसा, वैशेषिक ।*

विषयप्रवेश

आस्तिक र नास्तिक दुवै पौरस्त्य दर्शनमा पदजन्य प्रतीतिलाई पदार्थ भनिएको पाइन्छ । प्रायः दर्शनहरूले भाव र अभाव गरी दुई प्रकारले पदार्थको विभाजन गरेको देखिन्छ । वैशेषिक र मीमांसा दर्शनमा पनि पदार्थको निरूपण गर्ने क्रममा भाव र अभाव पदार्थको अध्ययन भएको पाइन्छ । भाव पदार्थको संख्याका विषयमा सबै दर्शनका आ-आफ्नै मान्यता रहेका छन् । त्यसैगरी अभावका विषयमा पनि आ-आफ्नै मान्यता रहेका छन् । आप्टेले अभावलाई अनस्तित्व वा असत्ता (आप्टे : २००९: ६९)रूपमा अर्थ्याएका छन् । मुक्तावलीमा अभावलाई यसरी उल्लेख गरिएको पाइन्छ-

अभावत्वं द्रव्यादिषट्काऽन्योन्याभावत्वम् (न्यायसिद्धान्तमुक्तावलीः २००३: ५९) त्यसैगरी केशव मिश्रले पनि निषेधमुखप्रमाणगम्योऽभावः (तर्कभाषा :५७:२२१) भनेर निषेध रूप प्रमाणगम्य पदार्थलाई अभाव

---

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनेका छन् । यस लेखमा वैशेषिक र मीमांसा दर्शनले निरूपण गरेको अभाव पदार्थको अध्ययनलाई संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ ।

समस्याकथन

प्रस्तुत लेख शीर्षकका आधारमा निम्न समस्या समाधानका लागि तयार पारिएको छ-

क. वैशेषिक र मीमांसा दर्शनमा निरूपण गरिएको अभाव पदार्थको स्वरूप गत वा लक्षणगत पृथकता के-कस्तो रहेको छ ?

ख. अभाव पदार्थका विषयमा वैशेषिक र मीमांसा दर्शनको साम्य-वैषम्य के-कस्तो रहेको छ ?

उद्देश्य

माथिल्लो शीर्षकमा उल्लेख गरिएका समस्या समाधानका लागि निम्न उद्देश्यहरू रहेका छन्-

क. वैशेषिक र मीमांसा दर्शनमा निरूपण गरिएको अभाव पदार्थको स्वरूपगत वा लक्षणगत पृथकता निर्धारण गर्नु,

ख. अभाव पदार्थका विषयमा वैशेषिक र मीमांसा दर्शनको साम्य-वैषम्य निरूपण गर्नु ।

सामग्री संकलन र शोधविधि

प्रस्तुत अनुसन्धानात्मक लेखमा सामग्री संकलनका लागि 'मधुकरीवृत्ति' नामक पद्धति अवलम्बन गरेर ती सामग्रीको अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिलाई विशेष रूपले अवलम्बन गरिएको छ । त्यसैगरी, विषय विश्लेषणका लागि विश्लेषणात्मक, व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने अभाव पदार्थका विषयमा वैशेषिक र मीमांसा दर्शनका स्वरूपगत र प्रकार(भेद)गत साम्य-वैषम्य निरूपण गर्न तुलना-प्रतितुलनात्मक विधिको उपयोग गरिएको छ । संकलित सामग्रीलाई सुव्यवस्थित तरिकाले प्रयोग गर्दै लेखलाई प्रामाणिक बनाउनका निम्ति लेखको मुख्य भागमा गर्भे(पेटे) टिप्पणीका रूपमा प्रयोग गरिएको छ भने सन्दर्भ सामग्री सूची निर्धारणका लागि एपिए (APA) नामक पद्धति अवलम्बन गरिएको छ ।

वैशेषिक दर्शनमा अभाव पदार्थ

वैशेषिक दर्शनमा सर्वप्रथम पदार्थको विभाजन दुई प्रकारले गरिएको पाइन्छ- भाव र अभाव भेदले । भाव पदार्थ ६ किसिमको बताइएको छ- द्रव्य, गुण, कर्म, सामान्य विशेष र समवाय । सूत्रकार कणादले पदार्थका विषयमा स्पष्ट रूपमा भनेका छन्- 'धर्म्मविशेषप्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निः श्रेयसम्' । (वैशेषिकसूत्रोपस्कारः २००७:१६)। यसरी सूत्रकारले छ वटा भाव पदार्थको स्पष्ट उल्लेख गरेका भए तापनि अभावका विषयमा किन बताएनन् त भन्ने जिज्ञासा उत्पन्न भएको अवस्थामा अभावले भाव परिज्ञानको अपेक्षा गर्दछ, भाव पदार्थको ज्ञान भएपछि प्रतियोगीत्वेन रूपेण अभावको पनि ग्रहण हुन्छ । त्यसकारण त्यसलाई छुट्टै उल्लेख नगरिएको मात्र हो । अभाव पदार्थ नभएर होइन भन्ने व्याख्याकारहरूको मत छ । अभावका विषयमा पदार्थोद्देश सूत्रमा नबताए तापनि सूत्रकारने नवौं अध्यायको प्रथम आह्निकमा अभावका चारवटा भेदको लक्षणसहित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरण प्रस्तुत गरेका छन् । सूत्रकारका अनुसार प्रागभाव, प्रध्वंसाभाव, अत्यन्ताभाव र अन्योन्याभाव गरी अभावका चार भेद रहेका छन् । सूत्रकारको मतलाई स्वतन्त्र रूपमा व्याख्या गर्दै भाष्य लेखेका भाष्यकारले आफैँले अभावका बारेमा स्पष्ट उल्लेख गरेका छैनन् । तर, अभावलाई अतिरिक्त प्रमाण मान्न सकिँदैन भन्ने यथेष्ट प्रमाण प्रस्तुत गरेका छन् । तर, पनि भाष्यका सेतु व्योमवती आदि टीकाकारहरूले सूत्रकारले बताएका अभावका भेदहरूलाई स्वीकार गरेको पाइन्छ । शंकर मिश्रले त वैशेषिकसूत्रोपस्कार नामक ग्रन्थमा वैशेषिकसूत्रमा बताइएका कुराहरूलाई अझ स्पष्ट पारेका छन् । त्यसकारण सूत्रकारसम्मत अभाव पदार्थविषयक चिन्तन उनको पनि रहेको पाइन्छ ।

तर्कसंग्रहकारले- 'द्रव्यगुणकर्मसामान्यविशेषसमवायाभावाः सप्तपदार्थाः (तर्कसंग्रह २००७:६) भनेर अभाव पदार्थको स्पष्ट उद्देश गरेका छन् । त्यसैगरी, न्यायसिद्धान्तमुक्तावलीमा पनि सातवटै पदार्थको उद्देश गरिएको पाइन्छ । जस्तै-

द्रव्यं गुणस्तथा कर्मसामान्य सविशेषकम् ।

समवायस्तथाऽभाव पदार्थाः सप्त कीर्तिताः॥ (न्यायसिद्धान्तमुक्तावलीः (२००३:२३)

यसरी अभाव पदार्थलाई छुट्टै उद्देश गरिएको पाइन्छ । ग्रन्थकारले अभावको लक्षण वा परिभाषा पनि यसप्रकार उल्लेख गरेका छन्-अभावत्वं द्रव्यादिषट्काऽन्योन्याभाववत्त्वम् (पूर्ववत्:५९)। त्यसैगरी केशव मिश्रले पनि- 'इदानीं निषेधमुखप्रमाणगम्योऽभावरूपः सप्तमः पदार्थ प्रतिपाद्यते (तर्कभाषा २०५७:२२१) भनेर निषेध रूप प्रमाणगम्य पदार्थलाई अभाव भन्ने बताएका छन् ।

अभावका भेद (प्रकार)

अभावका भेदका विषयमा सूत्रकारले प्रागभाव, प्रध्वंसाभाव, अन्योन्याभाव र अत्यन्ताभाव गरेर चार भेद बताएका छन् भन्ने कुरा माथि नै उल्लेख गरी सकियो । तर्कसंग्रहकारले पनि अभावश्चतुर्विधः -प्रागभावः प्रध्वंसाभावोऽत्यन्ताभावोऽन्योन्याभावश्चेति (तर्कसंग्रहः२००७:१५) भनेर सोझै अभावका चार भेद बताएका छन् । तर, तर्कभाषाका केशव मिश्र र मुक्तावलीका विश्वनाथले पहिले अभावलाई संसर्गाभाव र अन्योन्याभाव गरी दुई भेद गरेका छन् । फेरि संसर्गाभावका प्रागभाव, प्रध्वंसाभाव र अत्यान्ताभाव गरी तीन भेद देखाएका छन् । अभावका प्रकारलाई मुक्तवलीमा यसरी प्रस्तुत गरिएको पाइन्छ-

अभावस्तु द्विधा संसर्गान्योन्याभावभेदतः । प्रागभावस्तथा ध्वंसोऽप्यत्यन्ताभाव एव च ॥

एवं त्रैविध्यमापन्नः संसर्गाभाव इष्यते ॥ (न्यायसिद्धान्तमुक्तावली २००३::५९) ।

प्रागभाव

उत्पत्ति हुनुभन्दा पहिले कारणमा कार्यको जुन अभाव रहन्छ, त्यसलाई प्रागभाव भनिन्छ । जस्तै तन्तुषु पटाभावः । अर्थात्, पटको उत्पत्ति हुनुभन्दा पूर्व तन्तुहरूमा वर्तमान पटको अभाव । प्रागभावको उत्पत्ति नहुने भएकाले यसलाई अनादि भनिन्छ र यो विनाशीचाहिँ हुन्छ । किनभने घटको कार्यको उत्पत्ति भएपछि सोही घटकार्यको प्रागभावको नाश हुन्छ । प्रागभावलाई सूत्रकारले यसरी परिभाषित गरेका छन्-'क्रियागुणव्यपदेशाभावात् प्रागसत् (वैशेषिसूत्रोपस्कारः २००७:४६७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रध्वंसाभाव

उत्पन्न भएका घटादि वस्तु मुद्गर प्रहारादि कारणबाट जब नष्ट हुन्छन् तब त्यो घटादिको कारण कपाल आदिमा पूर्वकार्य रूप घटको जुन अभाव रहन्छ, त्यसलाई प्रध्वंसाभाव भनिन्छ। प्रध्वंसको अर्थ विनाश भन्ने हुन्छ। जस्तै- भग्ने घटे कपालमालायां घटाभावः। अर्थात् घट नष्ट भएपछि कपालादि कारणमा वर्तमान घटको अभाव। यो उत्पत्तिवान् भए पनि अविनाशी हुन्छ। त्यसकारण यसलाई सादि भए तापनि अनन्त भनिन्छ। यसलाई सूत्रकारले यसरी बताएका छन्- 'सदसत्। असतः क्रियागुणव्यपदेशाभावादर्थान्तरम् (पूर्ववत् ४६९-७०)

अत्यन्ताभाव

त्रैकालिक र संसर्गावच्छिन्न प्रतियोगिताक अभावलाई अत्यन्ताभाव भनिन्छ। अन्नम भट्टले यसलाई यसरी परिभाषित गरेका छन्- त्रैकालिकसंसर्गावच्छिन्नप्रतियोगिताकोऽत्यन्ताभावः (तर्कसंग्रहः २००७:२२६)। जस्तै- वायौ रूपाभावः। अर्थात् वायुमा रूपको अभाव भूत वर्तमान र भविष्यत् तीनै कालमा सम्भव नहुने भएकाले वायुमा रूपको अभाव अत्यन्ताभाव भयो। यसलाई सूत्रकारले यसरी परिभाषित गरेका छन्- यच्चान्यादसदतस्तदसत् (वैशेषिकसूत्रोपस्कारः २००७:४७१)

अन्योन्याभाव

तादात्म्य प्रतियोगिताक अभावलाई अन्योन्याभाव भनिन्छ। भट्टले यसलाई यसरी परिभाषित गरेका छन्-

तादात्म्यसम्बन्धावच्छिन्नप्रतियोगिताकाभावोऽन्योन्याभावः (तर्कसंग्रहः २००७:२२८) जस्तै- घट पटो नभवति, अर्थात् घट पट होइन। सूत्रकारले अन्योन्यावलाई यसरी बताएका छन्- सच्चासत् (वैशेषिकसूत्रोपस्कारः २००७:४७१)

अत्यन्ताभाव संसर्गावच्छिन्न-प्रतियोगिताक अभाव हुन्छ भने अन्योन्याभाव तादात्म्य प्रतियोगिताक अभाव हुन्छ भनेर अत्यन्ताभाव र अन्योन्याभावको फरकलाई वैशेषिकहरूले बताएको पाइन्छ। यसरी वैशेषिक दर्शननिरुपित अभाव पदार्थको विषयमा चर्चा गरियो। अब मीमांसा दर्शन निरुपित अभाव पदार्थका विषयमा उल्लेख गरिन्छ।

मीमांसा दर्शनमा अभाव पदार्थ

भाट्ट मीमांसकहरूले अभाव पदार्थलाई छुट्टै प्रमेयका रूपमा बताएका छन्। नारायणद्वयीले पदार्थोद्देश प्रसंगमा भनेका छन्-

वयं तावत् प्रमेयं तु द्रव्यजातिगुणक्रियाः।

अभावश्चेति पञ्चैतान् पदार्थानाद्रियामहे॥ (मानमेयोदय १९७८:१४२)।

अर्थात् हामी भाट्टमतानुयायी द्रव्य, जाति, गुण, क्रिया र अभाव यी पाँच पदार्थलाई प्रमेय मान्दछौं भन्ने द्वयीको मत रहेको छ। त्यति मात्र नभएर भाट्ट मतमा अनुपलम्भ वा अभावलाई छुट्टै प्रमाणको रूपमा पनि ग्रहण गरिएको छ। अभावलाई छुट्टै प्रमाण मान्नुपर्छ भन्ने विषयमा वार्तिकार लेख्छन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणपञ्चकं यत्र वस्तुरूपे न जायते ।

वस्तुसत्तावबोधार्थं तत्राभावप्रमाणता ॥ (श्लोकवातिकम् १९७८:३३५)

यसैगरी अनुपलब्ध वस्तुको ज्ञानका लागि अभाव नामक प्रमाण मान्नुपर्दछ भन्दै नारायणद्वयी लेख्छन्-

अथोपलम्भयोग्यत्वे सत्यप्यनुपलम्भनम् ।

अभावाख्यं प्रमाणं स्यादभावस्यावबोधकम् ॥ (मानमेयोदयः १९७८:१२९)

यसरी नै वार्तिककारले पनि जसरी सत्पदार्थको ज्ञानका लागि प्रत्यक्षादि प्रमाण छन्, त्यसैगरी असत्पदार्थको ज्ञानका निमित्त अभाव नामक प्रमाण मान्नुपर्छ भनेका छन्-

प्रत्यक्षाद्यवतारस्तु भावांशो गृह्यते यदा ।

व्यापारस्तदनुत्पत्तेरभावांशे जिघृक्षिते ॥ (श्लोकवार्तिकम् १९७८: ३३९)

यी त भए अभावलाई प्रमाणान्तर मान्ने कुरा, अब अभाव पदार्थ भनेको के हो त ? भन्ने विषयमा चर्चा गरौँ । नारायणद्वयीले द्रव्य, जाति, गुण र क्रिया गरी यी चारमा भाव पदार्थ सबै अन्तरर्भूत हुन्छन् र जो यिनमा अन्तर्भूत हुँदैनन्, ती पदार्थ नै होइनन् भन्न सकिन्न । अतः भाव पदार्थ निरुपित भएपछि तदतिरिक्त अभाव पदार्थको निरूपण गर्न पनि उचित नै हुन्छ भनेका छन् । अर्थात् भावभिन्न पदार्थलाई अभाव भनिएको पाइन्छ । उनी लेख्छन्-

प्रागभावादिभेदेन चतुर्धैव विभागवान् ।

षष्ठप्रमाणविज्ञेयः पदार्थोऽभाव उच्यते ॥ (मानमेयोदयः १९७८:२७५)

अभावका भेद (प्रकार)

मीमांसकहरूले सर्वप्रथम संसर्गाभाव र अन्योन्याभाव गरेर अभावको दुई भेद गरेका छन् । संसर्गाभाव पुनः प्रागभाव, प्रध्वंसाभाव र अत्यन्ताभाव गरेर तीन किसिमको बताएका छन् । अभावको भेदका विषयमा नारायणद्वयी लेख्छन्-

अभावो द्विविधः संसर्गभावोऽन्योन्याभावश्च ।

तत्र संसर्गभावः प्रागभावप्रध्वंसाभावात्यन्ताभावभेदेन त्रिविधः (पूर्ववत् :२७६) ।

प्रागभावःकुनै वस्तुको उत्पत्ति हुनुभन्दा पहिले जुन अभाव हुन्छ, त्यसलाई प्रागभाव भनिन्छ । जस्तै- दूधमा दहीको जुन अभाव हुन्छ, त्यसलाई प्रागभाव भनिन्छ ।

प्रध्वंसाभावः कुनै वस्तुको नाश (ध्वंस) भइसकेपछि उत्पन्न हुने अभावलाई प्रध्वंसाभाव भनिन्छ । जस्तै- दहीमा दूधको जुन अभाव हुन्छ, त्यसलाई ध्वंसाभाव भनिन्छ ।

अत्यान्ताभाव

त्रैकालिक संसर्गावच्छिन्न प्रतियोगिताक अभावलाई अत्यान्ताव भनिन्छ । जस्तै- वायुमा जुन रूपादिको अभाव हुन्छ, त्यसलाई अत्यन्ताभाव भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्योन्याभाव

तादात्म्य प्रतियोगिताक अभावलाई अन्योन्याभाव भनिन्छ। यसमा तादात्म्यको निषेध हुन्छ। जस्तै- घट पट होइन। यसप्रकारको घटादिमा पटादिको जुन अभाव हुन्छ त्यसलाई अन्योन्याभाव भनिन्छ।

नारायणद्वयीले यी चारै किसिमका अनावहरूको सोदाहरण संग्रहश्लोक यसरी प्रस्तुत गरेका छन्-

क्षीरे यो दध्यभावः स इह निगदितः प्रागभावः प्रवीणैः प्रध्वंसाभावमाहुर्दधनि तु पयसोऽभावमाचार्यपादाः। अत्यन्ताभावसंज्ञो भवति हि पवनाद्येषु रूपाद्यभावश्चान्योन्याभावमासु स्फुटयति तु घटादौ पटत्वाद्यभावः॥ (पूर्ववत् :२७६)

त्यसैगरी श्लोकवार्तिकारले पनि अभाव पदार्थको बारेमा सोदाहरणसंग्रहश्लोक यसरी प्रस्तुत गरेका छन्-

क्षीरे दध्यादि यन्नास्ति प्रागभावः स उच्यते। नास्तिता पयसो दध्नि प्रध्वंसाभाव इष्यते॥

गवि योऽश्वाद्यभावस्तु सोऽन्योन्याभाव उच्यते।

शिरसोऽवयवा निम्ना वृद्धिकाठिन्यवर्जिताः।

शशशृंगादिरूपेण सोऽत्यन्ताभाव उच्यते॥ (श्लोकवार्तिकम् १९७८:३३६)

तर, प्रभाकर मीमांसकहरू अभाव नामको पदार्थलाई प्रमाण मान्दैनन्। अभावमा प्रमेयत्वको अभाव हुने भएकाले अनुपलब्धि रूप प्रमाण मान्नु आवश्यक छैन भन्दछन्। किनभने अभाव अधिकरणात्मक हुन्छ भन्ने यिनीहरूको मत रहेको छ। अधिकरण स्वरूपभन्दा अतिरिक्त अभाव होइन भन्दै शालिकनाथ मिश्र लेख्छन्-

भावानामवगतिर्द्विविधा- एकातावद्भावान्तरसंसृष्टविषया, अपरा च तदेकविषया। याऽपि च तदेकविषया बुद्धिः, साऽपि द्विविधा- प्रतियोगिनि दृश्येअदृश्ये च। तत्र दृश्ये प्रतियोगिनि या तदेकविषया बुद्धिः सैव तस्य प्रतियोगिनोऽभाव इत्युच्यते। ......तुल्योपलम्भयोग्यार्थान्तरदर्शनेन दृश्यानुपलम्भोऽवधार्यते। अतो दृश्ये प्रतियोगिनि तदेकविषयोपलब्धिरेव वरमभावोऽस्तु। (प्रकरणपञ्चिका :१९६१ :२८६-८७)

त्यसैगरी, प्रकरणपञ्चिकाको मूलश्लोकसंग्रहमा पनि भनिएको छ-

अभावव्यवहारस्तु दृश्यादृर्षिविमर्शजः।

सा हि भूभागसद्भावमात्रावच्छेदबन्धना॥ (पूर्ववत्, प्रकरणपञ्चिका श्लोक पृ.१५)

यसरी मीमांसा दर्शनमा भाट्ट मतमा अभावलाई छुट्टै पदार्थका रूपमा स्वीकार गरिएको छ भने प्रभाकर मतमा दृश्य प्रतियोगीको एकदेशको उपलब्धि रूप मानिएको छ, त्यसभन्दा अतिरिक्त होइन। प्रभाकर मतमा अभावलाई गणना गरी आठ प्रकारको पदार्थको उद्देश गरिएको पाइन्छ। नारायणद्वयीले मानमेयोदय परिशिष्टमा बताएका छन्।

द्रव्यजातिगुणाः कर्म संख्यासादृश्यशक्तयः।

समवाय इतीमेष्टौ पदार्था गुरुसम्मताः॥ (मानमेयोदयः १९७८:२९३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उभय मतको समीक्षा

सर्वप्रथम त अभाव नामक भावातिरिक्त पदार्थ छ भन्ने विषयमा वैशेषिक र मीमांसकहरूको मत समान रहेको देखिन्छ। मीमांसक नारायणद्वयीले अभावसहित पाँच पदार्थको उद्देश प्रमेयका रूपमा गरेका छन्। भाट्ट मीमांसकहरूले अनुपलब्ध वा पदार्थको असदंशको बोध गराउने अभाव नामक प्रमाण मान्नुपर्छ भनेका छन् भने अन्नम भट्ट, विश्वनाथ, केशव मिश्र आदि वैशेषिकहरूले पनि स्पष्ट रूपमा अभाव पदार्थलाई सातौँ प्रमेय अर्थात् पदार्थका रूपमा उद्देश गरेका छन्। तर, प्रभाकर मीमांसकहरूले भने अभाव नामको कुनै पदार्थ छैन भनेका छन्। त्यसलाई भाट्टहरूले जसरी प्रमाणका रूपमा स्वीकार पनि गरेका छैनन्। तपाईंहरूले जुन पदार्थलाई अभाव नामले व्यवहार गर्दै हुनुहुन्छ, त्यसलाई दृश्य प्रतियोगीको एकदेशको उपलब्धि रूपसम्म मान्न सकिन्छ। छुट्टै पदार्थ होइन भन्ने प्रभाकरमतानुयायीहरूको भनाइ रहेको पाइन्छ। यसर्थ भाट्ट मीमांसक र वैशेषिकहरूको मत समान देखिए तापनि प्रभाकरहरूसँग अभाव पदार्थका विषयमा वैशेषिकहरूको मत वैभिन्य रहेको पाइन्छ।

अभाव पदार्थको प्रकारका (भेद) विषयमा पनि वैशेषिक र भाट्ट मीमांसकहरूको मत समान रहेको पाइन्छ। जसरी विश्वनाथ आदि वैशेषिकाचार्याले अभाव पदार्थको संसर्गाभाव र अन्योन्याभाव गरी दुई भेद बताएका छन्। रं संसर्गाभावको पुनः प्रागभाव, प्रध्वंसाभाव र अत्यन्ताभाव गरी तीन भेद बताएका छन्। त्यसैगरी भाट्ट मीमांसक वार्तिककार नारायणद्वयी आदिले पनि सोही अनुसार अभावका प्रकारहरूको उल्लेख गरेका छन्।

अभाव पदार्थलाई छुट्टै प्रमाणका रूपमा मान्ने कुरामा भने मीमांसक र वैशेषिकहरूको मतभेद रहेको पाइन्छ। वैशेषिकका अनुसार अभावलाई छुट्टै प्रमाण मान्नु आवश्यक छैन। किनभने 'यद्यत्र घटोऽभविष्यन्तर्हि भूतलमिवाद्रक्ष्यदित्यादितर्क सहकारिणाऽनुपलम्भसनाथेन प्रत्यक्षेणैवाभावग्रहणात् (तर्कभाषा :२०५७:११७) अर्थात् यदि यहाँ घडा हुन्थ्यो भने भूतलजस्तै देखिन्थ्यो, त्यसैले देखिँदैन। यसप्रकारको तर्कले सहकृत अनुपलब्धियुक्त प्रत्यक्ष प्रमाणद्वारा नै अभावको पनि ग्रहण हुने भएकाले अभावको ग्रहणका लागि छुट्टै अनुपलब्धि अथवा अभाव प्रमाण मान्ने आवश्यकता छैन। तर, मीमांसकहरू यो कुरा मान्न तयार छैनन्। किनभने अभाव प्रत्यक्षद्वारा ग्रहण हुँदैन। अभावको प्रत्यक्ष ग्रहणका लागि तपाईंहरू (वैशेषिक)ले बताउनुभएको विशेष्यविशेषणभाव सम्बन्ध नै हाम्रो (मीमांसक) मतमा अस्वीकार्य छ। 'घटवद्भूतलम्' यस वाक्यमा घट विशेषण र भूतल विशेष्य छ। किनकि भूतलका साथमा घटको संयोग सन्निकर्ष छ। त्यो संयोगको प्रतियोगिभूत घटविशेषण र अनुयोगिभूत भूतल विशेष्य छ। तर, अभाव र भूतलमा त्यस्तो विशेषणता र विशेष्यताको कुनै नियामक सम्बन्ध छैन। त्यसकारण अभाव र भूतलमा विशेषण विशेष्यभावको सत्ता नै सिद्ध हुँदैन र असत् विशेषण-विशेष्यभावलाई सन्निकर्ष मान्न सकिँदैन। त्यसकारण प्रत्यक्षद्वारा अभावको ग्रहण हुन्छ भन्ने कुरा हामी मान्दैनौँ भन्ने मीमांसकहरूको मत रहेको छ। त्यसैले अभाव रूप प्रमेय (अर्थ)को बोधक अनुपलब्धि नामक छुट्टै प्रमाण मान्नुपर्दछ भन्ने मीमांसकहरूको धारणा रहेको पाइछ।

यसरी अभाव पदार्थका विषयमा वैशेषिक र भाट्ट मीमांसकहरूको कतिपय कुरामा समानता देखिन्छ भने कतिपय कुरामा असमानता देखिन्छ। तर पनि दुवै दर्शनले अभाव पदार्थलाई छुट्टै प्रमेयका रूपमा स्वीकार गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

यस लेखमा अभाव पदार्थसम्बन्धी वैशेषिक र मीमांसा दर्शनको मान्यतालाई प्रस्तुत गरिएको छ । दुवै दर्शनले भावातिरिक्त अभाव पदार्थको अस्तित्वलाई प्रमेयका रूपमा स्वीकार गरेको पाइन्छ । प्रभाकर मीमांसकहरूले भने अभावलाई अस्वीकार गरेका छन् । अभाव पदार्थको स्वरूप वा लक्षण र प्रकारका विषयमा वैशेषिक र मीमांसा दुवै दर्शनको मान्यता समान रहेको पाइन्छ भने अभावलाई छुट्टै प्रमाणका रूपमा मान्न नसकिने तर्क वैशेषिकहरूले प्रस्तुत गरेको देखिन्छ । तर असत् रूप पदार्थको ग्रहणका लागि अनुपलब्धि वा अभाव प्रदार्थको ज्ञान पूर्ण रूपमा हुनु पर्दछ भन्ने मान्यता भाट्ट मीमांसकहरूको रहेको देखिन्छ । अभाव पदार्थका विषयमा जे-जति समानता र असमानता रहे तापनि उभय दर्शनले यसलाई छुट्टै प्रमेयका रूपमा स्वीकार गरेको देखिएकाले यसको ज्ञान हुनु आवश्यक छ भन्ने कुरामा उभय दर्शन र दार्शनिकहरूका बीचमा मतैक्य रहेको छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

सन्दर्भ सामग्रीसूची

आप्टे, वामनशिवराम, (२००९), संस्कृत-हिन्दीकोश, पुनर्मुद्रितसंस्करण, वाराणसीः चौखम्बासंस्कृतसिरिज आफिस ।

नारायणद्वयी,(१९७८), मानमेयोदय, योगिन्द्रानन्दकृत हिन्दी व्याख्या समलङ्कृत, (सम्पादक योगिन्द्रानन्द), वाराणसी : षड्दर्शनप्रकाशन-प्रतिष्ठान ।

प्रशस्तपादाचार्य (२०४०), प्रशस्तपादभाष्यम्, सूक्ति-सेतु-व्योमवती टीकात्रयसहित, द्वितीय संस्करण, (संस्कर्ता गोपीनाथ-कविराज-ढुण्डीराजशास्त्री) वाराणसी, चौखम्बा अमरभारतीप्रकाशन ।

भट्ट अन्नम, (२००७) तर्कसङ्ग्रह आलोकव्याख्या-टिप्पणी संवलित, द्वितीय संस्करण, (व्याख्याकार वरदाचार्य), महीशूरपुरी आर्षग्रन्थप्रकाशन ।

भट्ट, कुमारिल, (१९७८, श्लोवार्तिकम् पार्थसारथि मिश्रविरचित न्यायरत्नाकर व्याख्या सनाथम् (सम्पादक द्वारिकादास शास्त्री), वाराणसी, तारा पब्लिकेशन्स ।

भट्टाचार्य, विश्वनाथपञ्चानन, (वि.सं.२०६०) न्यायसिद्धान्तमुक्तावली, किरणावली-व्याख्योपेत, षष्ठ संस्करण, (व्याख्याकार श्रीकृष्णवल्लभाचार्य) वाराणसी चौखम्भा-संस्कृतसंस्थान ।

मिश्र, केशव, (वि.सं.२०५७), तर्कभाषा, दशमसंस्करण, (व्याख्याकार विश्वेश्वरसिद्धान्तशिरोमणि), वाराणसी, चौखम्बा- संस्कृत संस्थान ।

मिश्र, शंकर, (२००७), वैशेषिकसूत्रोपस्कार, प्रकाशिका-हिन्दी व्याख्यासहित, तृतीय संस्करण, (सम्पादक नारायण मिश्र) वाराणसी, चौखम्भा प्रकाशन

मिश्र, शालिकनाथ, (१९६१), प्रकरणपञ्चिका, न्यायसिद्धयाख्यव्याख्यासहित, (सम्पादक सुब्रह्मण्य शास्त्री), वाराणसी, काशी हिन्दु विश्वविद्यालय ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक राज्यव्यवस्थामा दूत र गुप्तचर

✍ डा. ऋषिराम रेग्मी*

शोधसार

यस लेखमा वैदिक राज्यव्यवस्थाभित्र दूत र गुप्तचरको अवस्था के-कस्तो थियो भनेर खोजी गर्ने प्रयास गरिएको छ । यसका लागि वेदका संहिताग्रन्थहरूमा प्राप्त हुने तद्विषयक सङ्केत र जानकारीहरूलाई प्रमुख आधार बनाइएको छ भने संहिताका विषयवस्तुलाई बोधगम्य र स्पष्ट तुल्याउन आवश्यकताअनुसार कतिपय स्थलमा वेदका ब्राह्मणग्रन्थ, महाभारत, कौटलीय अर्थशास्त्र, शुक्रनीति, मनुस्मृति, कामन्दकीयनीतिसारजस्ता केही अर्वाचीन ग्रन्थबाट पनि सामग्रीहरू लिइएका छन् । मूलतः गुणात्मक अनुसन्धान विधिमा आधारित प्रस्तुत लेखमा विषय विश्लेषणका लागि आवश्यकतानुसार निगमन र आगमन दुवै विधिको उपयोग गरिएको छ ।एपीए पद्धतिअनुरूप सामग्रीको व्यवस्थापन गरिएको प्रस्तुत आलेखको प्रारम्भमा वेद र वैदिक वाङ्मयको अति सङ्क्षिप्त स्वरूप प्रस्तुत गरिएको छ । यसपछि वैदिक राज्यव्यवस्थाअन्तर्गत राजा र राज्यको उत्पत्तिसम्बन्धी चारवटा सिद्धान्त प्रस्तुत गर्दै राजनीतिशास्त्रको जन्म (राजा र राज्यको उत्पत्ति) वैदिक कालदेखि नै (ई.पू. ४००० वर्षअघि) भएको कुरा प्रमाणित गरिएको छ । यसपछि राजालाई के-कस्तो अवस्थामा पदच्युत गरिन्थ्यो र सत्ताबाट बहिष्कृत राजा कुन अवस्थामा पुनः सत्तासीन हुन सक्थे भन्ने कुराको विमर्शसहित जननिर्वाचित राजा र राज्यव्यवस्थाको चर्चा गरिएको छ। राज्य/राष्ट्रको स्वरूपअन्तर्गत बहुराष्ट्रको सत्ता स्विकार्ने वेदमा पछिल्लो कालमा विकसित राज्यका सप्ताङ्गको कल्पना नभएको तथ्य यस लेखमा प्रस्तुत छ । यसपछि वेदमा उपलब्ध हुने १५ किसिमका शासन-प्रणालीको चर्चा गर्दै राज्यव्यवस्था सञ्चालनका सन्दर्भमा कूटनीतिक प्रयोजनका लागि दूत र गुप्तचरको आवश्यकता तथा यिनीहरूको महत्त्वका विषयमा विवेचना गरिएको छ । त्यसपछि वेदमा वर्णित दूतका प्रकार तथा वेदमा सङ्केतित दूत र गुप्तचरको योग्यताका विषयमा विवेचना गर्दै पछिल्ला कालका कौटलीय अर्थशास्त्र, नीतिशास्त्रजस्ता ग्रन्थहरूमा जस्तै वेदमा दूत-गुप्तचरहरूको नियुक्ति, यिनका काम(कर्तव्य, विशेषाधिकार, तलबमान इत्यादिविषयक विशेष र क्रमबद्ध विवरण प्राप्त नहुने निष्कर्ष निकालिएको छ ।

शब्दकुञ्जी: *अङ्गीग्रन्थ, आनुपूर्वी, गुप्तचर, गार्हपत्य, दक्षिणाग्नि,।*

विषयप्रवेश

बृहत् नेपाली शब्दकोशअनुसार राज्य भनेको कुनै राजा वा शासनसत्ताका अधीनमा रहेको देश, मुलुक वा राष्ट्र अथवा कुनै ठुलो राष्ट्रअन्तर्गत स्वायत्तशासनको अधिकार पाएको भाग वा प्रदेश हो भने व्यवस्था भनेको शास्त्र वा ऐन-कानुनद्वारा स्थिर गरिएको नियम वा विधान हो। यहाँ वेदका संहिताग्रन्थमा उल्लेख भएका नीति-नियमअनुसार चलेको अति प्राचीन प्रशासकीय व्यवस्थालाई वैदिक राज्यव्यवस्था वा शासनव्यवस्था भनिएको छ । दूत भनेको राजनीतिक कार्यका निम्ति एक देशबाट अर्का देशमा गएर बसी कूटनैतिक काम गर्ने कुनै राष्ट्रको राजनीतिक प्रतिनिधि वा राजदूत हो भने गुप्तचर भनेको स्वदेश वा विदेशमा घटित हुने विभिन्न कामकुराको जानकारी राखी गोप्य रूपमा त्यसको विवरण राज्यका

---

* *सहप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सम्बद्ध निकायमा प्रस्तुत गर्ने व्यक्ति हो। यस आलेखमा वैदिक राज्यव्यवस्थाभित्र दूत र गुप्तचरको अवस्था स्पष्ट पार्ने कोशिस गरिएको छ।

समस्या र उद्देश्य

यस आलेखको क्षेत्र वैदिक राज्यव्यवस्था हो भने दूत र गुप्तचर यसका विषय हुन्। लेखको शीर्षकले अपेक्षा गरेको प्रमुख समस्या वैदिक राज्यव्यवस्थामा दूत र गुप्तचरसम्बन्धी मान्यता के-कस्तो रहेको छ? भन्ने हो भने वैदिक राज्यव्यवस्थाका धेरै पाटाहरू मध्ये वेदका संहिताग्रन्थहरूमा उल्लेख भएअनुसार राजा र राज्यको उत्पत्ति कसरी भयो? राज्य वा राष्ट्रको स्वरूप के-कस्तो छ? र त्यहाँ (संहिताहरूमा) के-कस्ता शासन-प्रणालीको चर्चा गरिएको छ? भन्ने तीनवटा विषय यसका परिधीय समस्या हुन्। उक्त तीनवटा परिधीय समस्याको समाधानसहित दूत र गुप्तचरसम्बन्धी वैदिक मान्यता निर्क्योल्नु प्रस्तुत लेखको मूल लक्ष्य हो।

सैद्धान्तिक पर्याधार

प्रस्तुत आलेखमा मूलतः वेदका मन्त्रहरूमा सङ्केतित विषयलाई आधार बनाई विषयको प्रतिपादन गरिएको हुनाले यो गुणात्मक प्रकृतिका तथ्यमा आधारित विश्लेषणात्मक लेख हो। यसमा वैदिक वाङ्मय र त्यसमा उल्लिखित राज्यव्यवस्थाको अवधारणा प्रस्तुत गर्नका लागि पूर्वविश्लेषित विभिन्न सिद्धान्तहरूको सहयोग लिइएकोले लेखको उक्त पक्ष निगमन विधिमा आधारित छ भने दूत र गुप्तचरको अवधारणा एवं प्रकारको विवेचना चाहिँ आगमन विधिमा आधारित रहेर गरिएको छ। प्रस्तुत लेखमा 'पब्लिकेसन म्यानुअल अफ अमेरिकन साइकोलोजिकल असोसिएसन'लाई मुख्य आधार बनाइएको छ। यसलाई सङ्क्षिप्तमा एपिए म्यानुअल वा एपिए मात्रै पनि भन्ने गरिन्छ। यसमा पूर्वकार्य समीक्षालाई अलग्गै उपशीर्षकमा प्रस्तुत नगरेर सम्बद्ध विषयको विवेचनाका क्रममा स्वतः अनुस्यूत रहने गरी प्रस्तुत गरिएको छ।

सीमाङ्कन

यो आलेख मूलतः वेदका संहिताग्रन्थहरूमा आधारित भएर तयार गरिए पनि विषयवस्तुलाई बोधगम्य बनाउन आवश्यकताअनुसार कतिपय स्थलमा वेदका ब्राह्मणग्रन्थ, महाभारत, कौटलीय अर्थशास्त्र, शुक्रनीति, मनुस्मृति, कामन्दकीयनीतिसारजस्ता केही अर्वाचीन ग्रन्थबाट पनि सामग्रीहरू लिइएका छन्। छिटफुट रूपमा प्रयोग गरिएका अन्य ग्रन्थबाहेक यस लेखमा आधारग्रन्थको मूलभूत सीमा वेदका संहिताग्रन्थलाई नै मानिएको छ भने विषयका सीमा चाहिँ उक्त ग्रन्थमा प्रतिपादित वैदिक राज्यव्यवस्थाभित्रका दूत र गुप्तचर हुन्। अर्थात् वैदिक राज्यव्यवस्थाभित्र दूत र गुप्तचरका अवस्थाको अनुशीलन र समीक्षा गर्नु यस लेखको मूल उद्देश्य हो।

वेद र वैदिक वाङ्मय

वेद र विद्या दुवै शब्द ज्ञानार्थक विद्-धातुबाट निष्पन्न हुने भएकाले वेदको सामान्य अर्थ ज्ञान वा विद्या हो। अतः १४ विद्यामा वेदको पनि गणना हुन्छ (याज्ञवल्क्यस्मृति, १.३)। सामान्यार्थक वेद शब्द मूलवेदका लागि मात्र नभएर आयुर्वेद, धनुर्वेदजस्ता शास्त्रका लागि (उपवेदका लागि) पनि प्रयोग हुन्छ। वेदको विशिष्ट वा परम्परागत अर्थ चाहिँ 'विशिष्ट आनुपूर्वीमा (अनुक्रममा) निबद्ध मन्त्र र ब्राह्मणयुक्त अलौकिक शब्दराशि वा ज्ञान' भन्ने हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
संहिता र ब्राह्मण गरी दुई प्रकारका अङ्गीग्रन्थ; शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी छ प्रकारका अङ्गग्रन्थसहितको ग्रन्थसमुदायलाई वैदिक वाङ्मय भनिन्छ भने प्रतिपद, अनुपद, छन्दोभाषा (प्रातिशाख्य), धर्मशास्त्र, मीमांसान्याय र तर्कशास्त्र गरी छ प्रकारका उपाङ्गग्रन्थ; अर्थवेद, धनुर्वेद, गान्धर्ववेद र आयुर्वेद गरी चार उपवेदसहितका ग्रन्थसमुदाय वैदिक वाङ्मयअनुकूलका ग्रन्थ अर्थात् उक्त वाङ्मयको व्याख्या-विश्लेषण गर्न आवश्यक पर्ने सहयोगी ग्रन्थ हुन् ।

यसप्रकारको स्वरूपमा रहेका चार वेदका शाखा पहिला ११३१ रहेको कुरा प्राचीन ग्रन्थहरूमा उल्लेख गरिएको छ । यीमध्ये वर्तमानमा चारै वेदका जम्मा २५/२६ वटा शाखा (संहिता, ब्राह्मण, आरण्यक, उपनिषद्, शिक्षा, कल्प र परिशिष्टसहितका ग्रन्थसमुदाय) उपलब्ध छन् । यसप्रकार वैदिक वाङ्मयको क्षेत्र अत्यन्त विशाल बनेको छ ।

निश्चित सीमामा बाँधिएको एउटा संक्षिप्त आलेखमा यति विशाल वाङ्मयलाई समेट्न असम्भव हुने भएकाले यहाँ वैदिक वाङ्मयका मूर्धन्य ग्रन्थ संहितालाई मात्र आधार बनाएर प्रस्तुत आलेख तयार गरिएको छ । यस आलेखमा वेद शब्दद्वारा संहिताग्रन्थहरूलाई मात्र सङ्केत गरिएको छ ।

राजा र राज्यको उत्पत्ति

वर्तमान सन्दर्भमा राज्यको शासन-व्यवस्थासँग सम्वद्ध नीतिलाई अर्थात् देशमा शान्ति-सुरक्षा कायम गर्ने, नागरिकका अधिकारको कदर गर्ने, राज्यको शासन-व्यवस्था तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय नीति निर्धारण गर्ने प्रणाली विशेषलाई राजनीति भनिन्छ । महाभारत, स्मृति-पुराणादि शास्त्रमा राजनीतिलाई राजधर्म, राजशास्त्र, दण्डनीति, नीतिशास्त्र, अर्थशास्त्र इत्यादि नामले चिनाइको पाइन्छ । आधुनिक विद्वान्हरू राजनीतिशास्त्रको व्यवस्थित अध्ययन-अध्यापन ग्रीक सभ्यता अर्थात् ई.पू. पाँचौं शताब्दीदेखि भएको मान्दछन् । उनीहरू प्लेटो र अरस्तुलाई राजनीतिशास्त्रका जन्मदाता मान्दछन् । वस्तुतः राजनीतिशास्त्रको जन्म योभन्दा धेरै अघि वैदिक कालमा (ई.पू. ४००० वर्षअघि) नै भएको देखिन्छ । वेदका सूक्त र मन्त्रहरूमा प्राप्त हुने विकीर्ण सङ्केतहरूका आधारमा आधुनिक विद्वान्हरूले राजा र राज्यको उत्पत्तिसम्बन्धी वैदिक मान्यतालाई विभिन्न सिद्धान्तका रूपमा व्याख्या गरेको देखिन्छ । उक्त सिद्धान्तहरूको छोटो चर्चा तल गरिएको छ ।

विकास-सिद्धान्त

वेदमा राज्यशक्तिको विकास कसरी हुँदै गएको थियो भन्ने संक्षिप्त इतिवृत्त प्राप्त हुन्छ, जसलाई यहाँ विकास-सिद्धान्त भनिएको छ । अथर्ववेदको एक सूक्तमा उल्लेख भएअनुसार सर्वप्रथम पृथिवीमा विराट् (विगतः राट् यस्मात्, रटाटे, २०४५, पृ. ३६) मात्र थियो अर्थात् यहाँ कुनै राजा र राज्य थिएन । यस्तो अराजक स्थितिले मानिसहरूमा भय उत्पन्न भयो । अतः प्रत्येक परिवारले आफू सुरक्षित हुनका लागि गार्हपत्य नामको पारिवारिक संस्थाको विकास गरे । अर्थात् अराजक स्थितिको अन्त्य गर्न प्रत्येक परिवारले आ-आफ्ना गृहपति (मुखिया) छनोट गरी त्यसको निर्देशन र अभिभावकत्वमा पारिवारिक संस्था सञ्चालित हुँदै गयो । यसवाट प्रत्येक परिवारका अनुशासन, नीति-नियमहरू सुव्यवस्थित हुँदै गए पनि दुई परिवार वा घरका बीचमा हुने संघर्ष वा मनोमालिन्यलाई व्यवस्थित गर्न अर्को संस्थाको आवश्यकता बोध भयो । फलतः घर-घरवाट प्रतिनिधि आह्वान गरी समस्या समाधान गर्ने आहवनीय नामको अर्को संस्था खडा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहपतिहरूको (मुखियाहरूको) परामर्शमा सञ्चालित हुने यो संस्था त्यतिबेलाको ग्रामसभा वा गाउँपालिका थियो । यस संस्थाको प्रमुखलाई ग्रामणी (अथर्व., १९.३१.१२) भनिन्थ्यो । अब गाउँ-गाउँका मानिसहरूको आवश्यकतालाई सम्बोधन गर्नका लागि यसभन्दा ठूलो संस्थाको आवश्यकता बोध भई गाउँ-गाउँका दक्ष जनहरूको समूह रहेको दक्षिणाग्नि नामको सभा खडा भयो । यो सभा हालको जिल्लास्तरीय सभाको पूर्वरूप हुन सक्छ । यसपछि क्रमशः राष्ट्रिय स्तरका सभा र समिति नामका संस्थाहरूको विकास भएको कुरा अथर्ववेदीय सूक्तमा वर्णित छ (अथर्व., ८.१०.१-१०) ।

युद्ध-सिद्धान्त

वेदमा आर्य र अनार्य जातिका बीच हुने अनेक प्रकारका युद्ध वा संघर्षको वर्णन उपलब्ध हुन्छ । देवताहरूले असुरमाथि विजय प्राप्त गर्नका लागि इन्द्रलाई र सोमलाई राजा बनाएको तथा इन्द्रद्वारा अनेकौं राक्षसहरूको वध भएको प्रसङ्ग वेदका विभिन्न प्रकरण र मन्त्रहरूमा प्राप्त हुन्छ (ऋ., ६.६०.६, शुक्ल.मा., १.१३, ९.३८, १७.३३, १७.४०, ऐत.ब्रा., ३.४ (१.१४) । राजाको अभावमा युद्ध गर्दा सधैं असुरहरूले मात्र जितेपछि देवताहरूले सोमलाई राजा बनाएर युद्ध गरी उनीहरूले असुरलाई जितेर सबै दिशामा विजय प्राप्त गरेका थिए (ऐत.ब्रा., ३.४ (१.१४) । यस्ता वैदिक प्रसङ्गबाट राजार राज्यको प्रादुर्भाव युद्धमा विजय प्राप्त गर्नका लागि भएको थियो भन्ने स्पष्ट हुन्छ ।

सामाजिक अनुबन्ध (Social Contract)

समाजमा सुव्यवस्था कायम गर्नका लागि राजा र प्रजाका बीचमा एक प्रकारको अनुबन्ध वा सम्झौता हुने गरेको कुरा वेदका कतिपय मन्त्र र प्रसङ्गबाट अवगत हुन्छ । वेदमा मित्र र वरुणलाई क्षत्रिय राजाका रूपमा गद्दीमा आरोहण गराउँदै उनीहरूलाई 'धृतव्रत' भनिएको पाइन्छ (ऋ., १.२५.१०, शुक्ल.मा., १०.२७, तै.सं., १.८.१६.१, ऋ, ८.२५.८, अथर्व., ७.८३.१) । धृतव्रतको तात्पर्य निश्चित नियम वा प्रतिज्ञा पालन गरी गद्दीमा बसेको राजा भन्ने हो । वैदिक राजा प्रजाद्वारा निर्वाचित हुने (अथर्व., ३.४.२) भएकाले उसलाई पदच्युत गर्ने अधिकार पनि जनतामा नै निहित भएको बुझिन्छ । अतः गद्दीमा बसेका राजाले आफ्ना पूर्वप्रतिज्ञालाई भुल्नु हुँदैन । राजालाई गद्दीमा बसाउनुपूर्व उनको राज्याभिषेक हुने गर्दथ्यो र अभिषेकका बेला जनताको प्रतिनिधिका रूपमा पुरोहितले राजालाई शपथ दिलाउँथे (ऐत.ब्रा., ३९.१) । यसप्रकार सामाजिक अनुबन्ध वा सम्झौताद्वारा राजाको निर्वाचन हुने कुरा वेदमा वर्णित छ ।

दैवी सिद्धान्त

दैवी सिद्धान्तलाई पुष्टि गर्ने प्रमाणहरू पनि वेदमा पर्याप्त उपलब्ध हुन्छन् । वेदमा राजालाई द्युलोक वा देवताका पुत्र (शुक्ल.मा., ६.६), ब्रह्मा, सविता, वरुण, इन्द्र, रुद्र (शुक्ल.मा., १०.२८) जस्ता शब्दद्वारा सम्बोधन गरिएको पाइन्छ । यसैगरी राज्याभिषेकका प्रसङ्गमा राजामा प्रेरणा-शक्ति, वाक्शक्ति, ज्ञानशक्ति, ओजस्विता, सौम्य, व्यापकता जस्ता अनेकौं गुणका प्रतीक सविता (सूर्य), सरस्वती, त्वष्टा, पूषा, इन्द्र, बृहस्पति, वरुण, अग्नि, सोम र विष्णु गरी दश देवताका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न गुण आधान गर्ने (स्थापना गर्ने) कुरा वर्णित छ (शुक्ल.मा., १०.३०)। यस विषयको थप जानकारी अन्य मन्त्रहरूबाट पनि लिन सकिन्छ (शुक्ल.मा., १०.१७, अथर्व., १०.५.७-१४ र २५-३५)। ब्राह्मणग्रन्थहरूमा उल्लेख भएअनुसार राजसूय यज्ञ गरेपछि राजाको अभिषेक हुन्छ र त्यसपछि मात्र ऊ विधिवत् राजा हुन्छ (शत.ब्रा., ५.१.१.१२)। यस यज्ञमा दीक्षित भएको राजालाई विष्णुको स्वरूप मानिएको छ (शत.ब्रा., ३.२.१.१७)। तैत्तिरीयब्राह्मणमा दैवी तेज प्राप्त नगर्दै इन्द्र पनि राजा हुन नसकेको र प्रजापतिबाट दिव्य तेज प्राप्त भएपछि इन्द्र राजा भएको प्रसङ्ग प्राप्त हुन्छ (२.२.१०.१-२)। माथि उल्लेख गरिएका प्रसङ्गहरूबाट सुव्यवस्थित राज्य सञ्चालनका लागि राजामा दैवी गुण पनि आवश्यक हुने कुरा वेदले स्विकारेको स्पष्ट हुन्छ।

इतिहास, पुराण, स्मृतिग्रन्थहरूमा त राजाको दैवी सिद्धान्तका समर्थक अनेकौं सन्दर्भ प्राप्त हुन्छन्। यसरी वैदिक वाङ्मयको अनुशीलन गर्दा राजा र राज्यको उत्पत्ति मानवीय आवश्यकताअनुरूप विकास-सिद्धान्त, युद्ध-सिद्धान्त, सामाजिक अनुबन्ध र दैवी सिद्धान्त गरी चार किसिमबाट भएको देखिन्छ।

राजाको पदच्युत हुने अवस्था

राजाको नियुक्ति गर्ने, राजालाई पदच्युत गर्ने, निर्वासित राजालाई पुनः प्रतिष्ठापन गर्ने सर्वाधिकार समितिमा निहित थियो (अथर्व.,६.८८.३)। अभिषेकका वेला राखिएका सर्त राजाबाट पूरा नभएमा वा राजा स्वेच्छाचारी, अयोग्य, अक्षम भएमा उसलाई निर्वासित गर्ने वा पदच्युत गर्ने काम पनि समितिले नै गर्न सक्थ्यो (अथर्व,५.१८-१९ सूक्त र ५.१९.१५)। ऐतरेय ब्राह्मणमा इन्द्र स्वेच्छाचारी भई पाँच प्रकारका घोर अपराधबाट युक्त हुँदा उनलाई सोमपानबाट वञ्चित गरिएको कथा उपलब्ध हुन्छ (३५.२)। यदि राजाले आफ्ना दोष स्वीकारी प्रायश्चित्त गरेमा सौत्रामणी यज्ञ गराई उसलाई पुनः गद्दीमा प्रतिष्ठापन गराइन्थ्यो (अथर्व., ३.३.२, शत.ब्रा., १२.९.३.३, तै.सं., ५.६.३.४)। अथर्ववेदसंहिताका दुई सूक्तमा राजाको पुनः प्रतिष्ठापन र निर्वाचन गर्ने कुरा वर्णित छ (३.३-४)।

राज्य/राष्ट्रको स्वरूप

वेदमा राज्यका लागि मूलतः 'राष्ट्र' शब्दको प्रयोग अत्यधिक भएको छ (राष्ट्रम्, ऋ, ४.४२.१, ७.८४.२, १०.१०९.३, १०.१२४.४, १०.१७३.१-२, ५, शुक्ल.मा., १०.२-४, १२.११, २०.८, राष्ट्रे, शुक्ल.मा., ९.२३, २०.१०, २२.२२ = ३८ पटक, राष्ट्रस्य, ऋ., १०.१२४.५, राष्ट्राय, ऋ., १०.१७४.१)। अथर्ववेदसंहितामा राष्ट्र शब्दको प्रयोग अत्यधिक भएकाले त्यसको उल्लेख यहाँ गरिएको छैन। राष्ट्र अर्थमा नै 'राज्य' शब्दको प्रयोग समेत केही स्थानमा उपलब्ध हुन्छ। राष्ट्रका लागि 'राज्य' शब्दको प्रयोग ऋग्वेद-संहितामा एकपटक (७.६.२) र अथर्ववेद-संहितामा सातपटक (राज्यम्, ४.८.१, ११.१२.२, १२.३.३१, राज्यानि, ११.८.५, राज्ये, १८.४.३१-३२, राज्याय, ३.४.२) भएको देखिन्छ। ऋग्वेदमा प्रयुक्त 'राष्ट्रं क्षत्रियस्य (४.४२.१), राजा राष्ट्रानां पेशः (७.३४.११), राष्ट्रं गुपितं क्षत्रियस्य' (१०.१०९.३) इत्यादि सन्दर्भबाट क्षत्रियद्वारा शासित राज्यको सीमाअन्तर्गत पर्ने निश्चित भूभागलाई वेदमा राष्ट्र भनिएको कुरा अवगत हुन्छ। वेदमा राष्ट्रका लागि बहुवचनको प्रयोग (राजा राष्ट्रानां पेशः, ऋ., ७.३४.११) पनि देखिने भएकाले बहुराष्ट्रको सत्ता वेदले स्विकारेको बुझिन्छ।वेदमा राजा, अमात्य, राष्ट्र, सेना, कोश (वलि), पुर (दुर्ग) र मित्र शब्दको प्रयोग भए पनि राज्यका अङ्गका रूपमा यिनको उल्लेख भएको देखिदैन। अतः राज्यका सप्ताङ्गको कल्पना वेदमा प्राप्त हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदोक्त राज्य वा शासन-प्रणाली

वेदमा १. राज्य (राजाद्वारा शासित, ऋ., ७.६.२, शुक्ल.मा., १७.४९, तै.सं., २.१.३.४, अथर्व.,३.४.२, ऐत.ब्रा., ३८.२-४ इत्यादि) २. साम्राज्य (सम्राट्द्वारा शासित राज्य,ऋ., १.२५.१०, १.८८.५, शुक्ल.मा., १०.२७, अथर्व.,१४.१.४३, ऐत.ब्रा., ३८.२, ३९.४), ३. महाराज्य (महाराजद्वारा शासित राज्य, ऐत.ब्रा., ३८.२), ४. स्वाराज्य (स्वराट्द्वारा शासित स्वतन्त्र राज्य,ऋ., १.८०.१-१६, शुक्ल.मा., १०.४, १५.१३, अथर्व., १७.१.२२), ५. भौज्य (भोजद्वारा शासित, ऐत.ब्रा., ३८.२, तु. ऋ., १०.४२.३), ६. वैराज्य (विराट्द्वारा शासित,ऋ., १.१८८.५, १०.९०.५, शुक्ल.मा., १५.११, १३, अथर्व.,१५.२.१८, १७.१.२२) ७. आधिपत्य (अधिपतिद्वारा शासित,ऋ., १०.१२४.५, शुक्ल.मा., १५.१०-१४, अथर्व., ५.२४.६), ८. सार्वभौम (एकराट् अर्थात् सार्वभौम राजाद्वारा शासित राज्य, ऐत.ब्रा., ३९.१), ९. पारमेष्ठ्य (परमेष्ठीद्वारा शासित राज्य, ऐत.ब्रा., ३८.१-२, ३९.४), १०. स्वावश्य (निरङ्कुश शासन-प्रणाली, ऐत.ब्रा., ३८.२), ११. आतिष्ठ (ऐत.ब्रा., ३८.२, ३९.४), १२. जनराज्य/जानराज्य (जनतन्त्रात्मक राज्य, ऋ., १.५३.९, शुक्ल.मा., ९.४०, अथर्व., २०.२१.१९), १३. अधिराज्य (साम्राज्य र महाराज्यको समकक्षी शासन-प्रणाली, ऋ., १०.१२८.९, अथर्व., ५.३.१०, ६.९८.१-२), १४. विप्रराज्य (ब्राह्मणद्वारा शासित राज्य, ऋ., ८.३.४,अथर्व., २०.१०४.२) र १५. समर्यराज्य (वैश्यद्वारा शासित राज्य, ऋ., ९.११०.२) गरी १५ किसिमका शासन-प्रणालीको चर्चा प्राप्त हुन्छ। यी राज्यहरूको एकत्रित वर्णन ऐतरेय ब्राह्मणमा गरिएको छ (३८.२–३) ।

माथि उल्लेख गरिएका विभिन्न किसिमका राज्यमा शासन गर्ने राजा वा राज्यहरूका बीचमा हुने पारस्परिक सम्बन्ध, सन्धि-सम्झौता, लेन-देन, दाउपेच, युद्धजस्ता अनेक प्रकारका व्यवहारको अध्ययनबाट हामीले वैदिक कूटनीति वा परराष्ट्र नीतिका सूचना प्राप्त गर्न सक्तछौं ।

दूत र गुप्तचरको आवश्यकता

राजा र राज्यप्रशासनको विकासपछि दूत र गुप्तचरको आवश्यकता हुन थालेको अनुमान गर्न सकिन्छ। प्राचीन तथा अर्वाचीन राजशास्त्रका प्रणेताहरूले दूत र गुप्तचरको आवश्यकता एवं उपयोगिताका विषयमा पर्याप्त चर्चा गरेका छन्। एक राष्ट्रले अर्को राष्ट्रसँग सम्बन्ध स्थापित गर्न दूतको आवश्यकता पर्दछ भने राज्यको आन्तरिक स्थिति आकलनका लागि गुप्तचरको व्यवस्था अनिवार्य ठहर्छ ।

कूटनीतिमा दूत र गुप्तचरको महत्त्व

राजनीतिका उपायचतुष्टय (मनु., ७.१०९ र १९८) अर्थात् साम, दान, भेद र दण्ड (युद्ध) मध्ये आदिका तीन उपाय कूटनीतिकाअङ्ग मानिन्छन्। समग्रमा भन्दा राष्ट्र-राष्ट्रका बीच मैत्रीपूर्ण सम्बन्ध कायम गरेर, सहयोग गरेर, लोभ देखाएर वा प्रभावमा पारेर युद्धविना व्यवहार-कुशलतापूर्वक आफ्नो उद्देश्य पूरा गर्नु कूटनीति हो । आजभोलि कूटनीतिलाई राजनय (Diplomacy) पनि भन्ने गरिन्छ ।

कुनै पनि राष्ट्रले आफ्नो कूटनीतिको प्रयोग सम्बद्ध देशको कूटनीतिक नियोग वा दूत (राजदूत) मार्फत गर्ने भएकाले कूटनीतिमा दूतको महत्त्वपूर्ण भूमिका रहन्छ। वेदमा दूतलाई (राजदूतलाई) 'दूत' नै भनिएको छ भने गुप्तचरलाई 'स्पश्' शब्दद्वारा चिनाइएको छ। दूत मूलतः आन्तरिक (आफ्नो राष्ट्रमा रहने) र बाह्य (अर्को राष्ट्रमा रहने) गरी दुई प्रकारका हुन्छन्। आन्तरिक दूतलाई गुप्तचर र बाह्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूतलाई वर्तमानमा राजदूत भन्ने गरिन्छ। दूतका माध्यमबाट एउटा राष्ट्रले अर्को राष्ट्रसँग विभिन्न किसिमका सन्धि-सम्झौता, राजनीतिक, आर्थिक आदि विभिन्न सम्बन्ध स्थापित गर्न सक्तछ। यसकै माध्यमबाट अन्य राष्ट्रहरूमा आफ्ना शत्रु/मित्रको अवस्था तथा त्यहाँका कतिपय गोपनीय विषयको समेत जानकारी प्राप्त हुन्छ। यसैगरी गुप्तचरका माध्यमबाट मूलतः आफ्नै राज्यभित्रका न्याय र दण्डव्यवस्था, आर्थिक, समाजिक, शैक्षिक स्थितिको आकलन, राजा वा राज्यव्यवस्थाप्रति जनताका अभिमत इत्यादि अनेकौं आवश्यक सूचना प्राप्त गर्न सकिन्छ। अत एव प्राचीन राजशास्त्रमा दूतलाई राजाको मुख (कौ.अर्थ., १.१६.१३) र चरलाई (गुप्तचरलाई) राजाका आँखा (काम.नीति., सर्ग १३, श्लोक ३१) भनिएको छ। वस्तुतः आफ्ना देशका राजाको (प्रमुख शासकको) सन्देश वहन गरी सम्बद्ध देशका राजा वा प्रशासककहाँ पुऱ्याउने भएकाले दूतलाई राजाको मुख भनिएको र राज्यभित्र घटित हुने अनेकौं घटनालाई देखेर, सुनेर, बुझेर राजासम्म पुऱ्याइदिने हुनाले चरलाई राजाका आँखा भनिएको हो। यसरी गुप्तचररूपी आँखाद्वारा राजाले (शासकले) राज्यका सबै साना-ठूला घटनाबारे यथार्थ जानकारी राख्नुपर्छ भन्ने प्राच्य राजशास्त्रको तात्पर्य हो।

दूतले आँखा नै नझिमकाईकन राजाको (सोमको) रक्षा गर्नुपर्ने कुरा वेदमा वर्णित छ (ऋ., ९.७३.४) भने सुतेका बेलामा समेत राजाले गुप्तचररूपी आँखाद्वारा हेरिरहेका हुन्छन् भन्ने कुरा नीतिशास्त्रमा उल्लेख छ (काम.नीति., सर्ग १३, श्लोक २९)। यसको तात्पर्य राजा असावधान वा निष्क्रिय भएका बेलामा समेत दूत सचेत र सक्रिय हुनुपर्छ भन्ने हो। त्यसैले दूतलाई समाजको प्रतिष्ठित र यशस्वी व्यक्तित्व (ऋ., १०.१०६.२) भन्दै वेदमा यसलाई (राजदूत र गुप्तचरलाई) सम्मानित स्थान दिइएको छ। यसरी दूतको राजासँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले दूतलाई राजाको प्रतिनिधिको रूपमा महत्त्वपूर्ण स्थान दिइएको कुरा स्पष्ट हुन्छ।

दूतका प्रकार

वैदिक साहित्यभन्दा पछिका मनुस्मृति, कौटलीय अर्थशास्त्र, शुक्रनीति, कामन्दकीय नीतिसारजस्ता शास्त्रमा दूतका योग्यता, श्रेणी, प्रकार, काम-कर्तव्यलगायत अनेकौं विषयमा विस्तृत विवरण प्राप्त हुन्छ। राज्यसञ्चालनका सन्दर्भमा दूत-व्यवस्थाको विस्तृत उल्लेख वेदमा प्राप्त हुँदैन, तथापि दूतलाई सन्देश-सम्प्रेषणको माध्यम बनाइएको कुरा वेदमा सुस्पष्ट उल्लेख छ। यहाँ विभिन्न सन्दर्भमा वेदमा वर्णन गरिएका र प्रयोग भएका दूत, यिनका प्रकार र योग्यतासम्बन्धी उपलब्ध केही सङ्केतहरू उल्लेख गरिएका छन्।

देवदूत अग्नि

वेदमा देवदूत, राजदूत र गुप्तचर (स्पश्) गरी मूलतः तीन प्रकारका दूतहरूको वर्णन प्राप्त हुन्छ। आफ्ना स्वामीको सन्देश यथास्थानमा पुऱ्याउनु दूतको मुख्य कार्य हो। वेदमा अग्निलाई समग्र देवताहरूको सर्वश्रेष्ठ दूत मानिएको छ (ऋ., ४.९.२)। यजमानले देवताका निम्ति दिएको हविको तत्त्व वहन गरी त्यसलाई देवतासम्म पुऱ्याउने कार्य गर्ने भएकाले अग्निलाई दूत भनिएको हो (ऋ., १.१२.१, ८.४४.३, शुक्ल.मा., २२.१७, तै.सं., २.५.८.५, अथर्व., ३.१.२, ३.२.१)। यिनै अग्नि देवताको सन्देश स्तुतिकर्ता यजमानकहाँ पुऱ्याउँदा देवदूत बन्छन् भने स्तुतिकर्ताको सन्देश प्रदत्त हविका माध्यमबाट देवतासम्म पुऱ्याउँदा यजमान वा प्रजाका पनि दूतजस्ता बन्न पुग्छन् (ऋ., १.३६.५, १.५८.१, अथर्व., १.७.६)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमा अग्निका अतिरिक्त बादललाई वर्षा ऋतुका दूत भनिएको छ (ऋ., ५.८३.३) भने विभिन्न पशु-पक्षीलाई पनि विभिन्न देवताका दूत भनिएको छ । जसअनुसार कुकुर र मृत्युलाई यमराजका दूत (ऋ., १०.१४.११-१२, अथर्व., १८.२.२७) तथा परेवा र उल्लूलाई निर्ऋतिका (विपत्ति/संकटका) दूत भनिएको छ (अथर्व., ६.२७.१, ६.२९.२) ।

राजदूत सरमा

यसप्रकार अग्नि, बादल र विभिन्न पशु-पक्षीलाई दूतका रूपमा वर्णन गरिए पनि यिनलाई राज्यसञ्चालनका सन्दर्भमा प्रयोग भएका राजदूत भन्न मिल्दैन । ऋग्वेदको दशौं मण्डलमा वर्णित इन्द्रकी दूती सरमा चाहिँ त्यतिबेलाकी राजदूत नै हुन् । ऋग्वेदसंहितामा (१०.१०८.१-११ मन्त्रमा) सरमा र पणिको संवाद प्रस्तुत छ । जसअनुसार 'रसा' नामक अति विस्तीर्ण नदीभन्दा पारि बस्ने 'पणि' नामका असुरहरूले इन्द्रका गाईहरू अपहरण गरी लुकाएका थिए । अपहृत गाई इन्द्रका पुरोहित बृहस्पतिले देखेर इन्द्रलाई बताएपछि इन्द्रले उक्त गाई खोज्न सरमालाई दूतका रूपमा पठाउँछन् (ऋक्सर्वा., ६२.१०८, बृ.दे., ८.२४.२५, जोशी, १९३३, पृ. ३३६, (१०.१०८), द्र.(ऋ., १.६२.३) । शय योजन विस्तृत रसा नामक नदी तरेर बलपुर पुगेपछि अपहृत गाईहरू सरमाले देख्छिन् (जोशी, १९३३, पृ. ३३६) । त्यसपछि सरमा र पणिहरूको संवाद आरम्भ हुन्छ (ऋ., १०.१०८.१-११) । संवादका क्रममा यति लामो र कठिन यात्रा गरी तिमी यहाँ कसरी किन आएकी ? भनी पणिहरूले सोध्दा आफू इन्द्रको दूत बनेर अपहृत गोधन फिर्ता गर्न आएको कुरा सरमाले बताउँछिन् (मन्त्र १-२) । पणिहरूले इन्द्रको पराक्रम र उनका सेनासम्बन्धी जानकारी माग्दै सकेमा उनका अपहृत गाईमात्र होइन, आफ्नासमेत सबै गाई लैजान सरमामार्फत इन्द्रलाई हाँक दिन्छन् (मं. ३, ५, ७) । त्यसको प्रत्युत्तर दिँदै सरमाले दुर्जय इन्द्रलाई युद्धको हाँक नदिन सुझाउँछिन् (मं. ४, ६, ८) । पुनः पणिहरूले आफ्नै बहिनीजस्तै भई सधैं त्यहीं बस्न र गोधनको भागसमेत ग्रहण गर्न अनुरोध गर्दा सरमाले त्यसलाई अस्वीकार गर्छिन् (मं. ९-११) ।

यस संवादसूक्तबाट राजाले दूतमार्फत आफ्नो सन्देश दोस्रो राजालाई पठाउने र राजदूत निर्भीक, सशक्त, निर्लिप्त तथा कर्तव्यपरायण हुनुपर्छ भन्ने कुरा सुस्पष्ट हुन्छ । यसका साथै महिलाद्वारा सम्पादित यसप्रकारको दौत्य कर्मले वैदिक नारीको साहस, गौरव, दक्षता र कार्यपटुता पनि राम्ररी अवगत हुन्छ ।

अन्य दूत

माध्यन्दिन-शतपथब्राह्मणमा देवताहरूले अग्निलाई र असुरहरूले सहरक्षालाई दूत बनाएको प्रसङ्ग कथासहित वर्णित छ (शत.ब्रा., १.४.१.३४-३५, ३.५.१.२१-२२) । जसअनुसार अग्नि दूत भएका पक्ष (देवताहरू) आफ्नो कार्यमा सफल भएका र सहरक्षा दूत भएका पक्षको (असुरहरूको) हार भएको देखाइएको छ । दूत कुशल भएमा दुःसाध्य कार्य पनि साध्य र सुकर बन्न सक्ने भएकाले राजा वा प्रशासकको कूटनीतिक सफलता पनि सुयोग्य दूतमा निर्भर हुने कुरा यस प्रसङ्गबाट सिद्ध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दूतको योग्यता

वेदमा उल्लेख भएका दूतहरूमध्ये पुरुष-दूतमा अग्नि र नारी-दूतमा सरमा सर्वोत्कृष्ट मानिएका छन्। दूतका योग्यता र गुण-कर्मका विषयमा वेदमा पर्याप्त विवरण उपलब्ध हुने भए पनि यी विवरण एउटै मन्त्र, सूक्त, अध्याय वा मण्डलमा क्रमबद्ध हिसाबले उल्लेख गरिएका छैनन्। त्यसैले यहाँ देवदूत अग्निका लागि प्रयोग भएका विभिन्न विशेषणका आधारमा राजदूतका गुण-कर्मको छोटो विवरण प्रस्तुत गरिएको छ। राजदूत मेधावी, जनहितकारी, विवेक वा सुझबुझयुक्त (शुक्ल.मा., २२.१६), प्रजाका लागि हर्षवर्धक (ऋ., १.३६.५), तन्द्रा वा आलस्यरहित (ऋ., ७.१०.५), ज्ञानमा श्रेष्ठ, युवा, समाजमा निन्दित नभएको, महाकुलीन (ऋ., १.१६१.१), दौत्यकर्ममा निपुण, प्रबुद्ध, अधिकतर विद्वान् (ऋ., ४.७.८), विश्वपरिवेश बुझेको र समाजमा अत्यन्त सम्मानित (ऋ., ४.८.१, १०.१०६.२) हुनुपर्छ भन्ने कुरा वेदका विभिन्न सन्दर्भमा प्रयोग भएका उपर्युक्त मन्त्रगत शब्दहरूको अध्ययनबाट अवगत हुन्छ। समग्रमा भन्दा राजदूतका लागि वेदमा सर्वोच्च कोटिका योग्यता निर्धारित छन्।

गुप्तचर र यिनको योग्यता

संस्कृत साहित्यमा गुप्तचरका लागि 'चर' र 'चार' शब्द प्रचलित छन् भने वैदिक साहित्यमा यसका लागि 'स्पश्' शब्दको प्रयोग भएको पाइन्छ। वेदमा वरुणादि देवताका गुप्तचरहरूको वर्णन उपलब्ध हुन्छ। यहाँ यसकै आधारमा गुप्तचरसम्बन्धी वैदिक अवधारणा प्रस्तुत गरिएको छ।

वेदमा देवताका गुप्तचर (स्पश्) सारा संसारमा फैलिएको कुरा उल्लेख गर्दै यिनीहरूको गतिशीलता र क्रियाशीलताको पर्याप्त चर्चा गरिएको छ। दिन-रात सर्वत्र विचरण गर्ने देवताका गुप्तचरहरूलाई एकछिन बस्ने र आँखा झिमकाउने फुर्सद पनि हुँदैन (ऋ., १०.१०.८, अथर्व., १८.१.९)। राजा वरुण सुवर्णादि आभूषणद्वारा अलङ्कृत भएर गद्दीमा बसेका र उनका चारैतिर गुप्तचरहरू रहेको कुरा ऋग्वेदमा वर्णित छ (ऋ., १.२५.१३)। अथर्ववेदमा राजा वरुणले गुप्तचरहरूका माध्यमबाट संसारका प्रत्येक घटनाको जानकारी राख्ने (अथर्व., ४.१६.१) र लुकी-छिपी गरिएका सबै गुप्त अपराधका सूचनाहरू वरुणसम्म पुग्ने भएकाले उनका पाशबाट कुनै पनि दुष्कर्म गर्ने व्यक्ति मुक्त हुन नसक्ने कुरा उल्लेख गरिएको छ (अथर्व., ४.१६.२)। द्युलोकबाट निस्कने राजा वरुणका गुप्तचरहरू हजारौं आँखाद्वारा भूलोकमा घटित हुने समग्र घटना नियालिरहेका हुन्छन् (अथर्व., ४.१६.४)। यिनै गुप्तचररूपी हजारौं आँखाद्वारा राजा वरुणले पृथिवी र अन्तरिक्षमा घट्ने सबै घटनाबारे यथार्थ जानकारी राख्तछन् (अथर्व., ४.१६.५)। ऋग्वेदमा वरुणका अतिरिक्त अग्नि, मित्रावरुण, सोम, रुद्र आदि देवताका पनि गुप्तचरहरूको वर्णन उपलब्ध हुन्छ (ऋ., ४.४.३, ६.६७.५, ९.७३.४-७)। एक मन्त्रमा रुद्रका गुप्तचर पद-पदमा विद्यमान भएकाले अपराधीहरूलाई जहाँ पनि समात्न सकिने कुरा सङ्केतित छ (ऋ., ९.७३.४, अथर्व., ५.६.३) भने अर्को मन्त्रमा सूर्यलाई पनि सारा संसारका गुप्तचर (स्पश्) भनिएको छ (ऋ., ४.१३.३)।

वेदका मन्त्रमा प्रयोग भएका कतिपय शब्दका आधारमा गुप्तचरका योग्यतासम्वन्धी केही सङ्केत प्राप्त गर्न सकिन्छ। गुप्तचर प्रसन्नचित्त, कसैसँग व्यक्तिगत द्वेष नराख्ने, सच्चरित्रवान्, सबैलाई मनपर्ने, कार्यको नेतृत्व वहन गर्न सक्ने (ऋ., ९.७३.७), कसैको धाक-धम्कीबाट नडराउने (ऋ., ६.६७.५), सधैंभरि जनहितमा तत्पर (ऋ., ७.६१.३), राजालाई निन्दा र बदनामीबाट बँचाउने (ऋ., ७.११.३), धेरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टाढा बसेर घटनाचक्रलाई नियाल्ने अर्थात् जसरी नदीका किनारमा बसेर नाउ/डुंगाको गति हेरिन्छ त्यसरी नै अप्रत्यक्ष रूपमा विषयवस्तु बुझ्न सक्ने (ऋ., ८.४७.११) हुनुपर्छ भन्ने कुरा वेदका विभिन्न सन्दर्भमा प्रयोग भएका उपर्युक्त मन्त्रगत शब्दहरूको अध्ययनबाट अवगत हुन्छ ।

निष्कर्ष

माथि प्रस्तुत गरिएको विवरण र विश्लेषणबाट वर्तमान राजनीतिशास्त्रमा प्रचलित राजा र राज्यको उत्पत्तिसम्बन्धी विभिन्न सिद्धान्तहरूका बीज वेदमा नै प्राप्त हुने भएकाले राजनीतिशास्त्रको जन्म वैदिक कालदेखि नै (ई.पू. ४००० वर्षअघि) भएको कुरा प्रमाणित हुन्छ ।यसका साथै वैदिक कालका राजा निरङ्कुश र स्वेच्छाचारी हुन पाउँदैनथे भन्ने कुरा स्वेच्छाचारी, अयोग्य र अक्षम राजालाई पदच्युत गर्ने वा निर्वासित गर्ने प्रसङ्गबाट अवगत हुन्छ भने सत्ताबाट बहिष्कृत राजाले प्रायश्चित्त गरेमा उनी पुनः गद्दीमा प्रतिष्ठापित हुने र राजाको निर्वाचन पनि हुने भन्ने वैदिक सिद्धान्तबाट वैदिक कालमा प्रजातान्त्रिक व्यवस्था थियो भन्ने कुरा सिद्ध हुन्छ । वेदमा राज्यका लागि राष्ट्र र राष्ट्रका लागि राज्य शब्द प्रायः समान रूपमा प्रयोग हुने गरेको र त्यहाँ अनेकौं राज्य वा शासन-प्रणालीको चर्चा गरिएको देखिन्छ । बहुराष्ट्रको सत्ता स्विकार्ने वेदमा राज्यका सप्ताङ्गको कल्पना प्राप्त हुँदैन । वेदमा दूतका अनेकौं प्रकार, दूत र गुप्तचरका योग्यताजस्ता विषयमा पर्याप्त विवरण प्राप्त हुने भएकाले वैदिक शासन-व्यवस्थामा दूत र गुप्तचरहरूको यथोचित उपयोग हुने गरेको कुरा सुस्पष्ट बुझ्न सकिन्छ । वेदमा राजदूत सरमालाई त्यतिबेलाकी सशक्त महिला दूतका रूपमा चित्रण गरिएको छ भने दूत र गुप्तचरका सर्वोत्कृष्ट योग्यता पनि त्यहाँ निर्धारित छन्। यी विवरणहरूको अनुशीलन गर्दा दूत र गुप्तचरको अवधारणा वैदिक कालदेखि नै विद्यमान रहँदै आएको र राज्यसञ्चालनलाई सहज तुल्याउने कूट कर्ममा यिनीहरूको प्रयोग हुने गरेको कुरा सिद्ध हुन्छ । यति हुँदाहुँदै पनि कौटलीय अर्थशास्त्र, नीतिशास्त्रजस्ता पछिल्ला ग्रन्थहरूमा जसरी दूत-गुप्तचरहरूको नियुक्ति, यिनका काम-कर्तव्य, विशेषाधिकार, तलबमान इत्यादिविषयक विशेष विवरण प्राप्त हुन्छ त्यसरी वेदमा दूत र गुप्तचरसम्बन्धी विशेष र क्रमबद्ध विवरण प्राप्त हुँदैन ।

सन्दर्भ सामग्रीसूची

अथर्ववेदः (शौनकीय-संहिता, सायणभाष्यसहित) (भाग १-४). (१९६०-१९६४). होशिआरपुर : विश्वेश्वरानन्द वैदिक शोध संस्थान ।

ऋग्वेदसंहिता (शैशिरीय-शाकलशाखीय, सायणभाष्यसहित) (भाग १-४). (१९३३-१९४६). पूना : वैदिक संशोधन मण्डल ।

ऋग्वेदसर्वानुक्रमणी. (१८८६). अक्सफोर्ड ।

ऐतरेयब्राह्मणम् (सायणभाष्य र हिन्दी अनुवादसहित) (भाग १-२). .(१९८०). वाराणसी : तारा प्रिंटिंग वर्क्स ।

कामन्दकीयनीतिसारः. (१९१२). त्रिवेन्द्रम् : अनन्तशयन ग्रन्थमाला ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौटलीयार्थशास्त्रम् (टिप्पणी र विविध अनुबन्धसहित) (चतुर्थ संस्क.). (१९६०). मैसूरु : प्राच्यविद्या संशोधनालय ।

जोशी, सीताराम जयराम. (सम्पा.). (१९३३). *नीतिमञ्जरी.* बनारस : शालिग्राम शर्मा ।

तैत्तिरीयब्राह्मणम् (कृष्णयजुर्वेदीयम्, सायणभाष्यसहित). (१८९८). पुणे : आनन्दाश्रम मुद्रणालय ।

तैत्तिरीयब्राह्मणम् (भट्टभास्करको र केही माधवीय भाष्यसहित) (भाग १-४). (१९०८, १९२१, १९११, १९१३). मैसूरु : गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी ।

तैत्तिरीयसंहिता (कृष्णयजुर्वेदीय). (१९९९). गुजरात (पारडी) : स्वाध्याय मण्डल ।

बृहद्देवता (हिन्दी अनुवादसहित). (१९६३). वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस ।

मनुस्मृतिः (कुल्लूकवृत्तिसहित). (वि.सं. २०५७). वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

महाभारतम् (नीलकण्ठकृत टीकासहित) (भाग १-६). (१९०१). मुम्बयी : गोपाल नारायण कंपनी ।

महाभारतम् (नीलकण्ठकृत टीकासहित) (भाग १-६). (१९२९-१९३३). पुणें (पूना) : चित्रशाला प्रेस ।

महाभारतम्. (१९९९). पुणे : भाण्डारकर ओरियन्टल रिसर्च इंस्टिच्युट ।

याज्ञवल्क्यस्मृतिः (मिताक्षरा वृत्तिसहित). (१९९८). दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

रटाटे, विनायक रामचन्द्र, (वि.सं. २०४५). *अथर्ववेदे राजनीतिः.* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

शतपथब्राह्मणम् (माध्यन्दिनशतपथब्राह्मणम्). (१९८९). दिल्ली : भारतीय विद्या प्रकाशन ।

शुक्रनीतिः (हिन्दी व्याख्यासहित). (वि.सं. २०५६). दिल्ली : चौखम्बा संस्कृत संस्थान ।

शुक्लयजुर्वेद-माध्यन्दिनसंहिता (उवट-महीधर भाष्यसहित). (१९७१). वाराणसी : मोतीलाल बनारसीदास ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृगौला रोगीको आहारमा कोभिड १९ को प्रभाव

✍ एलमिरा रिसाल*

शोधसार

सन् २०१९ डिसेम्बर महिनामा चीनको बुहान क्षेत्रबाट विश्व समुदायले एउटा नयाँ रोगको परिचय पायो । यस रोगको गाम्भीर्यता र जटिलताको आधारमा मार्च ११ सन् २०२० मा विश्व स्वास्थ्य संगठनले यसलाई"महामारी" घोषित गऱ्यो । तत्पश्चात् विश्वका सम्पूर्ण पक्षलाई यस रोगले नराम्रोसँग असर पार्दै आएको छ । आहार, बिहार , चालचलन आदि सम्बन्धित जीवन शैलीमा अनुशासन नहुनु, यस रोगको प्रकोप फैलाउन कारक तत्व बनेको छ । SARS-Cov-2, अर्थात कोभिड-१९, सन् २०२० देखि अहिले सन् २०२१ को मध्यसम्म १७ करोड भन्दा बढि व्यक्तिलाई संक्रमित बनाई विश्वभरका ३८ लाख भन्दा बढी मानिसको मृत्युको कारण बनिसकेको छ । कोभिड संक्रमण भए पश्चात् खोकी लाग्ने, स्वासप्रश्वास सम्बन्धी समस्या हुने, थकाई लाग्ने, ज्वरो आउने, स्वाद र सुंघ्ने शक्तिमा ह्रास आउने, टाउको दुख्ने , पखाला लाग्ने, वान्ता आउने, भोक नलाग्ने आदि समस्या देखा परेका छन् । कम समयमा धेरै मानिसमा फैलिने र रोग लागेपछि विभिन्न गम्भीर समस्या देखिने यो रोगको उपचार बारे पनि वैज्ञानिक समूदायले कुनै निश्चित् भरपर्दो पद्धति पत्ता लगाइसकेको छैन । व्यक्तिहरुले आफ्नो दैनिक आहार परिमार्जन पनि गर्नुपर्ने हुन्छ । अर्कोतर्फ मृगौलाकादीर्घरोगीहरुलाई आवश्यक पर्ने आहारको चर्चा गर्दा एकातिर मृगौलामा आएको समस्याले उँहाहरुमा उमेर अनुसार आवश्यक पर्ने विभिन्न पोषकतत्वहरु यथेष्ट मात्रामा शरीरलाई उपलब्ध गराउन नमिल्ने अवस्था हुन्छ भने अर्कोतिर कोभिड संक्रमण हुनबाट जोगिन ती सबै पोषक तत्व शरीरलाई उपलब्ध गराउन आवश्यक पर्ने खालको विरोधाभासपूर्ण स्थितिकोँ सृजना हुन पुग्छ । यसो हो तापनि यस शोधपत्रमा दीर्घमृगौला रोग भएका व्यक्तिहरुले, रोगले माग गरेको प्रतिबन्धित आहार पालनामा सिमित रही आफ्नो रोग प्रतिरोधात्मक शक्ति मजबुत रुपमा कायम राख्न कस्तो किसिमको स्वास्थ्यवर्धक खाना खानुपर्छ भन्ने विषयमा विश्लेषण गरिएको छ ।

शब्दकुञ्जी- *कोरोना भाईरस, चयन, दीर्घरोग, प्रतिरोधात्मक पोषण, मृगौला ।*

विषयप्रवेश

कोभिड-१९ एक नयाँ कोरोना भाईरस (जिवाणु) हो जुन सन् २०२० देखि विश्वव्यापी महामारीको कारण बनेको छ । कोभिड-१९ सँग सम्बन्धित विभिन्न साझा प्राथमिक लक्षणहरुको अतिरिक्त, संक्रमित व्यक्तिहरुले रोगको गम्भीरताको विभिन्न स्तरमा अनुभव गर्ने गर्छन । अत: पूर्व अवस्थित स्वास्थ्य समस्या भएका व्यक्तिहरुमा संक्रमणको परिणाम स्वरुप रोगका गम्भीर लक्षणहरुको सम्भावना बढ्न सक्दछ । यी रोगहरु अन्तरगत दीर्घ फोक्सोको रोग, मधुमेह, हेमोग्लोविनको कमी, दीर्घ मृगौला रोग आदी पर्दछन् । यस्ता पूर्व अवस्थित स्वास्थ्य समस्या शरीरमा विद्यमान भएका व्यक्तिहरुले गम्भीर लक्षणहरु वा मृत्युको उच्च जोखिमका कारण संक्रमण हुनसक्ने जोखिमलाई सीमित गर्न थप सावधानी अपनाउनु पर्ने हुन्छ ।

---

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के हो दीर्घ मृगौला रोग ?

सरल भाषामा भन्नु पर्दा हाम्रो शरिरभित्र कम्मरको दायाँ बायाँ (पछाडी) सिमी आकारका २ वटा मृगौला अवस्थित हुन्छन् । यी मृगौलाको काम निरन्तर रुपमा रगत सफा गरेर शरीरको विकारलाई पिसाव मार्फत शरीर बाहिर फ्याक्ने र शरीरमा स्वस्थता कायम राख्ने हो । तर कहिलेकाँही व्यक्तिमा उच्च रक्तचाप, मधुमेह, मुटुको रोग जस्ता कारणले गर्दा शरिरको व्यवस्थामा बिचलन आइ मृगौलाको रगत छान्ने क्षमतामा ह्रास आउछ र मृगौलालाई शरीरबाट बिकारयुक्त पदार्थहरु बाहिर फाल्न समस्या हुन्छ । फलस्वरुप शरीरको रगत स्वच्छ रहदैन र व्यक्तिमा विभिन्न किसिमका जटिल लक्षणहरु (समस्या) देखा पर्छन् , जुन अवस्था "दीर्घ मृगौला रोग" को नामले जानिन्छ । यो अवस्थामा मृगौलाले काम कति मात्रामा गर्न सक्षम छ /छैन भन्ने आधारमा रोगको जटिलता मापन गरिन्छ । साथै यो रोगको अन्तिम समाधान भनेको चाहि कि बिरामीले नियमित डायलिसिस गरी रगतलाई कृत्रिमरुपमा सफा गर्ने पद्यति अपनाउनु पर्ने हुन्छ अथवा मृगौला प्रत्यारोपण गर्नु पर्ने हुन्छ ।

आधुनिक पोषण विज्ञानले व्यक्तिद्वारा सेवन गरिने भोजनमा भएका पोषक तत्वलाई १ कार्बोहाइडेट २. प्रोटिन ३. चिल्लो पदार्थ , ४ मिटामिन, ५ खनिज लवषा, ६ अहारिय रेशा बोक्रा चोकर र ७. पानी गरेर ७ भागमा विभाजन गरी अध्ययन गर्छ । एउटा व्यक्ति स्वास्थ्य रहनाको लागि उसको भोजनमा उसको उमेर, लिङ्ग, श्रमको किसिम, शारीरिक अवस्था अनुरुप माथि उल्लिखित पोषक तत्वहरु सबै सही मात्रामा समावेश भएको हुनुपर्छ ।

"पोषण विज्ञानले भोजन, भोजनमा भएका तत्व, तिनको प्रकार, ति तत्वले शरिरमा गर्ने काम, स्वस्थ जीवनयापनका लागि चाहिँने दैनिक मात्रा, ति तत्व कम या बढि भएर हुने स्वास्थ्य समास्या, पाचन-अवशोषण र मल निष्काशनसँग विशेष सम्वन्धित आजिवन शरिरमा चल्ने प्रक्रिया, जीवन चक्रकाका साथ भोजन र पोषणको आवश्यकता,भोजन र पोषण सम्बन्धी आशक्ति र भ्रम, भोजनमा मिलावट र भोजन विषाक्तता , भोजन र पोषणको संरक्षण र भाण्डारण आदि विविध पोषणसँग सम्बन्धित विषयवस्तुहरुको खोज-अनुसन्धान एवं शरिरको गुण धर्म र देश, काल, परिस्थिति अनुकुलको प्रयोगका बारेमा विशेष जानकारी दिन्छ ।"

यस अनुसन्धान पत्रको उद्देश्य भनेको दिर्घ मृगौला रोग भएको बिरामीहरुको विशेष आहारको आवश्यकतामा केन्द्रीत भएर कोभिड–१९ संक्रमणको प्रकोपबाट सकेसम्म जोगिनका लागि बिरामीको आहारमा समावेश गर्नुपर्ने खाद्य सामाग्री बारे जानकारी प्रदान गर्नु हो ।

प्रतिरक्षा प्रणालीको मृख्य भूमिका कोष र तन्तुको एकरुपता सुरक्षित गरेर शरिरको स्वस्थता कायम राख्नु हो । स्वास्थ्य रक्षामा प्रतिरक्षा प्रणालीको महत्व भएको कारणले प्रतिरक्षा प्रणाली कमजोर हुँदा यसले शरिरको प्रर्याप्त सुरक्षा गर्न असमर्थ हुन सक्छ । तसर्थ स्वस्थ जीवनशैली अनुशरण गरेर प्रतिरक्षा प्रणालीलाई मजबुत बनाउन नितान्त आवश्यक छ । धेरै कारक तत्वहरु जस्तैः निद्रा, यात्रा आहार आदिले प्रतिरक्षा, प्रणालीको शक्तिलाई असर पार्दछन् ।यद्यपी स्वस्थ्य जीवन शैलीका लागि यि सबै पक्ष महत्वपूर्ण छन् तापनि यो शोधपत्र भने भोजन र पोषणको क्षेत्रमा मात्रै केन्द्रित छ ।

समस्या कथन

कोभिड-१९ को संक्रमणबाट बच्नको लागि मास्क लगाउन, नियमित हात धुने, सामाजिक दुरी कायम गर्ने र शारीरिक स्वच्छता कायम राख्न जरुरी छ । यस बाहेक शरिरलाई कोभिड-१९ सँग जुध्न सक्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति प्रदान गर्ने पोसिलो आहारलाई आफ्नो दिनचर्यामा समावेश गर्ने आवश्यक छ । तर कतिपय रोग प्रतिरोधात्मक शक्ति बढाउने खानपान मृगौला रोगीहरुको लागि प्रतिबन्धित आहार मध्ये पर्दछन् । जसले गर्दा निरोगी मानिसहरु भन्दा दीर्घ मृगौला रोगीहरुले कोभिड-१९सँग बच्नको लागि लिने खानपान केहीहदसम्म फरक हुन जरुरी छ । त्यसकारण यस शोधपत्रले दीर्घ मृगौला रोगीहरुले रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि, आफ्नो आहारमा भएको प्रतिबन्धको कारण, आहारमा के कस्तो पोषक तत्व समावेश गर्न र सीमित राख्नु पर्छ भन्ने विषयमा छलफल गरी, यस सम्बन्धमा दिशानिर्देश प्रदान गर्छ

अध्ययनको उद्देश्य

क. कोभिड-१९ को कारणले हुन सक्ने स्वास प्रस्वास प्रणालीको समस्यासँग बच्नको लागि सामान्यता रोग प्रतिरोधात्मक शक्तिको वृद्धिको लागि सेवन गर्नुपर्ने खानपानको वर्णन ।

ख. मृगौलाका दिर्घ रोगीहरुको खानपानमा हुने सीमितताको ब्याख्या ।

ग. दीर्घ मृगौला रोगीले खानापानमा अप्नाउनु पर्ने सावधानी, आहारको सीमितता र कोभिड-१९ सँग बच्नको लागि रोग प्रतिरोधात्मक शक्ति वृद्धि गर्न अप्नाउनुपर्ने आहारको भिन्नताको विश्लेषण ।

घ. दीर्घ मृगौला रोगीले कोभिड-१९ विरुद्ध, पोषणको माध्यमबाट रोग प्रतिरोधात्मक शक्ति कसरी वृद्धि गर्न सक्छन् भन्ने विषयमा मार्गदर्शन ।

शोध विधि

यो शोधपत्रको शोध विधि “द्वितीयक श्रोत”हरुमा आधारित छ । द्वितीयक श्रोतहरुको संकलनका लागि निम्न लिखित माध्यमहरुको प्रयोग गरिएको छ :

गुगल स्कोलर, पबमेड, विभिन्न सरकारी स्वास्थ्य एजेन्सीका वेभसाइटहरु, विभिन्न पुस्तकहरु, लेखहरु तथा गुगल सर्च मार्फत प्रासंगिक टिप्पणीहरु र इलेक्ट्रोनिक डाटावेसको माध्यमद्वारा सबै सान्दर्भिक लेखहरु माथि उल्लेखित कुन्जी शब्दहरुको प्रयोग गरी सान्दर्भिक डाटा तथा अन्य जानकारी संकलन गरिएको छ ।

विश्लेषणको सैद्धान्तिक आधार

यो शोधपत्रको विश्लेषण पूर्णरुपमा आधुनिक पोषण विज्ञान एंव स्वास्थ्य विज्ञानमा आधारित छ ।

विश्लेषण

क. कोभिड संक्रमणको रोकथाम गर्नको लागि अपनाउनु पर्ने भोजन पद्दति:

कोभिड-१९ प्रकोपको साथ अब हामीले सामान्यतया पहिले भन्दा सकेसम्म बढी हाम्रो प्रतिरक्षा प्रणाली बढाउने तरिकाहरु खोज्नु पर्छ जसको माध्यमद्वारा हामीलाई कोभिड-१९ को संक्रमणको प्रकोपबाट बच्न सक्ने अथवा संक्रमण भएको स्थितिमा पनि स्वास्थ्यमा ज्यादै ह्रास आउने स्थितिबाट बच्न मद्दत मिलोस् । प्रतिरक्षा शक्ति बढाउनको लागि पोषणयुक्त भोजन लिनु भएको हामीले हाम्रो शरीर स्वस्थ्य राख्नको लागि सक्रिय भूमिका खेल्नु हो । संशोधित खाना वा केही सीमित पोषणको निम्ति लिइने भिटामिन पुरकहरुको तुलनामा शरीरले फलफूल र तरकारीहरु जस्ता समग्र खाद्य श्रोतहरुबाट पाउने पौष्टिक तत्वहरुले अधिक प्रभावकारी रुपमा असर गर्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यतया हाम्रो खानामा जति विविधता हुन्छ शरीरलाई त्यतिनै किसिमको पोषण मिल्न सहयोग पुग्दछ र शरीरको विभिन्न रोगसँग प्रतिरोध गर्ने क्षमतामा समेत वृद्धि हुने सम्भावना बढ्छ । प्रतिरक्षा प्रणालीको कार्यहरुमा भिटामिन डीको अत्यावश्यक भूमिका हुन्छ । हामीले भिटामिन डि सूर्यको किरणको माध्यमबाट सजिलै प्राप्त गर्न सक्छौं । आहारको माध्यमबाट जिंक, आइरन र भिटामिन ए.,बी.१२, बी,सी., र ई को पर्याप्त सेवन प्रतिरोधक क्षमताको रक्षाको लागि आवश्यक छ ।

हाम्रो पुर्वीय खानपानमा प्रयोग गरिने खाध्य पदार्थ मध्ये संक्रमण रोकथामको लागि बेसार, एन्टिभाइरल एन्टी- इन्फ्लेमेटरी, एन्टिसेप्टिक र एन्टिफंगल गुणको लागि निमको पात, तुलसी पात र हरियो चिया, उच्च एन्टी-अँक्सीडेन्ट भएका फल, र तरकारीहरु रोग प्रतिरोधात्मक क्षमता वृद्धिको लागि अन्त्यतै महत्वपूर्ण मानिन्छन् ।

ख. दीर्घ मृगौला रोग भएका व्यक्तिले अपनाउनु पर्ने आहार (वयस्क व्यक्तिका लागि)

मृगौलामा दीर्घ समस्या भएका व्यक्तिहरुका लागि प्रतिरोधात्मक क्षमता वृद्धि गर्न अरु सामान्य व्यक्तिहरुका लागि भन्दा भिन्न खानपान अपनाउनुपर्ने हुन्छ । जस्तै: भिटामिन डि.ले रोगसँगलड्न मद्दत गर्दछ तर त्यसको शरीरमा अवशोषणको लागि चिल्लो चाहिन्छ किनकी यो चिल्लोमा घुलनशिल भिटामिन हो । तर मृगौला रोगीहरुले आफ्नो आहारमा चिल्लोको मात्रा न्युन राखी भिटामिन डि लाई शरीरमा अवशोषण हुन मद्दत गर्न सक्ने खालको चिल्लो भएको खानेकुरा खानुपर्ने हुन्छ किनकी सबै चिल्लो एकै प्रकारको हुँदैनन् ।

दीर्घ मृगौला रोगमा आहारमा प्रतिबन्ध, मृगौलामा भएको क्षतिको स्तरमा निर्भर गर्दछ । उदाहरणको लागि मृगौला रोगको शुरुवाती चरणका व्यक्तिहरुमा मृगौला विफल भएकाहरुभन्दा फरक प्रतिबन्धहरु हुन्छन् । दीर्घ मृगौला रोग भएको अधिकांश व्यक्तिहरुको लागि मृगौला मैत्री आहार अनुसरण गर्नु महत्वपूर्ण छ । जसले रगतमा विकारको मात्रा कम गर्न मद्दत गर्दछ । कतिपय दिर्घ मृगौला रोगीहरुलाई आहारमा पौष्टिकताका अत्याधिक कमिको कारणले एनिमिया अर्थात रगतको रातो कोष र हेमोग्लोविनमा अपरिपक्वता आउने र तिनको संख्या घट्ने जस्ता रोगहरु समेत देखापर्दछ ।

त्यसैले खानपानमा सतर्कता अपनाउनुको मतलब मृगौला सम्बन्धी समस्या भएका व्यक्तिले पर्याप्त पोषण युक्त आहार खानु पनि हो ।

मृगौला रोगीहरुका लागि रोगको स्तर हेरेर आहार प्रतिबन्धहरु फरक-फरक भएतापनि सामान्यतया दिर्घ मृगौला रोग भएका सबै व्यक्तिहरुका लागि निम्न पौष्टिक तत्वहरु केही हदसम्म प्रतिबन्धित छन् ।

- **सोडियम :** सोडिमय धेरै खानाहरुमा पाइन्छ र यो हामीले प्रतिदिन खाने टेवल नुनको एक प्रमुख घटक समेत हो । मृगौला रोगीहरुको सोडियमको आपूर्ति प्रति दिन २,००० मिलीग्राम भन्दा कममा सीमित गर्नु पर्दछ ।
- **पोटासियम :** पोटासियमले हाम्रो शरीरमा धेरै महत्वपूर्ण भूमिका खेल्छ तर मृगौला रोग लागेकाले आहारमा पोटाशियम सीमित गर्नु पर्छ । पोटासियम प्रति दिन २,००० मिलीग्राम भन्दा कम खानु पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- **फस्फोरस :** फस्फोरस एक यस्तो खनिज लवण हो । जुन धेरै खाद्य पदार्थहरुमा पाइन्छ अत्याधिक फस्फोरसलाई बिग्रिएको मृगौलाले निष्काशन गर्न सक्दैन । फस्फोरसको उच्च स्तरले शरीरलाई हानी पुऱ्याउन सक्छ, त्यसैले मृगौला रोगीले आहारमा फास्फोरस को मात्रा ८००-१००० मि.ग्रा. भन्दा कम राख्नु उचित हुन्छ ।
- डायलिसिस गराइराखेका बाहेक अरु सबै चरणहरुको दीर्घकालीन मृगौला रोग भएका व्यक्तिहरुले आफ्नो आहारहरुमा प्रोटिनको मात्र सीमित गर्नुपर्दछ ।
- डायलिसिस गराइराखेको व्यक्तिलाई भने आहारमा अलि बढि प्रोटिनको आवश्यकता हुन्छ ।
- मृगौला सम्बन्धी समस्या भएका व्यक्तिहरुलाई पर्याप्त प्रोटिन र क्यालोरी सेवन गर्न सुझाव दिईन्छ जसद्धारा हाइपोकेलेमिया (पोटासियमको कमी) वा हाइपोफोस्फेमियाको (फस्फोरसको कमी) को कुनै पनि घट्नालाई रोक्न सकियोस्; तर दुध र अन्य दुग्धजन्य उत्पादनहरु, गेडागुडी र माछामासु युक्त आहार भने दिर्घ मृगौला रोगीले सीमित राख्नु पर्दछ ।
- बारम्बार हाइपरकेलेमिया (पोटासियमको अधिक मात्रा) भएका बिरामीहरुलाई शरिरमा पोटासियमको मात्रा कमगर्नका लागि आलु, सखरखण्ड जस्ता टय्बरस मुलका तरकारीहरुलाई ताछेर, काटेर १५ मिनेट उम्लेको पानीमा राखेर माड भएको पानी फालेर तरकारी तयार पार्नु पर्छ ।
- दीर्घ मृगौला रोगीहरुलाई प्रोटिन कम गर्न 55-60 gm. dietary protein/kg ideal body weight/day उपलब्ध गराउनु पर्छ र सकभर शाकाहारकोमाध्यमबाट व्यक्तिलाई चाहिने प्रोटिनको आपूर्ति गर्न सुझाव दिइन्छ ।
- विभिन्न आहारमा भएको तत्वहरु, पेटको सुक्ष्म जीवाणु संरचनाका निर्धारक हुन् र तिनले शरिरका प्रतिरक्षात्मक क्षमताको विकासमा अहम भूमिका निर्वाह गर्छन् । जिंक, फलाम र भिटामिन ए.,बी., १२ बी., सी. र ई.को पर्याप्त सेवन प्रतिरोधक क्षमताको रखरखावको लागि आवश्यक छ ।
- विभिन्न अध्ययनहरुका अनुसार प्रति दिन १.५ ग्राम बेसारको प्रयोगले प्रतिरोधात्मक प्रणाली सुधार गर्न सक्छ भन्ने पुष्टि गरेको छ

मृगौला रोगीहरुका लागि उत्तम खानेकुरा निम्न प्रकार छन् :

क. **अन्नवर्ग :** सेतो चामल, मकै, सुजी, सावुदाना, चिउरा,विस्कुट।

ख. **सागपात :** मेथी, कर्कलो, चाइनिज साग, सलाद पत्ता ।

ग. **तरकारी :** लौका, घिरौला, चिचिण्डो, स्कुस, मुला, परपर, केराउ ।

घ. **फलफुल :** स्याउ, अम्वा, नास्पाती, मेवा, भुइकटहर,

ङ. **दुधदही :** सुझाव भए सरह ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च. मांशाहार : माछा वा कुखुरा(सुझाव भए सरह)

छ. गुलिया पदार्थः सुझाव भए सरह ।

यी देखि बाहेक निम्नलिखित खाद्य पदार्थहरुले दीर्घ मृगौला रोगीहरुलाई अत्यन्तै फाइदन गर्दछन् ।

काउली : काउली एक पौष्टिक तरकारी हो जसमा भिटामिन सी. भिटामिन के र बी. फोलेट सहित धेरै पोषक तत्वहरु पाइन्छन् ।यसले सुजन पनि घटाउछ र यो फाइवरको उत्कृष्ट श्रोत हो ।

एक कप काउलीमा १९ मि. ग्राम सोडियम, १७६ मि. ग्राम पोटासियम, ४० मि. ग्रा. फोस्फोरस पाइन्छ ।

रातो अंगुर : रातो अंगुरमा मिटामिन सि. र एन्टीअक्सिडेन्ट पनि पाइन्छ जस्ले सुजन कम गर्न मद्दत गर्छ । साथै यसमा Resveratrol नामक तत्व पनि पर्याप्त मात्रामा पाइन्छ जसले मुटु र मधुमेह सम्बन्धी समस्यामा पनि फाइदा गर्दछ । आधी कप रातो अंगुरमा सोडियम १.५ मि. ग्रा., पोटासियम १४४ मि. ग्राम र फस्फोरस १५ मि.ग्रा पाइन्छ ।

दीर्घ मृगौला रोगीले आहारमा सीमित गर्नुपर्ने खाद्य पदार्थहरु :

आटाको रोटी : प्राय स्वस्थ व्यक्तिहरुको लागि, सेतो पिठोको रोटी भन्दा बढी उच्च फाइबर भएको गहुँको रोटी खान सुझाव दिइन्छ । तर यसमा भएको फोस्फोरस र पोटासियमको कारणले गर्दा मृगौला रोगीलाई भने गहुँको आटा भन्दा मैदाको रोटी खाना सुझाव दिइन्छ । रोटीको चोकर मात्रा जति बढी भयो त्यति नै फोस्फोरस र पोटासियमको मात्रा धेरै हुन्छ । उदाहरणको लागि एउटा गहुँको रोटीमा लगभग ५७ मिलिग्राम फास्फोरस र ६९ मिलिग्राम पोटासियम हुन्छ भने सेतो रोटीमा केवल २८ मिलीग्राम फास्फोरस र पोटासियम हुन्छ ।

चोकर ननिकालेको धानको भात : सम्पूर्ण गहुँको रोटी जस्तै चोकर भएको चामल एक सम्पूर्ण अन्न हो जसले गर्दा यसमा सेतो चामल भन्दा बढी पोटासियम र फास्फोरस हुन्छ । एक कप पकाएको चोकरदार भातमा १५० मिलिग्राम फास्फोरस र १५४ मिलिग्राम पोटासियम हुन्छ । जबकी १ कप पकाईएको सेतो चामलमा ६९ मिलीग्राम फास्फोरस र ५४ मिलीग्राम पोटासियम हुन्छ ।

त्यसैले चोकर भएको भात खाने नै हो भने सेतो चामलको भात भन्दा चोकरदार चामलको भात धेरै कम मात्रामा खानु पर्दछ । च्याख्ला, दलिया, फापर, जौ र वेथे / किनुवा यस्ता पौष्टिक आहार हुन् , जसमा फरफोस्रको मात्रा कम हुन्छ र यी चोकर भएको चामलको राम्रा विकल्प हुन् ।

केरा : केरा प्राकृतिक रुपमै सोडियम कम भएपनि एउटा केरामा ४२२ मिलीग्राम पोटासियम हुने गर्दछ । त्यस कारणले यदि मृगौलाको रोग भएका व्यक्तिलाई डाक्टरहरुले पोटासियमको मात्रा कम गर्न सुझाव दिएका छन् भने केरा भन्दा पोटासियम मात्रा कम हुने भुईकटहरुलाई आफ्नो आहारमा सिमित मात्रामा समावेश गर्नु उपयुक्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एभोकैडो: एभोकैडोको पौष्टिक गुणहरुमा मुटुलाई स्वस्थ राख्ने खालको चिल्लो, फाइबर र एन्टिअक्सिडेन्टहरु समावेश भएको हुन्छ । एभोकैडो सामान्यता स्वास्थ्यकर फल भएतापनि मृगौला रोगीको लागि भने दिनमा एक चौथाई भन्दा बढी अवोकैडो खानामा समावेश गर्नाले यसमा भएको अत्याधिक पोटासियमको मात्राको कारण यसले हानी पुऱ्याउन सक्ने सम्भावना हुन्छ। एउटा अभोकैडोमा औषत रुपमा ६९० मिलिग्राम पोटासियम पाइन्छ ।

दुग्ध जन्य पदार्थ: दुध र दुधजन्य खाद्य सामाग्रीमा भिटामिन, प्रोटिन (एक कप दुधमा ८ ग्राम प्रोटिन पाईन्छ) र अरु पोषक तत्व भरपुर मात्रामा पाइने भएतापनि एक कप तर ननिकालेको दुधमा २२२ मिलीग्राम फोस्फोरस हुने हुनाले एकै दिनमा अरु फोस्फोरस हुने खानेकुरा सँग दुधलाई आफ्नो भोजनमा समावेश गर्दा मृगौलाको रोग भएका व्यक्तिहरुमा हाड जोर्नीको समस्या देखिन सक्छ । मृगौलाको कार्यक्षमता ह्रास भएका व्यक्तिले धेरै फोस्फोरस युक्त खानेकुरा सेवन गर्दा रगतमा फोस्फोरसको मात्रा बढ्न गई रगतले हड्डीबाट क्यालिसियम लिन थाल्दछ जसको कारणले हड्डिहरु कमजोर हुँदै जान्छन् र अन्तत, हड्डी भाचिने समस्या देखापर्छ । त्यसैले चामलको ब्रान (चोकर) र बदामको दुधहरुमा भने कम फोस्फोरस, पोटासियम र प्रोटिन पाइने हुनाले यी गाइको दुधको विकल्प हुनसक्छन् ।

सुन्तला र सुन्तलाको रस : सुन्तलाको रसमा यथोचित रुपमा भिटामिन सि र पोटासियम पाइन्छ। एउटा १८४ ग्रामको सुन्तलाबाट ३३३ मिलिग्राम पोटासियम मिल्दछ भने एक कप सुन्तलाको जुसमा ४७३ मिलीग्राम पोटासियम पाइन्छ ।[३१] अंगुर, स्याउ र क्रेनबेरी, रस, सुन्तला र सुन्तलाको रसका राम्रो बिकल्प हुन् किनकी यिनीहरुमा कम पोटासियम हुन्छ ।

खुर्पानी : खुर्पानीमा प्रसस्त भिटामिन ए.र फाइबर धेरै मात्रामा पाइन्छ तर त्यसमा पोटासिमको मात्रा पनि धेरै हुन्छ। एक कप ताजमा ४२७ मिलिग्राम पोटासियम पाइन्छ र एक कप सुकाएको खुर्पानी मा त अझै धेरैपोटासियम हुन्छ। त्यसैले दिर्घ मृगौला रोगीहरुले खुर्पानीको सेवन सीमित राख्नु पर्छ।

आलु र सखरखण्ड: एउटा मध्यम साइजको आलुमा ६१० मिलिग्राम पोटासियम हुन्छ र सखरखण्डमा ५४१ मिलिग्राम पोटोसियम पाइन्छ तर यिनमा भएको पोटासियमलाई भने तातोपानीमा १० मिनेट भिजाएर वा उमालेर ५०% कम गर्न सकिन्छ।

टमाटर : केवल १ कप टमाटरको चटनीमा ९०० मिलिग्राम पोटोसियम पाइन्छ ।[३२] तर टमाटर धेरै जसो पकाएको खानेकुरामा सम्मिलित गराइन्छ । खानामा पोटासियमको मात्रा कम गर्न आगोमा पोलेको भेडे खुर्सानीलाई टमाटरको बिकल्पको रुपमा प्रयोग गर्न सकिन्छ।

पालुङ्गोरचुकन्दरको साग: यद्दपि यी सागहरुमा धेरै मात्रामा पोष्टिक तत्वहरु पाइन्छ तापनि यिनीहरुमा पोटासियमको मात्रा पनि अत्याधिक हुन्छ । एक कप काँचो सागमा १४०-२९० मिलिग्राम पोटासियम हुन्छ जुन मात्रामा पकाउँदा एक चम्चा जति मात्र हुन जान्छ। जसले गर्दा सामान्यतया खाने जती साग लिदा त्यसमा पोटासियमको मात्रा ज्यादै धेरै हुन जान्छ । जुन मृगौला रोगीहरुको स्वास्थ्यको लागि हानिकारिक हुन सक्दछ ।यि सागहरुले शरिरमा अक्जालेटको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
मात्रा पनि वृद्धि गर्न सक्छन् । यसको कारणले केही व्यक्तिहरुलाई मृगौलाको पत्थरीको समस्या पनि हुन सक्छ । जसको परिणामबस, मृगौलामा थप समस्या पनि उत्पन्न हुन सक्छ ।

छोहोरा र किसमिस : यि सामान्यतया वजारमा पाइने सुकाएको फल हुन् । जब फललाई सुकाईन्छ तिनको पौष्टिकता पनि खँदिलो भएर बस्छ । यि फलमा पोटासियम पनि त्यसरी नै अत्याधिक मात्रामा पाइन्छ । उदाहरणको लागि जम्मा ४ वटा छोहोरामा ६६८ मिलीग्राम पोटासियम पाइन्छ । जसले गर्दा मृगौला सम्वन्धी रोग भएका व्यक्तिले यस्को सेवन नगर्नु नै बेस हुन्छ ।

निष्कर्ष

कोभिड-१९ महामारी एक विश्वव्यापी चुनौती हो । तसर्थ धेरै परिस्थितिहरुमा विज्ञहरुलाई दृढ वैज्ञानिक प्रमाणहरुको अभावमा तत्काल निर्णय गर्नु आवश्यक र बाध्यता पर्दछ । यसै कारण यस विषयमा खोज अनुसन्धान अझै जारी छ । यस्तो अवस्थामा बिरामीहरु र चिकित्सामासंलग्न समुदायले थुप्रै अनिश्चिततताको सामना गर्दैछन् । त्यसै गरी यहाँ दिइएको सुझावमा पनि सो सीमितताको कारणले, सामान्यतया भोजन र पोषणमा आधारित तथा चिकित्सा विज्ञानमा पाइने विस्तृतता अपनाउन नसकिएको अवस्था भने छ । महामारी विज्ञान अनुसन्धानद्वारा भोजन र पोषणको माध्यमबाट मृगौला रोगको कारणले जोखिम समूहमा परेका व्यक्तिहरुको स्वास्थ्य संरक्षणमा कस्तो सहयोगी भूमिका निर्वाह गर्न सकि न्छ भन्ने विषयको अझै थप पहिचान हुन आवश्यक छ । सामान्यतया कोभिडको जोखिमबाट बच्न दीर्घ मृगौला रोगीहरुले पुर्ण सन्तुलित आहार जस्तै भात, तरकारी, गेडागुडी, बोसो नभएको मासुको प्रयोगको साथसाथै डाक्टरको सुझाव अनुसार सिमित तरल पदार्थको सेवन गर्नुपर्ने हुन्छ भने प्रोटिन, फोस्फोरस, सोडियम र पोटासियम बढी भएको खाद्य सामाग्रीको अति नै न्यून प्रयोग गर्नु पर्दछ । त्यसैगरी ज्यादै प्रशोधित मासु, फलफुल तथा धेरै गुलियो, नुनिलो र चिल्लो भएको खानाको सेवन पूर्णतया नगर्दा लाभ हुन्छ । साथै कृत्रिम पेय पदार्थ , रक्सी, वट्टामा संरक्षण गरिएका खाद्य वस्तु, सुकेका फल, केक, पेष्ट्री,जनावरका भित्री अंगहरु जस्तै मुटु, कलेजो, फोक्सो, बोसो र केरा, कागती सुन्तला र अन्य अमिला फल सेवननगरे उत्तम हुन्छ ।

त्यसका लागि यहाँ प्रदान गरिएका सुझावहरु हाम्रो कोभिड-१९ को बारेमा भएको सिमित जानकारीका साथै पोषणले हाम्रो प्रतिरक्षा प्रणाली र दीर्घ रोगको अवस्थाहरुमा कसरी असर गर्दछ भन्ने सन्दर्भमा सामान्य जानकारी प्रदान गरिएको हो । यद्यपि विशेष गरी दीर्घ रोगीहरुले कस्तो चिकित्सा पद्धतिलाई अनुशरण गर्नु पर्दछ भन्ने विषय, बिरामीको व्यक्तिगत अवस्थाको आधारमा फरक पर्दछ । त्यसैले यस विषयमा कुनैपनि निर्णय गर्नु अघि बिरामीहरुले आफ्नो प्राथमिक उपचारमा संलग्न चिकित्सकको परामर्श लिनु पर्दछ । साथै यस शोधपत्रमा शाब्दिक सिमितताको दायराभित्र रहनु पर्ने मर्यादा भएकोले माथि उल्लेखित बिषयमा हाम्रो प्राचीन आयुर्वेद, योग, बैकल्पिक उपचार पद्धतिको गहनतालाई भने समेट्न नसकिएको ब्यहोरा अनुरोध छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्रीसूची

डा.हरिप्रसाद भोजन, पोषण र हाम्रो स्वास्थ्य ,जीत२०६०; समाज क. मन्त्रालय./ संयुक्त राष्ट्रसंघिय कार्यदल

Aleksandra Kozloska et. al,Flavonoid- food sourses of Health benefit

Alvarenga L. Salarolli, et.al, Impact of curcumin supplementation on expression of inflammatory transcription factors

Calcium oxalate stones, National Kidney Foundation,

Chaudhari Muhammad Junaid Nazar et.al,Efficacy of dietary interventions in end-stage renal disease patients

Csaba P Kovesdy, Management of hyperkaleamia in chronic kidney disease, Nat Rev Nephrol

Cupisti A.,CovesdyC.P,Dietary approach to recurrent or chronic hypercaleamia in patient with decreased kidney func.

Denis Fauque,Have recommended protein and phosphate intake recently changed in maintenance hemodialysis?Joural

Emilio Gonzalez-Parra, et.al,Phosphorus and Nutrition and Kidney Disease, Int.j Nephrol 2012

Faseeha Aman et.al.,How Nutrition can help to fight against COVID-19 Pandemic, Pakistan Journal of Medical science, 2020 May; 36:S121-S123

Gregory W. Watson et. al,Phytochemicals from Cruciferous Vegetables, Epigenitics and Prostrate CancerPrevention,

http://www.healthline.com/best-foods-for-kidneys#

https://nutritiondata.self.com/facts/cereal-grains-and-pasta/5710/2

https://www.nutritionvalue.org

Jagat Man Shrestha, Food, Nutrition and Dietetics, National Academy for Medical Science,

Jagat Man Shrestha, Food, Nutrition and Dietetics, National Academy for Medical Science,

Jelmer K.Humalda et.al,Dietary sodium restriction:a neglected therapeutic opportunity in cronic Kidney diseases

Kalantar-Jadeh K,Joshi S,et.al,Plant dominant low-protein diet for conservative management of chronic kidney disease,

Mafra D.,Leaf V.O.,A practical approach to a low protein diet in Brazil, BMC Nephrol,2016

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Maurya,V.K: AggarwalM.Factors influencing the absorption of vitaminDinGIT :Anoverview:FoodSci.Technol.2017

National Institute of Diabetes and Dijestive and Kidney Diseases, U.S. Department of Health and Human Services

P.C.Bathke et.al,The effect of boiling and leaching of the content of pota.and other minerals in potatoes, J.Food & Nu.

Phosphorus and your diet, kidney foundation, www. Kidney. Org.

Shubhangini A Joshi, Nutrition & Dietetics,311, McGraw Hill Education(India) Ptv. Ltd

T. Alp lkizler et.el, American journal of Kidney Diseases, , vol 76, issue 3, Suppiment 1.

Tewari,2019 (Tewari, S., 2019) Therapeutic diet to control disease. AkiNik Publications

United States Centre for Disease control and Prevention Coronavirus Disease 2019(COVID-19): online:

World Health Organization, Corona virus. online – https://www.who.int/health-topics/coronavirus #tabo=tab_1

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योतिषशास्त्रानुसारं शुभाशुभशकुनचिन्तनम्

✍ कृष्णप्रसादः पौडेलः*

शोधसारः

स्कन्धत्रयाधिष्ठितं ज्योतिषशास्त्रमाधृत्य लेखोऽयं निबद्धोऽस्ति । संहितास्कन्धान्तर्गतं शकुनशास्त्रं कीदृशम् ? तस्य लोकव्यवहारे प्रभावश्च कः ? इत्यादयो विषयाः आलेखेऽस्मिन् विवेचिताः सन्ति । केचन प्राचीनकालादेवाङ्गीकृतं शकुनविज्ञानं सम्प्रत्यपि तावदेव विश्वासावहं सर्वजनस्वीकार्यञ्च विद्यते । केचन वैज्ञानिकम्मन्यास्तत्र विश्वासभाजना न भवेयुः परं स्वस्वरीत्यनुसारम् सर्वेऽपि मानवाः शकुनं विश्वसन्ति । भारतीयानां शकुनज्ञानपद्धतिः एकविधास्ति चेत् अन्येषामपरा भवेत् परन्तु अन्यनाम्ना अन्यप्रणाल्या वा अपरेषामपि शकुनरीतिः प्रचलितास्त्येव । स्वसंस्कृतिपरम्परानुसारम् शकुनव्यवस्था, तत्तत्समुदायेऽस्ति रूढा । अस्माकं भारतीयानां कृते गोदर्शनम्, शुभशकुनमस्ति चेत् केषाञ्चित् शूकरदर्शनं शुभशकुनं स्यात् । परन्तु शकुनविज्ञानन्तु सर्वेऽपि स्वीकुर्वन्त्येव । शकुनमपि बहुविधं प्रतिपादितम् । आलेखेऽस्मिन् सामान्यतया प्रचलितानि शकुनानि एव प्रतिपादितानि । तत्र पशुशकुनम्, पक्षिशकुनम्, मानसिकशकुनम्, स्वप्नशकुनम्, अङ्गस्फुरणशकुनमित्यादिशकुनानि प्रमुखानि सन्ति । विशेषतः यात्रारम्भे युद्धसमये मृत्यसमये च शकुनं महत्त्वपूर्णं भवति । सर्वेषां मनसि विषयेऽस्मिन् जिज्ञासा जायते शकुनद्वारा पूर्वमेव परिणामावबोधार्थं प्रभवन्ति जनाः । एतेषां शकुनज्ञानं चतुर्भिः प्रकारैः कर्तुं शक्यते । पश्वादिभिः, मनोवृत्तिभिः, स्वप्नमाध्यमेन, तथा अङ्गस्फुरणादिना च । तत्तत्प्रकारैः ज्ञानं शकुनं कदाचिदपि न व्यभिचरति । अनेन चराचरं प्रकृत्यात्मकं जगत् मानवहिताय सर्वजनकल्याणाय च प्रयतमानं दरीदृश्यते । प्रकृतिः जडरूपेति वदतां वचसि अनृतत्वं समायाति । न हि प्रकृतिः जडरूपा । सा तु सचेतना सती शुभाशुभशकुनमाध्यमेन सर्वेभ्यो हितमुपदिशति । 'शकुनं च बृहस्पतिः ।' इति कथनानुसारं शकुनशास्त्रं मानवानां कृते व्यावहारिकदृष्ट्या शास्त्रीयदृष्ट्या च महदुपकारकमस्तीति सोहापोहं सप्रमाणं च प्रतिपादितमस्त्यत्र ।

शब्दकुञ्जी - असृग्, कालराहुः, दिक्शूलम्, दैवज्ञः, सपथः ।

विषयप्रवेशः

वेदाङ्गेषु ज्योतिषस्य महत्त्वपूर्णं स्थानं वरीवर्ति । महर्षिणा पाणिनिना च वेदस्य चक्षुःस्थानीयाङ्गत्वेन ज्योतिषशास्त्रमङ्गीकृतम् **'ज्योतिषामयनं चक्षुः** (अधिकारी, वि.सं. २०७६, पृ. ३०)' इति । यथा मनुष्याः चक्षुरिन्द्रियं विना दर्शनीयानि वस्तूनि द्रष्टुं नैव प्रभवन्ति, तथैव वेदादिशास्त्राण्यपि ज्योतिषशास्त्रं विना शुभशुभकर्माणि बोधयितुं नैवार्हन्ति । मानवसम्बद्धानां सर्वेषामपि पदार्थानां त्रैकालिकं ज्ञानं ज्योतिषशास्त्रमेव दिशति । वेदनिर्दिष्टाः यज्ञाश्च समुचितं कालमपेक्षन्ते । समुचितकालश्च ज्योतिषादेव ज्ञायते । अतः ज्योतिषं विना लौकिकवैदिककर्मतन्त्रं निखिलमपि अन्धकारमयं जायत इति ज्योतिषशास्त्रं वेदाङ्गेषु मूर्धन्यं स्थानं भजते । वस्तुतः कालबोधकं शास्त्रमेव ज्योतिषशास्त्रम् । ज्योतिषशास्त्रस्य लोके वेदे च सर्वत्रोपादेयत्वेन च चर्चानुभूयते । मुण्डकोपनिषदि विद्यायाः परापरभेदेन द्वैविध्यं प्रतिपाद्य ज्योतिषस्य अपराविद्यान्तरगतत्वं निरूपितम् । यथाह -'द्वे विद्ये वेदितव्ये इति ह स्म यद्ब्रह्मविदो वदन्ति परा

---

* उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
चैवापरा च । तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति । अथ परा यया तदक्षरमधिगम्यते ' (मु.उ. १/१/४-५) (गिरि, २०७३, पृ. ३२०) इति । 'लक्षं तु वेदाश्चत्वारः लक्षं भारतमेव च' (चरणव्यूह ५/१) इति कथनानुसारं वेदे एकलक्षपरिमिता मन्त्राः सन्ति । तत्राशीतिसहस्राणां मन्त्राणां कर्मकाण्डे विनियोगो विद्यते । एतावता वेदे कर्मभागः प्रधानोऽस्ति । यज्ञविधानमेव वेदानां मुख्यं कर्म । यज्ञाश्च कालाधीनाः भवन्ति । केचन यज्ञाः संवत्सरसम्वद्धाः । केचन ऋतुमासपक्षसम्बद्धाश्च दृश्यन्ते । यथाह तैत्तिरीयब्राह्मणे- 'वसन्ते ब्राह्मणोऽग्निमादधीत । ग्रीष्मे राजन्य आदधीत । शरदि वैश्य आदधीत ।' (तै.ब्रा. ४/५) इति । अत्र ऋतुसम्बद्धो यज्ञो निर्दिष्टः । एवमेव 'एकाष्टकायां वीक्षेरन् । फाल्गुनी पूर्णमासे वीक्षेरन् ।' (ता.ब्रा. ५/९/१७) इति । अत्र माससम्वद्धयज्ञो व्याख्यातः । तथैव 'प्रातर्जुहोति । सायं जुहोति ।' (तै. ब्रा. २/१/२) इत्यादिषु च कश्चिद्विशिष्टकालः यज्ञसम्बद्धत्वेनोपस्थापितः । अतः कालज्ञानं विना यज्ञसम्पादनमसम्भवम् । तस्मात्कालबोधकं शास्त्रं ज्योतिषम् वेदस्य चक्षुःस्थानीयं प्रधानमङ्गमस्ति । तदभावे यज्ञार्थं प्रवृत्तानां वेदानामपि गतिर्न दृश्यते । अतः ये ज्योतिषं जानन्ति, ते एव यज्ञविदो भवन्तीति नात्र कोऽपि सन्देशः (वेदाङ्गज्योतिषम्, ३) । भास्कराचार्येण ज्योतिषस्य वेदाङ्गत्वं सहजतयैव परिभाषितं परिलक्षते । उक्तं च सिद्धान्तशिरोकणौ - **'वेदास्तावद्यज्ञकर्मप्रवृत्ताः यज्ञा प्रोक्तास्ते तु कालाश्रयेण । शास्त्राद्यस्मात् कालबोधो यतः स्यात्, वेदाङ्गत्वं ज्योतिषस्योक्तमस्मात् ॥'** (१/९) (भास्कराचार्यः, सन् २०११, पृ. ५) इति । वेदस्य नित्यत्वात् तदङ्गीभूतज्योतिषस्यापि नित्यत्वमिति शक्यते परिकल्पयितुम् । परन्तु तत्प्रवर्तकरूपेण केचन आचार्याः परिगणिताः सन्ति । तत्र सूर्यादिशौनकान्तानामष्टादशानामाचार्याणां क्रमशः गणना विहितास्ति । अयं ज्योतिषसिद्धान्तः वासिष्टसिद्धान्तनाम्ना प्रसिद्धोऽस्ति । ज्योतिषसम्बद्धा अन्याः परम्पराः अपि प्राप्यन्ते । तदनुसारं सर्वप्रथमं सूर्यः मयनाम्नि पुरुषाय ज्योतिषविद्यां प्रोवाच । ततः जगति ख्यातिमगादिति । अयं सिद्धान्तः सूर्यसिद्धान्तनाम्ना प्रसिद्धोऽस्ति । पराशरमतानुसारं च स्वयं ब्रह्मा चतुर्भ्यः वेदेभ्यो ज्योतिषशास्त्रं निस्कास्य जगति विस्तारयामास इति । उक्तमपि 'वेदेभ्यश्च समुद्धृत्य ब्रह्मा प्रोवाच विस्तृतम् ।' (बृहत्पा.हो.शा., उ. २१/३) इति । ब्राह्मणोपनिषत्पुराणेतिहासादिप्राचीनग्रन्थेषु ज्योतिषशास्त्रस्य वर्णनं प्राप्यते । अतोऽस्य शास्त्रस्य प्राचीनतायां न कोऽपि सन्देहः । तानेव ग्रन्थानाधृत्य जगति बहुभिराचार्यैः ज्योतिषसम्बद्धाः बहवो ग्रन्थाः सन्निबद्धाः । शास्त्रेऽस्मिन् त्रयः स्कन्धाः सन्ति । सिद्धान्तसंहिताहोरारूपेषु त्रिस्कन्धेषु समग्रमपि ज्योतिषवाङ्मयं निगूढं वेविद्यते । उक्तञ्च नारदेन 'सिद्धान्तसंहिताहोरारूपं स्कन्धत्रयात्मकम् । वेदस्य निर्मलं चक्षुर्ज्योतिःशास्त्रमनुत्तमम्' (नारदसं. १/४) (शर्मा, १९८६, पृ. ५) इति । तत्र च सिद्धान्तस्कन्धैः त्रुट्यादिप्रलयान्तकालस्य गणना जायते । मूर्तामूर्तद्विविधकालस्य विवेचनं च क्रियते । एवमेव ब्राह्मदिव्यपित्र्यप्राजापत्यादिकालमानकथनमपि अत्रैव बोभवीति । गणितज्ञानं, खगोलभूगोलग्रहगोलादिज्ञानं, रेखाचापादिज्ञानं, त्रिकोणमितिज्ञानं, पञ्चाङ्गगणितज्ञानं, ग्रहोदयास्तादिस्पष्टीकरणज्ञानं, कालज्ञापकविविधयन्त्रादिनिर्माणज्ञानम्, तथा ग्रहयुतिज्ञानञ्च सिद्धान्तस्कन्धादेव जायते । उक्तञ्च भास्करेण - 'त्रुट्यादिप्रलयान्तकालकलनामानप्रभेदः क्रमात्' इत्यादि (सि.शि.ग., ६) । संहितास्कन्धे च विषयान्तराणां ज्ञानं जायते । आचार्यवराहमिहिरेण स्वकीये बृहत्संहिताख्यग्रन्थे संहितास्कन्धान्तर्गता विषयाः विशेषेण विवेचिताः सन्ति । स्कन्धस्यास्यानुशीलनेन ग्रहसञ्चारज्ञानं भूकम्पोल्कापातादिज्ञानं, वायसशृगालादीनां रवाज्जायमानमिष्टानिष्टादिज्ञानम्, मृगाश्वगोगजकूर्मकुक्कुटादीनां चेष्टाज्ञानम्, तथा शुभाशुभशकुनज्ञानं च जायते । अतः स्कन्धस्यास्यापरं नाम व्यवहारशास्त्रं व्यवहारस्कन्धो वा इत्यपि समुल्लिखितं प्राप्यते । (ज्योतिषतत्त्वाङ्कः, २०१४, पृ.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८०) इति । एवमेव तृतीये होरास्कन्धे च जातकसम्बद्धाः विविधविषयाः विवेचिताः सन्ति । यस्मिन् स्कन्धे मुहूर्तशास्त्रं वास्तुशास्त्रं तथा जातकताजिकप्रश्नादिशास्त्रं च अन्तर्हितं जायते । स्कन्धोऽयं जातकस्कन्धनाम्नापि व्यवह्रियते । इत्थं त्रिभिः स्कन्धैः विस्तीर्णं ज्योतिषशास्त्रं लोके वेदे च महन्महत्त्वं बिभर्ति । वर्णितेषु त्रिषु स्कन्धेषु मध्ये शुभाशुभशकुनसम्बन्धिविषयाः संहितास्कन्धान्तर्गताः सन्ति । विशेषतयात्र तेषामेव विषयाणां विवेचनं चिन्तनं च जायते । विषयोऽयमतीव व्यावहारिको बहुजनोपयोगी च दृश्यते । ज्योतिषशास्त्रे शास्त्रान्तरे च शुभाशुभशकुनविषये कीदृशं चिन्तनं प्रस्तुतमिति सर्वेषां जनानां हृदि जिज्ञासा समुदेति । सम्प्रति तत्समाधानाय प्रयत्यते ।

अध्ययनस्य प्रमुखाः समस्याः

ज्योतिषशास्त्रसम्बद्धानि बहून्यध्ययनानि सन्ति सम्पन्नानि । ज्योतिषशास्त्रमधिकृत्य बहुभिरनुसन्धातृभिर्ज्योतिषशास्त्रस्वरूपम्, ज्योतिषशास्त्रसम्बद्धशकुनविज्ञानादिकं च लेखरचनादिमाध्यमेनाविष्कृतं विलोक्यते । ज्योतिषशास्त्रं सर्वेषां लौकिकवैदिककर्मसम्बद्धानां जनानां कृते महदुपकारकं, व्यावहारिकञ्च विद्यते । एतदर्थं शास्त्रमिदं सर्वैरवगन्तव्यमित्यध्ययनेऽस्मिन् विशेषतः सूत्ररूपेण समस्याद्वयं समायाति-

क. ज्योतिषस्य कः उपयोगः ?

ख. शुभाशुभशकुनस्वरूपं किम् ? इति ।

ग. अध्ययनस्योद्देश्यम्

ज्योतिषशास्त्रमधिकृत्यासंख्यसंख्यावद्भिः स्वलेखनी व्यापारिता । ताभिर्लेखनीभिः सार्थकत्वमधिगता च । इदमप्यध्ययनं तदेव विषयजातमूरीकरोति विश्लेषयति च । तत्त्वरूपे वस्तुनि विकल्पाभावेऽपि तद्बोधयितुं यथा नानाविधा सरणिरवलम्ब्यते तथैव ज्योतिषशास्त्रावबोधाय सत्यामपि नानाविधायां पद्धत्यामध्ययनमिदं तत्रैव प्रवर्तते । सङ्क्षेपेण विचारित आलेखस्यास्य निम्नाङ्कितमुद्देश्यद्वयं दृश्येते -

क. ज्योतिषस्योपयोगित्वविवेचनम् ।

ख. शुभाशुभशकुनविवेचनम् । इति ।

अध्ययनविधिः

लेखस्यास्य निष्पादनाय मुख्यसामग्रीः सङ्कलयितुं विशेषरूपेण पुस्तकालयीयाध्ययनविधिरेवात्राङ्गीकृतो विद्यते । ज्योतिषशास्त्रसम्बद्धानि ग्रन्थरत्नानि च लेखस्यास्य प्रमुखस्रोतांसि सन्ति । एवं ज्योतिषशास्त्रसम्मता व्याख्यानात्मकाः, टीकात्मकाः, समालोचनात्मकाः, विश्लेषणात्मकाश्चान्ये ग्रन्था आलेखाश्च द्वितीयसामग्रीत्वेनोररीकृता विद्यन्ते । सोहापोहं ज्योतिषशास्त्रावबोधाय तत्प्रयोजनविश्लेषणाय च यथावसरं ग्रन्थान्तरावलोकन-विश्लेषणादिविधयश्चोपयुज्यन्ते । एवमेव यथावश्यकं तुलना-चिन्तन-मननादिविधयश्च प्रयोगविषयतामापद्यन्ते । क्वचिद् यथाकामं गभीरविषयचिन्तनविधौ स्वोपज्ञविधिश्चावलम्ब्यते ।

अध्ययनस्य क्षेत्रं सीमाङ्कनञ्च

सर्वप्रसिद्धं ज्योतिषशास्त्रमेवाध्ययनस्यास्य प्रमुखं क्षेत्रमस्ति । तच्छास्त्रमधिकृत्य तत्स्वरूपं तत्प्रयोजनञ्च सप्रमाणं निर्धार्यते । ज्योतिषशास्त्रान्तर्गतानि सर्वाण्यपि ज्योतिषस्य अङ्गोपाङ्गभूतानि ग्रन्थरत्नानि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्रोद्घाटितानि तथ्यानि चात्र क्षेत्रान्तर्गतानि सन्ति । एवं तदतिरिक्ता विषयाश्च सीमारूपेण वर्तन्ते । एतावताध्ययनमिदं ज्योतिषशास्त्रसम्बद्धे क्षेत्रे पदं निदधातीति तस्य क्षेत्रत्वं तदतिरिक्तविषयेषु न प्रवर्तत इति तेषां सीमारूपत्वमध्ययनस्य सीमाङ्कनत्वं वा बोध्यम् ।

ज्योतिषशास्त्रस्योपयोगित्वम्

भारतीयसनातनसंस्कृतिः श्रद्धाविश्वासावाश्रित्य अनादिकालात् समानरूपेण विराजते । श्रद्धाविश्वासयोरभावे लौकिकं वैदिकं वा कृत्यं किमप्यत्र न निष्पद्यते । अतः सर्वेषां हृदि कृत्याकृत्यकरणात् इष्टानिष्टप्राप्तिविषयिणी श्रद्धा समुद्भावनीयेति बहूनि शास्त्राणि तत्त्वविद्भिः विरचितानि प्रचारितानि च । तेषु ज्योतिषशास्त्रमप्यन्यतमं मन्यते । शास्त्रमिदं मासपक्षादिकालानुसारं मेषवृषादिराश्यनुसारं अश्विनीभरण्यादिनक्षत्रानुसारं प्रभवादिसंवत्सारानुसारं तथा मेषवृषादिलग्नानुसारं च जातकस्य भूतभविष्यादिकं दिशति । एवमेव युद्धादिविषये यात्रादिविषये तथा महोत्सवादिविषये च समुचितं कालं निर्धारयति । व्यवहारे प्रतिपदं शास्त्रस्यावश्यकत्वमनुभूयते । यज्ञमहोत्सवादिशुभकर्माणि शुभमुहूर्ते एव प्रारभ्यते सनातनसंस्कृत्यनुयायिभिः सर्वैः । शुभमुहूर्तस्य ज्ञानं च केवलं ज्योतिषशास्त्राधीनम् । सर्वस्यापि विशेषानुष्ठानस्य पूर्वं मुहूर्तादिज्ञानाय दैवज्ञः समाश्रयणीयः इति उल्लिखितं प्राप्यते । 'दैवज्ञं तु समाहूय मुहूर्तं पृछ्य यत्नतः ।' (श्रीमद्भा. म. ६/२) (वेदव्यास, २०७५, पृ. २६) इत्यादिशास्त्रवचनान्यपि तदेव परिपोषयन्ति । शुभमुहूर्ते प्रारब्धा यात्रा फलोन्मुखा सेत्स्यति चेत् तदितरा निष्फला एव न शोकभयादिकष्टदापि भवितुमर्हति । अतः ज्योतिषस्य यात्राधिकरणे दिक्शूलादीनां वर्णनं प्राप्यते । वासरानुसारं दिक्शूलं निर्धारितमस्ति । शास्त्ररीत्यनुरूपं सोमशनिवासरयोः पूर्वदिशि रविशुक्रवासरयोः पश्चिमदिशि, गुरुवासरे दक्षिणदिशि तथा भौमबुधवासरयोश्च उत्तरदिशि दिक्शूलस्य स्थितिः निर्धारितास्ति । यस्मिन् यस्यां दिशिं दिक्शूलं निर्धारितम्, तस्मिन् दिने तत्र यात्रा निवारिता विद्यते । विहितायां च यात्रायां नामानुरूपं दिक्शूलं यात्रिणं घातयतीति लोकविश्वासः । यात्रां सफलयितुं योगिनीविचारोऽपि अत्यावश्यको मन्यते । योगिनी च तिथ्यनुसारं दिशमाश्रयति । प्रतिपदानवमीतिथ्योः पूर्वस्मिन्, षष्ठीचतुर्दशीतिथ्योः पश्चिमे, द्वितीयदशमीतिथ्योः उत्तरे, तथा पञ्चमीत्रयोदशीतिथ्योश्च दक्षिणे, योगिन्याः वासः निर्दिष्टः । यात्राकाले च गन्तुः योगिन्यां वामस्थायां सुखकरी, पृष्ठभागे स्थितायामभीष्टदायिनी, दक्षिणे स्थिता चेत् धनहारिणी, तथा सम्मुखा चेत् मृत्युदायिनी भवतीति सप्रमाणमुद्घोषितं प्राप्यते । उक्तञ्च -

'योगनी सुखदा वामे पृष्ठे वाञ्छितदायिनी ।

दक्षिणे धनहन्त्री च सम्मुखे मरणप्रदा ॥' (ज्योतिषतत्त्वाङ्कः, २०१४, पृ. १७२) ।

यात्रायां कालराहुरपि विचारणार्हः इति तत्तत्प्रकरणादिषु प्रतिपादितं प्राप्यते । कालराहुरपि वासरानुसारं निवसति । शनिश्चरवासरे पूर्वस्यां दिशि, भौमवासरे पश्चिमायां दिशि, गुरुवासरे दक्षिणस्यां दिशि, तथा रविवासरे च उत्तरस्यां दिशि कालराहुर्निवसति । तस्मिन् दिने तत्र यात्रा वर्जिता । योगिनी-दिक्शूल-कालराहु-आदीनां अनुकूलतायामेव यात्रा प्रशस्ता । कदाचिदेतेषां प्रतिकूलतायामपि यात्रानिवार्या चेत् पक्षान्तरं स्वीकृत्य समाधानं विधेयम् । 'हरति सकलदोषं चन्द्रमाः सम्मुखस्थः ।' इति सूक्त्यनुसारं चन्द्रदिग्ज्ञानं विधाय यात्रा कर्तव्या । पुनः चन्द्रदिग्ज्ञानं कथमिति चेत्, शास्त्रेषु स्पष्टयोक्तम्- 'मेषे च सिंहे धनुपूर्वभागे ।' (ज्योतिःसारशिरोमणिः) अत्र राश्यनुसारं चन्द्रमसो दिशा निर्धारिता विद्यते । मेषसिंहधनुषु पूर्वस्यां, वृषकन्यामकरेषु दक्षिणायां, मिथुनतुलाकुम्भेषु पश्चिमायाम्, तथा कर्कवृश्चिकमीनेषु च उत्तरस्यां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशि चन्द्रमा राजते । तद्विचार्य यात्रारम्भो विधेयः । फलं च निर्दिष्टमस्ति यत्- चन्द्रमसि सम्मुखे अर्थलाभः, दक्षिणे सुखसम्पदः, पृष्ठे मरणम्, तथा वामे चन्द्रे च धनक्षयो जायते । अतः सर्वं दिक्शूलयोगिनीकालराहुचन्द्रादिकं विचार्य एव यात्रा कर्तव्या इति शास्त्रस्यास्याशयः । एतत्सर्वं व्यावहारिकं ज्ञानं ज्योतिषशास्त्रादेव जायते । ज्योतिषं न केवलं शास्त्रं अपितु एतद् विज्ञानमपि अस्ति । आकाशस्थानां ज्योतिर्मयपिण्डानां स्थितिमितिगतिसम्बद्धविषयाणामध्ययनं शास्त्रमिदं करोति । जगदिदं पाञ्चभौतिकमस्ति। सर्वे ग्रहाश्च तत्सम्बद्धा एव विद्यन्ते । अतः सूर्यादिग्रहेषु पृथ्वीजलतेजोवाय्वाकाशरूपपञ्चमहाभूतानां क्वचित्कस्यचिद्बाहुल्यं क्वचिच्च कस्यचित् बाहुल्यं दृश्यते । मनुजस्य जन्मसमये ग्रहचक्रे यस्य ग्रहस्य प्राबल्यं जातकस्य तस्य जीवनेऽपि तस्यैव ग्रहस्य प्राधान्यं जायते । आचार्यस्य वराहमिहिरस्य कथनानुसारं तु जातकस्य आकृतिदर्शनानन्तरमेव तस्मिन् कस्य ग्रहस्य प्रभावोऽस्तीति सहसा विनिश्चेतुं शक्यते । ग्रहाणां प्रभावः मनुष्येषु कथं जायत इति पुराणधर्मशास्त्राद्यवलोकनेनापि अनुमीयते । वाल्मीकिरामायणे रामराज्याभिषेके प्रवृत्तो दशरथो निजिजन्मनक्षत्रस्थान् सूर्यमङ्गलराहुग्रहान् मीमांसमानो घोरां विपत्तिमाशंकते । रामं सम्बोध्यं संशति च-

अवष्टब्धं च मे राम, नक्षत्रं दारुणग्रहैः । आवेदयन्ति दैवज्ञाः सूर्याङ्गारकराहुभिः ।

(वा.रा. २/४/१८)(महर्षिवाल्मीकिः, २०४०, पृ. १७०) इति ।

मनुरपि आकारेङ्गितगतिभिः जनानां हृद्भावमवगन्तुं शक्यत इति ग्रहप्रभावं पुरस्कृत्य सूचयति (मनु.स्मृ., ८/२६) । ग्रहा अपि सत्त्वरजस्तमोगुणेषु विभक्ताः सन्ति । केचन सात्त्विकाः केचन राजसास्तथा केचन ग्रहाश्च तामसा भवन्ति । उक्तञ्च- चन्द्रार्कजीवाज्ञसितौ कुजार्की, यथाक्रमं सत्त्वरजस्तमांसि । (ज्योतिषतत्त्वाङ्कः, सन् २०१४, पृ. १६७) इति । अनेन कथनेन सूर्यश्चन्द्रस्तथा बृहस्पतिश्च सत्त्वगुणी, बुधस्तथा शुक्रश्च रजोगुणी एवं मङ्गलस्तथा शनिश्च तमोगुणी विद्यते । जातकस्य जन्मसमये यो ग्रह बलवान् जातको जीवनावधि तद्गुणविशिष्ट एव जायत इति ज्यौतिषः सिद्धान्तः । अनया रीत्या अस्माकं जीवने ग्रहाणां प्रभावो बोभवीति तद्बोधकशास्त्राध्ययनं नितरामावश्यकम् । नित्यनैमित्तिकादिकर्मव्यवहारे तथा दैनिकव्यवहारे च शास्त्रमिदं महदुपकारकम् । एवं ज्योतिषविद्या अर्थकरी च मन्यते । वस्तुतः शास्त्रस्यास्य सेवनेन धर्मार्थकाममोक्षाख्याः चत्वारः पुरुषार्थाः एव क्रमशोऽधिगताः भवन्ति । भास्कराचार्येण तूक्तमेव - 'यो ज्योतिषं वेद नरश्च सम्यग् धर्मार्थमोक्षं लभते यशश्च' (आचार्य, सन् २०११, पृ. ३६) इति । एतन्न कथनमेव लोके प्रत्यक्षेण तदनुभूयते । शास्त्रान्तरज्ञानापेक्षया दैवज्ञाः धनिनो यशस्विनश्च जायन्ते । 'न हि कस्तुरिकामोदः सपथेन विभाव्यते ।' (संस्कृतसूक्तिः) । इतिवद् न तत्र प्रमाणान्वेषणापेक्षा। ज्योतिषशास्त्रं मूलतो हितोपदेशकं शास्त्रमस्ति । अतीतानागतवर्तमानकालिकं निखिलमपि विषयजातं हस्तामलकवत् प्रदर्श्य अतीतवृत्तान्तात् सत्शिक्षां दापयति, अनागतवृत्तान्तात् सावधानं विधास्यति, वर्तमाने च सन्मार्गं सूचयति । शास्त्रमिदं न केवलं विपत्तिं सङ्केतयति, अपितु ततो निवृत्तिमार्गमपि प्रदर्शयति । चिकित्सापद्धतौ एका ग्रहचिकित्सापद्धतिरपि ज्योतिषशास्त्रे प्रतिपादिता विद्यते । अष्टाङ्गचिकित्सापद्धतिषु इयं पद्धतिः बहुमहत्त्वपूर्णा मन्यते । यत्र अन्यचिकित्सापद्धतीनां न गतिः, तत्र ग्रहचिकित्सापद्धतेः अव्याहता गतिः दृश्यते । अनया पद्धत्या असाध्यरोगस्यापि निवारणं दृश्यतेऽनुभूयते च कदाचित् । अतः ज्योतिषशास्त्रं बहूपयोगि शास्त्रं विद्यते । प्राचीनैर्ऋषिभिः महर्षिभिश्च प्रतिपादितः ज्योतिषसिद्धान्तः सार्वकालिकः सार्वदेशिकः सार्ववर्णिकश्चामरः सिद्धान्तोऽस्ति । यस्याश्रयेण सर्वे दुःखशोकरोगभयादिकष्टं सोपायं सुखेन निवारयन्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभाशुभशकुनविवेचनम्

ज्योतिषशास्त्रस्यानेके भेदाः सन्ति । सिद्धान्तसंहिताहोराख्येषु त्रिषु स्कन्धेषु बहवो विषयाः सन्निविष्टाः दृश्यन्ते । 'ज्योतिःशास्त्रमनेकभेदविषयम्' (वराहमिहिरः, २०६९, पृ.५) । इत्याद्युक्त्यापि शास्त्रस्यास्य बहुशाखत्वमवगम्यते । ग्रहविचारशास्त्रं वास्तुशास्त्रं मुहूर्तशास्त्रं सामुद्रिकशास्त्रम्, इत्यादीनि बहूनि शास्त्राणि ज्योतिषशास्त्रान्तर्गतान्येव सन्ति । तेष्वेकं शकुनशास्त्रमपि महत्त्वपूर्णं विद्यते । शास्त्रमिदं संहितास्कन्धान्तर्गतं विद्यते । शकुनशास्त्रस्यापि भेदद्वयमवलोक्यते । तत्र ग्रहनक्षत्रराशिलग्नादिचक्रमाधृत्य फलितज्योतिसम्वद्धं शकुनशास्त्रमेकं, बाह्यपदार्थदर्शनानुसारं शुभशुभपरिणामप्रकटनपरं शकुनशास्त्रं चापरम् । प्रकारान्तरेण तु शकुनं बहुविधं विद्यते । पशुपक्षिणां शब्दचेष्टादिसम्वद्धं स्वप्नसम्वद्धम्, अङ्गस्फुरणसम्वद्धं विशेषाङ्गकण्डूतिसम्वद्धं वृष्टिसम्वद्धम् अन्तरिक्षाकृतिसम्वद्धं वनस्पतीनां परिवृत्तिसम्वद्धं देवप्रतिमासम्वद्धं मृत्पाषाणादिसम्वद्धं केनचिज्जीवेन सह स्पर्शसम्वद्धं यात्रागमनागमनयोः प्रसङ्गे छित्कारजृम्भणादिसम्वद्धम्, इत्यादीनि बहुविधानि शकुनानि व्यावहारेऽनुभूयन्ते । वनस्पति-पश-पक्षि-कीटादि-प्राकृतिकवस्तुजातेभ्यो वयमिष्टानिष्टबोधकं शुभाशुभशकुनं ज्ञातुं शक्नुमः । परं तत्सम्वद्धविज्ञानं ज्ञेयं पूर्वम् । सामान्यतयोद्यन्तमादित्यं वीक्ष्य यदा सारमेया रुदन्ति, शृगालाः दिवसेऽपि क्रोशन्ति, रात्रौ बिडालाः निष्कारणं रुवन्ति, तदा कोऽप्यनिष्टमाशङ्क्यते । कदाचिद्यात्रासमये यदि कृकलास-सर्प-बिडालादिजन्तवः मार्गावरोधं कुर्वन्ति अथवा पार्श्वतः समुल्लङ्घ्य गच्छन्ति तदापि स्वाभीष्टविषये विपत्तिः सम्भाव्यते । वन्याः पशुपक्षिणः विशेषज्ञानरहिताः भवन्तीति वयं वदामः, परन्तु न तथा तेऽपि विशेषदृष्ट्या शकुनज्ञाः भवन्ति । मृगादिपशवोऽपि क्रूरकर्माणं मनुष्यं दृष्ट्वा भयमाशङ्कन्ते चेत् साधुपुरुषं दृष्ट्वा स्वतो निर्भयाः जायन्ते । पाशशरासनादिकमगृह्णतोऽपि व्याधान् विलोक्य पक्षिणोऽयं हिंसकः, इति दूरादेव पलायन्ते । परन्तु पाशपाणिमपि सज्जनं दृष्ट्वा नैव भीतिङ्गच्छन्ति, सन्निकटमेव प्राप्नुवन्ति । अतस्तेषामपि शकुनज्ञत्वं न विरुध्यते । गावः भूकम्पाद्यनिष्टं पूर्वमेव जानन्ति, टिट्टिभ-कर्कटादयो जन्तवः जलवर्षादिकं तथा तेन जायमानं जलप्रवाहादिकं च प्रागेवावगच्छन्तीति लोकविश्रुतिः विद्यत एव । शास्त्रेषु शकुनसम्वद्धाः बहवः प्रसङ्गाः प्राप्यन्ते । भागवतानुसारम् अर्जुनो यदा भगवता कृष्णेन सह मिलितुं द्वारकां गतः । ततो बहुकालं यावत् स नायातः । भगवतः कृष्णस्य स्वधामगमनस्य समय आसीत्सः । तदैव हस्तिनापुरे युधिष्ठिरोऽशुभशकुनं दृष्ट्वा किमप्यनिष्टमुत्प्रैक्षत । तत्र समुल्लिखितं यत् -दिवि भुवि च अमङ्गलसूचकं दारुणमुत्पातादिकं दृश्यते । मनसि निष्कारणमेव भयमाविष्टमस्ति । खरस्पर्शो वायुर्वाति, सारमेयाः रुवन्ति, दिशः धुम्रायन्ते, जलदाः असृग् वर्षन्ति । अग्निर्न ज्वलति । गावः अश्रुमुखाः रुदन्ति । देवप्रतिमासु स्वेदविन्दवः समायान्ति । हृदि कम्पनं जायते । किन्निमित्तमनिष्टमिदमिति धर्मराजः स्वानुजं भीमं परिपृच्छति । (श्रीमद्भागवत, १/१४/१०-२०) (वेदव्यास, २०७५, पृ. ५४) । सर्वेष्ववशिष्टेषु पाण्डवेषु रीत्यानया विह्वलेषु द्वारकातोऽर्जुनः प्रत्यागच्छत् । ततोऽशुभशकुनस्य सङ्केतरूपं भगवतः श्रीकृष्णस्य स्वधामगमनमबुध्यन्त । कदाचित् शरीरस्य अङ्गस्फुरणादिनापि शुभाशुभशकुनं ज्ञायते । पुरुषाणां दक्षिणबाहुस्फुरणे दक्षिणनेत्रस्फुरणे च शुभसङ्केतोऽनुमीयते चेत् स्त्रीणां दक्षिणाङ्गस्फुरणमशुभं मन्यते । पुरुषाणां च वामाङ्गस्फुरणं प्रायः विपत्तिजनकं समामनन्ति । पुराणादिषु काव्यनाटकेषु च क्वचित् कथाप्रसङ्गे अङ्गस्फुरणादिशकुनस्योदाहरणं प्राप्यते । अभिज्ञानशाकुन्तले च कण्वमहर्षेराश्रमपदं प्राप्तस्य दुष्यन्तस्य दक्षिणबाहुः परिस्फुरति । दक्षिणबाहुस्फुरणस्य च फलं यूनां रूपवतीकन्याप्राप्तिः कथितं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शकुनविद्भिः । परमाश्रमे कथं तत्प्राप्तिः सम्भवतीति राजा स्वयं तत्फलं निवारयति - 'शान्तमिदमाश्रमपदं स्फुरति च बाहुः कुतः फलमिहास्य' (अभिज्ञान.शा. १/१५) (कालिदासः, सन् १०७६, पृ. ४३३) इति । परमस्य शुभशकुनस्य फलं राजा दुष्यन्तः शकुन्तलानाम्नीं कन्यामधिगच्छत्येव । काव्यशास्त्रादिषु एव नापितु लोकव्यवहारेऽपि शकुनं जनाः विश्वसन्ति । काकः शुष्कतरुशाखायां स्थित्वा कूजति चेत्, तस्य कोऽप्येकः अर्थः निष्पद्यते । एवं स एव काकः पुष्पपल्लवादिभरिते हरिते वृक्षे स्थित्वा यदा कूजति पुनस्तस्यापरोऽर्थः निस्कास्यते शकुनज्ञैः । यात्राविषये तु शुभाशुभशकुनं प्रसिद्धमेव । यदा यात्रारम्भसमये बन्ध्यास्त्री, कृष्णवस्त्रम्, अस्थि, भुजङ्गः, लवणम्, कृष्णाङ्गारः, विष्ठा, तैलम्, उन्मत्तपुरुषः, रोगार्तः, दहद्गृहम्, मिथः कलहः, रिक्तो घटः महिषयोर्द्वन्द्वम्, बिडालस्य मार्गोल्लङ्घनम् इत्यादीनि समायान्ति जायन्ते वा तदा सद्यः एव यात्रा स्थगयितव्या । अशुभशकुने यात्रा नैव कार्या । (मुहूर्तचि., ११/१०२-१०३) (रामाचार्यः, २०५४, पृ. ११५) । एवमेव यात्रायां शुभशकुनानि अपि शास्त्रेषु वर्णितानि सन्ति यथा - यात्रारम्भे ब्राह्मणदर्शनम्, गोहस्तिघोटकदर्शनम्, अन्नफलादिदर्शनम्, तथा दधि, कमलपुष्पम्, श्वेतवस्त्रम्, किमपि श्वेतं वस्तु, वेश्यास्त्री, वाद्यवादनम्, मयूरः, दीपः, शिशुसहिता स्त्री, चम्पकपुष्पम्, कन्या, मङ्गलपाठः, पूर्णो घटः, घृतम्, इक्षुः, वृषभः, वेदध्वनिः, इत्यादीनि च शुभशकुनत्वेन वर्णितानि सन्ति । (मुहूर्तचिन्ता. ११/१००) (रामाचार्यः, २०५४, पृ. ११४), प्रारम्भेणैव परिणामोऽनुमीयते । प्रकृतिः सर्वेषां प्राणिनां निकटवर्तिनी अस्ति । अतः निखिलमपि जायमानं शुभाशुभकार्यजातं प्रकृतिः सूचयति । सा सूचना केवलमस्माभिरवगन्तव्या । दशकुमारचरिताख्ये गद्यकाव्ये पुष्पोद्भवो नाम कुमारः राजवाहननामानं राजकुमारमन्वेष्टुं गच्छति, तेन सह बन्धुपालनाम्नो वणिजो मैत्री जायते । एकदा स्वराजकुमारमन्विषन्तं पुष्पोद्भवं शकुनज्ञो बन्धुपालो ब्रूते 'सकलं धरणितलमपारमन्वेष्टुमक्षमो भवान् । मनोग्लानिं विहाय तूष्णीं तिष्ठतु । भवन्नायकालोकनकारणं शुभशकुनं निरीक्ष्य कथयिष्यामीति ।' (दशकु. १/४/१०), (दण्डी, २०१५, पृ. ६९) । शकुनज्ञो बन्धुपालो यदा शकुनं दृष्ट्वा ब्रवीति तदा राजबाहनेन साकं पुष्पोद्भवस्य सङ्गमोऽजायत । अतः शकुनशास्त्रस्य चर्चा न केवलं एकत्र अपितु लौकिकवैदिकशास्त्रीयव्यवहारेष्वपि सर्वत्र विद्यते । आधुनिकाः वैज्ञानिकम्मन्याः यद्यपि पूर्णतः न विश्वसियुः तथापि तेषां व्यवहारे शकुनस्य प्रभावः अवश्यं जायते । यया कयापि रीत्या तेऽपि विश्वासवशा भवन्त्येव । शकुनज्ञाः पुरुषाः शकुनं दृष्ट्वा मृत्युमपि निश्चिन्वन्ति । काकमैथुनदर्शनम्, काकगृद्धादीनां मस्तकारोहणम्, इत्यादिशकुनानि मृत्यद्योतकानि भवन्ति । विशेषतः मृत्युशकुनानि चतुर्विधानि प्रतिपादितानि सन्ति । तत्र पशुसङ्केतसम्बद्धम्, मानसिकसङ्केतसम्बद्धम्, स्वप्नसम्बद्धं तथा अङ्गस्फुरणादिलक्षणसम्बद्धञ्च । (ज्योतिषतत्त्वाङ्क, सन् २०१४, पृ. ३९१) । ये पशुपक्षिणः शुभाशुभशकुनं प्रदर्शयन्ति, ते केवलं सूचका एव । न ते कारकाः । अतः बिडालोऽयं मन्मार्गमुल्लङ्घयति । काकोऽयमप्रियं रौति । शृगालोऽयं दिवा एव उच्चैः रोदिति । कृष्णसर्पोऽयं मार्गमवरुणद्धीति विचार्य ते नैव दण्ड्याः । ते तु अस्मान् पूर्वमेव सावधानाय सङ्केतयन्ति । न ते विपत्तिकारिणः तेषां शकुनं विचार्य व्यवहारो विधेयः । सति सम्भवे अपशकुनशान्तिरपि शास्त्रेषु निर्दिष्टास्ति, तदनुष्ठेया । महाभारतरामायणपुराणादिषु एतत्सम्बद्धा शतशः आख्यायिका प्रस्तुता प्राप्यते । 'अद्भुतानिह यावन्ति भूमौ वियति वा जले । त्वयि विश्वात्मके तानि किं मे दृष्टं विपश्यत ॥' (श्रीमद्भा., १०/४१/४) (वेदव्यास, २०७५, पृ. ४७९) इति । ज्योतिषशास्त्रे एतादृशं शुभाशुभशकुनद्योतकं शकुनशास्त्रं बहुमहत्त्वाधायकं दरीदृश्यते । शास्त्रेऽस्मिन् शकुनप्रदर्शनपूर्वकं तन्निवारणपायोऽपि निरूपितोऽस्ति । अतः शास्त्रमिदमनुसन्धेयं विचारणीयं च विद्यते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहारः

ऐतिहासिक भाषाविज्ञान कालमा भएका भाषाहरूको अध्ययनबाट यस क्षेत्रमा अभूतपूर्व उपलब्धि हासिल भएको छ । सर्वप्रथम भाषाको वर्णनात्मक अध्ययनका निम्ति यस अवधिको अध्ययनले डोरेटो निर्माण गरेको छ भने प्राचीन तथा मध्ययुगीन भाषिक अध्ययन परम्परालाई छोडेर आधुनिक प्रवृत्तिको थालनी गरेको छ । भाषाहरूको इतिहास खोतल्नुका साथै कुनै प्रागैतिहासिक भाषाको खोजी र पुनर्निर्माण तथा त्यो एउटै प्रागैतिहासिक भाषाबाट आधुनिक भाषाहरूको विकास भएको भन्ने अवधारणाको विकास पनि ऐतिहासिक भाषाविज्ञानले गरेको छ । ऐतिहासिक भाषाविज्ञानको विकासमा तुलनात्मक भाषाविज्ञानको भूमिका महत्त्वपूर्ण छ । भाषाहरूको आपसी तुलनाद्वारा नै समान प्रकृतिका भाषाहरू जो आन्तरिक रचनामा पर्याप्त समानताहरू रहेका हुन्छन् त्यस्ता भाषाहरू एउटै भाषाबाट विकास भएका हुन भन्ने अवधारणा ऐतिहासिक भाषाविज्ञानले राख्दछ । यसरी आपसी तुलनाद्वारा पुननिर्माण गरिएको भाषाबाट आधुनिक भाषाहरूको विकास हुने क्रममा देखापरेका ध्वनितात्त्विक परिवर्तनलाई अध्ययन गरी सूत्रवद्ध गर्ने कार्य पनि ऐतिहासिक भाषाविज्ञानले गरेको छ । संसारभरका भाषाहरूलाई विभिन्न परिवारमा वर्गीकरण गर्ने कार्य पनि ऐतिहासिक भाषाविज्ञानले गरेको छ साथै एउटै भाषाको पनि ऐतिहासिक विकासक्रम देखाउने क्रममा इतिहासका खास चरणमा के-कसरी ध्वनि, रूपरचना र व्याकरणमा परिवर्तन भएका छन् भन्ने खोजी पनि ऐतिहासिक भाषाविज्ञानले गरेको छ । संस्कृत, प्राकृत, अपभ्रंस तथा त्यसबाट विकास भएका आधुनिक आर्यभाषाको विकास होस् या अवेस्ता, प्राचीन फारसी, पहलवीबाट विकास भएको आधुनिक फारसी भाषा होस् सबैको विकासका क्रममा देखापरेका परिवर्तनलाई ऐतिहासिक भाषाविज्ञानले अध्ययनको विषय बनाएको छ । यसले एसिया र युरोपका धेरै भाषाहरूको अध्ययन गरेको छ । यसरी भाषाहरूको ऐतिहासिक अध्ययन गर्ने क्रममा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ध्वनिपरिवर्तनसम्बन्धी नियमहरूको पनि विकास भएको छ जुन ऐतिहासिक भाषाविज्ञानकै महत्त्वपूर्ण उपलब्धि हो । यसका अतिरिक्त भाषासँग सम्बन्धित विभिन्न जातिका इतिहासका बारेमा पनि ऐतिहासिक भाषाविज्ञानले महत्त्वपूर्ण सूचना प्रदान गरेको छ ।

ध्वनिपरिवर्तनसम्बन्धी नियमहरू

भाषाहरूको तुलनापश्चात् जब भारोपेली भाषाको पुनर्निर्माण भयो तब त्यसको ध्वनिव्यवस्था पनि निर्धारण भयो । मूल भारोपेली भाषामा अति ह्रष्व, ह्रष्व, दीर्घ गरी मूल स्वर तीन प्रकारका थिए भने संयुक्त स्वरको संख्या अधिक थियो । अन्तस्था व्यञ्जनका अतिरिक्त कण्ठमूलीय, दन्त्य, ओष्ठ्य र उष्म व्यञ्जनहरू पनि थिए । भारोपेली भाषाको भ ध्वनि संस्कृतमा भ नै रहेको देखियो भने ग्रिक/ल्याटिनमा फ भएको देखियो अनि जर्मनवर्गीय(अङ्ग्रेजी) भाषामा चाहिँ ब भएको देखियो । जस्तै :- संस्कृत-नभस, ग्रिक-nephos, संस्कृत-भ्रातर, ग्रिक-phrater, संस्कृत-भजति, ग्रिक-phagein, संस्कृत-घर्षति, ग्रिक-tharsos, संस्कृत-मधु, ग्रिक-methu आदि । यसबाट के देखियो भने मूल भारोपेली भाषाका घोष महाप्राणी ध्वनिहरू संस्कृतमा सुरक्षित रह्यो भने ग्रिकमा अघोष महाप्राणमा परिवर्तन भयो ।

भाषाका ध्वनिहरू परिवर्तन हुँदा व्यञ्जन मात्रै होइन स्वर पनि परिवर्तन भएका छन् । आर्यइरानेली शाखाको 'अ' ध्वनि जर्मनेली तथा अन्य केन्तुम वर्गका भाषाहरूमा ए (e) मा परिवर्तन भएको छ । संस्कृतको भरामि ग्रिकमा phero ल्याटिनमा fero आर्मेनियनमा berim गोथिकमा baira प्राचीन स्लाबेलीमा bera भएको छ । संस्कृतको अहम अवेस्तामा azem ग्रिकमा ego ल्याटिनमा ego आर्मेनियनमा es गोथिकमा ik बनेको छ ।

ध्वनिपरिवर्तनसम्बन्धी नियमहरूको खोजी गर्ने खोजकर्ताहरू ग्रिम, ग्रास्मन, भर्नर, बार्थोलोमे आदि हुन् । ग्रिम, ग्रास्मन र भर्नरका नियमहरू जर्मनवर्गीय भाषाहरूसँग सम्बन्धित छन् भने बार्थोलोमेको नियम आर्यइरानेली भाषासँग सम्बन्धित छ । तिनै नियमहरूका सादृश्यमा अन्य थुप्रै नियमहरूको पनि खोजी भएका छन् त्यसैले ग्रिम, ग्रास्मन र भर्नरका नियमहरूलाई निकै महत्त्वका साथ हेर्ने गरिन्छ ।

ग्रिम नियमः जर्मनेली भाषाशास्त्री याकोव ग्रिम(१७८५-१८६३) ले खोजी गरेका ध्वनिपरिवर्तनसम्बन्धी नियमहरूलाई ग्रिम नियम भनिन्छ । ग्रिमभन्दा पूर्व एडोल्फ भान स्लेगल (१७६७-१८४५) फेडरिख भान स्लेगल (१७७२-१८२९) तथा डेनमार्कका भाषाशास्त्री राज्मस रास्क (१७८७-१८३२) ले ध्वनिपरिवर्तनसम्बन्धी नियमहरूका बारेमा सङ्केत गरिसकेका थिए । रास्कले एक भाषाका ध्वनिहरू परिवर्तन भएर अर्का भाषामा जान्छन् साथै भाषाहरूमा पारस्परिक समानता हुन्छ भनेर ग्रिमभन्दा पहिले नै भनिसकेका थिए । रास्कले अन्य भाषामा रहेको 'प' ध्वनि जर्मन वर्गीय भाषामा 'फ' मा परिवर्तन भएको देखाएका थिए,जस्तैः-

जर्मनेली (अंग्रेजी)	**ल्याटिन**
father	pater
foot	pes

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

five	pente
fevr	pauci (ब्लुमफिल्ड,२०२५:१३)

ग्रिमले रास्ककै विचारलाई आधार बनाएर आफ्नो अध्ययनलाई अघि बढाए र सन् १८१९ मा जर्मन भाषाको व्याकरण प्रकाशनमा ल्याए । यो केवल जर्मन भाषाको मात्रै व्याकरण नभएर गोथिक स्क्याान्डेनियन, अंग्रेजी, फिजी, डच र जर्मन भाषाको तुलनात्मक व्याकरण थियो । सन् १८२२ मा उनको सो कितावको दोस्रो संस्करण निस्कियो । त्यसमा उनले जर्मनवर्गका अतिरिक्त आर्येली वर्गका शब्दहरूको पनि तुलनात्मक अध्ययन गरे । दोस्रो खण्ड १८२६ तथा १८३१ मा तेस्रो खण्ड निस्कियो । सन् १८३७ मा चौथो खण्ड निस्कियो भने पााचौं खण्ड जसमा वाक्य रचनाका बारेमा चर्चा गरिएको थियो त्यो अप्रकाशित नै रह्यो (ब्लुमफिल्ड,२०२५:१४) । ग्रिमले जर्मन भाषाको व्याकरणको दोस्रो संस्करण (१८२२) मा ध्वनिपरिवर्तनसम्बन्धी नियम प्रस्तुत गरेका छन् । उनका अनुसार जर्मन भाषामा दुई पटक ध्वनि परिवर्तन भएको छ । पहिलो पटक प्रागैतिहासिक कालमा मूल भारोपेलीबाट जर्मन वर्गीय भाषा छुटिँदा ध्वनि परिवर्तन भएको छ भने दोस्रो पटक इसाको सातौं शताब्दीतिर उच्च जर्मन र निम्न जर्मन छुटिँदा परिवर्तन भएको छ । जर्मनेली शाखाबाट उच्च जर्मन र निम्न जर्मन छुटिँदा उच्च जर्मनमा ध्वनि परिवर्तन भयो भने निम्न जर्मनमा परिवर्तन भएन । उच्च जर्मन जर्मनीको दक्षिणी भूभागमा बोलिन्छ भने निम्न जर्मनबाट अंग्रेजी भाषाको विकास भएको छ । ग्रिमका अनुसार मूल भारोपेली भाषाका ध्वनिहरू संस्कृतमा सुरक्षित रहेको छ । प्रागैतिहासिक कालमा मूल भारोपेली भाषाका अघोष अल्पप्राण (क त प) ध्वनिहरू अघोष महाप्राण (ख (ह) थ फ) मा परिवर्तन भएका छन् भने घोष अल्पप्राण (ग द ब) ध्वनिहरू अघोष अल्पप्राण (क त प) मा परिवर्तन भएका छन् साथै अघोष अल्पप्राण कतै घोष महाप्राणमा पनि परिवर्तन भएका छन् अनि घोण महाप्राणी ध्वनिहरू घोष अल्पप्राणमा परिवर्तन भएका छन् , जस्तै :-

संस्कृत	**गोथिक**	**जर्मनी**	**अंग्रेजी**	**ल्याटिन**
पशु	faihu	vieh	fee	pecus
नपात्	—	neffe	nephew	nepos
तृणम	thaurnus	dorn	thorn	—
वर्तते	wairthan	warden	_	verto
त्रय	threis	drei	three	tres
शुनः	hunds	hund	hound	–
युगम	juk	joch	yoke	ग्री.zugon
भरामि	–	bairan	bear	pherein

(गुणे, २०५३:३०-३१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रिमका अनुसार पहिलो ध्वनिपरिवर्तनका नमुना रोमन इतिहासकारहरूका केही सन्दर्भहरूमा फेला पर्दछ । उनले दोस्रो ध्वनिपरिवर्तन उच्च जर्मन र निम्न जर्मन छुटिएपछि सातौं शताब्दीतिर भएको बताएका छन् । पुरानो जर्मनीको अघोष अल्पप्राण (प त क) ध्वनि उच्च जर्मनमा अघोष महाप्राणमा (फ थ ख) परिवर्तन भएको छ भने निम्न जर्मनमा अघोष अल्पप्राण (प त क) नै रहेको छ । पुरानो जर्मनीको अघोष महाप्राण (फ थ ख) ध्वनि उच्च जर्मनमा घोष अल्पप्राण (ब द ग) मा परिवर्तन भएको छ ,जस्तै :-

गोथिक	**अंग्रेजी**	**जर्मन**
thaurnus	thorn	dorn
threis	three	drei
dags	day	tag
helpan	help	helfen
plegen	play	pflegen

ग्रिमद्वारा प्रतिपादित उक्त नियममा अपवादहरू धेरै थिए । पछि अर्का जर्मनेली विद्वान ग्रास्मनले अपवादहरूको अध्ययन गरी ग्रिम नियमलाई अझ बलियो बनाउन मद्दत गरे ।

ग्रास्मन नियम : जर्मनका अर्का भाषाशास्त्री हर्मन ग्रास्मन (१८६६-१९३४) ले ग्रिसेली तथा भारतेली भाषाहरूको अध्ययन गरेका छन् । ग्रिमले ध्वनिपरिवर्तनका नियमहरूको खोजी गरिसकेपछि त्यसमा थुप्रै अपवादहरू भेटिए । ती अपवादभित्र पनि कुनै न कुनै नियमले काम गरेको हुन्छ भन्ने धारणा ग्रास्मनको थियो । त्यसैले उनले अपवादमध्ये बाटै नियमहरूको खोजी गर्न थाले । उनको नियमलाई महाप्राणी नियम भनिन्छ । उनका अनुसार मूल भारोपेली भाषाका शब्दमा एकै स्थानमा दुई महाप्राणी ध्वनिहरू भएमा संस्कृत तथा ग्रिकमा परिवर्तन हुँदा अल्पप्राणी भएका छन् ,जस्तै :-

मूलभारोपेली	**संस्कृत**	**ग्रिक**
धुधतेर	दुहिता	thugater
धधेति	दधाति	tithei

त्यस्तै अन्य उदाहरणमा 'हु' धातुबाट हुहोति रूप बन्नु पर्ने हो तर जुहोति बनेको छ । भृज धातुबाट भिभर्ति नभएर बिभर्ति भएको छ । 'धोज' धातुबाट धधाति हुनुपर्ने हो तर संस्कृतमा दधाति बनेको छ । घ्रा धातुबाट घिघ्रति बन्नुपर्नेमा जिघ्रति बनेको छ । यसबाट ग्रास्मनले के निष्कर्ष निकाले भने मूल भारोपेली भाषाको घ ध भ ध्वनि घोष अल्पप्राणमा परिवर्तन भएको छ । ग्रिमले घोष अल्पप्राणबाट अघोष अल्पप्राणमा ध्वनिहरू परिवर्तन हुने कुरा देखाए पनि ग्रास्मनले घोष महाप्राणबाट अघोष अल्पप्राणमा परिर्वतन हुने कुरा देखाए । यसले ग्रिम नियममा रहेका अपवादलाई नियमीकरण गरेको छ भने ग्रिम नियमलाई विवादरहित बनाएर उसकै परिपूरकका रूपमा आफूलाई स्थापित पनि गरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्नर नियम : कार्ल भर्नर (१९०३-१९५३) डेनमार्कका भाषाशास्त्री थिए । ऐतिहासिक ध्वनिपरिवर्तनका सम्वन्धमा ग्रिम तथा ग्रास्मनले ध्वनिपरिवर्तनहरूलाई नियमीकरण गरिसक्दा पनि त्यसमा अझै अपवादहरू बाँकी नै थिए र त्यसैलाई पुनः नियमीकरण गर्ने काम कार्ल भर्नरले गरे । ग्रिमले अघोष अल्पप्राण ध्वनि अघोष महाप्राणमा परिवर्तन हुन्छ भनेका थिए तर भर्नरले अघोष अल्पप्राणी ध्वनिहरू घोष अल्पप्राणमा गएको पनि पाए ,जस्तै :-

संस्कृत	गोथिक	अंग्रेजी	जर्मन	ग्रिक	ल्याटिन
पिता	fador	father	–	pater	pater
पितर	fader	fæder	–	–	–
सप्तन्	sibun	–	–	–	–
अंक	halsagga	–	–	–	–
केतु	haidus	–	heit	–	–
भ्राता	brother	brother	–	–	frater

ग्रिमका नियममा रहेका अपवादहरूलाई केलाउँदा भर्नरले के पाए भने अघोष अल्पप्राणभन्दा पहिलेको स्वरमा बलाघात भएमा अघोष महाप्राणमा परिवर्तन हुन्छ अनि पश्चवर्ती स्वरमा स्वराघात भएमा अघोष अल्पप्राणी ध्वनि घोष अल्पप्राणमा परिवर्तन हुन्छ । नेपालीमा बलाघात अर्थभेदक छैनन् तर अंग्रेजी जस्ता जर्मनवर्गीय भाषामा बलाघात अर्थभेदक रहेको छ । भर्नरको सिद्धान्त मूलतः बलाघातमा आधारित रहेकाले उनको सिद्धान्तलाई बलाघात सिद्धान्त पनि भनिन्छ ।

संस्कृत भाषाका ध्वनिपरिवर्तन

संस्कृत भाषामा भएको ध्वनिपरिवर्तनलाई सम्भवतः पहिलो पटक वैयाकरण वररुचिले नियमीकरण गरेका थिए । उनले संस्कृतमा भएका ध्वनिहरू प्राकृत भाषामा आउँदा कसरी परिवर्तन भएका छन् भन्ने देखाएका छन् । संस्कृतको 'समृद्धि' प्राकृतमा 'समिद्धी' भएको छ । संस्कृतको 'शैय्या' शब्द प्राकृतमा 'सेज्जा' र हिन्दीमा 'सेज' बनेको छ । संस्कृतको 'शकट' शब्द प्राकृतमा 'सअढो' वनेको छ । अघोष अल्पप्राण 'ट' घोष महाप्राण 'ढ' मा परिवर्तन भएको छ । संस्कृतको अघोष महाप्राण ध्वनि प्राकृतमा आउँदा घोष महाप्राणमा परिवर्तन भएको छ, जस्तै- शफरी/सभरी, सफल/सभल । संस्कृतको 'गर्त' शब्द प्राकृतमा 'गड्डो' बनेको छ । संस्कृतबाट मागधी, अर्धमागधी, पैशाची, शौरसेनी, महाराष्ट्री जस्ता प्राकृत भाषाको विकास भएको छ । संस्कृतको 'राजा' मागधी प्राकृतमा 'लाजा बनेको छ । संस्कृतको 'एक' शब्द अर्धमागधीमा 'एग' बनेको छ । यस प्रकारका अघोष अल्पप्राण ध्वनि सघोष अल्पप्राणमा गएका अरू उदाहरणहरू पनि फेला पर्छन् । संस्कृतको 'गगन' पैशाची प्राकृतमा 'गकन' बनेको छ भने 'मदन' 'मतन' मा परिवर्तन भएको छ । यहाँ सघोष अल्पप्राण ध्वनि अघोष अल्पप्राणमा परिवर्तन भएको छ । संस्कृतको 'गच्छति' 'हन्त' 'कर्तुम' जस्ता शब्द शौरसेनी प्राकृतमा 'गच्छदि' 'हन्द' 'कादुम' बनेको छ । यहाँ अघोष अल्पप्राण ध्वनि सघोष अल्पप्राणमा परिवर्तन भएको छ । माथिका विवरण हेर्दा संस्कृतबाटै विकास भए पनि सबै प्राकृतमा समान ढङ्गले ध्वनि परिवर्तन भएको देखिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृत भाषाका तुलनामा अपभ्रंस भाषाहरूको सङ्ख्या धेरै रहेको छ । त्यसैले त्यसमा परिवर्तन भएका ध्वनिहरूमा अझै विविधता पाउन सकिन्छ । सामान्यतः भौगोलिक अवस्थाका कारण ध्वनिहरू परिवर्तन हुने गर्दछन् साथै ध्वनि अवयवको बनोटका आधारमा पनि ध्वनिहरू परिवर्तन हुने गर्दछन् । उच्चारणगत सुविधा अनि मितव्ययिताका कारण ध्वनिहरू परिवर्तन हुन्छन् भने अपूर्ण श्रवणका कारणसमेत ध्वनिहरू परिवर्तन हुने गरेको पाइन्छ ।

निष्कर्ष

ऐतिहासिक भाषाविज्ञान अठारौं उन्नाइसौं शताब्दीमा युरोपमा विकास भएको भाषाविज्ञानको एउटा शाखा हो । ऐतिहासिक भाषाविज्ञानले भाषाको इतिहासको अध्ययन गर्दछ भने उन्नाइसौं शताब्दीमा यसले प्रागैतिहासिक भाषाको पुनर्निर्माण पनि गरेको छ । भारोपेली भाषा यस्तै प्रकारको पुनर्निमित भाषा हो । यसका लागि भाषाशास्त्रीहरूले तुलनात्मक पद्धतिको साहारा लिएका छन् । प्राचीन भाषाहरूको तुलनात्मक अध्ययनले ग्रिक, ल्याटिन, संस्कृत, अवेस्ता जस्ता भाषाहरू कुनै एउटै माउ भाषाबाट विकास भएको भन्ने निष्कर्ष निकालेको छ भने आधुनिक भाषाहरूको तुलनाले तिनीहरूको विकास तथा मूल स्वरूपलाई पहिचान गर्न सघाउ पुऱ्याएको छ । मूल भारोपेली भाषाका कतिपय विशेषता संस्कृतमा सुरक्षित रहेको छ । ऐतिहासिक भाषाविज्ञानको अर्को उपलब्धी ध्वनिपरिवर्तनसम्बन्धी नियमहरू हुन् । प्रागैतिहासिक भाषाको पुनर्निर्माण गरिसकेपछि त्यसबाट विकास भएका मानिएका भाषामा के कसरी ध्वनिहरू परिवर्तन भए भनेर देखाइयो र त्यसलाई नियमबद्ध गरियो । ग्रिम, ग्रास्मन तथा भर्नरका कार्यहरू यस्तै प्रकारका नियमहरूसँग सम्बन्धित छन् ।

सन्दर्भ सामग्रीसूची

गिरी, जीवेन्द्र देव(२०६९) ***भाषा र नेपाली भाषा***, काठमाडौं : पाठ्यसामग्री पसल

गुणे पाण्डुरंग, दामोदर (२०५३) ***तुलनात्मक भाषाविज्ञान,*** वाराणसी : मोतीलाल बनारसी दास

घिमिरे,वासुदेव(२०६४) ***ऐतिहासिक भाषाविज्ञान,*** काठमाडौं : अस्मिता प्रकाशन

जोन, लियोन्स ***(२०२९)सैद्धान्तिक भाषाविज्ञान,*** (अनु.सत्यकाम वर्मा),नई दिल्ली : मुंशीराम मनोहरलाल

झा,नरेश(सम्पा.)(२०६५) ***पाणिनीय धातुपाठ***, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन

न्यौपाने,टङ्कप्रसाद (२०५१) ***भाषाविज्ञानको रूपरेखा,*** धरान : नेपाल बुक डिपो

तिवारी , भोलानाथ (२०४४) ***भाषाविज्ञान,*** बिसौं सं. इलाहावाद : किताब महल

ब्लुमफिल्ड(२०५५) ***भाषा*** (अनु.विश्वनाथ प्रसाद) वाराणसी : मोतीलाल बनारसी दास

शर्मा,राजमणि(२०५७) ***आधुनिक भाषाविज्ञान,*** दिल्ली : वाणी प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिंशांशकुण्डलीमा स्त्रीजातकको विश्लेषण

✍ तनुजा दाहाल*

शोधसार

तिस अंशलाई ५ खण्डहरुमा विभाजन गरेर निर्माण गरिने कुण्डलीलाई त्रिंशांश कुण्डली भनिन्छ । यसमामङ्गल, बुध, गुरु, शुक्र र शनि यी पञ्चतारा ग्रहहरुको भूमिका महत्त्वपूर्ण हुन्छ । यिनै ग्रहहरुका विषम र सम राशिका आधारमा यसको लग्न निर्धारण गरिन्छ । नारीको जन्म समयको ग्रहहरुको स्थिति अनुसार सम्पूर्ण जीवनको शुभ र अशुभफलको वर्णन गर्ने शास्त्रलाई स्त्रीजातक भनिन्छ । त्रिंशांश कुण्डलीमा ग्रहहरुको अवस्थाकाआधारमा स्त्रीको स्वभाव, सन्तान तथा पतिको सुख दुःख , वैधव्य तथा सौभाग्य जस्ता विषयको चर्चा यसमा पाइन्छ । कुण्डलीका १२ भाव मध्ये प्रथम, पञ्चम, सप्तम, अष्टम र नवमभावहरुले प्रदान गर्ने फलमा नारी जीवनलाई प्रभाव पार्ने विषयहरु समेटिएको हुँदा यी भावजन्य फलको विशिष्टता यसमा पाइन्छ । चन्द्रमा स्थित राशि तथा १, ५, ७, ८, र ९ भावहरुमा शुभग्रहहरुको त्रिंशांश र शुभग्रहहरुको संयोग भए गुणवतीयोग,साध्वीयोग, सुभगायोग, जस्ता शुभयोगहरु र पापग्रहहरुको संयोग भए वैधव्ययोग,वन्ध्यायोगजस्ता अशुभ योगहरु बन्दछन् ।शुभयोगहरुले सुख र सौभाग्य प्रदान गर्दछन् भने अशुभ योगहरुले कष्टफलहरु प्रदान गर्दछन् ।

शब्दकुञ्जीः *अरिष्ट, मृतप्रजा, पुनर्भूयोग, वन्ध्या, साध्वी, सुभगा ।*

विषय परिचय

धर्म र सदाचारको साथसाथै मानविक, सामाजिक, वैज्ञानिक तथा दार्शनिक विचारधाराको मूलआधार वेदलाई मानिन्छ । **अङ्यन्ते प्रकाश्यन्ते वेदा अनेन इति वेदाङ** अर्थात् वेदलाई प्रकाशित गर्न पृथक् पृथक् रूपमा योगदान दिने तत्त्वहरुलाई वेदा भनिन्छ । वेदका शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष षडङहरु छन्; तीमध्ये ज्योतिषशास्त्र चक्षुरूप मानिन्छ । कृषि, व्यापार,उद्योग, धर्म,यात्रा,यज्ञ, अनुष्ठान,पूजा आदिको शुभाशुभ समयको निर्धारण ज्योतिषशास्त्रले गर्ने हुँदा यसलाई नेत्ररूप मानिएको हो ।

ज्योतिषशास्त्रका सिद्धान्त, संहिता र होरातीन स्कन्धहरु रहेका छन् । तिनै स्कन्धरूपी स्तम्भहरुमा ज्योतिषशास्त्रको विशाल गृह निर्माण भएको मानिन्छ ।मुख्यरूपले होराशास्त्र अन्तर्गत जातक ,ताजिक, प्रश्न, रमल,स्वप्नादि विषयहरुकोअध्ययन गरिन्छ । ग्रहस्थिति, तिथि, नक्षत्रद्वारा मनुष्यको सुखदुःख आदिको निर्णयगर्ने शास्त्रलाई नै होराशास्त्र भनिन्छ । अहोरात्रशब्दको पूर्वापरवर्णलोप भएरहोराशब्द निष्पन्नहुन्छ ।अर्थात् होराशास्त्रलाई जातकशास्त्रको पर्यायवाची मानिन्छ ।

जातकमिति प्रसिद्धं यल्लोके तदिह कीर्त्यते होरा ।

अथवा दैवविमर्शनपर्यायः खल्वयं शब्दः ॥

श्लो.४,अ २, सारावली

---

* *उपप्राध्यापक वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातमिति जातकम् अर्थात् जन्मिएको सम्पूर्णप्राणीहरुकोजन्मसमयका आधारमा शुभाशुभको अध्ययन गर्ने शास्त्रलाई जातकशास्त्र भनिन्छ। पूर्वजन्मार्जित कर्मानुरूप प्राणीहरुको शुभ र अशुभ समय दर्पणरूपि कुण्डलीमा अभिव्यक्त भएको हुन्छ र यसकै आधारमा मानिसको भूत, भविष्य र वर्तमान समयको सुख, दु:ख, लाभ र हानि जस्ता कुराहरु निर्धारित भएका हुन्छन् भन्ने मान्यता ज्योतिष शास्त्रको रहेको देखिन्छ। शुभाशुभयोगहरुको अध्ययन र विश्लेषण गर्नका निम्ति दैवज्ञहरुले,लग्न, होरा, नवांश,द्रेष्काण, द्वादशांश, त्रिंशांश, षोडशांश, षष्ट्यंश लगायतका बिभिन्न कुण्डलीहरुको निर्माण गरेका छन् । कुण्डलीहरुको निर्माण गर्नका निम्ति निम्न तत्त्वहरुको आवश्यकता पर्दछ :

१. जन्मसमय २. जन्मस्थान ३. जन्मदिन ४. जन्मसंवत् ५. जन्मिएको वर्षको पञ्चाङ यी पाँच तत्त्वका आधारमा इष्टकाल र भयात भभोग साधन गरेर लग्न निर्धारण गरिन्छ । सो लग्नको राशिलाई प्रथम भावमा राखेर लग्नकुण्डली निर्माण गरिन्छ ।होरा कुण्डलीबाहेक अरु कुण्डलीहरुमा १२ वटा भवनहरु रहेका हुन्छन् । ती भवनलाई भाव भन्ने गरिन्छ । ती कुण्डलीका १२ भावहरुमा राशि र ग्रहहरुलाई स्थापना गर्दा योगहरु बन्ने गर्दछन् ।तिनै निर्मित योगहरुका आधारमा मानिसको शुभाशुभ समयको निर्धारण गरिन्छ । त्यसैले यस शास्त्रमा ग्रह, नक्षत्र, राशि र कुण्डलीहरुको भूमिका महत्त्वपूर्ण मानिन्छ । तिनीहरुको सामान्य परिचय यस प्रकार रहेको छ :

क. **ग्रहः** ज्योतिषशास्त्रमा सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र , शनि, राहु र केतु नव ग्रहहरु प्रसिद्ध छन् । यसमा पनि राहु र केतुको चर्चा भने न्यूनरूपमा गरेको पाइन्छ । ती मध्ये चन्द्रमा र शुक्रलाई स्त्रीकारक मानिएको छ, बुध र शनिलाई नपुंसककारक तथा गुरु, सूर्य र मङ्गललाई पुरुषकारकग्रह मानिएको छ ।ती ग्रहहरुले मानिसको जन्म समयलाई आधार मानेर निर्माण गरिएको कुण्डलीमा बसेर राशि, स्थिति, दृष्टि, उच्च, नीच उदय, अस्त, मैत्री, अवस्था, ग्रहयुती आदिको संयोगबाट विभिन्न किसिमका योगहरु निर्माण गर्ने गर्दछन् । ती योगहरु कुनै शुभ हुन्छन् भने कुनै अशुभ हुन्छन । शुभयोगहरुले सुख प्रदान गर्दछन् भने अशुभयोगहरुले कष्टफल प्रदान गर्दछन् । त्यसको फलस्वरुप मानिसहरुले विभिन्न किसिमका सुखदु:ख आदि समस्याहरु भोग्नु पर्दछ ।

ख. **नक्षत्रः न क्षरतीति नक्षत्राणि** अर्थात् कहिले पनि स्थान परिवर्तन नहुने अर्थात् संचार नहुने पिण्डहरुलाई नक्षत्र भनिन्छ । अश्विनी, भरणी, कृत्तिका,रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा ,श्रवण, धनिष्ठा, शतभिषा , पूर्वाभाद्रपदा, उत्तरभाद्रपदा र रेवती २७ वटा नक्षत्रहरु ज्योतिषशास्त्रमा प्रसिद्ध छन् । प्रत्येक नक्षत्रमा ४ चरण वा अक्षर हुन्छन् । ती नक्षत्रहरुका ९ चरणबाट १ राशि बन्दछ । अर्थात् राशि निर्माणको आधार नै नक्षत्रलाई मानिन्छ ।

ग. **राशिः** ज्योतिषशास्त्रमा मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, बृश्चिक, धनु, मकर, कुम्भ र मीन गरेका १२ राशिहरु प्रसिद्ध छन् । आकासमा नक्षत्रहरुको अवलोकन गर्दा देखिएका भेडा, गोरु, सिंह जस्ता विम्वात्मक चित्राकृतिहरुको स्वरुपलाई राशिको नाम दिइएको पाइन्छ ।यी राशिहरुलाई ग्रहहरुको घर पनि भनिन्छ । ग्रहहरुले यिनै घरहरुमा बसेर विभिन्न योगहरु निर्माण गर्ने गर्दछन् ।

घ. **कुण्डलीः** आकासमा ग्रह, नक्षत्रहरु कहाँ ,कसरी र कस्तो अवस्थामा छन्, तिनीहरुको प्रभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरुपण गर्नका लागि जन्मसमयलाई आधार मानेर इष्टकालको शोधन गरी सो समयमा पूर्वदिशामा कुन राशिको उदय भएको थियो सोही राशिलाई प्रथम लग्न मानेर बनाइने १२ कोठाको चित्रात्मक आकृतिलाई कुण्डली भनिन्छ । प्रथम लग्नका आधारमा लग्न, राशि, नवांश, द्रेष्काण, द्वादशांश, त्रिंशांश आदि विभिन्न प्रकारका कुण्डलीहरु निर्माण गर्न सकिन्छ । ती कुण्डलीहरुमा राशि र ग्रहहरुको अवस्थालाई अध्ययन गरी मानिसको भूत, भविष्य र वर्तमानको फलादेश गरिन्छ । ती कुण्डलीहरुका १२ कोठालाई कमैले तनु, धन ,सहज ,बन्धु, पुत्र, शत्रु, पति, मृत्यु, भाग्य, कर्म, आय र व्यय गरी नामकरण गरिएको पाइन्छ । ती कोठाहरुलाई भाव पनि भनिन्छ । सामान्यतया जातकशास्त्रहरुमा कुण्डलीको प्रथम भावबाट शरीरको, द्वितीय भावबाट धनको, तृतीय भावबाट दाजुभाइको, चतुर्थ भावबाट आमाको, पञ्चम भावबाट सन्तानको, छैटौं भावबाट रोगको, सप्तम भावबाट पत्नीको, अष्टम भावबाट मृत्युको, नवम भावबाट भाग्यको, दशम भावबाट कर्मको, एकादश भावबाट आयको र द्वादश भावबाट व्ययको विचार गरिन्छ ।

स्त्रीका विशेष स्वभावहरु र शुभाशुभको अध्ययनका निम्ति त्रिंशांशकुण्डलीको आधारमा गरिने शुभाशुभको फलादेश महत्त्वपूर्ण मानिन्छ । त्यसैले द्वादशभावमा ग्रहहरुको अवस्था तथा राशिहरुमा चन्द्रमाको अवस्थितिका आधारमा स्त्रीको त्रिंशांश कुण्डलीमा राशिं र ग्रहहरुको संयोजनबाट बनेका शुभाशुभ योगहरु , तिनिहरुले प्रदान गर्ने सुख र दुःख जन्य फलहरुको विश्लेषण तथा स्त्री जातिलाई पार्ने प्रभावको सूक्ष्म अध्ययन स्त्रीजातकमा गरिन्छ ।चन्द्रमा र लग्न मध्ये जुन बलवान छ सो ग्रहको त्रिंशांशको आधारमा नारीको शरीर,स्वभाव ,गुण र दोषको निर्धारण गर्नु पर्दछ भन्ने मान्यता त्रिंशांशकुण्डलीमा अन्तर्निहित भएको देखिन्छ ।

त्रिंशांश कुण्डली

त्रिंशद्भागात्मकं लग्नम् अर्थात् लग्नको तीशौं भागलाई त्रिंशांश भनिन्छ । त्रिंशांशकुण्डलीमा सूर्य र चन्द्र ग्रहबाहेक अरु पाँचग्रह जसका २ राशिहरु घर भएका ग्रहहरुपर्दछन् । त्यसैले मङ्गल, बुध, गुरु, शुक्र र शनि यी ग्रहहरुको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । ३०अंशलाई ५ खण्डमा विभाजन गरेर ती ५ ग्रहहरुका विषमराशि र समराशिका आधारमा यसको लग्न निर्धारण गरिएको हुन्छ । त्रिंशांशकुण्डलीको निर्माण विधि यस प्रकार रहेको छ :

त्रिंशांशेशाश्च विषमे कुजार्कीज्यज्ञभार्गवाः ।
पञ्चपञ्चाष्टसप्ताक्षभागानां व्यत्ययात् समे ॥ श्लो.२७, अ ७, बृहत्पाराशरहोराशास्त्रम्

कुजरविजगुरुज्ञ शुक्रभागा पवन समीरण कौर्पिजूकलेयाः ।
अयुजि युजि तु भे विपर्ययस्थाः, शशिभवनालिझषान्तमृक्षसन्धिः ।

श्लो.७, अ १, बृहज्जातकम्

शरपञ्चाष्टमुनीन्द्रियभागास्त्रिंशांशकास्तु ।
युग्मेषूत्क्रमगण्याः कुजार्किजीवज्ञशुक्राणाम् ॥ श्लो.१५, अ ३, सारावली

त्रिंशांशकुण्डलीमा ३०अंशलाई,५ खण्डमा विभाजन गरेर विषम र सम राशिमा अंशहरु बाँडिन्छन् । विषम राशि भए ५,५,८,७,५ अंशखण्डहरु अर्थात् पहिलो ५ अंशभित्र मंगलको ५देखि १० सम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शनिको,१० देखि १८सम्म गुरुको,१८ देखि२५ सम्म बुधको र २५ देखि३० सम्म शुक्रको अंश खण्डहरु पर्दछन् । यी ग्रहहरुका विषम विषम राशिहरु अर्थात् मंगलको मेष, शनिको कुम्भराशि,गुरुको धनुराशि, बुधको मिथुन, शुक्रको तुलाराशि विषमसंज्ञकराशि भएकाले कुण्डली निर्माण गर्दा सोहि राशिलाई उल्लेख गर्नु पर्दछ । समराशि भएमाविपरीत ५,७,८,५,५क्रमले अर्थात् अर्थात् पहिलो ५ अंशभित्र शुक्रको ५देखि १२ सम्म बुधको, १२ देखि २० सम्म गुरुको, २०देखि२५ सम्म शनिको र २५ देखि३० सम्म मंगलको अंश खण्डहरु पर्दछन् । ग्रहहरुकासमराशिभन्नाले मंगलको ८(बृश्चिक), शनिको १०(मकर), गुरुको १२(मीन), बुधको ६(कन्या),र शुक्रको२(वृष) राशि बुझ्नु पर्दछ । यहाँ तालिकाबाट स्पष्ट पार्ने प्रयास गरिएको छ :

विषम तालिका

ग्रह	मंगल	शनि	गुरु	बुध	शुक्र
अंश	५	५	८	७	५
अंशयोग	५	१०	१८	२५	३०

सम तालिका

ग्रह	शुक्र	बुध	गुरु	शनि	मंगल
अंश	५	७	८	५	५
अंशयोग	५	१२	२०	२५	३०

यसरी निर्माण भएको त्रिंशांश कुण्डलीमा भावस्थ राशि र ग्रहका आधारमा मानिसको शुभाशुभको फलादेश गर्न आचार्यहरुले विभिन्न धारणाहरु प्रस्तुत गरेका छन् । त्रिंशांशको स्वामीग्रह पापग्रह भएमा, अस्त भएमा, नीचराशिमा स्थित भएमा दाजुभाइसँग वैरभाव हुन्छ । ६र८स्थानलाई त्रिकस्थान भनिन्छ सो त्रिकस्थानमात्रिंशांशको स्वामीग्रह भए राजभय हुन्छ। सोस्वामी ग्रहको पापग्रहसँग संयोग भएमा ढुँगा वा रुखबाट लडेर मृत्युहुन्छ भने शुभ ग्रहसँग संयोग भएमा सुख हुन्छ, बलहीन चन्द्रमासँग युति भएमा बन्धुमा झगडा ,शरीरमा रोग,कान र ढाडमा रोग जस्ता अशुभ फलको प्राप्ति हुन्छ भनिएको छ ।

त्रिंशांशपोऽसौम्यखगोऽस्तनीचो यदा तदा बन्धुभिराशु वैरम् ।
त्रिकस्थितश्चेन्नृपभीतिभाक् स्यात् सदन्वितः सन्यदि सौख्यशाली ॥
त्र्यंशपोऽरिमृतिगोऽशुभयुक्चेन्मृत्युमेति सदृषत्तरुपातैः ।
बन्धुवैरमसदिन्दुयुतश्चेन्द्रोमशः श्रवणपृष्ठगदी ना ॥ श्लो.१३, अ १, सुगमज्योतिष

स्त्रीजातक

पुत्री, देवी, दुर्गा, लक्ष्मी,माता अनेक नामहरुले स्त्रीजातिलाई पुकारिन्छ । हिन्दुधर्ममा स्त्रीलाई माता वा जननीका नामले सम्मान गर्ने गरेको देखिन्छ । प्राचीनकालमा नारीहरु स्वतन्त्र एवं साहसका प्रतीक मानिन्थे भन्ने कुरादुर्गासप्तशती, स्वस्थानीव्रतकथा, सन्तोषी माताको पूजाविधि जस्ता धार्मिक पुस्तकहरुको अध्ययनबाट जानकारी लिन सकिन्छ । नारीको जीवनसँग सम्बन्धित शुभाशुभको विषयमा अध्ययन गर्ने शास्त्रलाई स्त्रीजातक भनिन्छ । होरा र जातकशास्त्रहरुमा अन्तर वस्तुको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीजातकका विषयमा प्रशस्त चर्चा परिचर्चा गरिएको पाइन्छ ।

स्त्रीको जन्म समयलाई आधारमानेर निर्माण गरिएका लग्न कुण्डली ,नवमांशकुण्डली, त्रिंशांशकुण्डलीहरुको आधारमा तथा तिथि नक्षत्रहरुकाआधारमा पनि स्त्रीका सौभाग्य, दुर्भाग्यसँग सम्बन्धित अनेक शुभाशुभयोगहरु जस्तै गुणवतीयोग, सम्मानितयोग, वैधव्ययोग, वन्ध्यायोग, कुलोहितायोग, पतित्यक्तायोग, धूर्तायोग, साध्वीयोग, सुभगायोग, पुत्रिणीयोग, धनान्वितायोग, गर्वितायोग, सुखहीनायोग, रोगायोग, दुर्भगायोग ,दीर्घायुयोग, श्रेष्ठायोग, भोगिनीयोग, खलायोग, मृतप्रजायोग, बहुभाषिणीयोग, पुनर्भुयोग, विषकन्यायोग, अल्पायुयोग, पुरुषाकृति योग आदिको वर्णन पाइन्छ ।स्त्री र पुरुषको दशा जन्यफलहरु भाग्यकारक एवं दुःखदायक योगहरु समान हुन्छन् ।पुरुषको शुभाशुभ फलको असर उसकी पत्नीलाई पर्ने, राजयोगआदिको उपभोग पुरुषस्वयंले गर्ने तर स्त्रीका राजयोग जस्ता विशिष्ट योगहरु भएमा त्यो फलस्त्रीले उपयोग गर्न नसक्नेतर फलको प्रभाव उसको विवाह पश्चात्पतिमा विवाह पूर्व पितामापर्ने तथा सो राजयोग आदिको अप्रत्यक्ष उपभोग मात्र स्त्रीले गर्ने कुराको उल्लेख जातकसारदीप जस्ता जातकशास्त्रीय पुस्तकहरुमा उल्लेख गरेको देखिन्छ ।

धवेषु परिवक्तव्यं नारीणामक्षमं फलम् ।

यत्तदेव विशेषेण क्षमं तास्वपि धीमता ॥ श्लो १,अ ७ भावप्रकाश

यद्यत्फलं नरभवेऽक्षममङ्गनानाम् ।

तत्तद् वदेत् पतिषु वा सकलं विधेयम् ॥

तासां तु भतृमरणं निधने वपुस्तु ।

लग्नेन्दुगं सुभगतास्तमये पतिश्च ॥ श्लो १,अ २२, बृहज्जातकम्

स्त्रीको कुण्डली र पुरुषको कुण्डलीमा अध्ययन र विश्लेषण गर्नेविषयहरु उस्तै भए तापनि स्त्रीको शरीरको अध्ययन गर्न लग्न र चन्द्रमा, सौभाग्यको अध्ययन गर्न सप्तम स्थान, सन्तानको विचार गर्न पञ्चम र नवम स्थान र वैधव्यको विचार गर्न अष्टमस्थानलाई महत्त्वदिएको देखिन्छ । त्यसैले स्त्रीको शुभाशुभफलहरुको सूक्ष्म अध्ययन गर्न चन्द्रफल तथा कुण्डलीका १२ भाव मध्ये प्रथमभाव, पञ्चमभाव, सप्तमभाव, अष्टमभाव र नवमभावहरुको भूमिका महत्त्वपूर्ण मानिएको छ । त्यस्तैगरी स्त्रीको त्रिंशांशफल,स्त्रीको नवांशफल जस्ता फलहरुको जातकशास्त्रहरुमा पृथक् वर्णन पाइनु, स्त्रीको शुभाशुभको फलादेश गर्नका निम्ति विशेष स्थान निर्दिष्ट हुनु जस्ता कुरालेफलादेशमा स्त्रीजातकको विशिष्टता देखिन्छ ।

वैधव्यं निधने चिन्त्यं शरीरं जन्मलग्नभाक् । सप्तमे पतिसौभाग्यं पञ्चमे प्रसवस्तथा ॥

श्लो १,अ १०,पे ३५६ सुगमज्योतिष

स्त्रीणां पुम्भिः समं ज्ञेयं फलमुक्तं विपश्चिता ॥ विशेषस्तत्र यो दृष्टः संक्षेपात् कथयामि तत् ।

लग्ने देहपलं तस्याः पञ्चमे प्रसवस्तथा ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तमे पतिसौभाग्यं वैधव्यं निधने द्विज! । स्त्रीणामसम्भवं यद्यत् तत्फलं तत्पतौ वदेत् ॥

श्लो.३,४ अ ८२, बृहत्पाराशरहोराशास्त्रम्

वैधव्यं निधनगृहे पतिसौभाग्यं सुखं च यामित्रे

सौन्दर्यं लग्नगृहे विचिन्तयेत् पुत्रसंपदं नवमे श्लो.२, अ १०, होरारत्नम्

लग्नेन्द्वोर्यो बलवांस्त्रिंशांशे धिष्ठितो धिपैः फलं क्रमशः । चन्द्रमा भएको राशिका आधारमा मेषादि राशिका व्यक्तिको परिचय बुझिन्छ । यहाँ तिनै राशिहरुमा उत्पन्न भएका स्त्रीहरुमा त्रिंशांशराशिका ५वटा स्वामी ग्रहहरुको प्रभावको विश्लेषण गरिने छ ।

सूर्यको राशिमा त्रिंशांशफल अथवा सिंह राशिकी स्त्रीको त्रिंशांशफल

लग्न वा चन्द्रमा सिंहराशिमा छन् त्यहाँ मंगलको त्रिंशांश अर्थात् मेष र बृश्चिक राशिको त्रिंशांश भएमा कन्या पुरुष स्वभाववाली आक्रामक वा अभिमानी हुन्छिन्, शनिको त्रिंशांश अर्थात् मकर र कुम्भ राशिको त्रिंशांश भएमा कुलटाहुन्छिन्, गुरुको त्रिंशांश अर्थात् धनु र मीन राशि भए राजरानी, गुणवती नारी हुन्छिन्, बुधको त्रिंशांश अर्थात् मिथुन र कन्या राशिको भए कन्या भएपनि पुरुष स्वभाववाली हुन्छिन्, शुक्रको त्रिंशांश अर्थात् वृष र तुला राशिको भए व्यभिचारी एवं कुलटा हुन्छिन् भनिएको छ ।

भानुक्षेत्रगते तनौ शशिनि वा भूनन्दनस्यांशके । नारीपुम्प्रकृतिस्थिता च कुलटा मन्दांशके दुःखिता ॥

जीवांशे नृपवल्लभा गुणवती सौम्यस्य पुंश्चेश्टिता । दुष्टा चासुरवन्दितस्य कुपतिस्नेहान्विता रोगिणी ॥

श्लो.१६, अ १६,जातकपारिजात

चन्द्रमाको राशिमा त्रिंशांशफल अथवा कर्कट राशिकी स्त्रीको त्रिंशांशफल

लग्न वा चन्द्रमा कर्कटराशिमा छन् त्यहाँ मंगलको त्रिंशांश भएमा कन्या स्वच्छन्दा, व्यभिचारी वा वेश्या हुन्छिन्, शनिको त्रिंशांश भए पतिकी हत्यारा वा पुनर्विवाह गर्ने हुन्छिन्, गुरुको त्रिंशांश भए सद्गुणी, पतिव्रता, बुधको त्रिंशांश भएमा कला र शिल्पकी ज्ञाता, शुक्रको त्रिंशांश अर्थात् भएमा असाध्वी एवं अपतिव्रताहुन्छिन् भनेर उल्लेख गरेको पाइन्छ ।

लग्ने चन्द्रगृहं गते बलवति क्षोणीसुतस्यांशके, जाता जारविनोदशीलरसिका पापेक्षिते शीतगौ ॥

विश्वस्ता रविजस्य निर्जरगुरारल्पायुरल्पात्मजा बौधे शिल्पकलावती भृगुसुते त्रिंशांशके कामुकी

श्लो.१५, अ १६,जातकपारिजात

मङ्गलग्रहको राशिमा त्रिंशांशफल

मेष वा बृश्चिक राशिलाई मङ्गलको राशि भनिन्छ । मेष वा बृश्चिक राशिमा लग्न वा चन्द्रमा छन् अर्थात् मेष वा बृश्चिक राशिकी स्त्रीको कुण्डलीमा मङ्गलको नै त्रिंशांशभएमा कन्या दुष्ट स्वभावले युक्त,मृत सन्तानको जन्म दिने माता,कुमारी अवस्थामा नै सन्तानको जन्म दिने आमा वा दोषयुक्ता कन्या हुन्छिन् भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भौमर्क्षे भौमांशेकन्या मृतसुतगुणैर्हीना । श्लो.७, अ १०, होरारत्नम्

कन्यैवारगृहे दुष्टा भौमत्रिंशांशके भवेत् श्लो.९ अ ८२, बृहत्पाराशरहोराशास्त्रम्

मेष वा बृश्चिक राशिको लग्न वा चन्द्र छ त्यहाँ शनिको त्रिंशांश भएमा दासी ,

प्रेष्या भानुसुतांशके गुणवती साध्वी च जीवांशके ।

सौम्यांशे मलिना सितांशजवधूर्जारव्रताचारिणी ॥ श्लो १२ अ १६, जातकपारिजात

गुरुको त्रिंशांश भएमा साध्वी वा पतिव्रता, बुधको त्रिंशांशभएमा मायाविनी अर्थात् कपटाचरण वाली हुन्छिन्, शुक्रको त्रिंशांशभएमा कुचरित्रवाली हुन्छिन् ।

कन्यैव दुष्टा व्रजतीह दास्यं साध्वी समाया कुचरित्रयुक्ता ।

भूम्यात्मजर्क्षे क्रमशोंऽशकेषु वक्रार्किजीवेन्दुजभार्गवाणाम् ॥ श्लो.३, अ२२,बृहज्जातकम्

यदा ॅचन्द्रौ कुजभे कुजस्य त्रिंशांशके दुष्टतमैव कन्या ।

मन्दस्य दासी हि गुरौ तु साध्वी मायाविनी ज्ञस्य कवेः कुवृत्ता ॥

श्लो.३३, अ ९,भावकुतूहलम्

बुधको राशिमा त्रिंशांशफल अथवा मिथुन वा कन्या राशिकी स्त्रीको त्रिंशांशफल

लग्न वा चन्द्रमा मिथुन वा कन्याराशिमा छन् त्यहाँ मंगलको त्रिंशांश भएमा कन्या कपटी स्वभावले युक्त, शनिको त्रिंशांश भएमा नपुंसक , गुरुको त्रिंशांश भएमा सद्गुणी अर्थात् सज्जन, बुधको त्रिंशांशे भएमा गुणवती, शुक्रको त्रिंशांश भएमा कामातुरा एवं स्वच्छन्दा हुन्छिन् ।

बुधभवने भौमांशे कन्या जारप्रियाल्पपुत्रा स्यात् । मन्दांशे क्लीबसमा मृतप्रजा वान्यभर्तृयुता ॥१३॥

साध्वी पतिप्रिया जीवांशे क्षेत्रगते तु\ ॅगे जीवे ।

शौम्यांशे च कुलाढ्या पशुधनभोगान्विता शुक्रे ।१४॥

श्लो १३,१४,अ १०, होराशास्त्रम्

गुरु राशिमा त्रिंशांशफल अथवा धनु तथा मीन राशिकी स्त्रीको त्रिंशांशफल

लग्न वा चन्द्रमा धनु तथा मीनराशिमा छन् त्यहाँ मंगलको त्रिंशांश भएमा कन्या गुणवती हुन्छिन्, शनिको त्रिंशांश भएमा अल्पकामवासनायुक्ता , गुरुको त्रिंशांश भएमा गुणवती, बुधको त्रिंशांश भएमा विशिष्ट ज्ञान भएकी, शुक्रको त्रिंशांशे भएमा सच्चरित्रले युक्ता हुन्छिन् ।

गुणैर्विचित्रा गुरुभे कुजस्य मन्दस्य मन्दा गुणतत्वविज्ञा ।

जीवस्य विज्ञा शशिनन्दनस्य शुक्रस्य रम्यापि भवेदरम्या ॥ श्लो.३८, अ ९,भावकुतूहलम्

शुक्रको राशिमा त्रिंशांशफल अथवा वृष वा तुला राशिकी स्त्रीको त्रिंशांशफल

लग्न वा चन्द्रमा वृष वा तुलाराशिमा छन् त्यहाँ मंगलको त्रिंशांश भएमा व्यभिचारी वा वेश्या, कन्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्ट स्वभावले युक्ता,शनिको त्रिंशांश भए पतिकी हत्यारा वा पुनर्विवाह गर्ने हुन्छिन्,, गुरुको त्रिंशांश भएमा सद्‌गुणी, पतिव्रता बुधको त्रिंशांशभएमाचतुरा अर्थात् चलाख, कला र शिल्पकी ज्ञाता, शुक्रको त्रिंशांश भएमाकामातुरा,सुशीला एवं सर्वत्र मान्य एव प्रसिद्ध हुन्छिन् ।

सितभवने भौमांशे दुष्टा खलप्रिया पतिद्वेष्या । मन्दांशे च पुनर्भूर्मृतप्रजा रोगसंयुता नित्यम् ॥१०॥

रूपान्विता गुणाढ्या जीवांशे भर्तृपुत्रसम्पन्ना । कुचरित्रा सौम्यांशे काव्यकलागेयसन्तुष्टा ॥११॥

शुक्रांशे भोगवती विदग्धदयिताजगत् प्रियाख्याता । पापयुते बलहीने त्रिशांशेनैव पुष्टफलमेति ॥१२॥

श्लो १०,११,१२,अ १०, होरारत्नम्

शनिको राशिमा त्रिंशांशफल अथवा मकर र कुम्भ राशिकी स्त्रीको त्रिंशांशफल

लग्न वा चन्द्रमा मकर वा कुम्भ राशिमा छन् त्यहाँ मंगलको त्रिंशांश भएमा दासी, कन्या दुष्ट स्वभावले युक्ता, शुक्रको त्रिंशांश भए सुप्रज्ञावान,गुरुको त्रिंशांश अर्थात् धनु र मीनको राशि भए सद्‌गुणी, पतिव्रता बुधको त्रिंशांश भए दुष्टा तथा पापिनी , शनिको त्रिंशांश भए नीचकर्म वा सेवामा अनुरक्ता हुन्छिन् ।

मन्दर्क्षे भौमांशे दासी कुलटा मृतप्रजा कन्या । मन्दांशे संभूता नीचाचारातिदुर्भगा वनिता ॥

भतृप्रिया च सुभगा जीवांशे नैकतामभिख्याता । भग्नव्रता च कुलटा बहुमाया सोमजस्यांशे ॥

शुक्रांशे प्रभुशीला वन्ध्या चारित्रलोचना वनिता । त्रिंशांशफलमेवं वक्तव्यं दैवविद्भिरबलायाः ॥

श्लो २१,२२,२३, ,अ १०, होरारत्नम्

उपसंहार

संसारमा जन्म भएका जीवमात्रको पूर्वजन्मको कर्म फल जन्मकुण्डलीमा चित्रित भएको हुन्छ सो अङ्‌कित कर्मफल मानवको जीवनमा पक्तिरूप भएर भूत, भविष्य र वर्तमानको शुभत्व र अशुभत्वको प्रतीक वा सुख र दुःखको कारकतत्त्व भएर रहेको हुन्छ त्यसको अध्ययन गर्ने शास्त्रलाईजातकशास्त्र भनिन्छ ।जातकशास्त्रको सहयोगले लाभ हानीको जानकारी हुने, धनआर्जनमा सहयोग हुने, विपत्तिका समयमा समुद्र पार गराउने नौकाको काम गर्ने,यात्राको समयमा उचित सल्लाह दिने मन्त्री वा सल्लाहकारको प्रतीक मानेर होराशास्त्र वा जातकशास्त्रको महत्त्व दर्शाएको देखिन्छ । स्त्रीको जन्मकुण्डलीका आधारमा ग्रहहरुका अवस्था अनुसारनारीका जीवनसँग सम्बन्धितशुभाशुभयोगहरुको निर्धारण गरी शुभाशुभफलहरुको विश्लेषण गर्ने शास्त्रलाई स्त्रीजातक भनिन्छ । स्त्री र पुरुषको जन्मफल समान हुन्छ तर स्त्रीजातिसँग सम्बन्धित विशेष शुभफलहरु जुन आफैले उपभोग गर्न सक्दिन सो फलको प्रभाव उनको विवाहपूर्व पितालाई अनि विवाहपश्चात् पतिलाई पर्ने भएकाले स्त्रीजातकको सूक्ष्म अध्ययन जातकशास्त्रहरुमा गरेको देखिन्छ । स्त्रीजातकको वर्णन गर्नका निम्ति चन्द्रमा,लग्न, पञ्चमभाव, सप्तमभाव, अष्टमभाव र नवमभावलाई महत्त्वपूर्ण मानेको देखिन्छ । लग्न र चन्द्रमामध्ये जो बलवान् हुन्छ त्यसका आधारमा स्त्रीको स्वभाव र शरीरको वर्णन गर्नु पर्दछ । ग्रहहरुलाई शुभ र अशुभ गरी २ वर्गमा विभाजन गरिएको छ । बृहस्पति,शुक्र अतिशुभ ग्रह हुन् भने सूर्य, शनि र मङ्‌गल अति पाप ग्रह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छन्, शुभग्रहले युक्त बुध शुभ हुन्छ भने पापग्रहले युक्त बुध पापग्रह मानिन्छ त्यस्तै पूर्ण चन्द्रमालाई शुभ मानिन्छ भने क्षीणचन्द्रलाई पापग्रह भनिन्छ । त्यस्तै गरी चन्द्रमा र शुक्रलाई स्त्रीकारक, बुध र शनिलाई नपुंसक तथा सूर्य,गुरु रम्॑गललाई पुरुष ग्रह भनिन्छ । यिनै शुभग्रहका घरलाई शुभराशि र पापग्रहका घरलाई पापराशि भनेर राशिहरुको निर्धारण गरिएको छ ।स्त्रीको त्रिंशांशफलको विवेचना गर्ने क्रममा पापग्रहको त्रिंशांशमा र पुरुषकारक ग्रहको वा पापग्रहको संयोग अशुभफलदायक मानिन्छ भने शुभग्रहको त्रिंशांशमा स्त्रीकारक ग्रहको संयोगवा शुभ ग्रहको संयोगशुभफलदायकमानिन्छ ।

त्रिंशांशके रिष्टफलम् अर्थात् त्रिंशांश कुण्डलीबाट अरिष्टको विचार गरिन्छ । स्त्रीको त्रिंशांश कुण्डलीमा पापग्रहहरु सूर्य,मंगल,शनिको संयोग अशुभफलदायक मानिन्छ भने गुरु,शुक्र,पूर्णचन्द्र र शुभग्रहयुक्त बुध शुभफलदायक मानिन्छन् ।त्रिंशांशकुण्डलीमा ग्रह र राशिहरुको अवस्थाको विश्लेषण गरी स्त्रीको सौभाग्य र दुर्भाग्यको निर्धारण गर्नु पर्दछ भन्नेशास्त्रहरुमा उल्लेख गरेको देखिन्छ । लग्न वा चन्द्रमाबाट शरीर वा स्वभावको, पञ्चम र नवम भावबाट सन्तानको, सप्तमभावबाट सौभाग्यको र अष्टमभावबाट वैधव्यको विचार गर्नु पर्दछ भन्ने अभिव्यक्ति आचार्यहरुको रहेको देखिन्छ ।समसंज्ञकअर्थात् (२,४,६,८,१०,१२) राशिलाईस्त्रीसंज्ञक भनिन्छ । यी राशिहरुमा लग्न र चन्द्रमा भएमास्त्रीकै गुण र स्वभावकीकन्याहुन्छिन् भने विषम राशि अर्थात् (१,३,५,७,९,११)राशिलाई पुरुषसंज्ञक भनिन्छ । यी राशिहरुमा लग्न र चन्द्रमा भएमा विपरीतफल अर्थात् पुरुषगुण तथा स्वभावकी स्त्री हुन्छिन् भन्ने मान्यता रहेको देखिन्छ । मङ्गललाई पापग्रहको प्रतीक मानिएको हुँदा मङ्गलको त्रिंशांश जन्य फलमा शुभत्वको न्यूनता पाइन्छ । त्यसैले मेष वा बृश्चिकराशिकी कन्याको कुण्डलीमा म्॑गलकै त्रिंशांश भएमा मृतसन्तानलाई जन्म दिने , पुरुषस्वभावलेयुक्त, कलहप्रिय,कपटी स्वभावले युक्ता हुन्छिन् भनिएको छ । त्यस्तै बुधको मिथुन वा कन्या राशि भएकी स्त्रीमा शनिको त्रिंशांश भएमा सन्तानहीन हुन्छिन् भनिएको छ । चन्द्रको राशिमा अर्थात् कर्कटराशिकी स्त्रीमामङ्गलको त्रिंशांशर शुक्रको त्रिंशांशपनि व्यभिचारिणी योगकारक मानिन्छ । मकर वा कुम्भराशिकी स्त्रीको कुण्डलीमामङ्गलको त्रिंशांशभएमा स्त्री वन्ध्यायोग तथा नष्टसन्तानयोग कारक एवं कुलटा मानिन्छिन् । शुभग्रहका राशिहरु शुभत्वका प्रतीक भएकाले वृष, तुला, मिथुन, कन्या, धनु र मीन राशिहरु रतिनीहरुसँग सम्वन्धितत्रिंशांशजन्य फलहरु भने सुख र सौभाग्यका कारक मानिन्छन् । स्त्रीको कुण्डलीमाशुभग्रहका राशिमा लग्न र चन्द्रमा भएमा त्यहाँ गुरुको त्रिंशांश भएमा ती कन्यासाध्वी र पतिप्रिया हुन्छिन् । कर्कट राशिकोगुरु स्वोच्चस्थानको मानिएकाले अत्यन्त शुभ मानिन्छ त्यसको संयोग स्त्री राजयोगकारक मानिन्छ । त्रिंशांश कुण्डलीमा सप्तमभावमा मीनराशिको शुक्र,कन्याराशिको बुध, वृषराशिको चन्द्रमाभएमास्त्रीराजयोग, सन्तानसुखयोग, सौभाग्ययोग जस्ता शुभयोगहरु हुन्छन्। मेष, बृश्चिक, ,मकर, कुम्भ,सिंह राशिहरुमा अर्थात् पापग्रहका राशिमा लग्न र चन्द्रमा भएमा वा पापग्रहकै राशिको त्रिंशांश भएमा,सप्तमभाव र अष्टमभावमा पापग्रहहरु बसेमा वैधव्ययोग, वन्ध्यायोग जस्ता अशुभयोगहरुनिर्माण हुन्छन रतिनीहरुले सुखको विनाश गर्दछन् । शुभग्रहको राशि, शुभग्रहको स्थिति, शुभग्रहको दृष्टिजन्ययोगबाट सुख तथासौभाग्य प्राप्ति हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्रीसूची

आचार्य वराहमिहिर, **लघुजातकम्,** व्या. दैवज्ञवाचस्पति श्रीवासुदेव, सावित्री ठाकुर प्रकाशन, वाराणसी सन् १९९८

आचार्यवराहमिहिर, **बृहज्जातकम्,**व्या .डा. सुरेशचन्द्र मिश्र, रञ्जन प्रकाशन , नयाँदिल्ली, संस्करण १९९७

ओझा गोपेशकुमार, **फलदीपिका** , मोतिलाल वाराणसीदास,१२सं,सन् २०१५

कवि कालिदास, **उत्तरकालामृत**, रञ्जन प्रकाशन नयाँदिल्ली,सन् २००९

ज्योतिषतत्वाङ्क, गीताप्रेस, गोरखपुर वर्ष ८८,जनवरी सन् २०१४

झा रूपनारायण, **मानसागरी**, सम्पादक वाराणसी ज्योतिष प्रकाशन (सन् १९९९)

देवीदत्त जोशी, **सुगमज्योतिष**, मोतिलाल वाराणसीदास,प्र.सं १९२२ ।

दैवज्ञ गणेश, **जातकालङ्कार,** सं व्या .डा. सत्येन्द्र मिश्र, वाराणसी चौखम्वासूरभारती प्रकाशन (सन् २०१३) ।

दैवज्ञ पराशरः, **लघुपाराशरी**, व्या,सं.डा सूरकान्त झा, वाराणसी चौखम्वासूरभारती प्रकाशन (सन् २००३) ।

दैवज्ञ पराशरः, **बृहत्पराशर होराशास्त्रम्** ,सं पं श्री सीताराम झा मेससे खेलाडीलाल संकटाप्रसाद (सन्१९६८) ।

पं.देवराज शर्मा,**ज्योतिषसार**,श्री सत्य नारायणयन्त्रालयः,श्री सम्वत् १९५९

वर्मा कल्याण,**सारावली**, मोतिलाल वनारसीदास, प्र.सं वाराणसी १९७७

वैद्यनाथ,**जातकपारिजातः**,सं. **सत्येन्द्र मिश्र,** वाराणसी, चौखम्वासंस्कृतसीरीजभवनम्, बि.सं २००६

श्री जीवनाथ,**भावकुतूहलम्,** प्रकाशनश्रीठाकुर प्रसाद पुस्तक भण्डार,कचौडीगल्ली, वाराणसी,वि.सं २०४९

श्री दीनानाथ,**सर्वसंग्रह,** खेमराज, श्रीकृष्णदास प्रकाशन वम्वई ४,सन् ११९

श्री भट्टनारायणकृत, **चमत्कार चिन्तामणि**, मोतिलाल वनारसीदास, प्र.सं सन् १९७५

श्री मन्मिश्र बलभद्र, **होरारत्नम्,** द्वितीयभाग,नरेन्द्र प्रकाश जैन, मोतिलाल वनारसीदास, वंगोलरोड दिल्ली १९८१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहिदको सालिक कथाको विषयस्रोत

✍ तेजविलास अधिकारी *

शोधसार

प्रस्तुत लेखमा घनश्याम ढकालद्वारा लेखिएको 'सहिदको सालिक' (२०६६) कथासङ्ग्रहभित्र सङ्कलित सहिदको सालिक कथाको विषयस्रोतको खोजी गरिएको छ । मार्क्सवादका दृष्टिमा कथाको मूलस्रोत भनेकै मानव श्रम हो । मानव जातिको उत्थान र विकास श्रम प्रक्रियाबाट भएको हुँदा समाजमा रहेका विषयवस्तु नै कुनै न कुनै रुपले लेखकले टिप्ने गर्दछ । श्रमप्रतिको आकर्षण र समर्पणभावबाट नै सिङ्गो मानवजाति अग्रगामी दिशातर्फ अगाडि बढेको छ । मान्छेको कल्पना शक्तिकै परिणाम स्वरुप पौराणिक कथा, किवदन्ती, आख्यान जस्ता मौलिक साहित्यको सिर्जना भएको उल्लेख कार्ल मार्क्सले गरेका छन् (मार्क्स, एङ्गेल्स १९८९, १८३) । यसैगरी कलासाहित्यको सम्बन्धमा क्रिस्टोफर कड्वेलले आर्थिक सामाजिक क्रियाकलापका साथै समाजमा निरन्तर जारी रहने सङ्घर्षको क्रममा हुने बताएका छन् (कड्वेल १९९०, २६५) । यसै मान्यतामा रहे घनश्याम ढकालद्वारा लिखित 'सहिदको सालिक' कथाको विश्लेषण गरिएको छ । 'सहिदको सालिक' कथामा एकातिर जनताको बलमा मन्त्री भएकाहरू जनताको समस्यासँग भागिरहेका छन् भने अर्कोतर्फ समाजमा चेतनाका पुञ्ज बनेका सहिद व्यवस्था परिवर्तन भए पनि व्यवस्थामा परिवर्तन नआएका कारण अपमानित छन् । आस्थाका धरोहर बनेका सहिदप्रति अपमान हुनु भनेको निम्न वर्गको समस्याको समाधान गर्न भनी गएका नेतृत्ववर्ग दायित्वबाट पन्छिनु हो भन्ने अभिव्यक्त विचार यस लेखमा ध्यानाकर्षित भएको छ । यसबाट सत्ताले सर्वसत्ता लाद्ने परिपाटीको अन्त नभएसम्म आस्थाका यात्रीहरू थकाई मार्न नहुने विषयको गम्भिर बोध भएको छ । यस लेखले विशेषतः समाजभित्रको सोच र सत्ताको सोच बिचको अन्तर देखाउन खोजेको छ । सहिदको सालिक कथा २०६२/०६३ सालको परिवर्तनपश्चात् लेखिएको र गणतन्त्रको प्राप्तिकालमा समेत यस खालको व्यवहार हुनुले हाम्रो चेतना स्तर कस्तो छ ? भन्ने निष्कर्ष लेखले प्रस्तुत गरेको छ ।

शब्दकुञ्जी- *द्वन्द्वात्मक राज्यव्यवस्था, पुनःसिर्जन, भौतिकवाद, मार्क्सवाद, सौन्दर्यबोध,।*

विषयप्रवेश

घनश्याम ढकाल (जीवनकालः वि.सं. २०१०-२०६८) नेपाली आख्यान क्षेत्रमा परिचित नाम हो । वि. सं. २०३८ सालको हिमाली आवाज साप्ताहिक पत्रिकामा 'वारुणयन्त्र' शीर्षकको कथा प्रकाशन गरेर कथा जगतमा देखिएका (अधिकारी, २०७५, पृ. १५) हुन् । उनका 'भरिया र यात्री'(२०४६), 'शहीद मानचित्रमा नपरेको शहीद'(२०४८), 'समर्पणको बाटोमा'(२०५१), र 'सहिदको सालिक'(२०६६) गरी पाँच ओटा कथासङ्ग्रह प्रकाशित छन् । यी कथा सङ्ग्रहका अतिरिक्त ढकालका 'गाउँभित्र' (२०४६) र 'रातो आकाश' (२०६०) उपन्यास प्रकाशित छन् । आख्यान विधाबाहेक पनि उनले निबन्ध र सौन्दर्यशास्त्र सम्बन्धी ग्रन्थहरू प्रकाशनमा ल्याएका छन् । घनश्याम ढकाल प्रगतिवादी साहित्यकार हुन् । पञ्चायती व्यवस्था र विभिन्न समयमा जनतामाथि दमन गर्ने उद्देश्यले थालिएका कदमको विपक्षमा आफ्ना कलमलाई तिखार्ने ढकालले आफ्ना रचनामा शोषणको विरोध गरेका छन् । घनश्याम ढकालका

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रचनाहरूमा वर्गीय पक्षधरता, शोषक फटाहाहरूप्रति तीव्र घृणा, महिला र श्रमिकहरूप्रति सम्मान, शोषित उत्पीडितहरूप्रति माया, सामाजिक-साँस्कृतिक विसङ्गति, रुढि र अन्धविश्वासको चित्रण पाइन्छ (अधिकारी, २०७५,२१) । घनश्याम ढकाल मार्क्सवादी विचारमा प्रतिबद्ध लेखक हुन् । मार्क्सवादी सौन्दर्यशास्त्रका चिन्तक समेत रहेका ढकाल साँस्कृतिक सङ्गठनमा समेत सक्रिय रहेका लेखक हुन् (सुवेदी, २०७५,पृ. ४७३) । नेपाली समाज र राजनीतिमा देखिएका विकृति, विसङ्गतिले व्यथित र दिक्दार वनाएर तिनलाई देखाउँदै चिरफार गरे पनि सर्वहारा वर्गको मुक्ति र उज्यालो भविष्यप्रति विश्वस्त र प्रतिबद्ध, मानवीय संवेदनालाई छुन सक्षम, सशक्त र सफल स्रष्टा हुन् (गिरी, २०७५, ६१०) । सिङ्गो समाजको विषयवस्तुलाई कथामा प्रस्तुत गर्दै समस्याको समाधानार्थ वर्गसङ्घर्षका माध्यमबाट आवश्यक प्रतिरोधी चेतना निर्माण गर्दै वर्गीय असमानता, सामाजिक विकृति, राजनीतिक अवरोधप्रति असमति र नयाँ संस्कृतिको निर्णय गर्न साहित्यिक अभिव्यक्ति नै उनका कथाहरूको प्रमुख प्रवृत्ति रहेका छन् ।

यस अध्ययनको मूल उद्देश्य मार्क्सवादी सैद्धान्तिक अवधारणा अनुरुप कथाको विश्लेषण गर्नु हो । सम्बन्धित उद्देश्यहरू यसप्रकार छन्,

क. मार्क्संवादका आधारमा विषयस्रोतको चर्चा गर्नु,

ख. विंषयस्रोतको सैद्धान्तिक पृष्ठभूमिका आधारमा सहिदको सालिक कथाको विश्लेषण र मूल्याङ्कन गर्नु ।

अध्ययनको विधि

यस अध्ययनका लागि पुस्तकालयीय स्रोतबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । 'सहिदको सालिक' कथालाई आधार सामग्रीका रुपमा लिएर प्राप्त सामग्रीलाई मार्क्सवादी मान्यतालाई आधार बनाई कथाको विषयस्रोत पहिल्याउने कार्य भएको छ । 'सहिदको सालिक' कथाको विविध कोणबाट अध्ययन र विश्लेषण गर्ने क्रममा विषयस्रोत पत्ता लगाउन मार्क्सवादी समालोचकहरूको व्याख्या विश्लेषणको सहायता लिएको छ । विषयस्रोत खोज्ने क्रममा नेपाली मार्क्सवादी समालोचकहरूको समालोचनात्मक लेखहरूको थप सहयोग लिएको छ । यो लेख विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

विषयस्रोत सम्बन्धी मान्यता

मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादी दर्शन अनुसार भौतिकवादी विश्व दृष्टिकोण प्रस्तुत गरेका छन् । आजसम्मको मानव विकासको इतिहास, सामाजिक संरचना, समाजको स्वरुप, सामाजिक अन्तरसङ्घर्ष, क्रान्ति र परिवर्तन लगायतका विषयको व्याख्या यसै आधारमा गरेका छन् । मार्क्स एङ्गेल्सका धारणा अनुसार विचार वा चेतनाको भौतिकवादी व्याख्या गर्नुपर्छ (मार्क्स एङ्गेल्स, १९८९: ३०) । यसै अनुरुप मार्क्स एङ्गेल्सले मानव विकासको प्रक्रिया र सामाजिक संरचनालाई ऐतिहासिक सन्दर्भमा व्याख्या विश्लेषण गरेका छन् । मानव समाज वर्गमा विभाजित छ जसमध्ये एउटा श्रम गर्ने वर्ग, अर्को श्रम गराउने वर्ग पर्दछन् । गरी खाने वर्गलाई गराएर खाने वर्गले जहिले पनि शोषण र उत्पीडनमा पारिरहेको हुन्छ । सोही कारण उनीहरू बिच जहिले पनि वर्गसङ्घर्षको स्थिति रहेको हुन्छ । मार्क्स-एङ्गेल्स लेख्छन्- 'अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजको इतिहास वर्ग सङ्घर्षको इतिहास हो । घरानियाँ र साधारण प्रजा, सामन्त र भुदास, निपूर्ण कालिगढ र सिकारु कालिगढ अर्थात् उत्पीडक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र उत्पीडित निरन्तर नै एकअर्काका विरोधी रहेका थिए । उनीहरू कहिले लुकिछिपी र कहिले खुल्ला रुपमा परस्पर सङ्घर्ष गर्दै रहन्थे । यस्तो लडाइँ हरेकपल्ट कि त पूरै समाजको क्रान्तिकारी पुनर्गठनद्वारा कि त सङ्घर्ष गरिरहेका वर्गहरूको पूरै विनाशद्वारा नै समाप्त हुन्थ्यो (मार्क्स एङ्गेल्स, १९८९: ३०) । यही वर्गसङ्घर्षको परिणाम स्वरुप समाजको विकासक्रम रुपान्तरणको दिशातर्फ अघि बढिरहेको छ । यही ऐतिहासिक भौतिकवादी मान्यता हो र यसले वर्ग सङ्घर्षलाई समाजको गतिका रुपमा हेर्दछ ।

कथा मानवद्वारा मानवका लागि गरिने मानवीय सिर्जना हो । कथा मूलतः मान्छेकै कथा हो र मान्छे मान्छे मिलेर बनेको मानव समाजकै कथा हो । त्यसैले कथाको विषयस्रोत भन्नु पनि मानव समाज हो (पौडेल, २०६५: २९) । यसरी मानव समाजसँग सम्बन्धित विषय कथामा उनिने र बुनिने भएकाले कथालाई मानव क्रियाकलापको मुख्य क्षेत्र मान्न सकिन्छ । मानव समाजसित असम्बन्धित वा अलौकिक वस्तु कथाको विषयस्रोत बन्न सक्दैन । मानव समाजमा सम्पन्न हुने विभिन्न क्रियाकलापमध्ये विशेषत श्रमसँग जोडिएका क्रियाकलापहरू नै कथाका विषयस्रोत हुन् । मान्छेका वैविध्यपूर्ण क्रियाकलाप र जीवन भोगाइलाई आफ्ना सिर्जनात्मक अनुभूतिमा ढालेर एउटा कथास्रष्टाले कथाको रचना गर्दछ । मार्क्सवादी चिन्तकहरू लेनिन, जर्ज लुकास, क्रिस्टोफर कड्वेल, राल्फ फक्स लगायत सबै जसोले मानवीय श्रमसँग सम्बन्धित प्रक्रियालाई नै कलासाहित्यको विषयस्रोत मानेका छन् । मार्क्सवादीका विचारमा साहित्यले मानवसमाजको ऐतिहासिक विकासक्रमका साथै तत्कालीन जीवन परिवेशमा विद्यमान उत्पादन सम्बन्ध र उत्पादन इतिहासलाई विषयस्रोत बनाउने गरेको छ (पौडेल, २०६५: ३०) ।

समाज वर्गीय स्वरुपको छ । वर्गीय समाजका विद्यमान विषम आर्थिक सामाजिक संरचनाका विरुद्ध पनि सोही रुपमा चलिरहेको हुन्छ । मानवजातिले आफ्नो अधिकार प्राप्तिका लागि चलाएको वर्गसङ्घर्ष निरन्तर कुनै न कुनै तरिकाले चलेको हुन्छ । निरन्तर रुपान्तरणको प्रक्रियामा कथा सृष्टिको आरम्भदेखि हालसम्म मानिसलाई चेतनशील बनाउने काममा कथाको भूमिका रहँदै आएको छ । समाज परिवर्तनको बाटोमा कथा लेख्ने कथाकारले त्यस्तै एउटा अवस्थालाई परिवर्तन गर्ने गरी भिन्न-भिन्न पेसा, वर्ग, परिवार, परिचित समुदाय आदिले एकअर्का थरीलाई कुनै न कुनै ढङ्गले सकारात्मक दबाव दिन्छन् । यसै सन्दर्भमा प्रगतिवादी स्रष्टाले समाजलाई विद्यमान वर्गीय संरचनालाई छिचोल्न विपन्न वर्गका व्यक्तिहरूको जीवन भोगाइलाई नै विषयस्रोत बनाउन पुग्छ । उसले कथामा प्रतिनिधि पात्रमार्फत कथाको विषयस्रोतका रुपमा मानवश्रम, मानवीय क्रियाकलाप तथा आर्थिक सामाजिक सम्बन्ध त छँदैछ त्यसका अतिरिक्त कथामा कथाकारको सुस्पष्ट विश्वदृष्टिकोण हुनु पर्दछ ।

माओका दृष्टिअनुसार 'विचारधारात्मक रुपमा साहित्य र कलाका कृतिहरू कुनै खास सामाजिक जीवनले मानव मस्तिष्कमा पार्ने छापका उपज हुन् । क्रान्तिकारी साहित्य र कला क्रान्तिकारी लेखक कलाकारहरूका मस्तिष्कमा जनजीवनले पारेका छापका उपज हुन् । जनजीवन सधैं नै साहित्य र कलाको कच्चा पदार्थको खानी हुन्छ । त्यस्ता कच्चा पदार्थ जुन आफ्नो स्वाभाविक रुपमा रहेका हुन्छन् (माओत्सेतुङ, २०४१: ८०) ।' कलासाहित्यमा विद्यमान गुण समाजमा नै रहेका हुन्छन् । एउटा कुशल स्रष्टाले पनि सामाजिक संरचना र समाजसँगको अविछिन्न सम्बन्धबाट त्यस्ता विशिष्ट गुण प्राप्त गर्ने हुनाले कथाको स्रोत भन्नु वर्गसङ्घर्ष र रुपान्तरणको प्रक्रिया नै हो । साहित्यिक विधा अन्तर्गत कथाको विषयस्रोतको खोजी गर्ने क्रममा माथि उल्लेखित विचारको आधारमा घनश्याम ढकालद्वारा लिखित सहिदको सालिक कथाको विश्लेषण गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथाको विषय उठान

सहिदको सालिक कथा नेपालको राजनीतिक व्यवस्थामा २०६२/२०६३ सालपछि आएको परिवर्तनसँग सम्वन्धित छ । नेपालमा लामो समयसम्म एउटै व्यवस्था नरहेको हुनाले समय सन्दर्भ अनुरुप व्यवस्था परिवर्तन भइरहेको नेपालभित्र भएको एउटा महान जनआन्दोलन २०६२/२०६३ पछिको प्राप्त राज्य व्यवस्थाले गति लिन नसकेको विषय उठान गरिएको छ । २०६४/२०६५ सालको आसपासमा लेखिएको यो कथामा जुन पक्षको विजय भयो भनिएको छ त्यसको कार्यशैली पनि फरक हुन नसकेकोप्रति गम्भिर ध्यानाकर्षण भएको छ । सहिदको सालिक कथाले जनतान्त्रिक सरकारको प्रतिनिधिबाट पटकपटक परिवर्तनका निम्ति बलिदानी दिने सहिदको सालिक बनाउन गरेको असहयोगले जनतामा विकर्षण छिट्टै आउने आँकलन गरेका छन् । यो कथामा मणिराम एउटा क्रान्तिप्रति प्रतिबद्ध राजनीतिक कार्यकर्ताका रुपमा चिनिएको व्यक्ति हो । ऊ वैचारिक पृष्ठमूमि भएको किसान नेता हो । सङ्कटकालमा जेल परेर शान्ति सम्झौतापछि रिहा भई पुनः सामाजिक काममा खटिरहेको छ । मणिराजका युद्धकालीन अनुशासन सैद्धान्तिक निष्ठा पर्याप्त छ । युद्धकालमा उसको एकमात्र छोरोसहित त्यस गाउँबाट पाँच जना सहिद भएकाले सहिदहरूको सम्झनामा केही गर्ने सामूहिक छलफलपछि स्मृति पार्क बनाउने निर्णय हुन्छ । सोही कामका निम्ति यिनै सहिदको रगतमा टेकेर मन्त्री भएकाहरूसँग सहयोगको अपेक्षा गर्दछ । काठमाडौं छिरेपछि बलिदानीको गौरव लिएर गएको मन्त्रीले पनि पूर्वपञ्चकै स्वभाव देखाएकाले आशा नगरी फर्किएको सन्दर्भ क्रमशः आएको छ । एकातिर जनयुद्धमा सहिद भएकाको कामका निम्ति कुनै व्यवस्था नगर्ने मन्त्री गुण्डाहरूको दोहोरो झगडामा मारिएको एउटा पात्रलाई सहिद घोषणा गर्दै दश लाख राज्यकोषबाट दिन तयार भएबाट हाम्रो परिवर्तन र गणतान्त्रिक चेत कस्तो छ भन्ने देखाउन सफल भएका छन् ।

माथिल्लो तहमा पुगेका जो कोही व्यक्ति जनविरोधी बन्दै जाँदा सिङ्गो क्रान्ति र जनताको सपनामा २००७ सालको परिवर्तनदेखि नै तुषारापात भएको निष्कर्ष निकाल्दै बरु आफ्नै पहलमा स्थानीय स्तरमा सहयोग जुटाइ निरन्तर परिवर्तन र क्रान्तिको पक्षमा लागिरहेको उदाहरण यहाँ प्रस्तुत गरिएको छ । एकातिर राजनीतिको नाममा जनताले पटकपटक बलिदानी दिइरहनु पर्ने अर्कोतिर जनताका आधारभूत माग समेत सम्वोधन नहुँदा यो राज्य व्यवस्थाले परिवर्तनलाई गहिरो ढङ्गले आत्मसात गर्न नसकेको विचार कथामा अभिव्यक्त भएको छ । कथाको विषय सन्दर्भले बाह्य परिवर्तन मात्र भएर जनतालाई खास जीवन सुधार नहुने आन्तरिक परिवर्तनका निम्ति अझै जनता जाग्नु पर्ने भाव प्रकट गरेको छ । नेता भनिएकाहरू जनताको नाममा राजनीति गरेर सिंहदरबार पसे पनि उनीहरूले जनताको कामभन्दा जनविरोधी पक्षमा सजिलै काम गरेको व्याख्या मणिराज पात्रका माध्यमबाट आएको छ । जनताको राजनीति गर्नेले जनताकै सहारामा सहिद पार्क निर्माण गरेको र जनविरोधी नेतालाई जनताको नाममा राजनीति गर्न नसक्ने बनाउन सक्नु पर्ने अभिव्यक्ति यस कथामा रहेको छ । कथामा लेखकको धारणा असल पात्र मणिराजमार्फत विद्रोहको झण्डा उठाइ तल्लो वर्ग र जनसाधारणको पक्षमा निरन्तर लाग्नु पर्दछ भन्ने संश्लेषणात्मक विचार व्यक्त भएको छ ।

सहिदको सालिक कथाको विषयस्रोत

'सहिदको सालिक' कथा २०६२/०६३ सालको परिवर्तनपश्चात् बनेको लोकतान्त्रिक सरकारको कार्यशैलीसँग सम्वन्धित छ । युद्धकालीन यात्रामा आफूलाई असल सावित गरेका नेता नेपाल सरकारको मन्त्री भएपछि देखिएको वैचारिक र कार्यसम्पादनप्रति आएको ओरालो, गतिलो बन्न धेरै समय लाग्ने तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बिग्रन केही र कत्ति पनि समय नलाग्ने यथार्थ उद्घाटन भएको छ । यस कथामा रहेको मन्त्री एउटा प्रवृत्तिको प्रतिनिधित्व गर्ने पात्र हो भने मणिराज अर्को प्रवृत्तिको प्रतिनिधि पात्र हो । परिवर्तनका पक्षधर जनताको आशा र अपेक्षा एक खालको छ भने नेतृत्वमा पुगेर जनताको पक्षमा काम गर्नुको सट्टा राजकीय ठाँटमा रमाएका मन्त्री र उसको स्वकीय सचिवले जनतालाई गमराहमा राखेर गलत सन्देश दिएको प्रमाणित भएको यथार्थ यहाँ देख्न सकिन्छ ।

मणिराजलाई बेपत्ता पारिएकै अवस्थामा उसको छोरो मारियो । जेलमा पुगेपछि मात्र उसले त्यसको पत्तो पाएको थियो । पुत्रवियोगको समाचार सुन्ने बित्तिकै उसको छाती विदीर्ण भयो । टाउको चक्करायो र जेल नै फनफनी घुम्यो । संसार अँध्यारो भयो र ऊ विचेत भयो । बन्दीका सहयोगले होसमा आउँदा आँखाबाट भलभली आँसु बग्न थाले (पृ. ५२)

उल्लिखित सन्दर्भबाट कथाको विषयस्रोतको प्रभाव हामी पेश गर्न सक्दछौं । देशमा चलेको न्यायपूर्ण आन्दोलनको क्रममा पक्राउ परेर बेपत्ता पारेकै अवस्थामा आफ्नो छोरोको हत्या भएको खबरले परिवर्तनका निम्ति लड्ने योद्धाको जीवनमा कत्रो चोट पर्‍यो होला ? तथापि अनेक पीडाका बिचमा पनि असल योद्धा आफ्नो यात्रामा अविचल अगाडि बढी नै रहन्छ । आफूलाई कहाँ कसरी राखेको समेत थाहा नपाउने जटिल मनोक्रियाबाट पात्रको निर्माण भएको हुन्छ भन्ने पुष्टि गर्न सकिन्छ । कथाकारले चरित्र निर्माण गर्ने क्रममा विषयस्रोतको जराबाटै विषयबोध गराउने काम गरेको पुष्टि हुन्छ ।

भोलिपल्ट निर्धारित समयमा मणिराज सिंहदरबारको दक्षिणीगेटमा उपस्थित भयो । उसले ढोकेलाई भित्र पठाउने अनुरोध गर्‍यो । पिएलाई फोन गरेर ढोकेले नै सोध्यो । उतैबाट फोन गर्नु हुन्छ रे भन्ने खबर ढोकेले मणिराजलाई दियो । कतिबेला भित्रबाट खबर आउँछ भन्दै उभिएरै उसले तीन घण्टा बितायो । पाँच बज्यो र कर्मचारीहरू बाहिरिन थाले (पृ. ५५) ।

माथिको सन्दर्भबाट कथा निर्माणका लागि एउटा पात्रले राज्यसत्तासम्म पुग्नका लागि सूचना प्रवाह गर्दा पनि कति धेरै अवरोधहरू छिचाल्न पर्छ भन्ने प्रष्ट छ । देशको प्रमुख प्रशासनिक निकाय सिंहदरबार पस्न त यति सास्ती छ भने त्यहाँभित्रको भेटघाट कति औपचारिक होला ? त्यो औपचारिकता केका लागि भन्ने यावत् प्रश्न यहाँ उठेको छ । व्यक्तिगत काम नभइ सामूहिक काम लिन जाँदा मन्त्रालयबाट जनतालाई गरिने व्यवहार, मन्त्रीको पूर्व आश्वासन अनि यथार्थमा देखिने नतिजालाई कथाले विषयस्रोतको रुपमा ग्रहण गरेको छ । राज्य कति जनप्रिय छ भन्ने सामान्य उदाहरणबाट पनि बुझ्न सकिन्छ । जतिसुकै असल चरित्र र सङ्घर्षबाट खारिएर आएको मान्छे पनि औपचारिक ठाउँमा आएपछि त्यसैको आकार प्रकारमा बदलिन पुग्दो रहेछ भन्न गहन प्रमाण यस कथाको विषयले पुष्टि गरेको छ ।

त्यही साँझ उसले टेलिभिजन हेर्‍यो । त्यहाँ उसले भेटेका मन्त्रीले मारिएको व्यक्तिलाई सहिद घोषणा गर्दै थिए र सहिद परिवारलाई दश लाख रुपियाँ सहयोग गर्ने कुरा भन्दै थिए । (पृं ५७) ।

कथा रचनामा मानव जीवनको घात प्रतिघातको कलात्मक प्रतिबिम्बन हुन्छ । यसको रुप र अन्तर्वस्तु पनि मानव जीवनको सापेक्षतामा नै अडेको हुन्छ । राज्यभित्र हुने राजनीतिक आर्थिक परिवर्तनका घटनासँगै मान्छेको रुचि, सौन्दर्य र मानव मूल्यलाई नियाल्ने कसी समेत परिवर्तन हुन्छ । अन्तर्वस्तु र रुपका बिचको सम्वन्ध तथा यसको संयोजन पक्षले कथालाई कसरी प्रभावकारी बनाउँछ भन्ने स्पष्ट छ । कथाकारले राज्यको जिम्मेवारी लिएर गएका प्रतिनिधिले कुन प्रयोजनका लागि राज्यसत्तालाई प्रयोग गरेको छ त्यसले कसलाई फाइदा पुगेको छ भन्ने प्रश्नको समाधान कथाको शृङ्खलाबद्ध विषय पक्षले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत गरेको देखिन्छ । देशको शासकीय स्वरुपले कालोलाई सेतो र सेतोलाई कालो बनाउन त्यति धेरै मेहनत गर्नै पर्दैन । सिंहदरबार र सिंहदरबार जस्ता यावत ठाउँहरूले व्यक्तिको स्वाभिमानमा कसरी प्रभाव पारेको छ भन्ने विषयस्रोत कथाभित्र स्पष्ट ढङ्गले प्रकटित भएको छ ।

विषयस्रोत र समाजको प्रतिनिधि पात्र

सहिदको सालिक कथामा नेपाली समाजलाई विषय सन्दर्भ बनाइएको छ । कथाको अन्तर्वस्तुलाई पुष्टि दिनका लागि युद्धकालीन सन्दर्भलाई जोड्दै योगदान दिएका पुराना कार्यकर्ताका रुपमा मणिराजलाई उतारिएको छ । युद्धकालीन परिवेशमा जसरी एउटा निष्ठा पात्रको आवश्यकता हुन्छ युद्धपश्चात पनि यस्ता कार्यकर्ता नेताको उचित सल्लाह सुन्ने र तिनलाई श्रोत व्यक्तिका रुपमा प्रयोग गर्न कथाको परिवेश र पात्रविधानले सहयोग पुऱ्याएको छ । कथाकारले अन्तरविरोध आफ्नै पक्षमा हुन्छ भन्ने विषय सन्दर्भलाई सुन्दर ढङ्गले सपाट प्रस्तुत गरिदिएका छन् । शान्ति सम्झौतापछि मन्त्री बनेका पूर्व योद्धाको पछिल्लो व्यवहारले जनताको अपेक्षामा तुषारापात भएको तर्फ पनि सङ्केत गरेको छ । सहिदको सपना साकार पार्न अनि सहिदको सालिक स्थापना गर्न सरकार सहयोगी हुनु पर्ने र प्रतिबद्धता अनुरुप काम गरेको भए यति धेरै आस्था आदर्श अनि नैतिक मूल्यमा ओरालो यात्रा हुने थिएन भन्ने निष्कर्ष समेत यहाँ उद्घाटित भएको छ । कथामा 'युद्धकालीन धरोहरबाट मन्त्री बनेको नेता काठमाडौं र शान्ति सम्झौताको माखेसाङ्लामा जेलिएर परिवर्तित समयको उत्तम दृष्टान्त दिन सक्दैन (शर्मा, २०६९: ३६६) ।'

मानव समाज निरन्तर गतिशील हुनाले कलासाहित्यमा पनि वर्ग विभक्त सन्दर्भको वर्गसङ्घर्ष तीव्र बन्दै जान्छ । यसै क्रममा वर्ग उत्थान हुँदै जाँदा एउटै संस्था र सङ्गठनमा रहेर परिवर्तनका निम्ति लडेका पात्रहरूका बिच पनि अन्तरसङ्घर्ष चर्कँदै जान्छ । यसै गरी सहिदको सालिक कथामा रहेको मन्त्री र मणिराजले प्रतिनिधित्व गरेको वर्गीय सोच र धरातलको अध्ययनबाट पनि समाजभित्र हुने सङ्घर्षले सुन्दर यात्राको निम्तो दिन्छ । जनयुद्धको सघन प्रक्रिया र त्यसको आर्थिक उपलब्धिले पनि उदात्त र नीच सम्बन्धी धारणामा परिवर्तन आएको छ । त्यही परिवर्तनको आधारमा सत्तामा पुगेका प्रतिनिधि पात्रले व्यवस्थालाई नै बनाउने मात्र होइन जनतालाई निराश बनाउने काम कसरी गरेको छ त्यसको जड बुझ्न जरुरी हुन्छ ।

कथाको रचना प्रक्रियाका सन्दर्भमा विषयवस्तु, पात्र र परिवेशको चयन पनि महत्वपूर्ण मानिन्छ । यी तत्वको प्रतिनिधिमूलक चयनमा ध्यान पुगेन भने कथाकारलाई अपेक्षित सफलता प्राप्त हुँदैन (पौडेल, २०६५: ५०) । यस कोणबाट हेर्दा 'सहिदको सालिक' कथामा आएको विषय सन्दर्भले एउटा विषयवस्तुबाट स्थापित अनेक पात्र परिवर्तित परिवेशले एकापसमा द्वन्द्वात्मक अवस्थामा पुग्दछन् । यो अवस्थाले नवीन परिवेशको सिर्जना गरिदिएको छ । कथाको प्रमुख नायक पात्र मणिराज सामान्य चरित्रको देखिए पनि उसले विषयवस्तुलाई सकारात्मक ढङ्गले अगाडि बढाउने चेष्टा सङ्घर्षको माध्यमबाट निरन्तर गरिरहेको छ । कथामा राज्यको प्रतिनिधिको रुपमा विभागीय जिम्मेवारी सम्हालेको मन्त्री मूलतः जनताको कामका लागि सिंहदरबार छिरेको भए पनि जनताको कामको विपरित देखा परेको छ । मन्त्री आफ्नो सत्ता र शक्तिलाई परम्परागत ढङ्गबाट नै निर्वाह गर्न विवश छ । मन्त्री त्यस्तो चाहन्थ्यो वा चाहन्नथ्यो सुरुमा यसै भन्न सकिने अवस्था छैन । पछि जब ऊ स्वार्थले भरिएर अनेक पात्रको चङ्गुलमा फस्छ विवश बन्न पुग्छ । नचाहँदा नचाहँदै पनि एउटा राजकीय जिम्मा लिएको विभागीय मन्त्री जनताको आस्थाको कामबाट विमुख हुन पुग्छ । राज्यलाई घाटा पुऱ्याउने आर्थिक र नैतिक तत्व जोडिएको विषयमा मुछिन पुग्छ । कथामा पात्रको भूमिका महत्वपूर्ण मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथाकारले यही विचारलाई यहाँ राम्ररी स्थापित गरेका छन् । विषयस्रोतका हिसावले वर्गीय सङ्घर्ष सम्बन्धित विचारले प्राथमिकता पाएको छ ।

'रगतका नदीहरू पार गरेर यहाँ आइपुगेका हुनाले अवश्य पनि त्यही अनुरुपको गम्भीरता होला' भित्र पस्दापस्दै मणिराजले मन्त्रीका बारेमा अनुमान लगाएको थियो । तर मन्त्रीलाई देख्ने बित्तिकै उसलाई कुनै त्यस्तो अनुभूति भएन (पृ: ५६) ।'

यो सन्दर्भबाट पनि जनताका नाममा राजनीति गर्नेहरूप्रतिको विश्वासमा उसले कति छिट्टै पहिरो ल्याइदिँदो रहेछ भन्ने बुझ्न सकिन्छ । राज्यको संरचनामा पुग्नेबित्तिकै जनतालाई भुल्ने हो भने जनप्रतिनिधि किन चाहियो ? कथाको माथिको सन्दर्भले घतलाग्दो पाराले प्रमाण पेश गरेको छ । नीति निर्माण र कार्यान्वयनको प्रमुख ठाउँ मन्त्रालयमा बसेका विभागीय मन्त्रीले आफ्ना आसेपासेको सरसल्लाहमा नयाँ मार्ग तय गर्ने अनि जनताका सपना तुहिँदै जाने स्थितिको चित्रण भएको छ । ***'उक्त व्यक्ति कुनै गुण्डाको आक्रमणबाट मारिएको थियो (पृ: ५७) ।'*** २०६२/०६३ सालको परिवर्तनपश्चात् गणतन्त्र ल्याउन बलिदानी दिने सहिद र सहिदको परिवारप्रतिको रुखो व्यवहार गर्ने विभागीय मन्त्री गुण्डाको आक्रमणमा मरेको मान्छेलाई भीडको निर्देशनमा कसरी सहिद घोषणा गर्दो रहेछ भन्ने पुष्टि कथाले गरेको छ ।

कथामा चयन गरिएको विषयस्रोत हेर्दा सामान्य जस्तो लाग्ने तथापि देश र जनताको भविष्यप्रति प्रत्यक्ष जोडिएको सन्दर्भले कथाको विषयवस्तु, पात्रको निर्माण र परिवेशको झलकमा विशेष ख्याल गरेको देख्न सकिन्छ । ***'चौथो बिहान भने निजी सचिवले मणिराजको फोन उठाउन छोड्यो (पृ: ५७) ।'*** आखिर यही र यस्तै परिवेशको पुनरावृत्ति भएको परिदृश्य आज पनि देख्न नपरेको होइन । जनता र जनताको प्रतिनिधिको आशालाग्दो सम्बन्ध सिंहदरबार र सिंहदरबार रुपी सत्ताको चरित्रले दिनप्रतिदिन तुषारापात भइरहेको स्थिति वर्णन यहाँ छ । ***'हुन्छ नि बाबुलाई किन नदिनु बरु मोही त के छ कुन्नि सोध्नुपर्छ । अहिले होइन भरे भाइलाई पठा म दही दिएर पठाउँला (पृ.५७) ।*** कथाको आशय मूलतः यही लोकोक्तिबाट प्रष्ट हुन्छ । कथाको विषयस्रोत वर्गीय पृष्ठभूमि नै भएपनि शक्तिको दुरुपयोग गर्दै जनताप्रतिको उपेक्षाभाव देखाउने सरकारी रवैयाको कटाक्ष समाजमा चलेको विषय सन्दर्भबाट नै गरिएको छ । यहाँ कथाभित्र सत्पात्रले धेरै दु:ख पाउने विचार प्रमुख पात्रका माध्यमबाट प्रकट भएको छ । अबको दिनमा जनताले सिंहदरबार वा सिंहदरबारजस्तै शक्तिकेन्द्रको भर विश्वासमा नपरी जनता नै शक्तिका स्रोत प्रेरणाका प्रतिमूर्ति अनि सहयोगका सारथी हुन् भन्ने बुझ्न जरुरी रहेको तर्क पेश गरिएको छ । विषयस्रोत, पात्र र परिवेशले कथामा विषयवस्तुको भाव सम्प्रेषणलाई सहजीकरण गरिएको छ । कथामा प्रमुख पात्र मणिराजको मनोदशालाई सत् प्रवृत्ति र मन्त्रीको मनोदशालाई असत् प्रवृत्तिको रुपमा दर्शाइएको छ । वर्गीय समाजमा स्वाभाविक रुपमा वर्गस्वार्थ टकराउँछन् । त्यही टकराव समस्या समाधानको कारण पनि बन्न सक्दछ भन्ने सन्देश कथाले प्रस्तुत गरेको छ ।

निष्कर्ष

'सहिदको सालिक' घनश्याम ढकालले जनयुद्धकालीन भावभूमिमा वर्गीय समाजलाई विषयस्रोतको रुपमा ग्रहण गरी लेखेको कथा हो । यस कथामा नेपाली राजनीतिमा उथलपुथल आएपनि त्यसले रुपमा परिवर्तन त केही भयो सारमा परिवर्तन हुन सकेको छैन भन्ने प्रमाण पेश गरेको छ । परिवर्तनका निम्ति जनतालाई उत्साहित गर्ने, उतार्ने, जीवन उत्सर्ग गराउने अनि जनताको चहऱ्याइरहेको घाउमा मलम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नलगाउने नेताको प्रवृत्तिमाथि कडा प्रहार गरिएको छ । व्यवस्था बदल्ने विषय एकछिनमा हुँदैन । जब हजारौं सहिदको रगतले सिंहदरबारप्रति प्रश्न उठाइरहेको छ । कथाभित्रका मणिराज र गाउँका तमाम न्यायप्रेमी पात्र एकातिर उभिन पुगेका छन् । सत्ता जनमैत्री रहेको छैन । सत्तालाई जबसम्म जनताको सेवामा समर्पित गर्न सकिँदैन तबसम्म जनताको स्थिति उस्तै हुने निष्कर्ष कथाको रहेको छ । नेपाली समाजमा घटित सामाजिक घटना र सामाजिक चेतनाका बिच निकै ठूलो अन्तर छ । सत्ताको स्वभावले सामाजिक न्याय र समानताको पक्षपोषण नगरी दलाली गर्ने वर्गको चाहनालाई पूरा गरेको तर्फ कथाको भावपक्ष सोझिएको छ । कथाको रचनाविधानमा विषयस्रोतले कथालाई वर्गीय मुक्तिको निम्ति लड्ने निम्न वर्गका जनता विचलित नभइ लडि नै रहन्छन्, थाक्दैनन् भन्ने उद्घोष गरेकोले विषयस्रोतका दृष्टिले प्रस्तुत कथा शक्तिशाली रहेको छ ।

सन्दर्भसामग्री सूची

अधिकारी, कृष्णराज र अन्य.(२०६९). गण्डकी सङ्गम घनश्याम ढकाल विशेष (सम्पा.) पोखरा, गण्डकी सङ्गम, वर्ष १८ पूर्णाङ्क १० ।

अधिकारी, कृष्णराज.(२०७५), 'घनश्याम ढकालको जीवनका उकाली र ओराली', घनश्याम ढकाल स्मृति ग्रन्थ, पृ. १५-२८

अधिकारी, तेजविलास.(२०६५). समीक्षा सन्दर्भ. काठमाडौः विवेश सिर्जनशील प्रकाशन प्रा. लि.

अधिकारी, तेजविलास.(२०६५). सिर्जन वैशिष्ट्यमा अनिल श्रेष्ठ, (सम्पा.) बनेपाः जनमत प्रकाशन

कड्वेल क्रिष्टोफर, (सन् १९८०), विभ्रम और यथार्थ. दिल्लीः राजकमल प्रकाशन ।

गिरी, अमर, (२०७५). 'मार्क्सवादी सौन्दर्य चिन्तनका क्षेत्रमा ढकालको योगदान', घनश्याम ढकाल स्मृति ग्रन्थ, पृ. २४६-२५३ ।

चापागाई, निनु र अन्य, (२०७५), घनश्याम ढकाल स्मृति ग्रन्थ, (सम्पा.) काठमाडौंः घनश्याम ढकाल सांस्कृतिक प्रतिष्ठान ।

ढकाल, घनश्याम, (२०६६), सहिदको सालिक. काठमाडौंः विवेश सिर्जनशील प्रकाशन प्रा.लि. ।

पौडेल, गोपीन्द्र, (२०६५), कथाको सौन्दर्यशास्त्र, उर्मिला पौडेल ।

पौडेल, गोपीन्द्र, (२०७०), कथाको सिहांवलोकन. प्रज्वल पौडेल/प्रताप पौडेल ।

भण्डारी, जगदिशचन्द्र, (२०५५), प्रगतिवादी नेपाली कविताः रेखाङ्कन र विश्लेषण, काठमाडौंः मुन्नी भण्डारी ।

माओत्से तुङ, (२०४१), चुनिएका रचनाहरू भाग ३, अनु. खगेन्द्र सङ्ग्रौला काठमाडौंः निरन्जन गोविन्द वैद्य ।

मार्क्स-एङ्गेल्स, (सन् १९८९), साहित्य र कला. मस्कोः प्रगति प्रकाशन ।

मार्क्स-एङ्गेल्स, (सन् १९८९), साहित्य र कला, अनु. राजेन्द्र मास्के र सूर्यप्रसाद पौडेल, मस्कोः प्रगति प्रकाशन ।

शर्मा, सुकुम, (२०६९), सहिदको सालिकमा घनश्याम ढकाल, गण्डकी सङ्गम, घनश्याम ढकाल विशेष, वर्ष १८ पूर्णाङ्क १० ।

सुवेदी, धनप्रसाद, (२०७५), 'ढकालका उपन्यासमा जनयुद्ध' घनश्याम ढकाल स्मृति ग्रन्थ, पृ. ४६६-४७३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समालोचनामा कृतिविश्लेषणका लीलाबोधी आधारहरू

✍ डा. नारायण चालिसे *

शोधसार

यो लेख सैद्धान्तिक विषयमा तयार गरिएको छ । नेपाली साहित्यमा प्रचलनमा रहेको लीलाबोधी लेखन यस लेखको मुख्य विषय हो । लीलाबोधी लेखन सिर्जनामा मात्र हुन्छ कि समालोचनामा पनि हुन्छ ? भनेर केही वर्ष पहिले साहित्यिक अन्तःकियामाबहसको थालनी भएको थियो । त्यही बहसको उत्तरस्वरूप यो लेख तयार गरिएको छ । लीलाबोधी लेखनका आफ्ना केही सैद्धान्तिक मान्यताहरू रहेका छन् । तिनै सैद्धान्तिक मान्यताहरूको उपयोग र प्रयोग कृतिमा भएको छ छैन ? भनेर हेरियोभने त्यही नै लीलाबोधी समालोचना हो भन्ने तर्कसहित यस लेखमा लीलासमालोचनाका आधारहरू देखाइएको छ । हालसम्म गरिएका लीला सिर्जनाहरूको सैद्धान्तिक समालोचना भइनसकेको अवस्था लीला प्रयोगकर्ताहरूले लीलासिद्धान्तको के कति पालना गरेर लेखे ? भन्ने प्रश्न र लीलासमालोचना गर्दा के कस्ता कुराहरूमा ध्यान दिन आवश्यक छ ? भन्ने दुवै किसिमका प्रश्नहरूलाई समेटेर कृतिविश्लेषणका केही मानदण्डहरू प्रस्ताव गर्ने काम यहाँ गरिएको छ । विशेष गरी सैद्धान्तिक समालोचनाको मान्यतामा केन्द्रित भएर केही सैद्धान्तिक र केही प्रयोगात्मक रूपलाई पछ्याउन आवश्यक रहेको निष्कर्ष यी बुँदाहरूले दिएका छन् ।ती आधारहरू प्रस्ताव गर्ने र तिनका विषयका सैद्धान्तिक तर्कहरू प्रस्तुत गर्ने काम यस लेखमा गरिएको छ ।

शब्दकुञ्जी– *अकर्ता, अनिर्धार्यता, क्षितिज, वस्तुता, विनिर्माण ।*

विषयप्रवेश

नेपाली साहित्यमा लीलालेखनका नामले प्रचलनमा अएको र अहिले लीलाबोधी लेखन भनेर चिनिने साहित्यिक मान्यता,विचार र लेखका विषयमा यताका वर्षहरूमा थप काम भइरहेका छन् । साहित्यका विभिन्न विधामा लीलाबोधी लेखन भइरहेको अवस्थामा लीलाबोधी समालोचना हुन्छ कि हुँदैन ?भनेर पनि बहस चलेको अवस्थामा लीलाबोधी समालोचना पनि हुन्छ भन्ने सन्दर्भमा यो लेख तयार गरिएको छ । लीलाबोधी लेखन खास दर्शन, विचार र दृष्टिलाई आधार बनाएर गरिएको लेखन र अभियानको नाम हो । यसका केही आधारभूत दार्शनिक मान्यताहरू छन् । यसका प्रवर्तक इन्द्रबहादुर राईले बीससूत्रीय घोषणापत्र मार्फत् यो लेखनको प्रारम्भ गरेका थिए । त्यस घोषणापत्रमा पूर्वीय र पाश्चात्य दर्शनको केही विवचारहरूको सम्मिश्रण गरिएको छ । विचारमा पूर्वीय दर्शन र लेखन प्रविधिमा पाश्चात्य दर्शनको बढी प्रभाव देखापर्ने यस लेखनको पृष्ठभूमि मूलतः पूर्वीय दर्शन नै हो । साहित्यका काव्य, कथा, उपन्यास, नाटक, निबन्धजस्ता विधामा प्रचलित यस लेखनको वैचारिक,दार्शनिक एवम् शैलीगत मान्यतामा आवद्ध रहेर लीलाबोधी समालोचना पनि गर्न सकिन्छ भन्ने चिन्तनअनुरूप यस लेखमा लीलाबोधी समालोचनाका कृतिविश्लेषणका आधारहरूको निर्धारण र तिनको पहिचानको आधार देखाउने काम गरिएको छ ।

---

* *सहप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समस्या,उद्देश्य र विधि

नेपाली साहित्यमा प्रचलनमा आएको लीलाबोधी लेखनको कृतिगत समालोचना गर्न के लीलालेखनकै सैद्धान्तिक आधार प्रयोग गर्न सकिन्छ ? भन्ने प्राज्ञिक प्रश्न यस लेखको मूल समस्या हो । माथिको प्राज्ञिक प्रश्नको समाधान लीलाबोधी लेखनकै सैद्धान्तिक आधारबाट पनि गर्न सकिन्छ धन्ने उद्देश्यमा यो केन्द्रित रहेको छ । मूलतः यस लेखमा निगमन विधिको प्रयोग भएको छ । लीलासमालोचनाका केही सैद्धान्तिक आधाहरूलाई प्रस्ताव गर्न आगमन विधिको पनि प्रयोग गरिएको छ भने ती बुँदाहरुलाई विश्लेषण विधिका माध्यमले प्रस्ताव गरिएको छ ।

कृतिविश्लेषणका सैद्धान्तिक आधारहरू

संसार लीलामय छ । जस्तै पुराणमा श्रीकृष्णका लीलाहरू वर्णित छन् । जसरी कंशको सभामा पस्दा एउटा कृष्णलाई विभिन्न व्यक्तिले आ-आफ्नो अनुकूल र प्रतिकूल रूपमा देखे (श्रीमद्भागवत, १०/४३/१७) त्यस्तै संसारका विषय, रूप र बुझाइ पनि फरकफरक छन् । आफ्नो बुद्धिको तहका छन् । त्यस्तै हो जीवन र जगत्को वास्तविकता । यहाँ रूपलीला छ, अवतार लीला छ । भ्रान्ति र यथार्थहरू छन् । मानिस निमित्त मात्र हो नियन्ता अर्कै छ । साविक मिथकहरू र तिनका विमिथकहरूको खेल छ । बहुदृष्टि र बहुल विचारमा छ सबै संसार । जीवन बाँच्ने खेल हो । भाषा, व्यवहार, बोध र अस्तित्व समेतको लीला छ । ज्ञान र विज्ञानको योगमा छ जीवन र जगत् । लीलाबोधी लेखनको रूपमा अहिले प्रचलनमा रहेका लीलासिद्धान्तका केही तत्त्वहरू पूर्वीय छन् र केही तत्त्वहरू पाश्चात्य पनि छन् । जीवन र जगत्को अनिश्चितताबोध, अनिर्धार्यताबोध, आत्मपरकता, अकर्ता वा निमित्तत्तावोध, भ्रान्ति वा भ्रमबोध, दोस्रोबोध, वस्तुताबोध, अवतारबोध, रूपहरूको खेल, अर्थहरूको चिप्लाइ, क्षणिकताबोध, विनिर्माण, सम्भावनाहरूको बोध, बहुविकल्पी ज्ञान, बाँच्ने खेल, मिथकहरूको पुनरुत्थान चेतना, ज्ञानको सीमाबोध इत्यादि तत्त्वहरू माथिको चिन्तन र सोहीअनुरूपको लेखन लीलाबोधी लेखन हो भन्ने कुरा लीलाको सैद्धान्तीकरणका प्रयत्नहरूले सङ्केत गरेका छन् । माथिका बोध विचारहरूलाई आधार मानेर तपशीलका तत्त्वहरूका आधारमा साहित्यिक कृतिहरूको लीलाबोधी विश्लेषण गर्न सकिन्छ– *(क) रूपहरूको खेल, (ख) भ्रान्ति वा भ्रम, (ग) अनिर्धार्यता, (घ) अकर्ता/निमित्तता, (ङ) विनिर्माण/विपठन, (च) आत्मपरकता, (छ) क्षणिकता (नाटकीयता), (ज) वस्तुता* आदि । यिनै तत्त्वहरूलाई सिर्जनामा खोज्ने कामलाई यहाँ लीला समालोचना भनिएको छ । यी तत्त्वहरूमध्ये आवश्यकताअनुसार कृति विश्लेषणमा विकल्पका रूपमा प्रयोग गर्न सकिन्छ ।

क. **रूपहरूको खेलः** लीला सिद्धान्तमा यो सबै संसार रूपहरूको खेल हो । हाम्रा भावना, विचारणा, क्रिया लीला छन् (राई, बीस सूत्रीय घोषणाः ४) । परिवर्तनशीलता, गतिशीलता, पुननिर्माण, जीवन र जगत्मा चलिरहेको छ । रूपहरूको नयाँ खेल अनि सबै सत्य जस्तै लागेका हिजोका मान्यताहरू आज भ्रमपूर्ण भएर नयाँ धारणामा विश्वासलाई थमाउनु परेको छ भन्ने कुरा लीलाबोधी मान्यता हो । हिजो जुन रूप र आकारमा हाम्रा मान्यताहरू अडेका थिए आज ती सबै भत्किएका छन् । नयाँ रूपको खोजीमा छन् सबै मान्यताहरू । निरन्तर प्रवाहमा छ सब, पुरानो नासिँदो र नयाँ बन्दोमा (राई, बीस सूत्रीय घोषणाः ४) भन्ने लीला मान्यता रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा पुराना मान्यताका शक्तिकेन्द्रहरू, विश्वासका केन्द्रहरू, भरोसाका केन्द्रहरू भत्किएका र नयाँ केन्द्र निर्माणको क्रम चलेको छ। यसैगरी हाम्रो समाज, हाम्रो चिन्तन, हाम्रो परम्परागत आदर्श, हाम्रा मान्यता सबै संशोधनीय छन्। सबै कुराहरूमा रूपान्तरणको खाँचो छ। हिजोको रूपको खेल अब नयाँ ज्ञानको क्षितिज खुलेसँगै पुरानो भइसकेको छ। साथै एउटै वस्तु माथिका आ-आफ्नै बुझाइका भिन्न रूप हुने भएकाले यो सबै रूपको खेल मात्र हो भन्ने कुरालाई कृतिमा हेर्ने काम लीलासमालोचनामा गर्न सकिन्छ।

ख. **वस्तुताबोधः** कुनै पनि वस्तु आफ्नो हुनु नै त्यसको वस्तुता हो। वस्तुको स्वत्व वस्तुता हो। त्यो जहिले पनि एउटै रहन सम्भव छ तर उक्त वस्तुमाथिका धारणाहरू, बोधहरू, दृष्टिकोणहरू, बुझाइहरू मानिसपिच्छे अलग अलग हुन्छन्। किनकि मानिसले आफ्नो बुद्धिले त्यसलाई बुझ्ने हो। हाम्रो आफ्नो मति अनुकूलको हेराइ हेर्दा एउटै वस्तु फरक देखियो भन्दैमा त्यो वस्तु फरक फरक भएको पनि हुँदैन तर हरेक व्यक्तिपिच्छे उक्त वस्तुले रूप, धारणा, बोध फेरेको पनि होइन। भनेपछि हामीले बुझ्ने भनेको आफ्नोतर्फको बुझाइ बुझ्ने हो। सबैको बुझाइ बुझ्ने होइन। अब वस्तु एउटै, बस्दाबस्दै धारणा अनेक जन्मिन्छन्। ती प्रत्येक धारणा पनि आ-आफ्नो तहमा उचित छन्, ती सत्यहरू त्यो वस्तुप्रतिका आ-आफ्ना सत्य हुन्। त्यसभन्दा पर उक्त वस्तु छ जो अपरिवर्तनीय वस्तुता बोकेर बसेको छ। हो त्यही वस्तुत्व त्यस वस्तुको वस्तुता हो जुन अबोध्य छ। लीलाको सन्दर्भमा रूढ जस्तै वनेको वस्तुता शब्दले जे कुरालाई सङ्केत गरेको छ त्यो कुरा अन्य क्षेत्रमा पनि प्रयोग हुन्छ। तर त्यहाँ त्यसरी नहेरिएको मात्र हो। वस्तुमाथिका भिन्न हेराइका मान्यताको प्रयोगलाई समालोचना शास्त्रमा हेर्ने कला वस्तुताबोध हुनसक्छ। वस्तुता भनेको के हो ? भन्ने प्रश्नमा राईको धारणा छ–

एउटा डाँडालाई पूर्वबाट हेर्दा साँच्चै बिरालोजस्तो देखिन्छ, पश्चिमबाट घरजस्तो र उत्तरतिरबाट हेर्दा अर्कै थोकजस्तो देखिएला। सब सापेक्षता, चार किसिमको देखिए पनि डाँडा त छ नि ! र त त्यो किसिम किसिमको देखिन्छ। डाँडै नभए त कुनै पनि किसिमको देखिन्न, त्यसैले स्थिर बिन्दु खोज्नुपर्छ। त्यो बिन्दु के हो त सापेक्षताभित्र ? हामीले पायौं - त्यो वस्तुता हो। जति कुरा हामी देख्छौं, देखेर जान्दछौं, जानेर चिन्दछौं। हामीले देखेर मात्र तिनीहरू भएका हुन् त ! हामीले नदेख्दा तिनीहरू हुँदैनन् ?हामीले नदेख्दा पनि तिनीहरू हुन्छन्। हामीमाथि भर परेर उनीहरूको अस्तित्व भएको होइन, उनीहरू आफै अस्तित्वशील छन्। मानिसले देख्नुभन्दा अलग्गै, छुट्टै, मुक्त छ उनीहरूको अस्तित्व। हामीले देखेका जति सापेक्ष दृष्टि छन्, तिनीहरूभित्र पनि वस्तुता हुन्छ। त्यो सधैं हुन्छ। वस्तु हुन्छ तर त्यसलाई हामीले आ-आफ्नो दृष्टिले देख्छौं। हाम्रा दृष्टि सापेक्ष मात्र हुन्। ... त्यस्तो दृष्टि हामले ओढाइदिएको अर्थ मात्र हो। त्यो त हाम्रो मूल्याङ्कन, अर्थाङ्कनदेखि छुट्टै छ, त्यसलाई हाम्रो दृष्टिले छुँदैन (राई, झम्सिखेल लिटरेरी फेस्टिवलमा दिएको भाषण, साभारः धरावासी,२०७३,पृ.१९)। यही दृष्टिलाई हेर्ने कला लीलासमालोचना हुनुपर्दछ। यसैगरी उप्रेतीले आगामेलीहरूले वस्तुतालाई लेखनीको मुख्य आधार मानेको अवस्थामा एज्रा पाउण्ड, टी.एस. इलियले गरेको बिम्बवाद र पिकासो र ब्राकलेले गरेको घनत्ववादसँग नजिक रहेका थिए तर पछि इन्द्बहादुर राई लीलामा आउँदा फेरि वस्तुतालाई इमानुएल कान्टको बुझ्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नसकिने अप्राप्य things is itself को अवधारणाका नजिक पुगेका छन् भनेका छन् (उप्रेती,२०६८,पृ. ११२ -१३) । यसप्रकार वस्तुता लीलाको महत्त्वपूर्ण मान्यता हो ।

ग. **भ्रान्तिबोधः** जीवनमा अनेकौं भ्रमहरू छन् । एउटै कुरा एकपल्ट एक किसिमको अर्कोपल्ट अर्कै किसिमको देखिँदा वास्तविकता के हो भन्ने भ्रम सिर्जना हुन्छ । अर्थको यस्तो चलायमान अवस्था भ्रम हो (धरावासी,२०७३,पृ.८८) भनेर भ्रमलाई चिनाउने प्रयत्न गरिएको छ। राईले भ्रान्तिबोधलाई ज्ञानको सीमितता मानेका छन् । "हामीले जानेकोमा हामीलाई पूर्ण भरोसा हुँदोरहेछ । अनि हामीले जानेकै कुराले मात्र हामीलाई टेवा दिन सक्दैन । अर्थात् आत्मपरक ज्ञानले बनाएका धारणाहरू परिवर्तनशील हुने भएकाले तिनमा मात्र भरोसा गर्ने अवस्था अज्ञानता हो र त्यही अपूर्ण ज्ञान नै भ्रम ज्ञान हो । हामीले जानेको भनेको धारणा जानेका हुँदा रहेछौं । धारणा भ्रम हो" भन्ने राईको विचारले यो संसारमा देखा परेको भौतिक वस्तुमाथिको हाम्रो बुझाइले मात्र पुग्दैन, त्यो भन्दा पर अनि भित्र छिरेर जीवन र जगत्लाई हेरौं भन्ने कुरातर्फ सङ्केत गरेको पाइन्छ । राईकै यही बुझाइलाई सङ्केत गर्दै भनिएको छ । जगत्मिथ्या जानेका पनि जीवनमा रमण गर्छौं । जीवनमा रमण गर्दैमा पनि हामी जगत्को मिथ्यात्व बिर्सँदैनौं भन्ने राईको धारणाले जगत्मिथ्या मान्ने प्राच्य विचार यहाँ प्रकट भएको बुझ्न सकिने र जगत्मिथ्या हो, भ्रम हो, जीवन त्रासद छ भन्ने भावना राईबाट प्रकट भएको कुरालाई भ्रमको वास्तविक गहिराइ हो भन्ने मानिएको छ (गौतम, २०६४,पृ.१९७) । ब्रह्मसत्यं जगन्मिथ्या भन्ने वैदान्तिक चिन्तनको सार नै संसारलाई मिथ्या र भ्रम मान्नु हो भन्ने विचारकै केन्द्रीयतामा रहेर राईले भ्रमको परिचय र भ्रमका प्रकार्यहरूका बारेमा आफ्नो दार्शनिक दृष्टि राखेको अनुभव हुन्छ । भ्रमका प्रकार्यहरूको कुरा गर्दा भ्रमबोध वेदान्तमा मात्र चरितार्थ हुने कुरा होइन । व्यावहारिक जीवनमै पनि यसको अभ्यास गर्न सकिन्छ । वेदान्तको पारमार्थिक सत्यलाई आधार मान्दा यो संसार मायिक छ । यहाँ धेरै कुराहरू मायिक दृष्टिले लीलामय छन् । लोकवत्तु लीला कैवल्यम् भन्ने दार्शनिक तहमा पुगेर हेर्दा धेरै कुराहरू मिथ्या लाग्छन् । भ्रम लाग्छन्, क्षणिक र नाशवान् लाग्छन् । अनि एउटै पारमार्थिक सत्ता ब्रह्म मात्र सत्य लाग्छ । यो दार्शनिक तहमा पुग्ने हो भने हामीले भ्रान्तिलाई पूर्ण आध्यात्मिक मान्नु पर्ने हुन्छ भन्ने समीक्षकहरुहो धारणा पाइन्छ । भ्रान्तिको अर्थका साथै व्यावहारिक तहमै पनि बहुविकल्पी ज्ञानहरू जब एक अर्कालाई चुनौती दिएर उपस्थित हुन्छन् तब यो हो कि? त्यो हो को भ्रान्ति हुन थाल्छ । त्यस्तै विश्वासको तहबाट हेर्दा अनुभूतिको तह, व्यवहारको तह र विज्ञानको तहबाट हेर्दा एउटै तत्त्व माथि धेरै विकल्पहरू तयार हुन्छन्, त्यो बेला प्रकट हुने भ्रान्तिले हामीलाई द्विविधामा पार्छ । यही अवस्थालाई सङ्केत गरेर यथार्थ अज्ञेय र अठम्याइने हुने रहेछ भनेर राईले हाम्रो लेखन लीलालेखन नै रहेछ भन्ने दार्शनिक आधार प्रस्तुत गरेका छन् । यिनै दार्शनिक र व्यावहारिक दृष्टिका भ्रान्तिहरूको प्रयोग र सत्यका विभिन्न रूपहरूको अभिव्यक्ति सिर्जनामा हेर्नु लीलासमालोचनाको अर्को स्वभाव हो ।

घ. **निश्चितता/निर्धार्यताः** यी दुई शब्दले आध्यात्मिक र भौतिक यथार्थ दुवैको प्रतिनिधित्व गरेका छन् । संसारमा सबै कुरा पूर्ण निश्चित र निर्धारित छन् भन्ने आध्यात्मिक बुझाइले यो संसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केवल रङ्गशाला हो अनि यहाँका सबै गतिविधिहरू नाटकका अभिनय मात्र हुन् भन्ने गीताको तात्पर्यार्थको आँखाले हेर्दा हामीले अज्ञानताका कारणले थाहा नपाएको मात्र हो भन्नु पर्ने हुन्छ। गीतामा श्रीकृष्णले यी सबै कौरव लगायतका असत्यमार्गीहरूलाई मैले उहिले नै मरिसकेको हुँ तर त्यसको निमित्तता आवश्यक थियो जुन अहिले कारण र कार्यको योग जुटेको छ। अर्जुन ! तिमी निमित्त बनेर यिनीहरूलाई मारेजस्तो गर भनी दिएको उपदेश पढ्ने हो भने सबै कुरा पूर्वनिर्धारित छ, निश्चित छ, हामी निमित्त मात्र बन्ने हो भन्ने अर्थ द्योतन हुन्छ। यसैगरी भौतिक दृष्टिबाट हेर्दा पनि घटना निश्चित छन्, सबै कुरा नियममा छ, निर्धारणमा छ। हामीले चाह्यौं भने पनि त्यसलाई परिवर्तन गरेर हुनेलाई नहुने र नहुनेलाई हुने पार्न सक्दैनौं। जे हुनु छ हुन्छ हुन्छ। त्यसैको व्यावहारिक यथार्थ हेर्ने हो भने पनि आज सूर्योदय भएकाले भोलि पनि यसै समयको वरपर सूर्योदय हुन निश्चित छ, निर्धारित छ। जीवनसँग मृत्यु निश्चित छ तर जीवन कति निश्चित हो थाहा छैन, मृत्यु निश्चित छ तर कहिले निर्धारित छ थाहा छैन। यही निश्चित आधारमाथिको अनिश्चित गतिविधि लीला हो भनिएको छ (धरावासी, २०७३,पृ.५२)। अध्यात्मको आँखाले हेर्दा यसमा अकर्तृत्व जोडिन आउँछ र कर्ताको रूपमा कुनै शक्ति उपस्थित हुन्छ, त्यही यथार्थलाई नियमित आकस्मिकता मान्दा भौतिकता बन्न पुग्छ। यही निश्चितता भित्र जीवन र जगत्का यावत् वस्तुहरू क्रियाशील छन् र ती सबै निर्धारित नै छन् तर निश्चित र निर्धारणको यो गति, क्रम र अवस्थाको अज्ञातता आफैमा लीला भएकाले लीलाबोध जीवन, जगत् र साहित्यमा पनि यसै अनुकूल व्याख्यायित छ भन्ने मान्यतामा निश्चितता र निर्धारणता विद्यमान छ भन्ने लीलाबोधी चेतनाको आधार नै लीलासमालोचनाको पनि आधार हो।

ङ. **अनिश्चितता/अनिर्धार्यता**: निश्चितभित्र विद्यमान अनिश्चितता अनि निर्धारणभित्रको अनिर्धार्यता पनि लीलाबोधी विचार नै हो। जीवनमा कुनै कुरा पनि स्थिर र निश्चित छैन अनि निर्धारित पनि छैन। हामीले गरिआएकै कामहरू पनि निर्धारित छैनन्। गर्दै र भन्दै जाँदा कहाँ कसरी के कुरासँग सम्झौता हुन्छ त्यो स्वयंलाई थाहा हुँदैन। हामी यो अनिश्चितता र अनिर्धार्यता बेहोरिरहेका हुन्छौं। हाम्रो अस्वीकारले नहुने र हाम्रो स्वीकृतिले हुने होइन भन्ने बोध नै लीला हो (धरावासी, २०७३,पृ.५२) भन्ने मान्यताबाट हेर्दा संसारका सबै कुरा लीलामय लाग्छन्। जीवन र जगत् यस्तै नै छ भन्ने लीलाबोधी मान्यताको प्रयोगको समालोचना कृतिमा गर्नु लीलासमालोचना हो।

च. **अकर्ताबोध**: मानिसले आफ्ना सबै कर्महरूमा कर्तृताको अधिकार राख्छ कि राख्दैन भन्ने प्रश्न बढी आध्यात्मिक हो साथसाथै भौतिक पनि हो। मानिसले सबै कर्ममा कर्ताको अधिकार राख्दैन, धेरै कामहरूको परिणाम मानिसको इच्छाविपरीत, उसको प्रयत्नको प्रतिकूल भइरहेको हुन्छ। त्यसैले आध्यात्मिक दृष्टिले कुनै अर्को दोस्रो कर्ता छ कि ? भन्ने जिज्ञासा उठेको छ। त्यो अवस्थामा अकर्ताबोध स्वतः आध्यात्मिक ईश्वरवादमा पुग्दछ। साथै जीवनमा धेरै प्रकारका क्रिया लीला छन्, हाम्रा, भावना, विचारणा क्रिया लीला छन्। हामी निमित्त। माध्यम मात्र हौं। निरन्तर प्रवाहमा छ सब पुरानो नासिंदो र नयाँ बन्दोमा (राई घोषणापत्र ४, क, ख, ग) भन्ने भनाइबाट हेर्दा पनि संसारका सबै वस्तुको आफ्नो गति, क्रम, क्रिया र परिणाम छ। प्राकृतिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमका आधारमा सबै गतिशील र परिवर्तनशील छ। मानिस त्यही गति र परिवर्तनमा निमित्त मात्र देखापर्छ, कर्ता हुन सक्दैन भन्ने साङ्ख्यवादी र भौतिकवादी विचारले समेत मानिस कर्ता होइन। यी दुवै अवस्थामा मानिसमा कर्ता बन्न सक्दैन भन्ने मान्यता लीलाबोधमा पाइन्छ। मूलतः यो चिन्तनको केन्द्रभूमि पूर्वेली अध्यात्मवाद नै हो।, पूर्वीय दर्शन वा ईश्वरवादलाई मानेर पनि साङ्ख्य, मीमांसा, वैशेषिक दर्शनहरू अध्यात्मवादी भएजस्तै लीलाबोधमा अभिव्यक्त अकर्ताबोध पनि आध्यात्मिक नै हो। अकर्ताबोधको चेतनाले भौतिक, आध्यात्मिक वा व्यावहारिक आदि जुनसुकै अवस्थालाई सङ्केत गरे पनि लीलाबोध अकर्ताबोधकै चेतना हो। यही अकर्ताबोधको अभिव्यक्ति कृतिमा हेर्ने काम लीलासमालोचनामा हुनुपर्दछ।

छ. **नाटकीयताः** नाटकीयताको अर्थ अभिनयात्मकता हो। अभिनय भनेको उही नभएर उस्तै क्रिया, प्रतिक्रिया हो। हो जस्तै लाग्ने धेरै सम्भवनाहरूको खेल जीवन र जगत्मा छ। लीला घोषणापत्रमै "जीवन र जगत्को कर्मभूमिका लीलानुसारी संघर्षरत छौं। लीला क्षेत्रमा छौं नभुलौं तर, र खेलौं बाँच्ने खेल" (घोषणाः १७) भनेर जीवन र जगत्का जे जति कर्म र प्रयत्नहरू छन् सबै लीला खेलका अभिनयात्मक रूपहरू हुन् भनेर त्यो खेल अध्यात्मबोधले होस् वा भौतिकताबोधले होस् खेल नै हो, अभिनयको रूप नै हो भनिएको छ। एउटै स्थिर मिथक लोग्ने स्वास्नीको झगडा परालको आगोमाथि कथा, नाटक, उपन्यास, समालोचना, कविता आदि सबै विधामा सिर्जना गर्न सकिएझैं, मन त छ तर त्यो कठपुतलीमा छ अर्थात् यो एउटा खेल हो, अभिनय हो। सबै सम्भवनाहरू उत्तिकै बलियो किसिमले हो झैं लाग्ने दुरुस्तै जस्ता तर पनि वस्तुता ती सबैभन्दा फरक छ यही अभिनयको अभिव्यक्ति नाटकीयता हो। जीवन र जगत्का यस्तै बहुरूपी, बहुदृष्टिका नाटकहरू छन् भन्ने कुरा लीलाको मुख्य मान्यतालाई बुझाइमा र सिर्जनामा देखाउने काम लीलाबोधमा गरिन्छ। नाटकीयता जीवन र जगत्लाई लीलालेखनमा राम्ररी उतारे नउतारेको समालोचना लीलासमालोचनाले गर्दछ।

ज. **आत्मपरकताः** आफूलाई अघि उभ्याएर आफ्नै आकृतिमाथि पनि विचार विमर्श चलाउनु लीला हो। "हामीले जानेको भनेको आफ्नो बुद्धिले सिकाएको कुरा जानेको हो। बुद्धिले देखाएको बाटोको ज्ञानलाई हामीले पूर्ण ज्ञान भन्ने ठान्दा हामीलाई धोका भएको छ। कुनै चिज जसलाई हामी देख्छौं, त्यसलाई त्यसकै रूपमा देख्दैनौं, त्यसलाई हामी तत्कालै आफ्नो अर्थमा देख्छौं। आफूले बुझेको, चिनेको, मानेको, सोचेको, पत्याएको आदि" (धरावासी, २०७३,पृ.४१)। अर्थात् सबै बुझाइहरू आत्मकेन्द्रित हुन्छन् पहिला अनि आफ्ना धारणाहरूले जानेको बुझेकोलाई ज्ञान मानेर हामी अघि बढ्छौं। यो क्रिया स्वाभाविक नै हो। सबैले आफू अनुकूल वा प्रतिकूल नै बुझ्ने हो र आधारभूत कुरा पनि त्यही हो। राईले भनेझैँ पहिलो स्वार्थ आफै हो, आफू बाँच्नु हो। त्यसपछि मात्र अरु स्वार्थहरू हुन्छन्। यो भनाइले लीलाबोधको पहिलो आधार आत्मपरकता हो। आफू उभिएको ठाउँ आफ्नो हित र पक्षपोषण, चिन्तनको आधार हुन्छ। "समाजका सबै मानिस हेर्दा सामूहिक मूल्यविन्दुमा देखा परे पनि तिनीहरूको सोचाइको प्रारम्भ आफ्नै वैयक्तिक स्थितिबाट हुन्छ। आफू उभिएको ठाउँ, आफ्नो आस्थाअनुसार नै वस्तुको मूल्याङ्कन गरिने हुँदा" (धरावासी, २०७३,पृ.५८) आत्मपरकता पहिलो शर्त हुने गर्दछ। स्रष्टाले सिर्जना गर्दा पनि सोही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मपरकतालाई अघि सारेर गर्ने गर्दछ। साथै भिन्नता बोधको पहिलो जिज्ञासाको जन्म आफ्नै बुझाइबाट हुने भएकाले आत्मपरकता लीलावोधको पनि महत्त्वपूर्ण आधार हो र समालोचनाको पनि आधार हो।

झ. **विज्ञानमा पनि विश्वासः** लीला बीससूत्रीय घोषणापत्रमा एकातिर पूर्वेली दर्शन र अध्यात्मवादको कुरा गरिएको छ भने अर्कोतिर भौतिक विज्ञानिक सापेक्षवाद र क्वान्टम फिजिक्स जस्ता आधुनिक वैज्ञानिक मान्यतासमेतबाट विचार सकार गरिएको कुरा गरिएको छ। अर्थात् लीलालेखन ज्ञान, अध्यात्ममा मात्र लीला देख्दैन विज्ञानको सृष्टि र विकाससम्बन्धी मान्यता, मनोविज्ञानको मनोरचनासम्बन्धी मान्यता समेतको योगदानमा जीवन र जगत्को अवस्थिति र क्रिया देख्दछ। ज्ञान र विज्ञानका हरेक सम्भावनाहरू माथि भरोसा गर्दै सृष्टि र जीवनबारेका गतिविधिलाई टुक्रा टुक्रामा हेर्न चाहने दर्शन लीलाबोधी लेखन हो भन्ने बुझ्न आवश्यक छ। त्यसो त विज्ञानका पछिल्ला धारणाहरूको बीजभूमि पूर्वीय चिन्तन नै हो। साङ्ख्यको सृष्टिसम्बन्धी मान्यतामा स्पष्टतः परस्पर भिन्न वस्तुहरूको घर्षणले उत्पन्न हुने परिवर्तन, पदार्थहरूको संघातमयता, गुणक्षोभबाट उत्पन्न हलचल (शर्मा (अनु.), २०६१, पृ. ३१) भन्ने मत अनि वैशेषिक दर्शनको परमाणुवादसम्बन्धी मान्यता नै आधुनिक फिजिक्सका आधार विचार हुन्। त्यसैले ज्ञानको विशालताका साथमा विज्ञानको गतिशीलता समेतलाई लीलाबोधी विचारले सकारेको पाइन्छ। विचार, व्यवहार र क्रियामा समेत ज्ञान जत्तिकै विज्ञानको योगदान हेर्ने हुँदा लीलाविचार वैज्ञानिक पनि मान्न सकिन्छ। क्वान्टम फिजिकसले माने जस्तै कुनै वस्तुको गुण र विशेषता त्यसका परमाणुमा रहेका इलेक्ट्रोन, प्रोट्रोन र न्युट्रोनको सङ्ख्या र अवस्थाले निर्धारण गरेझैँ हामीले जीवनलाई पनि यसैगरी ससानो रूपमा बुझ्दै गयौं भने त्यहाँ सुखदुःख, तेरोमेरो, मीठोनमीठो केही छैन। त्यहाँभित्र पनि शक्तिकै खेल छ, भित्रसम्म बुझ्यौं भने हामी हाइड्रोजनकै रूप हौं (धरावासी, २०७३, पृ. १२४) भन्ने मतसँग सहमति जनाउन सक्छौं। कुनै विशेष दृष्टिमा साँघुरो गरी नबसेर विराट् दृष्टिमा सृष्टि र जीवनलाई हेर्न खोजिएको विज्ञानवादी मान्यता समेतको प्रयोगलाई मानेको लीलाबोधी लेखन र समालोचनालाई युगसापेक्ष मान्न सकिन्छ।

ञ. **मनोविज्ञानको प्रयोगः** ज्ञान र विज्ञान जत्तिकै महत्त्वपूर्ण मनोविज्ञान पनि हो भन्ने कुरा लीलाबोधी लेखनले पनि मानेको छ। बाह्यजगत्लाई विभिन्न दृष्टिले हेरेजस्तै मनोजगत्लाई पनि हेरेर अध्ययन गर्न र लेख्न धेरै कुराहरू छन् भन्ने विषयमा लीलाबोधी लेखन स्पष्ट देखिन्छ। निश्चय पनि लीलाबोधको प्रयोग बुद्धिको उपयोग गरेर थालिएको हो। तर जति जति बुद्धिको नजिक पुगियो त्यति त्यति बुद्धिले मात्र पुग्दो रहेनछ। बुद्धिले कहिलेकाहीँ धोका दिने रहेछ। बुद्धिले एउटा ज्ञान दिन्छ तर त्यसैको पछि लागेर वा भर गरेर बस्दा हृदय र मनका अन्य धेरै पक्षहरू छुट्ने रहेछन्। बुद्धिले कहिलेकाहीँ धोका दिने रहेछ। बुद्धिले एउटा ज्ञान दिन्छ तर त्यसैको पछि लागेर वा भर गरेर बस्दा हृदय र मनका अन्य धेरै पक्षहरू छुट्ने रहेछन् भन्ने भएपछि अन्य पक्षको पनि खोजी भयो। बौद्धिकतामाथि अविश्वास लाग्यो, बुद्धिलाई अविश्वास गर्ने के हो ? कसो हो ? जान्न सक्दैनौं नि भन्ने जस्तो अवस्थामा पुग्यौं। यही अवस्था हो लीलालेखनको सुरुवात (राई, झम्सिखेल लिटरेरी फेस्टिभल भावार्थ, साभारः धरावासी, २०७३, पृ. १९) भनेर राईले आफूहरू बुद्धि पछि क्रमशः मनतर्फ भरोसा गर्ने हुन थालेको सङ्केत गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्) । लीला घोषणापत्रमै युङ्गीय मनोविज्ञानको अवचेतनाको विमुक्तिको समकक्षी छ लीलालेखनको शून्य मन भनेर लीलालेखन मनोविज्ञानपरक छ भन्ने स्पष्ट पारिएको छ । कुनै पनि साहित्यिक कृतिभित्रको मनोविश्लेषणात्मक प्रयोगलाई लीलालेखनले सकारेको अवस्थामा साहित्यिक कृतिको मनोविज्ञानपरक विश्लेषण पनि लीलापरक समालोचना भित्रै पर्दछ ।

ट. **विनिर्माणः** विनिर्माण उत्तरसंरचनावादको मान्यता हो । विनिर्माणको मान्यता ज्याक डेरिडाको अवधारणा हो । विनिर्माणको अर्थ ध्वंस वा भत्काउनु हो । भत्काउनु भन्नाले केन्द्रीयतालाई नमान्नु हो । "उपस्थितिको अध्यात्मवादलाई त्याग्नु, डिकन्ट्रक्सन गर्नु, भिन्नतालाई आधारभूत तत्त्वको मान्नु, जग वा आधारलाई नमान्नु वा अनिश्चियको खाडलतिर लैजानु" (गौतम, २०६४,पृ.९४) भन्ने अर्थमा विनिर्माणलाई लिइएको छ । यस भनाइले भाषाले, मान्यताले, मिथकले, दृष्टिकोणले निर्माण गरेको केन्द्रलाई टुक्र्याएर हेर्नुपर्छ, पुरानो नासिंदो र नयाँ बन्नुमा संसारका सबै कुराहरू छन्, वस्तुहरू छन् । त्यसैले जान्दै आइएको कुरामा स्थिर भएर बस्नु नभई हरेक नयाँ निर्माणको निम्ति पुरानोलाई फोड्नु नै विनिर्माण हो भन्ने बुझ्न सकिन्छ । उत्तर संरचनावादले अगाडि सारेको भए पनि यो मान्यता पुरानै हो । हामी जब एउटै कुराको पछि मात्र लागिरहन्छौं नयाँ कुराहरूको उद्घाटनको सम्भावना रहँदैन त्यसैले पुनर्निर्माणका निम्ति निर्मितिलाई तोडेर नयाँको खोजीमा लाउनुपर्छ भन्ने कुरा लीलाबोधले पनि स्वीकार गरेको छ । लीलाबोधले पूर्वेली मिथकमाथि पुनर्निर्माणको सम्भावनालाई देखाएको छ । हिजो लेखिएका साहित्यले दिँदै आएको अर्थ एउटा सम्भावना हो तर त्यही अर्थ मात्र पूर्ण र अन्तिम अर्थ होइन । अर्थका नयाँ सम्भावनाको निम्ति पुराना अर्थलाई भत्काएर मात्र अघि बढ्नु पर्ने हुन्छ । त्यस्तो अवस्थामा आख्यानको विनिर्माण र त्यसमा पुनर्निर्माणको थालनी गर्नै पर्छ भन्ने मान्यता अघि सारेर स्थिर मिथकमाथि विपठन गरेको छ र पुनर्पठनका माध्यमले अर्को सम्भावनालाई अघि सारेको छ । लीलाबोधले यसको निम्ति विपठन र विनिर्माणसम्बन्धी उत्तरसंरचनावादी मान्यतालाई आधार मानेको देखिन्छ । त्यसका अतिरिक्त हाम्रा प्रत्येक धारणाहरूमा विनिर्माणको सम्भवनालाई अघि सारेको छ । यिनै कुराहरू कुनै पनि साहित्यिक कृतिमा विभिन्न ढङ्गले आएको नआएको हेर्नु लीलासमालोचना हो ।

निष्कर्ष

लीलाबोधी लेखनका विभिन्न पक्षमा धेरै वर्षदेखि चलिरहेको सैद्धान्तिक छलफलमा लीलासमालोचनालाई पनि सामेल गराउन प्रस्ताव गर्ने काम यस लेखबाट भएको छ । लीलाविचार र दर्शनलाई राम्ररी व्याख्या गरेर मात्र लीलाबोधी सिद्धान्तलाई स्थापित गर्न सकिन्छ । लीलाबोध पूर्वेली र पश्चिमेली ज्ञान र विज्ञानलाई सम्मिश्रण गरेर जीवन र जगत्लाई हेर्न सक्यो भने त्यहाँ परम्परित नजरले नदेखिएका धेरै कुराहरू देखिन सक्छन्, जीवन र जगत्लाई बुझौं र लेखौं भनेर थालिएको नयाँ अभियान भएकाले यसमा धेरै आग्रह र पूर्वाग्रहहरू छैनन् । बहुल दृष्टि र बहुल विचार राख्न सक्यो भने यो आध्यात्मिक मात्र होइन भौतिक दर्शनबाट पनि अनुप्राणित छ भन्ने बुझ्न सकिन्छ । उपनिषद्, दर्शन, भौतिक विज्ञानिक सापेक्षतावाद, मनोविश्लेषण, मार्क्सवादीय आइडियोलोजी, व्यवहारवाद, पाठकीयप्राप्ति सिद्धान्त र विनिर्माण समेतको प्रयोगले यसलाई अनुदार दृष्टि होइन नै भन्ने स्पष्ट गर्दछन् । विचार, दर्शन र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोणको तहमा लीलासमालोचना सबै स्रष्टाहरूका सिर्जनामा गर्न सकिन्छ। केही प्राविधिक भाषा र शैलीको प्रयोग उत्तरसंरचनावादी, उत्तरआधुनिकतावादी सिर्जनामा झैँ लीलासिर्जनामा पनि भएको मान्न सकिन्छ। यो एउटा युक्ति प्रस्ताव गरिएको छ, छलफल र बहसले यसमाथि थप निखार आउँदै जानेछ।

सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा* काठमाडौँ: अक्षर क्रियसन्स नेपाल)।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा* काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेशन्स।

धरावासी, कृष्ण (२०५३), *लीलालेखन* काठमाडौँ: दुवसु क्षेत्री।

____________, (२०७३), *लीलाबोध* काठमाडौँ: पैरबी बुक हाउस।

पचौरी, सुधीश (सन् १९९७), *देरिदा का विखंडन और साहित्य* हरियाणा: आधार प्रकाशन प्रा. लि.।

राई, इन्द्रबहादुर (सन् १९८९), *कठपुतलीको मन* कलकत्ता: श्रीमती इन्द्र प्रधान।

____________ (सन् १९९४), *अर्थहरूको पछिल्तिर* गान्तोक: जनपक्ष प्रकाशन।

वेदव्यास, महर्षि,(२०७४) *श्रीमद्भागवतमहापुराणम्* (अठ्चालीसौँ सस्करण), गोरखपुर : गीताप्रेस।

शर्मा, अर्जुनदेव (अनु.) (२०६१), *भारतीय दर्शनहरूमा के छ ?* काठमाडौँ: प्रवेश प्रकाशन।

सरस्वती, मधुसूदन (टी.)(२०६०), *श्रीमद्भगवद्गीता* वाराणसी: चौखम्बा संस्कृत संस्थान।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयनमुहूर्त विचार

✍ नारायणप्रसाद निरौला *

शोधसार

मानवजीवनका सोह्रसंस्कार(मुख्यकर्म) मध्येको एक उपनयनसंस्कार हो । जसलाई व्रतबन्ध, यज्ञोपवीतसंस्कार शब्दले पनि सम्बोधन गरिन्छ । जन्म वा गर्भदेखि आठौँवर्ष उपनयनका निम्ति उत्तम मानिएको छ । यसैगरी १६ वर्षसम्मको समय मध्यम रहने गर्दछ । उपनयन मुहूर्त्तमा बृहस्पति अनुकूल वनाउनुपर्ने कुरा बताइएको छ । आफ्नो राशिबाट ४।८।१२ राशिमा बृहस्पति भएको वेला व्रतबन्ध निषेध गरिएको छ । उत्तराणका महिना शुभ रहन्छन् । यसैगरी सप्तशलाकाचक्र विद्धनक्षत्र, पापार्क्ष, पर्वतिथि, प्रदोष, अनध्याय, मलमास र गुरुशुक्र अस्तको समय छोडी २।३।५।११।१२।१० तिथि, आइत, सोम, बुध, बिही र शुक्र वार, हस्त, अश्विनी, पुष्य, उफा. उषा, उभाप, रोहिणी, अश्लेषा, स्वाती, पुनर्वसु, श्रवण,धनिष्ठा, शतभिषा, मूल, मृगशिरा, रेवती, चित्रा, अनुराधा, पूफा, पूषा, पूभाप एवं आर्द्रा यी २२ नक्षत्रमा लग्नशुद्धिपूर्वक उपनयन संस्कार शुभ रहन्छ ।व्रतबन्धमा मूलतः मन्त्रदानको समय प्रमुख रहन्छ ।

शब्दकुञ्जी- *अनध्याय, अष्टकवर्ग, केन्द्र, पात, प्रदोष, नवमांश, वटुक, सप्तशलाका ।*

विषयप्रवेश

उपनयनलाई व्रतबन्ध, यज्ञोपवीत संस्कार आदि नामले पनि सम्बोधन गरिन्छ । व्रतमा अनुबन्धित हुने संस्कार विशेष नै उपनयन हो ।उपनयनको अर्थ गुरुको समीपमा राख्ने भन्ने हुन्छ । **'उपनयनं नाम आचार्यसमीपनयनाङ्गको गायत्र्युपदेशप्रधानकः कर्मविशेषः'** (धर्मसिन्धु, तृतीयपरिच्छेदः, पृ १६६) । **वृन् वरणे** धातुमा **अतच्** प्रत्यय लागेर व्रत शब्दको निर्माण हुन्छ (शब्दकल्पद्रुम) । जसको अर्थ उपवासादि पुण्यकर्म भन्ने हुन्छ । **'केचित्स्वकर्तव्यविषयो नियतः सङ्कल्पो व्रतमिति'** (व्रतराज, पृ.२) अर्थात् कुनै कर्तव्य विशेषका निम्ति सङ्कल्पपूर्वक गरिने कार्य नै व्रत हो । व्रतमा अनुबन्धित हुने कार्यलाई व्रतबन्ध भनिन्छ । व्रतवन्ध वा उपनयनसंस्कारपछि औपचारिक रूपमा वेदको ज्ञान (शिक्षा) आरम्भ गर्ने शास्त्रीय व्यवस्था रहेको छ । उपनयनसंस्कारपछि गुरुको नजिक रही २५ वर्षसम्म ज्ञान आर्जन गर्नुपर्ने वर्णाश्रमधर्म व्यवस्था अनुसार यो संस्कार सम्पादन गरिन्छ ।

वर्तमानमा चूडा, उपनयन, वेदारम्भ र समावर्त यी चार संस्कार व्रतबन्धअन्तर्गत सम्पादन गरिन्छ । यी पृथक् पृथक् संस्कार हुन् । उपनयनपूर्व चूडा(छेवर) संस्कार सम्पन्न गरिन्छ भने उपनयनपश्चात् वेदारम्भ र समावर्तनका कर्म हुने गर्दछन् । तीवर्षदेखि माथि विसमवर्षमा चूडा संस्कार सम्पादन गर्न सकिन्छ (मुहूर्त्तचिन्तामणि, संस्कारप्रकरण, श्लो.२९) । यसरी चूडा संस्कार पहिले गरेको भए पनि उपनयनको अङ्गका रूपमा तद् समयमा केश मुण्डनपूर्वक नै व्रतदानका कार्य गर्ने पद्धति प्रचलनमा रहेका छन् । व्रतबन्धमा मूलतः मन्त्रदानको समय प्रमुख रहन्छ ।

समस्याकथन

उपनयनसंस्कारका निम्ति कुन समय उपयुक्त हुन्छ ? यसरी समय निर्धारण गर्ने आधार के हुन् ? यसरी

---

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समयको निर्धारण गर्दा के कस्ता कुरामा विचार गर्नुपर्छ ?भन्ने मूल समस्यामा नै यो शोध केन्द्रित रहेको छ। यसअन्तर्ग व्रतबन्ध कतिवर्षमा गर्नुपर्छ ?व्रतबन्धको मुहूर्त्त जुराउँदा के कस्ता कुरामा विचार गर्नुपर्छ ? व्रतबन्धका निम्ति उपयुक्त समय कुन हो ? लग्नशुद्धि कसरी गर्नुपर्छ ?भन्ने समस्या पनि विद्यमान छन् ।

उद्देश्य

उपनयनसंस्कारको मुहूर्त्त निर्धारण गर्नु यस लेखको उद्देश्य रहनेछ । यसैगरी व्रतबन्ध कतिवर्षमा गर्नुपर्छ ? व्रतबन्धको मुहूर्त्त जुराउँदा के कस्ता कुरामा विचार गर्नुपर्छ ?व्रतबन्धका निम्ति उपयुक्त समय कुन हो ? लग्नशुद्धि कसरी गर्नुपर्छ ?भन्ने विषयवस्तुको निराकरण पनि प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालय विधिको उपयोग गरिएको छ । प्राथमिक र माध्यमिक स्रोतका सामग्रीको अर्थापनमा पाठविश्लेषण, सन्दर्भपरक र तुलनात्मक विधि उपयोग गरिएको छ । कालक्रमिक रूपमा प्राप्त प्रमाणलाई सन्दर्भपरक विश्लेषण गरिएको छ ।

उपनयनमुहूर्त्त विचार

व्रतबन्ध कतिवर्षमा गर्नुपर्छ ?

गर्भधान काल अथवा जन्मकालबाट ८ वा ५ वर्षमा ब्राह्मणको, ६ वा ११ वर्षमा क्षत्रियको तथा ८ वा १२ वर्षमा वैश्यको उपनय गर्नुपर्दछ :

विप्राणां व्रतबन्धनं निगदितं गर्भाज्जनेर्वाऽष्टमे

वर्षे वाऽप्यथ पञ्चमे क्षितिभुजां षष्ठे तथैकादशे ।

वैश्यानां पुनरष्टमेऽप्यथ पुनः स्यात् द्वादशे वत्सरे

कालेऽथ द्विगुणे गते निगदिते गौणं तदाहुर्बुधाः ॥ (मुहूर्तचिन्तामणि, संस्कारप्रकरण, श्लो. ३९)

यसरी बताइएको समयभन्दा दुईगुणा अधिक समयपछि भने व्रतवन्धका निम्ति समय गौण रहने गर्दछ । धर्मसिन्धुमा पनि यही प्रमाण उल्लेख छ(धर्मसिन्धु, तृतीयपरिच्छेदः, पृ १६६) । मनुले व्रतबन्ध गर्ने दुई प्रकारका समय बताएका छन् : नित्य र काम्य । ब्राह्मणका लागि ८, ११ र १२ वर्ष नित्यकालअन्तर्गत पर्छन् । ५, ६ र ८ वर्ष काम्यकाल हुन् । दुईगुण अर्थात् १६, २२, २४ वर्ष गौणकाल रहने गर्दछ । त्यपछिको समयलाई व्रात्य मानिएको छ । (मनुस्मृति, २।३६-४० श्लो) अर्थात् गौणकाल पछिको समय त्याज्य रहन्छ । नारदसंहितामा पनि यही कुराको पुष्टि गरिएको छ । (नारदसंहित, अध्याय २४ श्लो. २) । विश्वप्रकाशपद्धति आपस्तम्बअनुसार विद्या र सन्ततिको कामना राख्नेले ५ वर्षमा, धन सन्ततिको कामना राख्नेले ६ वर्षमा, ब्रह्मवर्चस्वी होस् भन्ने कामना राख्नेले ७ वर्षमा, दीर्घायुको कामना राख्नेले ८ वर्षमा, तेजको कामना राख्नेले ९ वर्षमा, अन्नको कामना राख्नेले १० औं वर्षमा, इन्द्रियको कामना राख्नेले ११ वर्षमा, पशुको कामना राख्नेले १२ वर्षमा, विजयको कामना राख्नेले १३ वर्षमा, पुरुषार्थको कामना राख्नेले १४ वर्षमा, पूर्णकामना राख्नेले १५ वर्षमा, राज्यको कामना राख्नेले १६ वर्षमा व्रतवन्ध गर्नुपर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(मुहूर्त्तचिनतामणि, पीयूषधाराटीका, पृ. २४७) । यसरी समग्र मतलाई हेर्दा ८ देखि १६ वर्षसम्मको समय व्रतबन्धका निम्ति उपयुक्त रहने देखिन्छ ।

व्रतबन्धमा बृहस्पति विचार

उपनयन अर्थात् व्रतबन्धको साइत जुराउन वर्षको निर्धारणपछि बृहस्पतिको अनुकूल समय पार्नुपर्दछ ।व्रतबन्धमा बालकको र विवाहमा कन्याको जन्मराशिबाट २,३,५,६,७,९,१०,११ राशिमा बृहस्पति भए उत्तम मानिएको छ :

बटुकन्याजन्मराशेस्त्रिकोणायद्विसप्तगः ।

श्रेष्ठो गुरुः खषट्त्र्याद्ये पूजयाऽन्यत्र निन्दितः ॥(मुहूर्त्तचिन्तामणि, संस्कारप्रकरण, श्लो.**४६**)

अर्थात् व्रतबन्धमा बालकको र विवाहमा कन्याको जन्मराशिबाट २।५।७।९।११ राशिमा बृहस्पति भए उत्तम, १०।६।३।१ राशिमा बृहस्पति भए पूज्य हुन्छ । वटुक वा कन्यको राशिबाट बृहस्पति ४।८।१२ राशिमा भए निन्दित मानिएको छ । जस्तो कि मेष राशि भएका वटुकलाई कर्कट, वृश्चिक र मीन राशिमा बृहस्पति रहेको समयमा उपनयन मुहूर्त्त जुर्दैन भनिएको छ । यसरी ४।८।१२ राशिमा परेका बृहस्पति भए पनि आफ्नो उच्चको राशि (कर्कट), आफ्नो राशि (धनु र मीन), मित्रको राशि (४।५।१।८), मकर, कुम्भ राशिमा पनि आफ्नो नवमांश र वर्गोत्तम बृहस्पति भए जन्मराशिबाट ४।८।१२ राशिमा भए पनि उत्तम रहन्छ ।(मुहूर्त्तचिन्तामणि, ५।४७) उक्त अवस्थ भए ४।८।१२ को बाधा पर्ने देखिँदैन । तर नीच राशि(मकर), शत्रुराशिमा (३।६।२।७)मा भए गोचरबाट शुभ रहे पनि उपनयन अशुभ फलदायी रहन्छ भनी मुहूर्त्तमार्त्तण्डमा पनि उल्लेख छ (मुहूर्त्तमार्तण्ड, ३।१५) ।

व्रतबन्धका निम्ति निषेधित समय

उपनयनका निम्ति प्रदोष, अनध्याय, मेघ गर्जन भएको समयका साथै अपराह्नको समयलाई निषेध गरिएको छः

कृष्णे प्रदोषेऽनध्याये शनौ निश्यपराह्नके । प्राक्सन्ध्यागर्जिते नेष्टे व्रतबन्धो गलग्रहे ॥

(मुहूर्त्तचिन्तामणि, ५।**४८**)

कृष्णपक्षमा षष्ठीदेखि औँसीसम्म, प्रदोषका दिन, अनध्याय, शनिवार, अपराह्नकाल (दिनमानको तृतीयंशमा) रात्रि, प्रातः कालमा मेघ गर्जन भएका वेला र गलग्रह (१३।१४।१५।३०।१।४।७।८।९) तिथिमा उपनयन अशुभ मानिएको छ । यसैगरी मेघ गर्जन भए शान्ति गर्नुपर्ने कुरा निर्णयसिन्धुमा उल्लेख छ । यसैगरी मेघगर्जनभए बृहस्पतिसूक्तको जपका साथै घिउ र पायस हवन गर्नुपर्छ भनिएको छ । (निर्णयसिन्धु, तृतीयपरिच्छेद, पृ.५५२)

प्रदोषकाल

प्रदोष विशेष दोषयुक्त समय हो । उक्त समयमा उपनयनका कार्य निषेध गरिएका छन् :

अर्कतर्कत्रितिथिषु प्रदोषः स्यात्तदग्रिमैः । रात्र्यर्धसार्धप्रहरयाममध्यस्थितैः क्रमात् ॥

(मुहूर्त्तचिन्तामणि, **५।५५**)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वादशी तिथिको आधारातभन्दा पहिले यदि त्रयोदशी तिथि लाग्यो भने, षष्ठी तिथिको रातिडेड(१.५) प्रहर पहिले नै सप्तमी तिथि लाग्यो भने र तृतीयाको १ प्रहर पहिले चतुर्थी प्रारम्भ भयो भने यस्तो अवस्थालाई प्रदोष मानिन्छ । प्रदोषमा उपनयन कर्म वर्जित छ । यसैगरी प्रदोषको समयमा वेद तथा वेदाङ्गको अधययन अध्यापन पनि गर्नुहुँदैन भनिएको छ ।

अनध्याय विचार

अनध्याय वेद अध्ययनका निम्ति निषिद्ध काल हो । उपनयन संस्कारमा वेदको अध्ययन आरम्भ गरिन्छ । यसैले अनध्यायको समयमा यो कर्म नगर्नू भनिएको छ । अनध्यायअन्तर्गत निम्न तिथि रहन्छन् :

शुचिशुक्रपौषतपसां दिगशिवरुद्रार्कसङ्ख्यसिततिथयः ।

भूतादित्रितयाष्टमी सङ्क्रमणं च व्रतेष्वनध्यायाः ॥ (मुहूर्त्तचिन्तामणि, ५।५४)

आषाढ शुक्लपक्षको दशमी, ज्येष्ठ शुक्लपक्षको द्वितीया, पौष शुक्लपक्षको एकादशी, माघ शुक्लपक्षको द्वादशी, चतुर्दशी, पूर्णिमा, अमावस्या, प्रतिपदा, अष्टमी र संङ्क्रान्तिको दिन व्रतबन्धका निम्ति अनध्याय हुन् । यी तिथिमा उपनयन संस्कार गर्नुहुँदैन । (धर्मसिन्धु, तृतीयपरिच्छेद, पृ. १६७) मा पनि यही कुरा पाइन्छ ।

गुरुशुक्रास्त विचार

गुरु र शुक्र अस्त भएको समयमा व्रतबन्ध संस्कार कर्म निषेध गरिएको छ । गुरुशुक्रको बाल्य वृद्धत्वको विषयमा मुहूर्त्तचिन्तामणीमा यसरी बताइएको छ :

पुरः पश्चात् भृगोर्बाल्यं त्रिदशाहं च बर्द्धकम् । पक्षं पञ्चदिनं ते द्वे गुरोः पक्षमुदाहृते ॥

(मुहूर्त्तचिन्तामणि, ५।२७)

शुक्र पूर्वमा उदय भएको ३ दिन एवं पश्चिममा उदयपश्चात् १० दिनसम्म बाल्य (स्वल्प तेजश्वी) रहन्छ । शुक्र पूर्वमा अस्त हुनुपूर्व १५ दिन र पश्चिममा अस्त हुनुपूर्व ५ दिन वृद्धअवस्थामा रहन्छन् । बृहस्पतिको बाल्य एवं बृद्धत्व हुनुपूर्व र पश्चात् १५-१५ दिन रहन्छ । केही आचार्यका मतमा गुरु र शुक्र उदय र अस्तपूर्व १०-१० दिन बाल्य र वृद्ध रहन्छन् भने कुनै आचार्यका मतमा ७-७ दिन सम्म रहन्छन् भन्ने छ । (मुहूर्त्तचिन्तामणि, ५।२८)अत्यन्तआवश्यक कार्यमा ३ दिन पूर्व र पर बाल्य र वृद्धत्व रहने गर्दछ । (पीयूषधारा टीका) । गुरु, शुक्र र चन्द्रमा तीनै ग्रहको अस्त, बाल्य र वृद्धत्व शुभकार्यमा अशुभ रहन्छ । गर्गाचार्यले गुरुशुक्रको बाल्यवृद्धत्व देश अनुसार भिन्न रहने र नेपाललगायतका स्थानमा तीन दिन प्रभाव रहनेबताएका छन् । (पीयूषधाराटीका) प्रचलित पञ्चाङ्गमा गुरु शुक्रको अस्तपूर्व र उदय पश्चात् ३ दिन मानेर मुहूर्त्त निर्धारण गरेको पाइन्छ ।

व्रतबन्धमा अन्य विचारणीय पक्ष

सप्तशलाकाचक्र विचार

सप्तशलाकाचक्रमावेध भएको नक्षत्रमा व्रतबन्ध निषेध गरिएको छ । विवाहमा पञ्चशलाका वेध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र व्रतबन्धमा सप्तशलाका वेध त्याज्य मानिएको छ । पञ्चशलाकाचक्रबाट विवाहको विचार र सप्तशलाका चक्रबाट व्रतबन्ध, चूणदि कार्यको विचार गर्नुपर्दछ ।

पञ्चशलाकाचक्रे पाणिग्रहणे भवति च विधिरुक्तः ।

शस्तः शुभमित्रकृतः सप्तशलाकाज इतरत्र ॥ (वसिष्ठको मत,पीयूषधारटीका, पृ. २५०)

विवाह बाहेकका कार्यको विचार सप्तशलाकाबाट गर्नुपर्छ । वटुकको नक्षत्रको सामुन्नेको नक्षत्रका दिन गर्नुहुँदैन । जस्तो कि कृत्तिका नक्षत्रका दिन श्रवण नक्षत्रभएका वटुकलाई सप्तशलाका विद्धनक्षत्र भएकाले निषेध गरिएको छ ।

सप्तशलाकाचक्र



पापग्रहविद्ध नक्षत्र विचार

पापग्रहले विद्ध भएको नक्षत्रमा पनि उपनयन संस्कारवर्जित रहन्छ :

भुक्तं भोग्यं तथाक्रान्तं विद्धं पापग्रहेण च । शुभाशुभेषु कार्येषु वर्जनीयं प्रयत्नतः ॥

यस्याभिधाननक्षत्रं विद्धं क्रूरग्रहेण तु ।देशो ग्रामः पुरं सैन्यं नरो नारी विनश्यति ॥

(पीयूषधारा, पृ २५०)

पापग्रहले युक्त नक्षत्रलाई पापार्क्ष भनिन्छ । पापग्र (सूर्य, मंगल, शनि, राहु, केतु) गोचरमा चलेको समयलाई व्रतबन्धका निम्ति त्यज्य मानिएको छ । पात्रोमा पापार्क्षाणि भनेर पापग्रहले विद्ध नक्षत्रको उल्लेख गरिएको हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयनका निम्ति उपयुक्त महिना

उपनयनका निम्ति महिनाको निम्नानुसार व्यवस्था गरिएको छ :

गीर्वाणाम्बुप्रतिष्ठापरिणयदहनाधानगेहाप्रवेशा-

श्चौलं राजाऽभिषेकोदवसितविशनं नैव याम्यायने स्यात् ।

नो वा बाल्यास्तवार्द्धे सुगुरुसितयोर्नैवकेतूदये स्यात् ।

पक्षं वार्द्धं च केचिज्जहति तमपरे यावदीक्षां तदुग्रे ॥ (मुहूर्त्तचिन्तामणि, ५।२६)

देवता एवं जलाशयको प्रतिष्ठा, विवाह, अग्न्याधान, गृहप्रवेश, मुण्डन, राज्याभिषेक तथा व्रतबन्ध यी सबै शुभकर्म याम्यायन (साउनदेखि पौषसम्म) निषिद्ध छन् । यसैगरी बृहस्पति र शुक्रको बाल्य, अस्त, बार्धक्य, केतूदय(पुच्छ्रेतारा देखिएको) १५ दिन वा पक्षार्ध ८ दिनसम्म (कसैका मतमा औँसीसम्म पनि) यस्ता शुभ कार्य वर्जित रहन्छन् । उत्तरायणका पनि माघ, फागुन, चैत्र, वैशाख र जेठ महिना व्रतबन्धका निम्ति उत्तम मानिएका छन् ।नारदजीको मतमा धनवान्, वेदशास्त्रमा विशारद्का व्यक्तित्वका निम्ति वैशाख र कुलको उन्नतिका निम्ति जेठ महिना उपनयनका लागि शुभ रहन्छन् ।(नारदसंहिता, २४।७)यसैगरी चैत्र महिनालाई उपनयनका निम्ति उत्तम मानिएको छ ।(पीयूषधारटीका, पृ. २४९) आषाढ महिनाको हरिशयनी एकादशीपूर्व व्रतबन्धका निम्ति शुभ मानिएको छ । यसरी हरिशयनी एकादशीपूर्व पनि मिथुन राशिमै सूर्य (आषाढ) भएका वेला मात्र शुभ रहन्छ । कर्कराशिमा सूर्य गएको अवस्थामा वा साउनको सौरमासमा भने र हरिशयनी एकादशीपश्चात् व्रतबन्ध निषिद्ध छ । (पीयूषधारटीका, पृ. २४९) ।

तिथि, नक्षत्र, वार र दिन विचार

क्षिप्रध्रुवाहिचरमूलमृदुत्रिपूर्वारौद्रेऽर्कविद्‌गुरुसितेन्दुदिने व्रतं सत् ।

द्वित्रीषुरुद्ररविदिक्प्रमिते तिथौ च कृष्णादिमत्रिलवकेऽपि न चापराह्ने ॥(मुहूर्त्तचिन्तामणिः, ५।४०)

क्षिप्रसंज्ञक (हस्त, अश्विनी, पुष्य), ध्रुवसंज्ञक (उफा. उषा, उभाप, रोहिणी), अश्लेषा, चरसंज्ञक (स्वाती, पुनर्वसु, श्रवण,धनिष्ठा, शतभिषा), मूल, मृदुसंज्ञक (मृगशिरा, रेवती, चित्रा, अनुराधा), तीन पूर्वा पूफा, पूषा, पूभाप एवं आर्द्रा यी २२ नक्षत्रमा उपनयनका निम्ति शुभ रहन्छन् ।वसिष्ठ, कश्यप एवं नारदका मतमा ह, चि, स्वा, श्र, ध, शत, रोहिणी मृगशिरा, पुनर्वसु, पुष्य, रेवती, अश्विनी, उफा, उषा, उभाप र अनुराधा नक्षमात्र शुभ मानिएका छन् । ब्राह्मणका निम्ति पुनर्वसुनक्षत्रमा उपनयन निषिद्ध मानिएको छ । आर्द्रा, अश्लेषा, ३ पूर्वा तथा मूल नक्षत्र र ब्राह्मणका लागि पुनर्वसुसहित ७ नक्षत्र वसिष्ठादि ऋषिका मतमा निषिद्ध छन् । (पीयूषधाराटीका, पृ. २४९)

आइत, सोम, बुध, बिही र शुक्र वार उपनयनका निम्ति शुभ रहन्छन् । मंगल र शनिवार निषिद्ध छन् । सामवेदीका निम्ति मंगलवार पनि शुभ रहनछ । २।३।५।११।१२।१० तथा कृष्णपक्षको प्रथम त्रिभाग (१,२।३।४।५) तिथिमा शुभ रहन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयन संस्कार पूर्वाह्नको समयमा दिनमानलाई ३ भाग लगाउने पूर्वाह्न, मध्याह्न र अपराह्न हुन्छ ।) उत्तम रहन्छ ।मध्याह्नको समय मध्यम श्रेणीको मानिन्छ । अपराह्नमागर्नुहुँदेन भनिएको छ ।

व्रतबन्धमा लग्नशुद्धि

कवीज्यचन्द्रलग्नपा रिपौ मृतौ व्रतेऽधमाः ।

व्ययेऽब्जभार्गवौ तथा तनौ मृतौ सुते खलाः ॥४१ ॥ (मुहूर्त्तचिन्तामणिः, ५।४१)

बालकको उपनयनको लग्नकुण्डलीको छैटौं र अठौं स्थानमा शुक्र, बृहस्पति र चन्द्रमा स्थित रहेर लग्नको स्वामी पनि भएको, १२ औं स्थानमा चन्द्रमा र शुक्रको निवास, लग्नबाट आठौं वा पाँचौ स्थानमा पापग्रह (सू.मं, श,रा,के)बसेको अवस्थाले बालकको उन्नतिलाई बाधा गर्छ । यसैले यस्तो लग्न निन्द्य छ ।

व्रतबन्धेऽष्टषड्रिष्फवर्जिताः शोभनाः शुभाः ।

त्रिषडाये खलाः पूर्णो गोकर्कस्थो विधुस्तनौ ॥ (मुहूर्त्तचिन्तामणिः, ५।४२)

लग्नबाट ६।८।१२ स्थानमा छोडी अन्यस्थानमा (१,२,३,४,७,९,१०,११ स्थानमा) शुभग्रह र ३।६।११ स्थानमा पापग्रह व्रतबन्धका निम्ति उत्तम मानिन्छ । यसैगरी पूर्णचन्द्रमा वृष राशि या कर्कट राशिको भएर उपनयनको लग्नमा निवास गरेका भए झन उत्तम मानिएको छ ।

उपनयनमा नवमांश विचार

क्रूरो जडो भवेत् पापः पटुः षट्कर्मकृद् बटुः ।

यज्ञार्थभाक् तथा मूर्खो रव्याद्यंशे तनौ क्रमात् ॥(मुहूर्त्तचिन्तामणिः, ५।४९)

व्रतबन्धमा सूर्यको (सिंह) नवमांश भए बालक क्रूर स्वभावको हुन्छ । चन्द्रमाको (कर्क) नवमांश भए जड केही कुरा नबुझ्ने हुन्छ । मंगलको (१।८) नवमांश भए पापकर्म गर्नेवाला हुन्छ । बुधको नवमांश (३।६) भए पटु (सबै कार्यमा दक्ष) हुन्छ । बृहस्पतिको नवमांश (९।१२)भए षट्कर्म (यज्ञ गर्ने गराउने, दान दिने लिने, पढ्ने र पढाउने यी ६ काम) गर्नेवाल हुन्छ । शुक्रको नवमांश (२।७) यज्ञकर्ता र धनवान् हुन्छ । शनिको नवमांश (१०।११) भए बालक मूर्ख हुन्छ । यसैले २,३,६,७,९,१२ नवमांश शुभ मानिएको छ । यसैगरी नवमांशमा चन्द्रमाको विचार पनि गर्नु उपयुक्त रहन्छ । (मुहूर्त्तचिन्तामणिः, ५।५०)उपनयनकालमा चन्द्रमा शुभ राशि (३।६।२।७।९।१२) को नवमांशमा छ भने बालकविद्यामा रुचि राख्नेवाला हुन्छ । पापग्रहको राशि (१।८।५।१०।११)को नवमांशमा भए अतिदरिद्र हुन्छ । आफ्नै नवमांशमा भए जीवन दुःखमयी रहन्छ । तर श्रवण र पुनर्वसु नक्षत्रमा चन्द्रमा बसेको दिन कर्कटको नवमांश हुँदा पनि धनवान् (शुभ) हुन्छ ।

केन्द्र विचार

लग्नको पनि केन्द्र (१।४।७।१०) स्थानमा ग्रहको निवास अनुसार फल निम्नानुसार बताइएको छ :

राजसेवो वैश्यवृत्तिः शस्त्रवृत्तिश्च पाठकः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राज्ञोऽर्थवान् म्लेच्छसेवी केन्द्रे सूर्यादिखेचरैः ॥(मुहूर्त्तचिन्तामणिः, ५।५१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहगणितसम्बद्धसंस्कारेण च कालज्ञानं विधाय तदाधारेण फलविवेचनसम्बद्धानां बहुविधविषयजनितानां नक्षत्र–ग्रह–राशि–लग्नादीनामध्ययनं विहितमस्ति । एभिः फलविश्लेषणपूर्वकं जगति स्थितानां जनानां जीवने यन्न्यूनमस्ति तज्ज्ञात्वा तन्निराकरणोपयाः क्रियन्ते, यद् वैशिष्ट्यं ज्ञायते तत्परिपालनाय निर्देशनं विधीयते । अतो ज्यौतिषमादेशशास्त्रमस्तीति विज्ञेयम् । अस्याध्ययनानुसारेण तदनुसरणद्वारा व्यवहारे प्रयोगं विधाय मानवाः सुखी भवन्त्वित्यभिप्रायः सद्भावभरितो बोध्यः ।

सन्दर्भ सामग्रीसूची

आचार्य, वराहमिहिरः, **बृहज्जातकम्,** व्या. पं. केदारदत्तजोशी, वाराणसी : मोतीलाल बनारसीदास, सन् १९८५ ।

झा, सीताराम, **बृहत्पाराशरहोराशास्त्रम्,** वाराणसी : माष्टर खेलाडीलाल संकटाप्रसाद, कचौडी गली, सन् १९९६ ।

झा, सूरकान्तः, **ज्योतिर्विज्ञानशब्दकोशः,** वाराणसी : चौखम्बा कृष्णदास अकादमी, वि.सं. २०६५ ।

पाठक, महादेव, **जातकतत्त्वम्,** व्या. हरिशंकरपाठक, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, ई.सं. १९९७ ।

प्रजापतिदास, **पञ्चस्वरा**, सं. नागेन्द्र पाण्डेय, वाराणसी : वाराणसेयसंस्कृत-संस्थान, सन् १९८४ ।

भास्कर, **सिद्धान्तशिरोमणिः** सम्पा. मुरलीधर चतुर्वेदी, वाराणसी : शिक्षण शोधप्रकाशन संस्थान, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वि. सं. २०६७ ।

मानसागरी, तृ.सं., व्या.आचार्यमधुकान्त झा, चौखम्बा विद्याभवन वाराणसी, सन् १९७७ ।

मीनराजः, **बृद्धयवनजातकम्,** भाग १, व्या. सुरेशचन्द्रमिश्र, नई दिल्ली : रञ्जन पब्लिकेन्स, १६,अन्सारी रोड, दरियागञ्ज, सन् २००० ।

वैद्यनाथ, **जातकपारिजातः** व्या. कपिलेश्वरशास्त्री, वाराणसी : चौखम्बा संस्कृत संस्थान, सन् २००० ।

सत्याचार्य, **सत्यजातकम्,** दिल्ली : रञ्जन पब्लिकेसन्स, सन् १९७९ ।

सूर्यसिद्धान्तः, पुनर्मुद्रित संस्करण, टीका. पं.माधवप्रसाद पुरोहित, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, सन् १९९७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ : षडाम्नायविद्याका मूल उपदेष्टा

✍ डा. माधवप्रसाद लामिछाने*

शोधसारः

श्रीपशुपतिनाथका छवटा मुख र तिनका अभिन्न शक्तिहरूको उल्लेख तन्त्र तथा आगम ग्रन्थहरूमा पाइन्छ । श्रीपशुपतिनाथको पूर्ववक्त्ररूप तत्पुरुषले आफ्नी अभिन्न शक्ति पूर्णेश्वरीलाई उपदेश गरेको विद्यालाई पूर्वाम्नायविद्या भनिन्छ भने दक्षिणवक्त्ररूप अघोरले आफ्नी अभिन्न शक्ति निशेशीलाई उपदेश गरेको विद्यालाई दक्षिणाम्नायविद्या भनिन्छ । त्यसैगरी पश्चिमवक्त्र सद्योजातले आफ्नी अभिन्न शक्ति कुब्जिकालाई उपदेश गरेको विद्यालाई पश्चिमाम्नायविद्या भनिन्छ भने उत्तरवक्त्रस्वरूप वामदेवले आफ्नी अभिन्न शक्ति सिद्धेश्वरी वा गुह्यकालीलाई उपदेश गरेको विद्यालाई उत्तराम्नायविद्या भनिन्छ । श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रस्वरूप कामेश्वरले आफ्नी अभिन्न शक्ति कामेश्वरीलाई उपदेश गरेको विद्यालाई ऊर्ध्वाम्नायविद्या भनिन्छ भने अधोवक्त्रस्वरूप कालाग्निरुद्रले आफ्नी अभिन्न शक्ति वज्रेश्वरीलाई उपदेश गरेको विद्यालाई अधराम्नायविद्या भनिन्छ । यस लेखमा श्रीपशुतिनाथका छवटा मुख र तिनका शक्तिहरूको स्वरूप एवं तत्सम्बद्ध आम्नायविद्याको सङ्क्षिप्त चर्चा गरिएको छ ।

शब्दकुञ्जी- *आम्नाय, पञ्चकृत्य, पञ्चब्रह्म, पाशुपतविद्या, महाक्रम ।*

विषयप्रवेश

शिवका अनेकौं नाममध्ये श्रीपशुपतिनाथ एउटा प्रमुख नाम हो । वेदसंहिता र ब्राह्मणमा रुद्रलाई पशु र मनुष्यका रक्षक, अनेकौं औषधीका ज्ञाता, लता एवं वनस्पतिका देवता आदि भनेर स्तुति गरिएकाले यिनी आफ्ना क्रियाकलापद्वारा पशुप वा पशुपतिका रूपमा सम्मानित देखिन्छन् । पशुपतिनाथलाई पार्थिव जगत्का अधीश्वर, उग्र र कल्याणमय रूपका साथै समस्त भुवनका मालिक तथा विश्वव्यापी सत्ताका रूपमा वेद, उपनिषद्, तन्त्र, पुराण आदिमा वर्णन गरिएको छ । पृथ्वी, जल, तेज, वायु र आकाशरूप पञ्चतत्त्वको अधिष्ठानका रूपमा पनि भगवान् श्रीपशुपतिनाथको मान्यता देखिन्छ । श्रीपशुपतिनाथका छवटा मुख र तिनका अभिन्न शक्तिको कल्पना गर्दै तन्त्र तथा आगम ग्रन्थहरूमा श्रीपशुपतिनाथका तिनै मुखहरूबाट आफ्ना अभिन्न शक्तिहरूलाई दिएको उपदेश नै षडाम्नायविद्याका रूपमा प्रसिद्ध भएको विवरण पाइन्छ । प्रस्तुत लेखमा सोही विषयवस्तुमाथि प्रकाश पार्ने जमर्को गरिएको छ ।

समस्याकथन

प्रस्तुत लेखमा श्रीपशुपतिनाथको स्वरूप र तन्त्र तथा आगम ग्रन्थहरूमा वर्णित आम्नायहरूको उत्पत्ति र तत्सम्बद्ध विद्यासम्बन्धी विषय के कस्तो रहेको छ भन्ने विषयलाई मूल समस्याका रूपमा उपस्थापन गरी सोही समस्याको समाधान खोज्ने प्रयास गरिएको छ ।

अध्ययनको उद्देश्य

माथि समस्याकथनमा उठाइएका मुख्य दुइवटा समस्याहरूको समाधान गर्नु नै प्रस्तुत लेखको मुख्य उद्देश्य हो त्यसैले यहाँ भगवान् श्रीपशुपतिनाथको स्वरूप र आम्नायहरू को उत्पत्ति एवं तत्सम्वद्ध विद्यामाथि प्रकाश पार्ने मूल उद्देश्य राखिएको छ ।

---

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनको विधि

प्रस्तुत लेखमा सामग्री सङ्कलनका लागि मुख्यतः पुस्तकालय विधिको उपयोग गरिएको छ । भगवान् श्रीपशुपतिनाथको स्वरूप एवं आम्नायको उत्पत्तिसम्बन्धी सैद्धान्तिक आधारलाई स्पष्ट पार्नका लागि उपनिषद् एवं तन्त्रग्रन्थहरूको आश्रय लिइएको छ । प्रस्तुत लेख भगवान् श्रीपशुपतिनाथको स्वरूप एवं आम्नायहरूको उत्पत्ति र आम्नायविद्याका विषयमा केन्द्रित रहेकोले यसमा तत्सम्बद्ध सैद्धान्तिक अवधारणाहरूको विवेचनाका लागि वर्णनात्मक विधिको उपयोग गरिएको छ ।

श्रीपशुपतिनाथको स्वरूप

मल, कर्म, माया र तिरोधानशक्तिस्वरूप पाश (तत्त्वप्रकाश, १७)ले बाँधिएको पशुरूप जीवलाई पालन गर्ने तथा तिनको स्वामीस्वरूप हुनाले भगवान् शिवलाई पशुपति भनिएको हो । लिङ्गपुराणमा संसारको वशमा परेका ब्रह्मादेखि लिएर स्थावरसम्मका सम्पूर्ण जीवलाई पशुको संज्ञा दिइएको छ र तिनै पशुहरूको स्वामी भएकोले भगवान् रुद्रलाई पशुपति भनिएको छ (लिङ्गपुराण, २।९।११–१२) ।

पञ्चब्रह्मोपनिषद्मा भगवान् को हुन् भन्ने प्रश्नको उत्तरमा भगवान् सद्योजात, वामदेव, अघोर, तत्पुरुष, र ईशान हुन् भनिएको छ (पञ्चब्रह्मोपनिषत्, १) । यिनै पञ्चब्रह्म हुन् र पञ्चब्रह्मको समन्वित स्वरूप नै परमतत्त्व श्रीपशुपतिनाथ हुन् । माथि उल्लिखित सद्योजात आदि पञ्चब्रह्मलाई स्वच्छन्दतन्त्रले ब्रह्मा आदि पञ्च महाप्रेतका रूपमा उल्लेख गरेको छ । जसअनुसार पश्चिममुख सद्योजात ब्रह्मा, उत्तरमुख वामदेव विष्णु, दक्षिणमुख अघोर रुद्र, पूर्वमुख तत्पुरुष ईश्वर र ऊर्ध्वमुख ईशान सदाशिव हुन् (स्वच्छन्दतन्त्र, ११।४०–४१) । सोही तन्त्रमा सद्योजातलाई ऋग्वेद, वामदेवलाई यजुर्वेद, अघोरलाई सामवेद र तत्पुरुषलाई अथर्ववेद तथा ईशानलाई सर्वविद्यास्वरूप मानिएको छ (स्वच्छन्दतन्त्र, ११।४२–४३कख) ।

सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह भगवान्का पञ्चकृत्य हुन् (तत्त्वप्रकाश, ७) । यिनै पञ्चकृत्यलाई सम्पादन गर्ने मन्त्रस्वरूप ईशान आदि शक्तिहरूद्वारा नै श्रीपशुपतिनाथको मन्त्रमय शरीर बनेको छ (मृगेन्द्रागम ३।८ख–९क) । तिनै पञ्चकृत्यका भेदले नै निष्कल शिव वा श्रीपशुपतिनाथमा तत्पुरुष आदि स्वरूपको कल्पना गरिएको हो । यो स्वरूपभेद पारमार्थिक नभई कृत्यभेदका कारण कल्पित भेद हो । तन्त्र तथा आगमशास्त्रमा श्रीपशुपतिनाथका यी पाँच मुखका अतिरिक्त सर्वाधारस्वरूप छैठौं मुखको पनि कल्पना गरिएको छ जसलाई पिचुवक्त्र, पातालवक्त्र, रहस्यवक्त्र आदि नाम दिइएको छ । उक्त छैठौं वक्त्र कालाग्निरुद्रका नामले परिचित छ । सृष्टि, स्थिति, संहार आदि भगवान्का पाँचै कृत्य प्रलयकालमा तिनै कालाग्निरुद्रमा लय हुन्छन् त्यसैले कालाग्निरुद्रलाई सबैको आधार भनिएको हो ।

श्रीपशुपतिनाथसँग सम्बद्ध पाशुपत मन्त्रका तीन भेदमध्ये लघुपाशुपत मन्त्रमा श्रीपशुपतिनाथका चारवटा मुखको ध्यान गरिन्छ भने मध्यमपाशुपत मन्त्रमा पाँचवटा मुखको र महापाशुपत मन्त्रमा छवटा मुखको ध्यान गरिन्छ । कालाग्निरुद्रस्वरूप छैठौं मुखको ध्यान यही महापाशुपत मन्त्रमा गरिन्छ । महापाशुपत मन्त्रमा गरिने श्रीपशुपतिनाथको ध्यान यसप्रकार रहेको छ–

करोडौं सूर्यको झैं प्रकाश भएका, करोडौं चन्द्रमाको झैं शीतलता भएका, आगोमा तताएको सुनको झैं वर्ण भएका, त्रिकोण (योनिरूप जलहरी) माथि बसेका, पूर्वमा आगोमा तताएको सुनको झैं वर्ण भएका तथा शान्त विष्णुस्वरूप मुखले युक्त भएका, दक्षिणमा दाह्रा निस्किएको कालो वर्णको भैरवरूपी मुख भएका, पश्चिममा दूध, चमेलीको फूल र चन्द्रमाझैं सेतो वर्ण भएका ब्रह्मास्वरूप मुख भएका, उत्तरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौर वर्णको गौरी र शङ्करको संयुक्त स्वरूप भएका, जटाको जूरो बाँधेका, शिरमा चन्द्रमा धारण गरेका, हरेक मुखमा तीन तीनवटा आँखा भएका, माथितिर अग्निशिखास्वरूप ज्योतिर्मय मुख भएका, त्यसमा व्यापक परब्रह्मस्वरूप यन्त्रराज श्रीचक्रको चिह्न भएका, नाभिमा बलिरहेको आगोजस्तो कालाग्निरुद्र नामक मुख भएका, नागरूपी गहना लगाएका, रुद्राक्षले अलङ्कृत भएका, नाना प्रकारका गहनाले सिँगारिएको शरीर भएका, मुण्डमालाको गहना भएका, खुट्टासम्म आउने लामो बेलपत्रको माला लगाएका, दाहिनेतिरका चारवटा हातले अभयमुद्रा धारण गरेका, बायाँपट्टिका चारवटा हातले वरमुद्रा धारण गरेका– यसप्रकार आठवटा हात भएका, सधैँ सोह्र वर्षे जवान देखिने, शून्याकाशमा शून्यस्वरूप कमलमाथि बसेका सच्चिदानन्दस्वरूप श्रीपशुपतिनाथको ध्यान गर्नू (ज.ब.रा., २०३६, पृ. ११०)।

माथि उल्लिखित षड्वक्त्र श्रीपशुपतिनाथको ध्यान नेपालका श्रीपशुपतिनाथको मुखलिङ्गको स्वरूपसँग हुबहु मिल्दछ । त्यो कसरी भने चार दिशाका चारवटा मुख त माथिको ध्यानसँग मिल्ने कुरा श्रीपशुपतिनाथको दर्शन गर्ने जोसुकैले पनि देख्न सक्छ । ऊर्ध्ववक्त्र ईशान जसलाई ज्योतिर्मय र श्रीयन्त्र अङ्कित मुख भनिएको छ त्यो चाहिँ नित्य मध्याह्नकालमा श्रीपशुपतिनाथको ऊर्ध्ववक्त्रमा श्रीयन्त्र बनाई उक्त यन्त्रमा गोप्य रूपमा कामेश्वररूप श्रीपशुपतिनाथ र उनको अभिन्न शक्ति कामेश्वरीको पूजा गरिने प्रचलनले त्यसलाई चरितार्थ बनाएको छ । यसबाट नेपालमा श्रीपशुपतिनाथको मुखलिङ्गमा महापाशुपत मन्त्रमा वर्णित ध्यानअनुरूप उपासना गरिने विधान रहेको स्पष्ट हुन्छ त्यसैले अब यहाँ महापाशुपत मन्त्रको क्रमका विषयमा छोटो चर्चा गर्नु प्रासङ्गिक देखिन्छ ।

श्रीविद्या उपासनाका मुख्य नौवटा क्रममध्ये महाक्रममा पुगेपछि मात्रै तीनवटा पाशुपतविद्या– लघु पाशुपत, मध्यम पाशुपत र महा पाशुपतविद्याको उपदेश हुन्छ । यस महाक्रममा क्रमैसँग आद्याकाली, श्यामाकाली, दक्षिणकाली, एकजटा, नीलसरस्वती, महोग्रतारा, शारदा, बालात्रिपुरा, बालात्रिपुरसुन्दरी, सिद्धिलक्ष्मी, सिद्धिकराली (गुह्यकाली), कामकलाकाली, उन्मनी, अन्नपूर्णा, भुवनेश्वरी, कुब्जिका, वीरकुब्जिका, वज्रकुब्जिका, पञ्चदशी, षोडशी र महाषोडशीको मन्त्र ग्रहण गरेपछि षडन्वयशाम्भव भएर गुरुबाट पूर्णाभिषेक लिइन्छ (भट्टराई, २०५७, पृ. ३७५) । त्यसपछि मात्रै माथि उल्लिखित तीनवटा पाशुपतविद्या ग्रहण गर्ने अधिकार प्राप्त हुन्छ । यसबाट के कुरा सिद्ध हुन्छ महापाशुपतविद्या प्राप्त गर्नका लागि साधक श्रीविद्याको महाक्रममा दीक्षित हुनु अनिवार्य छ । यसो भएकोले नै श्रीविद्यापरम्परामा निष्णात दाक्षिणात्य भट्टहरूलाई श्रीपशुपतिनाथको प्रधान अर्चकका रूपमा नियुक्त गर्ने परम्परा यहाँ बसेको हो ।

माथि वर्णित स्वरूपका अतिरिक्त अन्यत्र पनि श्रीपशुपतिनाथका छवटा मुखको वर्णन पाइन्छ । सोही विषयमा अब केही चर्चा गरिन्छ ।

क. **सद्योजातः** हिउँजस्तो स्वच्छ र निर्मल वर्ण भएको, चन्द्रमा र चमेलीफूलजस्तो सेतो रूप भएको, गाईको दूधको फिँजजस्तो सेतो प्रभा भएको, भस्मलेपन गरेको शरीर भएको, कामदेवलाई भस्म गर्ने अग्निको ज्वाला आँखामा भएको, ब्रह्मा, इन्द्र तथा मरुत् गण आदिले स्तुति गरिने भएको, स्वशाखायुक्त ऋग्वेदमय स्वरूप भएको, अत्यन्त स्वच्छ रूप भएको पश्चिम मुख श्रीपशुपतिनाथको सद्योजातस्वरूप हो (भट्ट, २०६२, पृ. १७७) । भगवान् शिव वा श्रीपशुपतिनाथका अठतीस कलाहरू मध्ये सद्योजात आठकलाले युक्त छन् । स्वच्छन्दतन्त्रका अनुसार सद्योजातका ती आठ कला यसप्रकार छन्– सिद्धि, ऋद्धि, द्युति, लक्ष्मी, मेधा, कान्ति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुधा र स्थिति (स्वच्छन्दतन्त्र, १।५८गघ–५९कख) ।

ख. **वामदेवः** बायाँ भागमा अर्थात् उत्तर दिशामा सेतो वर्ण भएको, कुङ्कुम (केसर)को खैरो चन्दनको तिलक लगाएको, सेतो गला भएको, आँखीभौं खुम्चिने गरी कर्के नजरले हेर्दा चम्किलो बनेको सुन्दर कर्णोत्पल (कानको गहना) भएको, अमृतरूपी हाँसो भएको, घुमेको कालो कपालले सिंगारिएको, सिद्ध, सुर, असुर, इन्द्र आदिले नमस्कार गरिएको यजुर्वेदस्वरूप रहस्यमय उत्तरवक्त्र रहेको छ (भट्ट, पूर्ववत्) । वामदेवमा तेह्र कला रहेका छन् । ती हुन्– रजा, रक्षा, रति, पाल्या, काम्या, तृष्णा, मति, क्रिया, ऋद्धि, माया, रात्रि, भ्रामिणी र मोहिनी (स्वच्छन्दतन्त्र, १।५७–५८कख) ।

ग. **अघोरः** कालो बादल, भँमरा र गाजलजस्तो कान्ति भएको, मदले गर्दा घुमाउरो दृष्टिले युक्त खैरो आँखा भएको, कानमा चम्किएका फँणादार नागहरूको शिरको मणिले सुशोभित बनेको, थोरै दाह्रा निस्किएको, सिपिको खोलजस्तो कपाल भएको तथा त्यस्तो कपालमा सर्प बेरिएको, छातीमा नाग रहेको, अथर्ववेदस्वरूप, भगवान् श्रीपशुपतिनाथको दक्षिणमुखलाई नमस्कार गर्दछु भनी दक्षिणमुख अघोरको स्वरूप बताइएको छ (भट्ट, २०६२, पृ. १७८) ।

घ. **तत्पुरुषः** प्रलयाग्नि एवं बिजुलीको जस्तो तेज भएको, आगोमा तताएको सुनजस्तो आभा भएको, अत्यन्त तेजले गर्दा रातो वर्ण भएको, सामवेदको गम्भीर ध्वनिलाई जन्माउने, तामाजस्तो रातो सुन्दर अधर भएको, अर्धचन्द्रको जस्तो कान्ति भएको, कैलो जटाको भारलाई सर्पले बाँधेको, सिद्ध, देवता तथा असुरहरूले नमस्कार गरिएको त्रिशूलधारी भगवान् श्रीपशुपतिनाथको पूर्वमुखलाई म वन्दना गर्दछु भनी पूर्वमुख तत्पुरुषको स्वरूप बताइएको छ (पूर्ववत्) ।

ङ. **ईशानः** व्यक्त र अव्यक्त दुवै रूपले निरूपण गरिएको, सबैभन्दा श्रेष्ठ रूप भएको, छत्तीस तत्त्व स्वरूप भएको, छत्तीस तत्त्वभन्दा पनि माथि तत्त्वातीत विश्वोत्तीर्ण तत्त्वका रूपमा रहेको, कहिल्यै ननासिने अक्षरस्वरूप भएको, योगीहरूद्वारा सदा ध्यान गरिने भएको ,ओङ्कार आदि समस्त मन्त्रहरूको जनक भएको, सूक्ष्मभन्दा पनि सूक्ष्म परम सूक्ष्म तत्त्वका रूपमा रहेको, श्रीपशुपतिनाथको आकाशव्यापी तेजोमय मुखलाई म वन्दना गर्दछु भनी ऊर्ध्ववक्त्र ईशानको स्वरूप बताइएको छ (पूर्ववत्, पृ. १७९) ।

च. **कालाग्निरुद्रः** उपनिषद्द्वारा उत्तम गुणहरूले स्तुति गरिएको, चामर, पुन्नाग, कमल, नागपुष्प, वकुल आदि फूलहरूद्वारा नाग, देवता आदिले अर्चना गरिएको, सधैं हजारौं सूर्यको जस्तो प्रकाशले देदीप्यमान बनेको, कालाग्निरुद्रको उपमाले युक्त, संहारकारक, पातालवक्त्र कालाग्निरुद्रलाई सधैं नमस्कार गर्दछु भनी पशुपतिनाथको अधोवक्त्रको स्वरूप बताइएको छ (पूर्ववत्) ।

षडाम्नायविद्या

अभ्यासार्थक "म्ना" धातुमा 'घञ्' प्रत्ययको योगले आम्नाय शब्द बन्दछ । अमरकोशमा आम्नायलाई वेदकै पर्यायका रूपमा ग्रहण गरिएको छ (अमरकोश, १।६।३) । वाचस्पत्यम् नामक कोशग्रन्थमा आम्नायलाई स्मृति र तन्त्रको पर्यायका रूपमा उल्लेख गरेको पाइन्छ (भट्टाचार्य, सन् १९६२, पृ. ७६८) । तन्त्रशास्त्रमा आम्नाय शब्दले 'मार्ग'को अर्थ ग्रहण गरेको छ । मार्गका अतिरिक्त श्रुति वा वेद, परम्पराबाट चलिआएको परिपाटी, कुलको रीतिस्थिति, गुरुपरम्पराबाट प्राप्त शिक्षा, सल्लाह, मन्त्रणा, परामर्श आदि अर्थमा पनि आम्नाय शब्द प्रचलित छ । यसप्रकार आम्नाय शब्द मुखपरम्परा वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिपरम्पराबाट प्राप्त ज्ञानको अर्थमा प्रयोग भएको देखिन्छ । यस्तो ज्ञान सर्वप्रथम कसले उपदेश गर्‍यो वा यस्तो ज्ञान कसरी लोकसम्म आइपुग्यो भन्ने सन्दर्भमा भगवान् शिव स्वयं नै गुरुशिष्यका रूपमा अवतीर्ण भई तन्त्रशास्त्रको उपदेश गरेको कथन पाइन्छ (स्वच्छन्दतन्त्र, ८।३१) । त्यसक्रममा भगवान् शिवले आफ्ना विभिन्न मुखहरूबाट तत्तत् मुखका शक्तिहरूलाई तन्त्रको उपदेश गरेको र त्यसका आधारमा विभिन्न आम्नायको नाम रहेको चर्चा पाइन्छ ।

तन्त्रग्रन्थहरूमा भगवान् शिवका मुख र तदनुरूप आम्नायको सङ्ख्याका विषयमा एकरूपता पाइँदैन । कुलार्णवतन्त्रले सदाशिवका पाँचवटा मुखको कल्पना गरी तदनुरूप पाँचवटा आम्नायको उत्पत्ति भएको बताएको छ (कुलार्णवतन्त्र, ३।७) । नित्याषोडशिकार्णवमा 'आम्नाय' शब्दको पर्यायका रूपमा 'आज्ञा' शब्दको उल्लेख गर्दै ग्रन्थकारले चारवटा आम्नायको सङ्केत गरेका छन् (नित्याषोडशिकार्णव, १।१२गघ) । उक्त ग्रन्थका व्याख्याकार शिवानन्दले आज्ञा शब्दलाई स्रोतको रूपमा परिभाषित गरेका छन् (नित्याषोडशिकार्णव, १।१२को ऋजुविमर्शिनीव्याख्या) भने विद्यानन्दले उक्त शब्दलाई स्रोतकै अर्को पर्याय समय संज्ञा दिएका छन् (पूर्ववत्) । तन्त्रालोकमा छवटा मुख र तदनुरूप छवटा दिशा वा आम्नायको सङ्केत पाइन्छ (श्रीतन्त्रालोक, १५।२०४ग–२०६) । नेत्रतन्त्रको उद्योत नामक व्याख्यामा पनि आचार्य क्षेमराजले छवटा आम्नायको सङ्केत गरेका छन् (नेत्रतन्त्र, १६।७६को उद्योतव्याख्या) । अब ती छवटा आम्नायका विषयमा यहाँ केही चर्चा गरिन्छ ।

क. **पूर्वाम्नायः** श्रीपशुपतिनाथको पूर्ववक्त्ररूप तत्पुरुषले आफ्नी अभिन्न शक्ति पूर्णेश्वरीलाई उपदेश गरेको विद्यालाई पूर्वाम्नाय भनिन्छ । कुलार्णवतन्त्रअनुसार पूर्वाम्नायलाई सृष्टिरूप मानिन्छ (कुलार्णवतन्त्र, ३।४१क) । तन्त्रचिन्तामणि नामक ग्रन्थमा पूर्वाम्नायको उपासना दक्षिण तथा वाम दुवै आचारबाट हुने उल्लेख गरिएको छ (तन्त्रचिन्तामणि, २।७४क) । यसो भए तापनि परातन्त्रमा वामाचारमा जोड दिइएको छ । कुलार्णवतन्त्रमा उल्लेख भएअनुसार पूर्वाम्नायमा मन्त्रयोगद्वारा उपासना हुन्छ (कुलार्णवतन्त्र, ३।४२क) । पूर्वाम्नायको विद्या सिद्धौघ परम्परामा सर्वप्रथम मरीचिले प्राप्त गरेको र मरीचिले सो विद्या इन्द्रलाई प्रदान गरेको उल्लेख परातन्त्रमा पाइन्छ (परातन्त्र, १।७२) । पूर्वाम्नायका चौबीस सङ्केत अर्थात् पूर्वाम्नायको परम्पराबाट उपासना हुने चौबीस देवीहरूको उल्लेख परातन्त्रमा पाइन्छ (पूर्ववत्, १।६४ग–६६) । कुलार्णवतन्त्रमा पनि पूर्वाम्नायका चौबीस सङ्केतहरूको उल्लेख पाइन्छ (कुलार्णवतन्त्र, ३।४३कख) । भगवती पूर्णेश्वरी पूर्वाम्नायकी नायिका हुन् । परातन्त्रमा बताएअनुसार पूर्णेश्वरी इन्द्रनीलमणिको झैँ प्रभाले युक्त छिन् । उनका दशवटा हातहरूमा दण्ड, वर, अभय, कपालयुक्त त्रिशूल, डमरु, अक्षमाला, शक्ति, उखुको धनु, बाण र खड्ग सुशोभित छन् । यिनी चन्द्रसूर्यलाई आसन बनाएर भैरवमाथि रहेकी, प्रत्यालीढ आसनमा बसेकी, तीन आँखा भएकी, मुण्डमालाले विभूषित, वासुकि र शङ्खनागलाई कुण्डलका रूपमा धारण गरेकी, अनन्तहारको माला पहिरेकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, रजोगुणले युक्त अहङ्कारस्वरूपकी छिन् (परातन्त्र, १।५६–६१) ।

ख. **दक्षिणाम्नायः** श्रीपशुपतिनाथको दक्षिणवक्त्ररूप अघोरले आफ्नी अभिन्न शक्ति निशेशीलाई उपदेश गरेको विद्यालाई दक्षिणाम्नाय भनिन्छ । पूर्वाम्नाय सृष्टिरूप मानिन्छ भने दक्षिणाम्नाय स्थितिरूप मानिन्छ (कुलार्णवतन्त्र, ३।४१ख) । दक्षिणाम्नायमा भक्तियोगबाट उपासना हुन्छ (कुलार्णवतन्त्र, ३।४२ख) । भगवतीको आराधनाबाट दक्षिणाम्नायको विद्या सर्वप्रथम इन्द्रले प्राप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको र त्यसपछि इन्द्रले धर्मराजलाई प्रदान गरेको उल्लेख परातन्त्रमा पाइन्छ (परातन्त्र,२१५।कख) । दक्षिणाम्नायका पच्चीसवटा भेदहरूको उल्लेख परातन्त्रमा गरिएको छ । जसअनुसार जम्भिनी, स्तम्भिनी, तारा, मोहिनी, अन्धिनी, शिवा, मृत्युञ्जया, चर्चिका, सिंही, दक्षिणकालिका, प्रचण्डा, उग्रचण्डा, उग्रतारा, कपालिनी, त्वरिता, छिन्नशीर्षा, वगला, वाक्प्रदायिनी, नीलसरस्वती, भीमा, त्रैलोक्यडामरेश्वरी, त्रैलोक्यविजया, चण्डी, रक्तचामुण्डी र भैरवी वामाचारले उपासना हुने देवीहरू हुन् । कुलार्णवतन्त्रले पनि दक्षिणाम्नायका पच्चीस सङ्केत अर्थात् भेदको उल्लेख गरेको छ (कुलार्णवतन्त्र,३।४३गघ) । आगमरहस्य नामक ग्रन्थअनुसार सौभाग्यविद्या, बगला, वाराही, वटुक, महिषमर्दिनी, लक्ष्मी, त्वरिता, वशिनी, श्री र तिरस्करणी यी दक्षिणाम्नायका देवता हुन् (आगमरहस्य, ११८७–११८८कख) । भगवती निशेशी दक्षिणाम्नायकी नायिका हुन् । यिनै निशेशीलाई रक्तचर्चिका, चैतन्यभैरवी, रक्तकाली, सुन्दरीकालिका, अघोरेश्वरी आदि नामले पुकारिने कुरा परातन्त्रमा उल्लेख गरिएको छ (परातन्त्र, ३।२ग–३) । अघोरेश्वरीको स्वरूपका विषयमा परातन्त्रमा उल्लेख भएअनुसार यिनी बलिरहेको चिताको माझमा चार वेदलाई आसन बनाएर बसेकी, नशाहरू स्पष्ट देखिने हाड र छालाले मात्र युक्त पातलो शरीर भएकी, कम्मरमा बाघको छाला बेरेकी, सुनको झैं कान्ति भएकी, अति डरलाग्दा पाँचवटा मुख तथा पन्ध्रवटा आँखा भएकी, मन्द मुस्कानले युक्त भएकी, लप्लपाउँदो जिभ्रो भएकी, पातलो कम्मर भएकी, रौद्र स्वरूप भएकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, माथितिर फर्केका खुला कपाल भएकी, नागलाई घाँटीमा बेरेकी, रगत बग्दै गरेको भर्खरै छिनेको टाउकोको माला लगाएकी, सोह्रवटा हातहरूमा पाश, अङ्कुश, कपाल, खट्वाङ्ग, मुण्ड, डिण्डिम, खड्ग, खेट, बाण, धनु, चक्र, दण्ड, कमण्डलुका साथै अभय, वर र तर्जनी मुद्रा धारण गरेकी, अन्य देवीहरूले घेरिएकी, हुङ्कारयुक्त नादले देवगणलाई त्रस्त बनाएकी, शवरूपी महादेवको छातीमा उभिएकी छिन् (पूर्ववत्, २१६–१६कख) ।

ग. **पश्चिमाम्नायः** श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये पश्चिमवक्त्र सद्योजातले आफ्नी अभिन्न शक्ति कुब्जिकालाई उपदेश गरेको विद्या यस आम्नायसँग सम्बद्ध छ । पश्चिमाम्नाय संहारस्वरूप मानिन्छ । तन्त्रचिन्तामणि नामक ग्रन्थका अनुसार पश्चिमाम्नायमा कौलाचार र दक्षिणाचारबाट उपासना हुन्छ (तन्त्रचिन्तामणि, २।७४ग) तर परातन्त्रमा कौलाचार वा वामाचारमा जोड दिइएको छ । दक्षिणाचारबाट गरिएको उपासना यस आम्नायमा फलदायी नहुने कुरा यहाँ उल्लेख गरिएको छ (परातन्त्र, ३।२६गघ) । पश्चिमाम्नाय जालन्धरपीठसँग सम्बद्ध छ । परातन्त्रअनुसार यो विद्या सर्वप्रथम अङ्गिरालाई प्राप्त भयो । त्यसपछि अङ्गिराबाट दक्षलाई, दक्षबाट नहुषलाई प्राप्त भयो । त्यसपछि यो विद्या चन्द्रवंशी राजकुलको कुलविद्याका रूपमा र भगवती कुब्जिका चन्द्रवंशी राजकुलको कुलदेवीका रूपमा प्रतिष्ठित भएको कुरा परातन्त्रमा उल्लेख गरिएको छ (पूर्ववत्, ३।२४–३।२५कख) । ज्येष्ठा कुब्जिका र बाला कुब्जिकाका रूपमा पूजित पश्चिमाम्नायकी नायिका कुब्जिकाका बत्तीसवटा भेदहरूको उल्लेख परातन्त्रले गरेको छ (पूर्ववत्, ३।६।गघ) । परातन्त्रअनुसार क्रमेशी, त्रिखण्डा, चण्डा, चण्डकपालिका, त्रिशुद्धि, उग्रचण्डा, अन्नपूर्णा, कराली आदि देवीहरू पश्चिमामयक्रमले उपासना हुने देवीहरू हुन् (पूर्ववत्, ३।१५गघ–३।१६) । आगमरहस्य नामक ग्रन्थमा लोपामुद्रा, महादेवी, अम्बा, भुवनेश्वरी, अन्नपूर्णा, कामकला, महासरस्वती, वाग्वादिनी, प्रत्यङ्गिरा र भवानीलाई पश्चिमाम्नायका देवीहरूको रूपमा उल्लेख

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ (आगमरहस्य, १।९२–१।९३)। परातन्त्रमा कुब्जिकाको स्वरूप यस प्रकार वर्णन गरिएको छ– आकाशजस्तो निर्मल वर्णले सुशोभित भएका वृषभमाथि चढेका, एक मुख, तीन आँखा तथा अठार हात भएका, ती अठार हातमध्ये दाहिनेतर्फका नौ हातमा डमरु, परशु, बाण, खड्ग, अङ्कुश, वज्र, शङ्ख, वेणु र वरमुद्रा धारण गरेका, देब्रेतर्फका नौ हातमा खट्वाङ्ग, शूल, धनु, फलक, पाश, घण्टा, कपाल, वेणु र अभय धारण गरेका कुब्जेश्वरको बायाँ तिघ्रामा बसेकी कुब्जिका एक मुख, तीन आँखा र दुई हातले युक्त छिन्। सिंहमा बसेकी रातो वर्णकी कुब्जिका नागको गहना लगाएकी, अर्धचन्द्रलाई शिरमा धारण गरेकी, खुला कपाल भएकी, ठूला र सुन्दर स्तन भएकी, सम्पूर्ण अलङ्कारले सुशोभित तथा शुभ लक्षणले युक्त छिन् (परातन्त्र, ३।७–३।१२)।

घ. **उत्तराम्नायः** श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये उत्तरवक्त्रस्वरूप वामदेवले आफ्नी अभिन्न शक्ति सिद्धेश्वरी वा गुह्यकालीलाई उपदेश गरेको विद्या उत्तराम्नायसँग सम्बद्ध छ। उत्तराम्नायलाई निग्रहस्वरूप मानिन्छ। उत्तराम्नायको उपासना कौलाचार तथा वामाचारबाट हुने कुरा तन्त्रचिन्तामणि नामक ग्रन्थमा उल्लेख गरिएको छ (तन्त्रचिन्तामणि २।७४घ)। उत्तराम्नायकी नायिका गुह्यकाली हुन्। उत्तराम्नायका छत्तीसवटा भेदहरूको उल्लेख पाइन्छ (कुलार्णवतन्त्र,३।४४गघ)। उत्तराम्नायकी नायिका गुह्यकाली हुन्। उत्तराम्नायकी नायिका गुह्यकालीका असङ्ख्य भेद रहेका छन्। ती असङ्ख्य भेदहरूमध्ये दशवक्त्रा गुह्यकाली मुख्य मानिन्छिन्। यी प्रकृतिस्वरूप हुन् भने अरूचाहिँ विकृतिस्वरूप हुन् (महाकालसंहिता, गुह्यकालीखण्ड १।१२९गघ–१३०)। परातन्त्रअनुसार दशवक्त्रा गुह्यकाली नीलकमलको पत्रजस्तै श्यामल वर्ण भएकी, नीलरत्नको झैँ प्रभा भएकी, ज्ञानरूपी प्रकाशका किरणहरूले भरिएकी, ज्योतिस्वरूपको मण्डलमा रहेकी छिन्। भगवती गुह्यकाली दशवटा मुख तथा सत्ताइसवटा आँखाले युक्त छिन्। भगवतीका चौवन्नवटा हातहरू छन्। सबैभन्दा माथिको मुख दीपशिखा स्वरूपको छ। निर्वाणप्रद उक्त ज्योतिर्मय महावक्त्रलाई चण्डयोगेश्वरी नाम दिइएको छ। त्यसभन्दा तल सेतो वर्णको सिंहको मुख रहेको छ। त्यसभन्दा तल्लो पङ्क्तिमा बीचमा कालो वर्णको भयानक स्यालको मुख रहेको छ भने बायाँतर्फ अतिशय रातो वर्णको बानरको मुख र दायाँतर्फ डरलाग्दो ध्वाँसे वर्णको भालुको मुख रहेको छ। त्यसभन्दा तल पाँचवटा मुख भएको पङ्क्तिको बीचमा डरलाग्दा दाँतहरू भएका, भयानक आवाज निकाल्ने, माथितिर फर्केका पहेँला जटा भएको, कपाल र शिरमा अर्धचन्द्र धारण गरेको कालो वर्णको भगवतीको मानवमुख रहेको छ। सोही पङ्क्तिको बायाँपट्टि सबैभन्दा छेउमा पहेँलो वर्णको चुच्चो भएको गरुडको मुख रहेको छ भने त्यससँगै अत्यन्त सेतो वर्णको हात्तीको मुख रहेको छ। सोही पङ्क्तिको दायाँपट्टि सबैभन्दा छेउमा हरियो वर्णको गोहीको मुख रहेको छ भने त्यससँगै कालो वर्णको घोडाको मुख रहेको छ (परातन्त्र, ७६७गघ–७५)। भगवती गुह्यकालीले नानाथरिका रत्नहरू धारण गरेकी छिन्। सेतो मद्यपात्र धारण गरेकी गुह्यकालीले रगतले लत्पत भएका सत्ताइसवटा नरमुण्डको माला लगाएकी छिन्। गुह्यकालीका बायाँ हातहरूमा चिद्रत्नमाला, कपाल, खड्ग, पाश, शक्ति, खट्वाङ्ग, मुण्ड, धनुष, चक्र, घण्टा, बालप्रेत, शैल, कङ्काल, नकुल, सर्प, मोहनी लगाउने बाँसुरी (कुट्टिनीवंश), षडम्र, डोडिका, वह्निपात्र, दण्ड, सुरो, अष्टारकेशरी, वक्त्र, मुद्गर र डमरु रहेका छन्। उनका दायाँ हातमा चिद्रत्नमाला, कैँची, अङ्कुश, दण्ड, रत्नकलश, त्रिशूल, पाँचवटा पाशुपत बाण, कुन्त, पारिजात, छुरी, तोमर, पुष्पमाला, डिण्डिम, गृध्र, स्वस्तिक, कमण्डलु, सुरो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नद्यावर्त, कुण्डल, मांसखण्ड, बिमिरो, सूची र तर्जनी मुद्रा रहेका छन् (पूर्ववत्, ७७७गघ–८४कख) । भगवती गुह्यकालीले बाघको छालाको लुगा, सर्पको छालाको उत्तरीय वस्त्र लाएकी छिन् । उनी घुँघुरुदार गहनाले सुशोभित भएकी, वीरघण्टा बजाइरहेकी, निरन्तर नूपुर र घुँघुरु बजाइरहेकी, खुट्टासम्म लत्रेको रातो कमलको फूलजस्तो मुण्डमाला लाएकी, खप्परको मद्यपात्र लिएकी, घाँटीमा ब्रह्मसूत्र र योगपट्टको पछ्यौरा भिरेकी, सर्पको गहना लाएकी र रातो कुण्डल धारण गरेकी छिन् (पूर्ववत्, ७८४गघ–८९क) । हजारौं सूर्यको जस्तो तेज भएकी, अत्यन्त तेजका कारण हेर्न कठिन हुने, सम्पूर्ण देवीदेवताहरूका आश्रयका रूपमा रहेकी भगवती गुह्यकालीलाई प्रत्यालीढ आसनमा रहेकी वा नृत्य गरिरहेकी भावना गर्नुपर्दछ (पूर्ववत्, ७१०२गघ–१०४कख) ।

ङ. **ऊर्ध्वाम्नायः** श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये ऊर्ध्ववक्त्रस्वरूप कामेश्वरले आफ्नी अभिन्न शक्ति कामेश्वरीलाई उपदेश गरेको विद्या ऊर्ध्वाम्नायसँग सम्बद्ध छ । ऊर्ध्वाम्नायलाई अनुग्रहस्वरूप मानिन्छ । ऊर्ध्वाम्नायको उपासना दिव्याचारबाट गरिन्छ (तन्त्रचिन्तामणि, २।७५क) । ऊर्ध्वाम्नायकी नायिका महात्रिपुरसुन्दरी हुन् । परातन्त्रअनुसार महात्रिपुरसुन्दरी कमलको परागको झैँ वर्ण भएकी, कुङ्कुमजलको झैँ कान्ति भएकी, सुन्दर भ्रूकुटी, सुन्दर तीन नेत्र, सुन्दर स्तन र त्यस्तै हाँसो भएकी, पातलो कम्मर भएकी, चार हातमा पाश, अङ्कुश, उखुको धनु र पाँचवटा बाण धारण गरेकी, शिरमा अर्धचन्द्र धारण गरेकी, सम्पूर्ण गहनाले सजिएकी, मनलाई आनन्दित तुल्याउने स्वरूपकी छिन् तथा यिनी ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिवरूपी पञ्चप्रेतको मण्डपमा बसेकी छिन् (परातन्त्र, ५।८–११कख) ।

च. **अधराम्नायः** श्रीपशुपतिनाथका षड्वक्त्रमध्ये अधोवक्त्रस्वरूप कालाग्निरुद्रले आफ्नी अभिन्न शक्ति वज्रेश्वरीलाई उपदेश गरेको विद्या अधराम्नायसँग सम्बद्ध छ । अधराम्नायका पातालाम्नाय, रहस्याम्नाय आदि पर्याय रहेका छन् । अधराम्नायको उपासना वाममार्गबाट मात्र हुने कुरा तन्त्रचिन्तामणि नामक ग्रन्थले बताएको छ (तन्त्रचिन्तामणि, २।७५ग) । वज्रेश्वरी अधराम्नायकी नायिका हुन् । तीनवटा मुख, प्रति मुख तीनवटा आँखा, चारवटा हात भएकी रातो वर्णकी वज्रेश्वरी प्रेतलाई आसन बनाएर नृत्यमुद्रामा रहेकी छिन् । मुण्डहरूको लामो मालारूपी गहनाले सुशोभित भएकी, सर्पको जनै लाएकी, बाघको छालाको कपडा लाएकी, सिंहको छालाको उत्तरीय वस्त्र लाएकी, आफ्ना चार हातमा कैंची, खप्पर, खट्वाङ्ग र डमरु धारण गरेकी वज्रेश्वरी कलियुगमा शीघ्र फल प्रदान गर्ने ईश्वरी हुन् (परातन्त्र, ६।३–६कख) ।

उपसंहार

छ मुख भएका श्रीपशुपतिनाथका तिनै छवटा मुखस्वरूप सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान र कालाग्निरुद्र एवं तिनका अभिन्न शक्ति क्रमशः कुब्जेश्वरी, सिद्धेश्वरी (गुह्यकाली), निशेश्वरी, पूर्णेश्वरी, त्रिपुरसुन्दरी र वज्रेश्वरीका बीच संवादका क्रममा आविर्भाव भएको तान्त्रिक ज्ञानको परम्परा नै आम्नाय परम्पराका रूपमा प्रसिद्ध छ । अतः भगवान् श्रीपशुपतिनाथ नै समग्र आगमिक वा तान्त्रिक ज्ञानपरम्पराका आदिस्रोत हुन् भन्ने कुरा सिद्ध हुन्छ । शिवमस्तु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्रीसूची

कौल, मधुसूदन (सम्पादक) (सन् १९२९), *स्वच्छन्दतन्त्र* (उद्योतव्याख्या), श्रीनगर : काश्मीर संस्कृत ग्रन्थमाला ।

गुप्त, अभिनव (सन् २००२), *तन्त्रालोक*, राधेश्याम चतुर्वेदी (सम्पादक), वाराणसी : चौखम्वा विद्याभवन ।

गौतम, कुलचन्द्र (टीकाकार), (२०१७) *अमरकोश*, वाराणसी : यशोदा पुस्तकालय ।

ज.ब.रा., धनशमशेर (२०३६), *कामकलारहस्य*, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

झा, किशोरनाथ (सम्पादक) (सन् १९९३) *महाकालसंहिता (गुह्यकालीखण्ड)*, इलाहाबाद : गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ ।

द्विवेदी, व्रजवल्लभ (सम्पादक) (सन् १९६८), *नित्याषोडशिकार्णव*, वाराणसी : वाराणसेय संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ (सम्पादक) (सन् १९८८), *अष्टप्रकरण*, वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

द्विवेदी, व्रजवल्लभ (सम्पादक) (सन् २००४), *नेत्रतन्त्र (उद्योतव्याख्या)*, दिल्ली : परिमल पब्लिकेशन्स ।

नवमीसिंह (२०५४), *तन्त्रचिन्तामणि* (पूर्वभाग), विद्यानाथ उपाध्याय भट्ट (सम्पादक), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

भट्टराई, नन्दन (सम्पादक) (२०५७), *श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य*, दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

भट्ट, विद्यानाथ उपाध्याय (२०६२), *तन्त्रविद्यालोक*, काठमाडौँ : अन्नपूर्णा उपाध्याय भट्ट ।

भट्टाचार्य, तारानाथ (सम्पादक) (सन् १९६२), *वाचस्पत्य*, वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस ।

मालवीय, सुधाकर (सम्पादक) (सन् २०११), *आगमरहस्य*, वाराणसी : चौखम्वा संस्कृत सीरिज आफिस ।

मिश्र, परमहंस (सम्पादक) (सन् २००२), *कुलार्णवतन्त्र*, दिल्ली : चौखम्वा विद्याभवन ।

लामिछाने, माधवप्रसाद (सम्पादक) (२०७५), *परातन्त्र*, काठमाडौँ : राष्ट्रिय अभिलेखालय ।

शास्त्री, जगदीश (सम्पादक), (सन् १९८०), *लिङ्गपुराण*, दिल्ली : मोतीलाल बनारसीदास ।

शास्त्री, जगदीश (सम्पादक), (सन् १९९०), *उपनिषत्संग्रह*, दिल्ली : मोतीलाल बनारसीदास ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकृतिदत्तपन्तस्य वैशिष्ट्यविमर्शः

✍ डा. रत्नावलीशर्मा *

शोधसारः

नैपालकस्य महाकवेः सुकृतिदत्तपन्तस्य वैशिष्ट्यं प्रकाशयितुं प्रस्तुतेऽस्मिन् लघुलेखे महाकवेः सुकृतेः लोकयात्रायाः कृतीनाञ्च संक्षिप्य निरुपणं विधाय तस्य अष्टाविंशत्यधिकासु विविधविषयासु प्रौढासु कृतिषु कार्तवीर्योदयमहाकाव्यं निखिलेऽपि संस्कृतवाङमये विशिष्टं वर्तत इति प्रतिपादितमस्ति । कविरयं१८८०वैक्रमाब्दात् १९३१ वैक्रमाब्दपर्यन्तं भुवमिमामलङ्चकार । न केवलमस्य ग्रन्थाः संख्यायामेवाधिकाः प्रत्युत गुणदृशापि प्रौढा महत्त्वपूर्णाश्च सन्ति । अस्य कार्तवीर्योदयमहाकाव्यं हि प्रौढं मनोरमं शास्त्रकाव्यं विद्यते, यत्र कालिदासभारविमाघश्रीहर्षप्रमुखाणां प्राचीनानां महाकावीनां वैशिष्ट्यमेकत्रैव सन्निहितं विद्यते ।

शब्दकुञ्जीः *गुप्तमुद्राबन्धः, पुष्पिकावाक्यम्, शीतलारोगः,सर्वतोभद्रम्, षडरचक्रबन्धः, ।*

विषयप्रवेशः

अजरायाममरायाञ्च सुरगवि सृष्टेरारम्भाद् अधुनावधि बहुविधं विपुलं वाङ्मयं निरन्तरं रच्यमानमस्ति । अस्मिन्नेव क्रमे नैपालकेन महाकविना सुकृतिदत्तपन्तेन विंशशताब्द्याः पूर्वार्द्धे अनेकेषु विषयेषु बहवो ग्रन्था प्रणीताः । अस्य हि महाकवेः सुकृतिनः व्याकरणन्यायसाहित्यादिविषयेषु निर्मितेषु प्रौढतमेषु ग्रन्थेषु कार्तवीर्योदयमहाकाव्यमत्यन्तं प्रौढं मनोरमञ्च महाकाव्यं विद्यते । यत्रानेकेषां शास्त्राणां प्रौढ्या समावेशेन सहैव साहित्यस्य शास्त्रीयं विश्लेषणमपि उपमानप्रतिमानादिरूपैरुपायैर्विहितं दृश्यते । अस्य कवेर्हि कृतौ कार्तवीर्योदये कालिदासभारविमाघश्रीहर्षप्रभृतीनां महाकवीनां काव्यगुणायुगपदवतीर्णा विद्यन्ते । लेखोऽयं तद्विषयकं वैशिष्ट्य प्रदर्शयितुं प्रवृत्तो वर्तते ।

पूर्वकार्याणिः

महाकवेः सुकृतिदत्तपन्तस्य व्यक्तित्वस्य कृतित्वस्य वैशिष्ट्यस्य अनेकान् पक्षानाधृत्य विभिन्नेषु कालखण्डेषु विभिन्नासु पत्रपत्रिकासु अनेके शोधलेखाः, विविधाः शोधप्रबन्धाश्च प्रस्तुताः सन्ति । तेषां सर्वेषां विवरणमपि लेखादस्मात् बहुगुणं भवितुं शक्नोति । अतएव सुकृतेर्व्यक्तित्वस्य कृतित्वस्य च अनेकेषां पक्षाणां अध्ययनम् अधुनाप्यवशिष्टं वर्तते । अतएव महाकवेः सुकृतिदत्तपन्तस्य वैयक्तिकपरिचयस्य क्षेत्रे कृतीनां परिगणने तासां विश्लेषणे सुकृतेर्वैदुष्यस्य वैशिष्ट्यस्य च प्रतिपादने अधुनापि अत्यधिकमध्ययनम् अपेक्षितं वर्तते । तस्मिन्नेव क्रमे अस्य शोधलेखस्यापि संक्षिप्य तदीयव्यक्तित्वकृतित्वप्रदर्शनपुरस्सरं कार्तवीर्योदयमहाकाव्यस्य वैशिष्ट्यं पुरस्कर्तुम् आवश्यकता विद्यते ।

समस्याकथनम्

प्रस्तुतोऽनुसन्धानात्मकोऽयं लघुलेखः महाकावेः सुकृतिदत्तपन्तस्य कः परिचयः किञ्च तस्य काव्यकृतिवैशिष्ट्यम् इति समस्यां पुरस्कृत्य प्रस्तुतो वर्तते ।

---

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनस्योद्देश्यम्

समस्याकथने प्रस्तुतां समस्यां समाधातुं प्रस्तुतस्याय शोधलेखस्य महाकवेः सुकृतेः परिचयपुरस्सरं वैशिष्ट्यप्रदर्शनम् विशिष्टमुद्देश्यं वर्तते ।

सीमाङ्कनम्

लेखोऽयं सुकृतिदत्तपन्तसम्बद्धवाङ्मयसामग्रीम् अधिकृत्य सैद्धान्तिकाधारतया च पौरस्त्यं काव्यशास्त्रम् आधृत्य च केवलं सुबृतेर्लोकयात्राया, तस्याष्टविंशत्यधिकासु कृतिषु च कार्तवीर्योदयमहाकाव्यस्य वैशिष्ट्यस्य दिग्दर्शनार्थमेव प्रस्तुतोऽस्ति ।

अध्ययनविधिः

अनुसन्धानकार्यं सम्पादयितुं सामग्रीसमाहरणाय पुस्तकालयविधिः, विश्लेषणाय यथाऽवश्यकं विश्लेषणतुलनाव्याख्याविधीनां, निष्कर्षनिष्पादने च विश्लेषणनिगमनविधीनां यथावश्यकं प्रयोगो विहितोऽस्ति । पादटिप्पणीसन्निवेशे प्राचीनग्रन्थानामुद्धरणे परम्परागतो विधिरनुसृतः । सन्दर्भसूचीनिर्माणे लेखकपृष्ठपद्धतिः (MLA) अनुसृता विद्यते ।

सुकृतिदत्तस्य परिचयः

प्रायो हि प्राचीनाः संस्कृतकवयः केवलं स्वीयेन वैदुष्येन कृतिवैशिष्टचेन च परिचिता दृश्यन्ते । तेषां वैयक्तिकमितिवृत्तं कदाचिन्नाममात्रतोऽपि काठिन्येनैव विज्ञायते । भासकालिदासादीनां कतीनाञ्चिद्महाकवीनां नाम्नः कतिपयानां कृतीनाञ्च अतिरिक्तोऽन्यः कोऽपीतिहासो नाधिगम्यते । पश्चाद्वर्तिषु कतिषुचिद् कविषु स्वेतिहासोल्लेखस्य परम्परापि प्रचलिता दृश्यते । तेषुहि श्रीहर्षजगन्नाथप्रमुखेषु केषुचित् कविषुपरम्परेयं स्वल्पतया द्रष्टुं शक्यते । महाकविः सुकृतिदत्तपन्तोऽपि कार्तवीर्योदयमहाकाव्ये नैजं स्वल्पतरं परिचयमुपस्थाप्य श्रीहर्षादीनां परम्परायाम् आत्मानं न्यस्तवान् । अनेन महाकविना श्रीहर्षेणेव प्रत्येकं सर्गस्य अन्त्यपुष्पिकावाक्येषु आत्मनः पित्रोः कुलस्याभिजनत्वस्य चोल्लेखेन सहैव महाकाव्यान्ते स्थानस्य समयस्य चोल्लेखेनात्मनो वैयक्तिकः परिचयो दत्तः । श्रीहर्षेण हि कतिषुचित् पुष्पिकापद्येषु कतिपयानां कृतीनां नामान्यपि समुल्लिखितानि -

> श्रीहर्षं कविराजराजिमुकुटालङ्कारहीरं सुतं
> श्रीहीरः सुषुवे जितेन्द्रियचयं मामल्लदेवी च यम् ।
> तन्चिन्तामणिमन्त्रचिन्तनफले शृङ्गारभङ्ग्या महा
> काव्ये चारुणि नैषधीयचरिते सर्गोऽयमादिर्गतः ॥[1]

अनयैव रीत्या महाकविना सुकृतिनापि प्रतिसर्गसमाप्तिपुष्पिकावाक्यत्वेनाधोलिखितं पद्यं उत्तरार्द्धे किञ्चित्परिवर्तनं विधाय प्रस्तुतम्-

> श्रीमत्कूर्मधराधरेन्द्रवसतिप्रख्यातपन्तान्वये
> जातः श्रीभवदत्तपण्डितवरः श्रीभार्गवी तत्प्रिया ।
> लेभाते सुकृतिं सुतं निजमतेः संशुद्धये तत्कृते

---

१ **नैषधीयचरितम्** १।१४५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काव्येऽस्मिन् कृतवीर्यसूनुचरिते सर्गोऽयमादिर्गतः ॥[२]

भवदत्तभार्गव्योःचतुर्षु पुत्रेषु कविः सुकृतिः कनिष्ठ आसीत् ।

एकस्याः किंवदन्त्या अनुसारेणायं शैशवे शीतलारोगग्रस्तोऽधिकं कालं यावत् रुग्णोऽभूत् । कदाचिदस्य पितरौ भार्गवीभवदत्तौ तं मृतं मन्वानौ सकरुणं विलेपतुः । तस्मिन्नेवावसरे काचन श्यामा युवतिस्तत्राजगाम । सा च मृतस्य शिशोः शरीरे कोद्रवचूर्णं विलेप्य शिशुञ्चैनन्माशिषा संयोजितवती समुपस्थितेषु सर्वेष्वप्यात्मीयेषु जनेषु क्रन्दत्सु सा कुतः समायाता क्व गतेति केनापि नाज्ञायि । किञ्चित्कालानन्तरं सुकृतौ प्राणानां सञ्चारोऽजायत । स्वल्पेनैव कालेन च सर्वथा स्वस्थोऽपि सञ्जातः । सुकृतौ पुनरुज्जीविते जनैरन्विष्टापि सा न दृष्टा । सुकृतेर्जीवनदात्री सा श्यामा युवतिर्भगवती तारा आसीदिति विश्वस्यते । तत एव च सुकृतेः तारायां भक्तिरपि समुदिता ।[३] कवेरात्मोल्लेखानुसारेण द्वादशवर्षकल्पेऽस्मिन् पिता भवदत्तः स्वरगच्छत् । ततश्च तदीयैरग्रजैर्मातुर्भार्गव्याः पितुः कवित्वपरम्परायाश्चोपेक्षा विहिता । ततः खिन्नो मातरि कवितायामुभयत्रापि श्रद्धावान् स तयोः सेवयैव स्वकीयं जीवनमनैषीत्-

ताते याते जलधितनयानाथलोकं सशोकीं
सायङ्कोकीसदृशकवितान्नावितामन्यपुत्रैः ।
अम्बां दृष्ट्वा सरसहृदयो वत्सराद्वादशादा
नानायत्नैस्तदवनपरो वृद्धतामस्मि यातः ॥[४]

सुकृतिदत्तेन किंवदन्त्यनुसारेणैव भगवत्यास्तारिण्या अनुकम्पयैव न केवलं कवित्वमेवाधिगतं प्रत्युत तेन कार्तवीर्योदयाख्यं प्रौढं नूतनं महाकाव्यमपि प्रणीतमित्यात्मनैव समुल्लिखितम्-

ताते नारायणपदगते कीर्तिरम्बात्रिलोकीं
शास्त्रप्रौढीः सरसकवितावादिता मामयासीत् ।
श्रीतारायाश्चरणकृपया पालयंस्तास्समस्ताः
काव्यं नव्यं व्यरचयमहं कार्तवीर्योदयाख्यम् ॥[५]

महाकविना सुकृतिना भावामृतव्याख्याया समापनावसरे स विंशतिवर्षकल्प आसीदित्युल्लेखो व्यधायि-

बाणाङ्गवाजीन्द्रमिते सुशाके समागतो विंशतिमाश्वकार्षीत् ।
सुकीर्तिदत्तो भवदत्तपुत्रः कृष्णातटे पर्वतनीर्वृतीदम् ॥[६]

भावामृतव्याख्यायाः परिसमाप्त्यवसरे बाणाङ्गबाजीन्द्रमिते अर्थात् बाणाः = ५ अङ्गानि= ६, बाजी= ७, = इन्द्र= १ = १७६५ तमे शकाब्दे तदनुसारेण १९०० तमे वैक्रमाब्दे कवेरायुः विंशतिवर्षपरिमितमासीत् ।

---

२ **कार्तवीर्योदयमहाकाव्यम्** । १।४६।

३ भागवतप्रसादशर्मा, 'महाकविः सुकृतिः तत्कृतिमितयश्च', **हैमवती**, १।१।२०४५, पृ. ३८ ।

४ **कार्त.**, १७।१३।

५ तत्रैव १७।१४।

६ प्रपन्नाचार्यः (सं.), **भावामृतव्याख्या**, पूर्ववत्, अन्त्यपुष्पिकावाक्य ४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेन चास्य जन्म १८८० वैक्रमाब्दे समजायत इति नैश्चित्येन वक्तुं शक्यते । कविना कार्तवीर्योदयमहाकाव्यं १९२८ तमे वैक्रमाब्दे पूर्णतां नीतमासीत्-

नागेन्द्रनेत्रनवभूमितविक्रमाब्दे
वैशाखमासि सितपक्षतृतीयतिथ्याम् ।
श्रीकार्तवीर्यचरितोदितकाव्यमेतत्
श्रीतारिणीकरुणया परिपूर्णमासीत् ॥[७]

अस्य महाकाव्यस्य समाप्तिदिनाङ्कः १९२८ वैक्रमाब्दे वैशाखमासस्य शुक्लतृतीया अर्थात् अक्षयतृतीया आसीत् । एवञ्च कार्तवीर्योदयसमाप्तिकाले स अष्टचत्वारिंशद्वर्षकल्पोऽभूत् । कार्तवीर्योदयमहाकाव्ये पुत्र्या विद्याया नाम्नोऽदर्शनात् तदनन्तरमेव विद्यायाः जन्मानुमातुं शक्यते ।

प्रपन्नाचार्येण सुकृतेर्देवीस्तोत्रमाधृत्यान्तिमे समये स गुल्मरोगग्रस्त आसीदित्युल्लेखो व्यधायि । तत्रैव च तेन वृन्दावनस्य रङ्गलक्ष्मीमन्दिरस्य श्रीरङ्गाचार्यं विशिष्टाद्वैतविषयमाधृत्य लिखितपत्रानुसारेण १९३० वैक्रमाब्दं यावत् सुकृतेः स्थितिः साधिता । तदनुसारेण १९३१ तम एव वैक्रमाब्दे भुवमिमं तत्याज ।[८]

सुकृतेः कृतयः

महाकविना सुकृतिना स्वल्पेनैव समयेन संस्कृतवाङ्मये विविधेषु विषयेष्वनेके ग्रन्थाः विरचिताः । सम्प्रति प्रकाशिता अप्रकाशिताश्चाष्टाविंशतिसङ्ख्याता हि तस्य श्रूयन्ते। यद्यप्यधुनावधि तस्य कृत्यष्टकमेव प्रकाशितं दृश्यते–भावामृतव्याख्या कार्तवीर्योदयमहाकाव्यं तारिणीवरिवस्या देवीस्तुतिश्च तथैव सुकृतिदत्तपन्तसूरिविरचितग्रन्थावलौ च मकरन्दस्तुतिव्याख्या, कूटार्थव्याख्या, नैषधक्रोडपत्रम्, भावामृतम्, तारिणीवरिवस्या, विरुदावलिश्चेति षड्ग्रन्थाः प्रकाशिता सन्ति । एतेषु भावामृतव्याख्या-तारिणीवरिवस्या च ग्रन्थद्वयं ग्रन्थावलौ स्वतन्त्रतया च प्रकाशनमुपलभ्येते । कार्तवीर्योदयभावामृतयोर्द्वयोः कृत्योस्तेनात्मनैव दशग्रन्थानामुल्लेखो विहितो दृश्यते । एतेभ्यो दशग्रन्थेभ्यो व्यतिरिक्तमन्यान्यपि नामानि समुपलभ्यन्ते । एवञ्च-१. उदाहरणचन्द्रिका[९], २. रत्नावली[१०], ३. रसिकरञ्जनी[११], ४. श्रृङ्गारशतकम्[१२], ५. भावामृतम्[१३], ६. सिद्धान्तवादः[१४], ७. स्फोटवादः[१५], ८. गङ्गाप्रसादः[१६], ९. मन्दारमाला[१७], १०. छन्दःप्रबन्धः[१८], ११.

---

७ **कार्त.**, १७।३५।

८ प्रपन्नाचार्यः (सं.), **भावामृतव्याख्या**, पूर्ववत्, भूमिका, पृ. ढ ।

९ मत्कृतायामुदाहरणचन्द्रिकायां हरिणीछन्दसि... । प्रपन्नाचार्यः (सं.), **भावामृतव्याख्या**, पूर्ववत्, पृ. ४ ।

१० मत्कृतायां रत्नावल्यां श्रीमन्तमास्वितिपद्यव्याख्यानवत्... । तत्रैव/**कार्त.**, ९।११४।

११ मत्कृतरसिकरञ्जन्यां विशदीकृतमिति... । तत्रैव पृ. ५ ।

१२ तथापि किञ्चिद् अस्मत्कृतश्रृङ्गारशतकपूर्वपीठिकातः । तत्रैव पृ. ८ ।

१३ प्रपन्नाचार्यः (सं.), **भावामृतव्याख्या**, पूर्ववत् ।

१४ **कार्त.** ८।१०२।

१५ तत्रैव योहानेस् स्नाइडर, १०।१२०। प्रपन्नाचार्य १०।११९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तवीर्योदयमहाकाव्यम्[१९], १२. वृद्ध्यादिसूत्राष्टकवृत्तिः[२०], १३ परिभाषेन्दुशेखरक्रोडपत्रम्[२१], १४. शक्तिवादक्रोडपत्रम्[२२], १५. नैषधीयक्रोडपत्रम्[२३], १६. रसमाला[२४], १७. व्युत्पत्तिवादटिप्पणी[२५], १८. शब्दशक्तिप्रकाशिकाटीका[२६], १९., गादाधरीटीका[२७], २०. शब्देन्दुशेखरक्रोडपत्रम्[२८], २१. मकरन्दस्तुतिटीका[२९], २२. शृङ्गारसङ्ग्रहः[३०], २३. विरुदावली[३१], २४. देवीस्तोत्रम्[३२], २५. कुवलयानन्दखण्डनम्[३३], २६. ज्यौतिषसारसिद्धान्तः[३४], २७. मुहूर्तलाघवम्[३५], २८. रसमञ्जरी[३६](नेपालीभाषायां रचिता) । एतेषामष्टविंशतिग्रन्थानां सूचना समुपलभ्यते । एतदतिरिक्तमलङ्कारचूडामणिरित्याख्यस्य ग्रन्थस्यापि समुल्लेखः सुकृतिदत्तकृतित्वेन प्रपन्नाचार्येण विहितो दृश्यते । तस्यान्ये्ऽपि ग्रन्थाः सम्भवन्ति येषां नाम्नां चर्चा अधाुनावधि न जाता यद्वाधुनावधि ते दृक्पथं नावतीर्णाः ।

सुकृतेः काव्यवैशिष्टचम्

उत्तरवर्तिसमये संस्कृतवाङ्मये प्रायः एतावतां बहुसंख्यकानां बहूविषयाणाञ्च ग्रन्थानां रचना केनापि एकेन स्रष्टानाक्रियत । अर्धशतकात्मके स्वल्प एव वयसि अष्टाविंशाधिकानां प्रौढानां ग्रन्थानां रचनयैव

---

[१६] तत्रैव ११।१२१।

[१७] तत्रैव १३।५५।

[१८] तत्रैव १४।१२४।

[१९] प्रपन्नाचार्यः (सं.) **कार्त.**, काठमाण्डौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५१ वि.सं. ।

[२०] राष्ट्रियाभिलेखालयः, ल.सं.प. ३८७४, वि.सं. ५५७ ।

[२१] राष्ट्रियाभिलेखालयः, ल.सं.प. ६१९०, वि.सं. ६४५ ।

[२२] राष्ट्रियाभिलेखालयः, ल.सं.प. ६६४३, वि.सं. ५६२ ।

[२३] प्रपन्नाचार्यः (सं.), **कार्त.**, पूर्ववत्, भूमिका, पृ. ७२ ।

[२४] तत्रैव पृ. ७४ ।

[२५] तत्रैव ।

[२६] तत्रैव पृ. ७५ ।

[२७] तत्रैव ।

[२८] तत्रैव ।

[२९] तत्रैव पृ. ७६ ।

[३०] तत्रैव पृ. ७७ ।

[३१] तत्रैव ।

[३२] तत्रैव ।

[३३] प्रपन्नाचार्यः (सं.), **भावामृतव्याख्या**, पूर्ववत्, भूमिका, पृ. ठ ।

[३४] तत्रैव ।

[३५] तत्रैव ।

[३६]माधवशरण उपाध्याय, 'संस्कृतकृतेकक महाकवि सुकृतिदत्तको नेपाली कृति रसमञ्जरी व्याख्या', **ऋतम्भरा**, वर्ष ९, अङ्क २, २०६५ वि. सं., पृ. ७८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाकवेर्सुकृतेर्वैदुष्यस्य वैशिष्ट्यम् अपरिमितमासीदिति विश्लेषयितुं शक्यते । यद्यप्यस्यसर्वविषयका एव ग्रन्थाः प्रौढा महत्त्वपूर्णाश्च विद्यन्ते तथापि साहित्यसम्बद्धाः कृतयः ततोपि प्रौढा विशिष्टाश्च सन्ति । तेष्वपि ग्रन्थेषु कार्तवीर्योदयमहाकाव्यमद्वितीयैव कृतिर्विद्यते । सर्वशास्त्रविशारदो हि सुकृतिः विविधेभ्यो ज्यौतिषव्याकरणादिसाहित्यप्रभृतिभ्यः विविधेभ्यः दर्शनेभ्यः पुराणेतिहासादिभ्यश्चोपमानानि निदर्शनान्युद्धरणानि च समाहृत्य वैदुष्यस्य परां काष्ठां प्रादर्शयत् । तेन महाकाव्येऽत्र हि सरलललितविदग्धमहाकाव्यत्वेन प्रथितयोर्महाकवेः कालिदासस्य रघुवंशकुमारसम्भवमहाकाव्ययोः प्रौढपाण्डित्यपूर्णतया चर्चितानांमाघभारविश्रीहर्षाणां बृहत्त्रय्या अर्थात् किरातार्जुनीय- शिशुपालवध- नैषधचरितमहाकाव्यानांसाहित्यिकं सौन्दर्यं युगपल्लब्धुं शक्यते। लघुलेखेऽस्मिन्अधिकस्य वस्तुनः सन्निवेशासम्भवत्वे निदर्शनार्थं कानिचिदेवोदाहरणानि प्रस्तूयन्ते ।

महाकविना कालिदासेनसौन्दर्यवर्णने पार्वत्यामुखे चान्द्री पाद्मी चोभयविधापि शोभा उपलभ्यते इति वर्णितं दृश्यते –

चन्द्रं गता पद्मगुणान्न भुङ्क्ते पद्माश्रिता चान्द्रमसीमभिख्याम् ।
उमामुखं तु प्रतिपद्य लोला, द्विसंश्रयां प्रीतिमवाप लक्ष्मीः ॥[३७]

महाकविना सुकृतिनापि कार्तवीर्योदये ह्ययमर्थः कनकप्रभामुखवर्णने निम्नाङ्किताभ्यां पद्याभ्यां प्रस्तुतो दृश्यते–

कमले विमलेऽपि नो सुधा–
मृतसिन्धौ न विधौ च सौरभंम् ।
अदसीयमुखञ्जगत्सुख–
न्द्वितयन्तद् भरतेऽतिनिर्भरम् ॥
कमलं कमलन्न निर्मलं
सकलङ्कं विधुमण्डलं स्फुटम् ।
विलसद्रदनं तदाननं
समताङ्केन समेतु विष्टपे ॥[३८]

महाकवेः सुकृतेः कार्तवीर्योदयस्य नायिकासम्बन्धिन्या वर्णनायाः कथासङ्घटनायाश्च प्रसङ्गः कालिदासस्य रघुवंशकाव्यस्य इन्दुमतीस्वयम्वरप्रसङ्गेनात्यन्तं संवदति ।रघुवंशमहाकाव्यस्य पञ्चमसर्गादारभ्याष्टमसर्गं यावत् प्रस्तुतायाः अजसम्बद्धायाः कथाया नायिकेन्दुमती विदर्भदेशस्य क्रथकैशिकवंशस्य राज्ञो भोजस्य भगिनी वर्तते–

क्रथकैशिकवंशसंभवा तव भूत्वा महिषी चिराय सा ।
उपलब्धवती दिवच्युतं विवशा शापनिवृत्तिकारणम् ॥[३९]

---

[३७] **कुमारसम्भवम्** १।४३

[३८] **कार्त.**, ९।५५।५६।

[३९] **रघुवंशमहाकाव्यम्** ८।८२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुकृतेः कार्तवीर्योदयस्य नायिका कनकप्रभापि क्रथकैशिकवंशोत्पन्नस्य राज्ञो भोजस्य पुत्री वर्तते –

क्रथकैशिकवंशवारिधे-
रुदिता पद्मकरापि देवता ।
अकलङ्कितसोदरा स्थिर–
प्रकृतिश्चार्जुनधर्मधारिणी ॥[४०]

विदर्भराजस्य भोजस्य राजप्रासादे तदीयभगिन्या इन्दुमत्या स्वयम्बरावसरे प्राप्तो महाराजोऽजः प्रातर्वैतालिकानां स्तुतिपाठैर्जागर्ति –

इति विरचितवाग्भिर्वन्दिपुत्रैः कुमार–
सपदि विगतनिद्रस्तल्पमुज्झाञ्चकार ।
मदपटुनिनदद्भिर्बोधितो राजहंसैः
सुरगज इव गाङ्गं सैकतं सुप्रतीकः ॥[४१]

एवमेव क्रथकैशिकवंशोत्पन्नस्य विदर्भनरेशस्य भोजस्य पुत्र्याः कनकप्रभायाः स्वयम्बरार्थं प्राप्तो माहिष्मतीशोऽर्जुनोऽतिथित्वेन विदर्भराजप्रासादे सुप्तो वन्दिनामेव स्तुतिपाठैर्निद्रातो जागर्ति –

इति विलसितनानाश्लेषहृद्यैर्विचित्रैः
मधुरपदविलासैर्वन्दिनां वाक्यजातैः ।
शयनसमुपनीतस्स्वप्रियाकेलिकल्पैः
परिहृतशयनीयो यादवः प्रोदतिष्ठत् ॥[४२]

इमानि कानिचन निर्दर्शनानि वर्तन्ते कविना सुकृतिना महाकवेः कालिदासस्य द्वाभ्यामेव महाकाव्याभ्यां रघुवंशकुमारसम्भवाभ्यां स्वकीयकाव्यनिर्माणप्रसङ्गेऽधिका प्रेरणा गृहीतेति निश्चप्रश्चं वक्तुं शक्यते ।

चित्रालङ्कारचित्रणविधौ हि कविः सुकृतिर्भारविमाघाभ्यां स्पर्धमानो दृश्यते ।

यथा महाकवेः कादिलासस्य सरलावर्णनशैली कार्तवीर्योदयमहाकाव्ये समवतीर्णा विद्यते । तथैव भारविमाघयोरपि चित्रालंकारचातुरी कार्तवीर्योदयमहाकाव्ये अनुसृता विद्यते ।

निदर्शनार्थम् एकैकं पद्यं समुद्ध्रियते । किरातार्जुनीयस्य हि-

देवाकानिनि कावादे वाहिकास्वस्वकाहि वा ।
काकारेभभरे काका निस्वभव्यव्यभस्वनि ॥

दे	वा	का	नि	नि	का	वा	दे
वा	हि	का	स्व	स्व	का	हि	वा
का	का	रे	भ	भ	रे	का	का

[४०] कार्त.,११।९१।

[४१] रघुवंशम् ६।७५।

[४२] कार्त.,११।६६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नि	स्व	भ	व्य	व्य	भ	स्व	नि
का	का	रे	भ	भ	रे	का	का
वा	हि	का	स्व	स्व	का	हि	वा
दे	वा	का	नि	नि	का	वा	दे

अयं श्लोकोऽष्टसु कोष्ठेषु विभज्य तीर्यक् उपरिष्टाद् अधश्च चतसृभ्य एव दिग्भ्यः समानरूपेण पठितुं शक्यते । तथाहि किरातार्जुनीयमहाकाव्ये -

सा शारदा दारशासाशारसार रसारशा ।

रसावहाहावसार दारहाविविहारदा ॥[४३]

सा	श	र	दा	दा	र	श	सा
शा	र	सा	र	र	सा	र	श
र	सा	व	हा	हा	व	सा	र
दा	र	हा	वि	वि	हा	र	दा
दा	र	हा	वि	वि	हा	र	दा
र	सा	व	हा	हा	व	सा	र
शा	र	सा	र	र	सा	र	शा
सा	शा	र	दा	दा	र	श	सा

इदमपि पद्यं चतसृभ्योः दिग्भ्योः नुलोमविलोमाभ्यां च समारभ्य समाप्य च अष्टभिः प्रकारैः संस्थापयितुं शक्यते । अतएवात्र सर्वतोभद्रनामकः चित्रालंकारो विद्यते । यदि सर्वतोऽर्थाद् वामतो दक्षिणतऊर्ध्वतोऽधस्तः सर्वतः श्लोकपादानां भ्रमणं भवति तदा सर्वतोभद्राख्यश्चित्रालंकारः सम्पद्यते ।[४४]

एवमेवमहाकवेर्माघस्य चित्रालङ्कारसरणिरपि सुकृतिदत्तपन्तस्य कार्तवीर्योदयमहाकाव्ये दृष्टिपथमवतरति ।निदर्शनार्थं दिङ्मात्रमत्रोद्ध्रियते ।

तथा हि महाकवेर्माघस्य शिशुपालवधमहाकाव्ये षडरचक्रबन्धनामा चित्रालंकारः प्रस्तुतो विद्यते । षडरचक्रनामको चित्रबन्धो हि पूर्वं षट्त्स्वक्षरेष्वाद्यान् त्रीन् पादान् विलिख्य चतुर्थः पादो नेमौ भ्रमणक्रमेणोपन्यस्यते । यत्र कवेः काव्यस्य विशिष्टस्य वस्तुनः चिह्नम् आधुनिक्यां भाषायां मुद्रैव चित्रिता भवति ।[४५] चक्रबन्धेष्वेकाङ्गत्वेन द्वयङ्गत्वे त्र्यङ्गत्वेन वा कवेर्नामादीनां समुल्लेखो दृश्यते । महाकविना माघेन हि षडरचक्रबन्धस्य योगो नैजे महाकाव्ये निम्नाकितयारीत्या विहितः -

सत्त्वं मानविशिष्टमाजिरभसादालम्ब्य भव्यः पुरो
लब्धाघक्षयशुद्धिरुद्धरतरश्रीवत्सभूमिर्मुदा ।
मुक्त्वा काममपास्तभीः परमृगव्याधः सनादं हरे-
रैकौघैः समकालमभ्रमुदयी रोपैस्तदा तस्तरे ॥[४६]

---

[४३] कार्त., ७८० ।

[४४] तदिष्टं सर्वतोभद्रं भ्रमणं यदि सर्वतः । **काव्यादर्शः**, ३।८०।

[४५] पुरः पुरो लिखेत्पादानत्र त्रीन् षडरीकृतान् । तुर्य्यन्तु भ्रमयेन्नेमौ श्चक्रसंविधिः ॥ **सरस्वतीकण्ठाभरणम्** , पूर्ववत्, पृ.१६ ।

[४६] **शिशुपालबधम्**, ११।१२०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



अत्र हि षडरे चक्रे समग्रं पद्यमुल्लिख्य 'शिशुपालवधकाव्यमिदम्' इति चित्रितं वर्तते । एवमेव कार्तवीर्योदयस्य निम्नाङ्किते पद्येपि षडरचक्रबन्धस्य योगो महता वैदुष्येन सम्पादितो दृश्यते । साधारणतया समुल्लेखे पद्यमिदमधोनिर्दिष्टया रीत्या समुट्टङ्कितं वर्तते ।

तातस्सुन्दरकृत्स्नवीरचरितं भव्यप्रवादप्रियं,
दृष्ट्वा कृत्यमितावधानचरणं तं वात्कृतान्त श्रियम् ।
वष्टीति स्म स काश्यपी प्रचलितक्षोणी शसञ्ज्ञम्मुदा
दातारं यमिनां यशस्तव परं दृष्टे कृतान् सदा ॥[४७]

इदमेव पद्यं षडरचक्रबन्धे निम्नांकितया रीत्या समुपन्यस्यते -



सुकृतिकृते कार्तवीर्योदयमहाकाव्यस्य पद्येस्मिन् मध्यविन्दौ चकारः त्रिधा संश्लिष्टो दृश्यते । पदस्यान्ते नेमौ दकारोपि त्रिधा संश्लिष्टोस्ति । शेषेषु नेमौ आद्यन्तयोः कोणयोः यकार,. यकार, वकार, दृकार,

---

४७.कार्त., ७९६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताकाररुपाणां पञ्चानामक्षराणां बारद्वयम् उच्चारणं जायते । यत्र हि प्रथमं चिह्नं प्रत्येकम् अक्षरस्य तृतीयाक्षरे सुकृतिदत्तज्ञ इत्याकारेण चिह्नितं भवति । द्वितीयः खल्वङ्कः प्रत्येकमक्षरस्य षष्ठाक्षरे योजितं भवति । येन कृताकाव्यवाणी इत्यङ्कितं जायते । समग्रत अस्मिन् षडरचक्रान्तर्गतपद्ये सुकृतिदत्तज्ञकृता काव्यवाणी इति संकेतः अत्यन्तं गोप्यतया संस्थापितोस्ति । अनेन हि कोपि काव्यचौरः काव्यमिदं चोरयितुं न शक्नोति । आधुनिके समये प्रमाणपत्रादिषु संस्थापिता गोप्यमुद्रेव अस्यापि चौरेभ्यः काव्यगोपनाय अधिकं महत्त्वं वर्तते ।

एतादृशे विषये महाकवेः सुकृतिदत्तपन्तस्य वैदुष्यस्य प्रौढिमत्वं सर्वान् अपि कवीन् अतिशेते । अधोनिर्दिष्टेषु त्रिषु पद्येषु विद्यमानः गुप्तमुद्राबन्धः महकवेः सुकृतेः प्रौढतायाः वैशिष्ट्यातिशयं व्यनक्ति । यो ह्यन्यत्र न दृश्यते-

सुतं युवानं समभूमिबालि**का**
प्र**कृ**ष्ट नर्मालयमच्छवा**र्त**कम् ।
सुनी**ति**वित्कर्तुमियेष **वी**तभीः
वृतं मु**द**क्तैरखिलै**र्य**शस्विनम् ।
महर्षिद**त्तं** प्रतिरागशालिनं
त्रिलोकगेहाङ्कजनावविक्रमम् ।
अमात्यवर्योऽव**वि**धानमादिशन्
प्रतोषितार्यप्रति राजमानिते ॥
सुतुष्टसुप्रान्तसमाजसम्मतो
मुदाचलद्दत्तगणोऽवनि प्रभुः ।
परिप्लवो भव्यपरम्पराभि -
स्तं सर्वपौरानुमतिं समागतम् ॥[४८]

सु	तं	यु	वा	नं	स	म	भू	मि	बा	लि	**का**	
प्र	**कृ**	ष्ट	न	र्मा	ल	य	म	च्छ	वा	**र्त**	कम्	
सु	नी	**ति**	वि	त्क	र्तु	मि	ये	ष	**वी**	त	भीः	
वृ	तं	मु	**द**	क्तै	र	खि	लै	**र्य**	श	स्वि	नम्	
म	ह	र्षि	द	**त्त**	म्प्र	ति	**रा**	ग	शा	लि	नं	
त्रि	लो	क	गे	हाङ्	**क**	**ज**	न	व	वि	क	मम्	
अ	म	त्य	व	र्योऽ	**व**	**वि**	धा	न	मा	दि	शन्	
प्र	तो	षि	त	**र्य**	प्र	ति	**रा**	ज	मा	नि	ते	
सु	तु	ष्ट	**सु**	प्रा	न्त	स	म	**ज**	स	म्म	तो	
मु	दा	**च**	ल	द्द	त्त	ग	णो	ऽव	**नि**	प्र	भुः	
प	**रि**	प्ल	वो	भ	व्य	प	र	म्प	रो	**र्भि**	भिः	
तं	स	र्व	पौ	रा	नु	म	तं	स	मा	त	**तम्**	

[४८]कार्त.७९६-९८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र हि वंशस्थवृत्तघटिते त्रिपद्यात्मके विशेषकाव्ये पद्यसमूहे प्रथमचरणस्य प्रथमादक्षरादारभ्य प्रत्येकं चरणेषु द्वितीयतृतीयचतुर्थपञ्चमादिद्वादशान्तं यावत् स्थितेषु चरणेषु द्वितीयस्य द्वितीयादि क्रमेण तृतीयस्य तृतीयादि क्रमेण एवंरीत्या विशेषकस्य द्वादशचरणस्य द्वादशमक्षरं यावत् 'सुकृतिदत्तकविराजनिर्मितम्' एवमेव प्रथमचरणस्य अन्तिमात् द्वादशाक्षरादारभ्य द्वादशचरणस्य प्रथममक्षरं यावत् कार्तवीर्यराजवर्यसुचरितम् इति वाक्यं संगोप्य स्थापितमस्ति । एतादृशैः चित्रालङ्कारबन्धैर्हि महाकवेः सुकृतेः प्रौढपाण्डित्यरूपं वैशिष्ट्यं प्रकाशितं भवति ।

महाकवेः श्रीहर्षस्य नैषधीयचरितमहाकाव्येन तु सुकृतिकृतस्य कार्तवीर्योदयमहाकाव्यस्य तुल्यदेहितुल्यः संवादः पदे पदे दृष्टिपथमवतरति । कार्तवीर्योदयमहाकाव्यं नैषधीयचरितमहाकाव्यं वा अधीयमानः भावकः श्रीहर्षसुकृत्योः कृत्योः कुत्रास्मीति भ्रमे निपतति । दिङ्मात्रमत्र तुलनया प्रस्तूयते

नैषधीयचरितकर्ता श्रीहर्षो हि नैजे नैषधमहाकाव्ये बहुधा प्रकृतिं चेतनेषु निरूप्य प्रस्तौति-

> कालः किरातः स्फुटपदमकस्य वधं व्यधाद्यस्य दिनद्विपस्य ।
>
> तस्येव सन्ध्या रुधिरास्रधारा ताराश्च कुम्भस्थलमौक्तिकानि ॥[४९]

अत्र श्रीहर्षः सन्ध्याकालस्य शवरे पद्मानां करिशुण्डगतरक्तविन्दुवृन्दे दिनस्य करिणि सन्ध्याया रूधिरधारायां ताराणाञ्च मौक्तिकेषु आरोपं करोति ।

एवमेव कार्तवीर्योदयस्य कर्ता सुकृतिरपि प्रकृतेः वर्णनीये वस्तुन्यासोपे चतुरो दृश्यते

> उदयगिरिदरितो निस्सिरन्भानुसिंह-
>
> स्तिमिरकरिसमूहन्निर्दयं सम्पिपेष ।
>
> तदनुगलदसृग्भी रज्यते पूर्वकाष्ठा
>
> न तु चरणविहीनस्यारूणस्योदयेन ॥[५०]

अस्मिन् पद्ये उदयपर्वतस्य गुहायां भानोः सिंहे तिमिरस्य गजसमूहे सन्ध्यारूणत्वास्य च रुधिरे आरोपोस्ति ।

निष्कर्षः

एवं हि भार्गवीभवदत्तयोः पुत्रः भगवत्यास्ताराया उपासक महकविः सुकृतिदत्तपन्तःनिखिलशास्त्रमर्मज्ञः कविश्चासीत् । अस्य समय १८८०तमाद् वैक्रमब्दात् १९३१ वैक्रमाब्दं यावन्मन्यते । अनेन हि विविधेषु विषयेषु आसन्नाष्टविंशतिसङ्ख्याता ग्रन्थाः प्रणीताः । तस्य कृतिषु कार्तवीर्योदयं नाम महाकाव्यमत्यन्तं प्रौढं मनोज्ञं च विद्यते । महाकाव्यमिदं संस्कृतवाङ्मये महत्त्वपूर्णं स्थानं विभ्रद् प्रायः प्राचीनैः कालिदासभारविमाघश्रीहर्षादीनां काव्यकृतिभिः स्पर्धते ।

महाकवेः कालिदासस्य रघुवंशकुमारसम्भवमहाकाव्ययोः नायिकासौन्दर्यवर्णने स्वयंवरवर्णने च भारविकृतकिरातार्जुनीयमहाकाव्यस्य माघकृतशिशुपालबधस्य च, चित्रालङ्करप्रदर्शने, श्रीहर्षप्रणीत नैषधचरितमहाव्यस्य प्रस्तुतिशैलीसन्दर्भे च सुकृतिकृतकार्तवीर्योदयस्य समानायां स्थितौ दृश्यमानायामपि सर्वेषां स्वकीयं मौलिकं वैशिष्टचं वर्तते ।

---

[४९]नैषधीयचरितम् ,२२।९।

[५०]कार्त ११।१२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यच्च महाकवेः सुकृतेः कार्तवीर्योदयमहाकाव्ये कालिदासप्रणीतयोः सरलसमलङ्कृतकाव्ययोः रघुवंशकुमारसम्भवयोः सरसत्वम्, प्रौढपाण्डित्यपरिपूर्णयोः भारविमाघयोः किरातार्जुनीयशिशुपालवधमहाकाव्ययोः चित्रालङ्कारप्रदर्शनप्रस्तुता वैदुष्यसंवलिता प्रौढिमत्ता, महाकवेः श्रीहर्षस्य नैषधीयचरिते विद्यमाना च विविधशास्त्रोपमाप्रतिमानरञ्जिता वर्णनशैली युगपद् एकस्मिन्नेव महाकाव्ये कार्तवीर्योदये लब्धुं शक्यते ।

सन्दर्भग्रन्थसूची

उपाध्यायः, माधवशरण, संस्कृतमहाकविसुकृतिदत्तको नेपाली कृति रसमञ्जरी व्याख्या, **ऋतम्भरा**, वर्षः ९, अङ्कः१२, काठमाडौंः नेपालसंस्कृतविश्वविद्यालय अनुसन्धान केन्द्र, २०६५ वि.सं. ।

कालिदासः, **कुमारम्भवम् ,** वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, २००६, ई. ।

कालिदासः, **रघुवंशमहाकाव्यम् ,** मुम्बई : निर्णयसागर मुद्रणालय, १९४८, ई. ।

धर्मशास्त्र र परम्परापछि व्यक्तिको विवेकले सत्य ठानेको कार्य गर्न हुन्छ भन्ने प्राचीन हिन्दु न्याय प्रणालीमा मान्यता दिएको पाइन्छ । विवेक सत्यमा आधारित हुन्छ । ब्रह्मले देखेको सत्यको अभिव्यक्ति नै सद्विवेक हो । मनुस्मृतिमा आफूलाई प्रिय लाग्ने आचरणका मानमा सद्विवेकलाई धर्म वा विधिको रूपमा मान्यता दिइएको छ[१४] (मनु, १९८३, अ.२, श्लो.१२) । याज्ञवल्क्यस्मृतिमा यसका अतिरिक्त सत्य निष्ठा पूर्वक सङ्कल्प गरी गरिएको कार्यसमेतलाई समावेश गरिएको छ (याज्ञवल्क्य, २०११, आ., श्ला.७) । धर्मशास्त्र र सदाचारमा विविधता देखिएमा आफूलाई प्रिय लाग्ने आचरणको अनुसरण गर्नु धर्म वा न्यायको मार्ग हो । यो समाजमा हरेक व्यक्तिले वेद, स्मृति र सदाचारका नियमको पालना विवेक पूर्वक गर्नुपर्छ भन्ने स्थापित मान्यताको सङ्केत हो । हरेक व्यक्तिले आ-आफ्नो तोकिएको कर्तव्य पूरा गर्नु नै सदाचार हो । कर्तव्यपरायण व्यक्तिहरूको समाजमा निष्पक्षता, समानता र न्यायको स्थापना सहज हुन्छ । व्यक्तिले कर्तव्य पूरा गरेन भने विवादको सिर्जना हुन्छ । विवादमा अर्थी र प्रत्यर्थीले दाबी र प्रतिवाद गर्दा

---

[११] यनास्य पितरो याता येन याताः पितामहाः । तेनयायात्सतां मार्गं तेन गच्छन्न रिष्यति ।

[१२] देशजातिकुलधर्माश्चाम्नायैः अविरुद्धाः प्रमाणम् ।

[१३] कल्पितश्रुतिमूलो वा॑ मूलो लोकैर्धृतः सदा । देशादिधर्मः स ज्ञेयो देशे देशे कुले कुले ।

[१४] ...स्वस्य च प्रियमात्मनः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवेकले सत्य ठानेको विषयमा मात्र उठाउनु पर्छ भन्ने शास्त्रीय हिन्दु विधिको मान्यता छ । पक्षका बयान एवं साक्षीका वक्तव्य पनि विवेकमा आधारित हुनुपर्छ । न्यायकर्ताले पनि विधि र न्यायको सिद्धान्तको प्रतिकूल नहुने गरी विवेकको प्रयोग गरी विवादको निरूपण गर्ने व्यवस्थालाई मान्यता दिइएको स्पष्ट हुन्छ । वर्तमान न्याय प्रणालीमा समेत कानुनमा स्पष्टता नभएको अवस्थामा न्यायाधीशले स्वविवेकको प्रयोग गरी न्याय दिने अभ्यास छ । यसरी गरिने न्यायालयको फैसलालाई न्यायाधीशद्वारा निर्मित कानुन भनिन्छ ।

व्यवहार

हिन्दु विधिमा सामान्यतः व्यवहार शब्दको अर्थ विवाद हो । विवादको निर्णयलाई पनि व्यवहार भनिन्छ । कौटिल्यले व्यवहार शब्दको प्रयोग प्रामाणिक कानुनको एउटा आधारको रूपमा गरेका छन् । उनले व्यवहार साक्षी प्रमाणमा आधारित हुन्छ भनेका छन्[१५] (कौटिल्य, २०००, अधि.३, अ.१) । यसबाट व्यवहार शब्द विवादको निर्णय भन्ने अर्थमा प्रयोग गरेको स्पष्ट हुन्छ । बृहस्पतिस्मृतिमा पनि न्यायशास्त्रीय परम्परा अनुरूप तर्क, न्यायिक प्रक्रिया र साक्षी प्रमाणका आधारमा गरिएको न्यायिक निर्णय वा फैसलाका लागि व्यवहार शब्दको प्रयोग गरिएको छ[१६] (बृहस्पति,१९४१, व्य.१, श्लो.१९) । शास्त्रीय परम्पराअनुसार युक्ति वा तर्क, न्यायिक प्रक्रिया र साक्षी प्रमाणका आधारमा अदालतद्वारा गरिएको न्यायिक फैसला व्यवहार हो । कौटिल्यले न्यायालयले गरेको विवादको फैसला वा निर्णयलाई व्यवहारका साथै धर्म, धर्मन्याय र न्याय शब्दको पनि प्रयोग गरेका छन् (कौटिल्य, २०००, अधि.३, अ.१) । व्यवहार कानुन मानिन्थ्यो । एउटा मुद्दामा गरिएको फैसला वा व्यवहार अर्को त्यस्तै प्रकृतिको मुद्दामा कानुनी सरह मान्य हुने न्यायालयद्वारा निर्मित कानुनी प्रणालीको यो प्रारम्भिक अवस्था थियो ।

शासन

शासनको अर्थ राजाको आदेश वा आज्ञा हो । मनुले राजाको आज्ञालाई कानुनी मान्यता दिएको पाइँदैन । विवादको समाधान गर्न धर्मशास्त्र र सदाचार स्पष्ट नभएको अवस्थामा राजाको सामयिक आज्ञाका आधारमा निर्णय गर्ने प्रथाको विकास याज्ञवल्क्यको समयमा भएको पाइन्छ । धर्मको प्रतिकूल छैन भने राजाको सामयिक आदेशको पालना गर्नु पर्छ[१७] (याज्ञवल्क्य, २०११, व्य., श्लो.१८६) । बृहस्पतिले नृपाज्ञालाई कानुन मानेका छन् (बृहस्पति, १९४१, व्य.१, श्लो.२८) । याज्ञवल्क्यस्मृतिमा धर्मशास्त्रको विरुद्ध नहुने गरी राजाले दिएको सामयिक आदेशलाई राजकृत धर्म भनिएको छ । स्मृतिकालमा राजाको आदेशभन्दा धर्मशास्त्रको महत्त्व बढी थियो तापनि अर्थशास्त्रमा कुनै विषयमा राजाको निर्णय वा धर्मन्याय धर्मशास्त्रको प्रतिकूल भएमा राजाको आदेश नै प्रामाणिक हुन्छ । यसो गर्दा न्याय मर्न पाउँदैन केवल धर्मशास्त्रको पाठ मात्र नष्ट हुन्छ[१८] (कौटिल्य,२०००, अधि.३, अ.१, प्र.५७-५८) भन्ने उल्लेख गरिएको छ । यसबाट अर्थशास्त्र

---

[१५] ...व्यवहारस्तु साक्षिषु ।

[१६] शास्त्रं केवलमाश्रित्य क्रियते यत्र निर्णयः । व्यवहारः स विज्ञेयो धर्मस्तेनापि वर्धते ॥

[१७] निजधर्माविरोधेन यस्तु सामयिको भवेत् सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः ॥

[१८] शास्त्रं विप्रतिपद्येत धर्मन्यायेन केनचित् । न्यायस्तत्र प्रमाणं स्यात्तत्र पाठो हि नश्यति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखिएको समयमा राजाको आदेशले धर्मशास्त्रका असान्दर्भिक विचारलाई प्रतिस्थापन गरिसकेको स्पष्ट हुन्छ । राजाले कुनै समसामयिक विषयमा दिएका आदेश एवं विवादको निर्णयका सम्बन्धमा दिएका निर्णय शासनभित्र समावेश गरिन्थ्यो । परम्परागत रूपमा राजालाई कानुन निर्माण गर्ने शक्ति दिइएको थिएन तापनि पछिल्लो कालखण्डमा आएर राजाले आदेश जारी गर्दथे र ती आदेश कानुन मानिन्थे । यसरी राजा वा राज्य निर्मित विधिलाई पनि सीमित मान्यता दिएको पाइन्छ । सम्प्रभूको आदेश र नजिरलाई कानुन मान्ने पाश्चात्य विधिशास्त्रको मान्यता हिन्दु राज्यव्यवस्थामा सीमित रूपमा कौटिल्यको समय अर्थात् ईशा पूर्व चौथो शताब्दीमा नै स्थापित भइसकेको थियो ।

शास्त्रीय हिन्दु विधि शास्त्रका उपदेशात्मक नियम हुन् । प्राचीन ऋषि-मुनीहरूले तपोबलद्वारा ईश्वरसँग सिधा सम्पर्क गर्न सक्ने शक्तिको विकास गरेका थिए । तिनीहरूले ईश्वरबाट मानव सभ्यताको विकासका लागि प्राप्त वेद ईश्वरको उपदेश मानिने हुँदा यसमा बताइएका नियमको अवज्ञा ईश्वरको अवहेलना मानिएको छ । वैदिक साहित्यपछि स्मृति, पुराण, नीतिशास्त्र, परम्परा र राजाको आदेशमा पनि वैदिक मान्यता कै निरन्तरता कायम थियो । शास्त्रीय हिन्दु विधि धार्मिक विधि थियो । समाज, धर्म र दर्शनको सन्दर्भमा यसको व्याख्या गरिन्थ्यो । हिन्दु विधि राज्यको आदेश होइन । राजा कानुनको अधीनमा हुन्थे । ऋषिहरूद्वारा प्रतिपादन गरिएका राजनीतिक र कानुनी सिद्धान्तअनुसार राज्य सञ्चालन गर्नु राजाको कर्तव्य थियो । कार्यपालिकासम्बन्धी कार्य गर्ने र न्याय सम्पादन गर्ने छुट्टाछुट्टै संरचना थिए । स्थापित सिद्धान्तअनुसार विवादको निर्णय गरिन्थ्यो ।

न्यायालयको सङ्गठन

प्राचीनकालमा मुख्य रूपले राजतन्त्रात्मक शासन प्रणाली थियो । विवादको न्यायिक निर्णय दिनु राजाको कर्तव्य मानिन्थ्यो । वैदिक कालमा न्याय प्रशासन सभाका अधीनमा थियो (विद्यालंकार, १९९४, प.३३१) । अम्बिका प्रसाद बाजपेयी (२००६) का अनुसार वैदिक युगमा राजा राष्ट्रसभामा बसेर व्यवहार वा विवादको निर्णय गर्दथे (पृ.२३१) । धर्मसूत्रमा न्यायाधीशका लागि योग्यता तोकिएको छ । धर्मसूत्र र मनुस्मृतिमा दशावरा परिषद्को उल्लेख छ जसमा चार वेदका ज्ञाता, एक मीमांसक, एक वेदाङ्गका ज्ञाता, एक धर्मशास्त्रका ज्ञाता र तीन अन्य व्यक्ति हुन्थे (बौद्धायन, १९७९, १.१.१.८, मनु, १९८३, अ.१२, श्लो.१११) । सम्भवतः परिषद्ले धर्म वा कानुनको अभिप्राय स्पष्ट पार्ने कार्य गर्दथ्यो (विद्यालंकार, १९९४, पृ.३३२) । धर्मशास्त्रमा राजालाई नै न्यायको स्रोत मानिएको छ । न्यायपालिका कार्यपालिकाबाट स्वतन्त्र थियो (Jayaswal, 1978, p.310) । कौटिल्यको अर्थशास्त्रमा राजा प्रतिदिन दोस्रो एक प्रहर न्याय सम्पादनमा संलग्न हुनुपर्छ (कौटिल्य, २०००, अधी. १, अ.१८) । राजाले सभामा बसेर विवादको निर्णय अर्थात् फैसला गर्नुपर्छ भनी न्याय सम्पादन कार्य राजाको कर्तव्य मानिएको छ । निरपराधीलाई दण्ड दिने र अपराधीलाई दण्ड नदिने राजाले यस लोकमा अपयश प्राप्त गर्दछ र मृत्यपश्चात् नरकमा जान्छ (मनु, १९८३, अ.८, श्लो. १२८) । सभा राजाको न्यायालय थियो (Nath, 1979, p.54) । राजाले रिस र लोभरहित भएर विद्वान् ब्राह्मणका साथमा धर्मशास्त्रअनुसार विवादको निर्णय गर्नुपर्छ (याज्ञवल्क्य, २०११, व्य., श्लो.१) । मनुस्मृतिमा राजाले वेदका ज्ञाता तीन जना ब्राह्मण सभासद सभामा नियुक्त गर्ने व्यवस्था गरिएको छ । राजाले सभामा उपस्थित भएर सभासद्का साथमा न्याय सम्पादन गर्नुपर्छ (मनु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९८३, अ.८, श्लो. १०-११) । सभा न्यायालय थियो भने सभासद् न्यायाधीश थिए । याज्ञवल्क्यस्मृतिका अनुसार राजाले वेदवेदाङ्गको अध्यन गरेका धर्मज्ञ, सत्यवादी, शत्रु र मित्रप्रति समदृष्टि राख्ने सभासद् नियुक्त गर्नुपर्छ । राजाले स्वयं सभामा उपस्थित भएर विवादको निर्णय गर्न असमर्थ भएको अवस्थामा सो कार्य सम्पन्न गर्न सभासद्का साथै एक कानुनका वेत्ता ब्राह्मणको नियुक्ति गर्नुपर्छ (याज्ञवल्क्य, २०११, व्य., श्ला.२-३) । बृहस्पतिस्मृतिमा वेदवेदाङ्ग र धर्मका ज्ञानका साथै लोक व्यवहारको ज्ञान पनि सभासद्को योग्यतामा समावेश गरिएको छ । सभासद्को सङ्ख्यामा पनि तीन, पाँच वा सात जना नियुक्त गर्न सकिने वैकल्पिक व्यवस्था गरिएको छ[१९] (बृहस्पति, १९४१, व्य.१, श्लो.५९) । शुक्रनीतिमा पनि लोक व्यवहार, वेद र धर्मका ज्ञाता तीन, पाँच वा सात जना ब्राह्मणको सभालाई उच्च कोटीको सभा भनिएको छ (शुक्र,१९९९, अ.४, प्र.५, श्लो.२५-२६) । कौटिल्यको अर्थशास्त्रमा न्यायालयको गठनसम्वन्धी स्पष्ट परिचय पाइन्छ । न्यायप्रशासनलाई व्यवहार र कण्टकशोधन गरी दुई भागमा विभाजन गरिएको छ । उनले व्यवहारसम्वन्धी न्यायालयलाई धर्मस्थ न्यायालय भनेका छन् (कौटिल्य, २०००, अधि.३, अ.१) । गम्भीर प्रकृतिका अपराधको सुनुवाइका लागि कण्टकशोधन न्यायालयको व्यवस्था कौटिल्यले गरेका छन् (कौटिल्य, २०००, अधि.४, अ.१) । दुष्ट कर्मचारी, व्यवसायी, राजद्रोही आदिको सुनुवाइ कण्टकशोधन न्यायालयमा गरिन्थ्यो । यसका साथै स्थानीय तहमा समेत न्यायालयका संरचनाको व्यवस्थाको चर्चा कौटिल्यले गरेका छन् ।

क. न्यायालयको कार्यविधि

न्याय प्रणाली सरल एवं सहज थियो । पीडित पक्षले लिखित वा मौखिक रूपमा निवेदन न्यायालयमा प्रस्तुत गरेपछि न्यायिक प्रक्रिया प्रारम्भ हुन्थ्यो । अभ्यर्थी र प्रत्यर्थी दुवै पक्षलाई न्यायालयमा बोलाएर उनीहरूको कुरा न्यायाधीशहरूले सुन्दथे । दुबै पक्षका प्रमाण बुझ्ने काम गरिन्थ्यो । बृहस्पतिका अनुसार वाद, प्रतिवाद, क्रियापाद र निर्णय गरी व्यवहारको कार्यविधिका चार चरण हुन्छन्[२०] (बृहस्पति,१९४१, व्य. २. श्लो.१) । शुक्राचार्यले पनि व्यवहारका चार अवस्था पूर्वपक्ष, उत्तरात्मक पक्ष, क्रियापाद र निर्णय निर्धारित गरेका छन्[२१] (शुक्र,१९९९, अ.४, प्र.५, श्लो.१५३) ।

पूर्वपक्षः पूर्वपक्षलाई भाषापाद वा प्रतिज्ञा पनि भनिन्थ्यो । वादीले सर्वप्रथम न्यायाधीश र प्रतिवादी समक्ष आफ्नो भनाइ राख्ने गर्दथे । यसलाई व्यवहारको पूर्वपक्ष भनिन्थ्यो ।

उत्तरात्मक पक्षः दोस्रो चरणमा प्रतिवादीलाई वादीद्वारा प्रस्तुत अभियोगको प्रतिउत्तर दिने अवसर दिइन्थ्यो । यसलाई उत्तरात्मक पक्ष भनिन्थ्यो ।

क्रियापादः वादी र प्रतिवादीका भनाइ सुने पछि न्यायको प्रक्रिया प्रारम्भ हुन्थ्यो । वादी र प्रतिवादीले दुबैले आफ्नो दाबी सिद्ध गर्न युक्ति तथा प्रमाण प्रस्तुत गर्दथे । युक्तिका आधारमा प्रमाणको परीक्षण हुन्थ्यो । न्यायाधीशहरूले विचार विमर्श गर्दथे । धर्मको व्याख्या विश्लेषण गरिन्थ्यो ।

[१९] लोकवेदाङ्गधर्मज्ञाः सप्त पञ्च त्रयो`पि वा ।

[२०] भाषापादोत्तरपादौ क्रियापादस्तथैव च । प्रत्याकलितपादश्च व्यवहारश्चतुष्पदः ।

[२१] पूर्वपक्षः स्मृतः पादो द्वितीयश्चोत्तरात्मकः । क्रियापादस्तृतीयस्तु चतुर्थो निर्णयाभिधः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्णयः न्यायिक प्रक्रियाको साध्य फैसला वा निर्णय चौथो अवस्था हो । शास्त्र, परम्परा र तथ्य प्रमाणको विश्लेषण गरी न्यायालयमा विवादको फैसला गरिन्थ्यो । विधिशास्त्रअनुसार दण्ड सजाय निर्धारण समेत गरिन्थ्यो ।

निर्णय कार्यान्वयनः निर्णय वा फैसला कार्यान्वयन गर्नु राजाको अर्को महत्त्वपूर्ण कार्य थियो । निर्णयमा तोकिएको दण्डको कार्यान्वयनमा विलम्ब गरिँदैनथ्यो । निर्णय कार्यान्वयनको कार्य प्रशासनबाट हुन्थ्यो ।

न्याय प्रशासनमा युक्तिको प्रयोग

युक्तिको अर्थ तर्क हो । न्याय सम्पादनमा सत्यमा पुग्न तर्कको सहयोग लिनुपर्छ भन्ने प्राचीन परम्परा रहेको देखिन्छ । तर्क न्यायमा पुग्ने उपाय वा माध्यम हो[२२] (गौतम, १९७९, ११, सू.२३) । शास्त्र र परम्पराको विपरीत नहुने गरी सत्य-तथ्य पत्ता लगाउन प्रयोग गरिने उत्तम उपाय तर्क हो जसलाई युक्ति भनिन्छ (शुक्र,१९९९, अ.४, प्र.५, श्लो.२२७-२२८) । केवल धर्मशास्त्रका आधारमा मात्र विवादको निरूपण गर्नुहुँदैन किनभने निर्णय तर्कमा आधारित भएन भने न्यायको प्रतिकूल हुनसक्छ । न्यायको आधार सत्य हो । सत्य-तथ्यमा पुग्ने साधन युक्ति हो[२३] (बृहस्पति,१९४१, व्य. १, श्ला.११४) । लोभ देखाएर, उपहार दिएर, सम्झाई बुझाई गरेर, र विभाजित गराएर मानिसको विचार परिवर्तन गराएर रहस्य पत्ता लगाउने उपायलाई हेतु भनिन्छ (शुक्र,१९९९, अ.४, प्र.५, श्ला.२२८-२२९) । युक्तिको सम्बन्ध दर्शनशास्त्रसँग छ । दर्शनलाई वेदको अर्थ प्रकाशन गर्ने विद्या भनिएको छ[२४] (कौटिल्य, २०००, अधी १, अ.१०) । वेदलाई प्रमाण मान्ने र नमान्ने गरी प्राच्य दर्शन दुई प्रकारका छन् । साङ्ख्य, योग, वैशेषिक, न्याय , मीमांसा, र वेदान्त दर्शनले वेदलाई प्रमाणको रूपमा ग्रहण गर्दछन् । त्यसैले ती आस्तिक दर्शन हुन् । चार्वाक, जैन र बौद्ध दर्शनमा वेदलाई प्रमाण नमान्ने हुँदा ती नास्तिक दर्शन हुन् ।

दर्शनशास्त्रमा यथार्थ ज्ञानलाई संस्कृतमा प्रमा भनिन्छ । यथार्थ ज्ञान प्राप्त गर्ने साधनलाई प्रमाण भनिन्छ । प्रमाण ज्ञान मीमांसाका साधन हुन् । चार्वाक दर्शनमा प्रत्यक्ष एक मात्र प्रमाण मानिन्छ । जैन र बौद्ध दर्शनमा प्रत्यक्ष र अनुमानलाई प्रमाण मानिन्छ । वैशेषिक दर्शनमा पनि प्रत्यक्ष र अनुमानलाई मात्र प्रमाण मानिन्छ । योग दर्शनमा प्रत्यक्ष, अनुमान र शब्द तीन प्रमाण मानिन्छन् । न्याय दर्शनमा प्रत्यक्ष, अनुमान, उपमान र शब्द चार प्रमाण मानिन्छन् । मीमांसा र वेदान्त दर्शनमा प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति र अनुपलब्धि गरी छ प्रकारका प्रमाण मानिन्छन् ।

इन्द्रियको प्रत्यक्ष सम्बन्धद्वारा प्राप्त ज्ञान प्रत्यक्ष हो । आँखाले देखेर, नाकले गन्ध सुँघेर, छालाद्वारा स्पर्श गरेर, कानले सुनेर र जिभ्रोले स्वाद लिएर प्राप्त हुने ज्ञान प्रत्यक्ष हो । दर्शनशास्त्रमा मनले विचार गरेर प्राप्त ज्ञानलाई पनि प्रत्यक्ष ज्ञान मानिन्छ । तर आधुनिक विधिशास्त्रमा मनले गुनेर थाहा पाएको ज्ञानलाई प्रमाण मानिँदैन ।

---

[२२] न्यायाधिगमे तर्कोऽभ्युपायः ।

[२३] केवलं शास्त्रमाश्रित्य नकर्तव्यो विनिर्णयः । युक्तिहिने विचारे तु धर्महानिः प्रजायते ॥

[२४] प्रदीपः सर्वविद्यानाम्...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चर्वाक दर्शनबाहेक सबै प्राच्य दर्शनमा अनुमानलाई प्रमाण स्वीकार गरिन्छ । अनुमान तर्कबाट प्रमाणित हुने विषय हो । हेतु साध्य व्याप्ति मूलक ज्ञानको माध्यम अनुमान हो । यदि धुवाँ देखेर आगोको अनुमान गरिन्छ भने धुवाँ लिङ्ग वा हेतु हो भने साध्य आगो हो ।

तुलनाबाट ज्ञान प्राप्त गर्ने साधन उपमान हो । यसलाई सादृश्य बोध भनिन्छ । सादृश्यको अर्थ उस्तै वा समान भन्ने हुन्छ । कुनै एउटा वस्तुको ज्ञान भएपछि समान गुण भएको अर्को वस्तुको ज्ञान हुन्छ भने त्यसलाई उपमान भनिन्छ । व्यक्तिले प्राप्त गरेको पूर्वज्ञान अर्को वस्तुसँग तुलना गरेर अर्को वस्तुको ज्ञान प्राप्त गर्दछ भने त्यसलाई उपमान भनिन्छ ।

चार्वाक, बैद्ध र वैशेषिकबाहेकका सबै प्राच्य दर्शनमा शब्दलाई प्रमाण मानिन्छ । वेदको सन्देशलाई आधिकारिक प्रमाण मान्नु शब्द प्रमाण हो । महापुरुषका वाणी यदि वेदको प्रतिकूल छैनन् भने तिनलाई आप्तोपदेश भनिन्छ । आप्तोपदेश पनि शब्द प्रमाण मानिन्छ ।

मीमांसा र अद्वेत वेदान्त दर्शनमा अर्थापत्ति र अनुपलब्धिलाई पनि प्रमाण मानिन्छ । वाक्यको अर्थबाट अदृष्ट अर्थात् वाक्यमा नभएको विषयको कल्पना हुन्छ भने त्यसलाई अर्थापत्ति भनिन्छ । अनुपलब्धिको अर्थ अभाव हो । जब कुनै स्थानमा कुनै वस्तुको अभावको ज्ञान हुन्छ त्यसलाई अनुपलब्धि भनिन्छ ।

युक्ति वेद र स्मृतिको व्याख्यामा प्रयोग गरिने सिद्धान्त हो । आधुनिक विधिशास्त्रीय दृष्टिमा विधिको व्याख्याका सिद्धान्तलाई शास्त्रीय हिन्दु विधिमा युक्ति भनिएको हो । मनुले वेद र स्मृतिको तर्कका आधारमा विश्लेषण गर्न आवश्यक ठान्दैनन् । यदि कुनै व्यक्तिले हेतुशास्त्रका आधारमा वेदको निन्दा गर्छ भने त्यस्तो वेद निन्दक नास्तिक व्यक्तिको सज्जनले तिरस्कार गर्नुपर्छ (मनु, १९८३, अ.२, श्लो.१०-११) । न्याय र मीमांसा वैदिक दर्शन हुन् । न्याय तर्कशास्त्र हो । यस दर्शनमा प्रमाणका आधारमा प्रमा वा सत्य ज्ञान प्राप्त गरिन्छ । वेदवाक्यको अर्थको विवेचना गर्ने दर्शनलाई मीमांसा भनिन्छ । यी दुवै दर्शनका सिद्धान्त वेद र धर्मको विश्लेषणमा उपयोगी हुने हुँदा धर्मसम्बन्धी विद्यामा गणना गरिएका छन् । धर्म नै कानुन भएकाले कानुनको व्याख्याका साथै प्रमाणको परीक्षणमा समेत युक्तिको उपयोग हुन्थ्यो । आधुनिक विधिशास्त्रमा पनि प्रमाणित मूल तथ्यका आधारमा यथोचित तर्क लगाई आफ्नो विश्लेषणद्वारा अदालतले अर्को कुनै अस्तित्वको अनुमान गर्दछ ।

त्रैविद्य वृद्धको सम्मति

ऋग्वेद, यजुर्वेद, र सामवेद गरी तीन वेदलाई संस्कृतमा त्रयी भनिन्छ । त्यसैगरी तीन वेदका ज्ञाता विद्वान् पुरुषलाई त्रैविद्य भनिन्छ । यदि विवादको सत्य तथ्य पत्ता लगाई न्यायिक निर्णय गर्न असहज परिस्थिति सिर्जना भयो भने त्रैविद्य वृद्धको परामर्श लिएर न्याय निरूपण गर्नुपर्छ[२५] (गौतम, १९७९, २.२.२५) । वर्तमान न्याय प्रणालीको अदालतका सहयोगीको व्यवस्था र त्रविद्य वृद्धको सम्मतिको व्यवस्थाबीच समानता देखिन्छ ।

प्रमाणसम्बन्धी कानुन

प्रमाण कानुन कार्यविधि कानुनको अवयव हो । विवादित विषयमा सत्य तथ्य पत्ता लगाई सही निर्णयमा पुग्न प्रमाण साधन हो । सत्य पत्ता लगाउन प्रयोग गरिने साधनलाई संस्कृतमा क्रिया वा

---

[२५] विप्रतिपत्तौ त्रैविद्यवृद्धेभ्यः प्रत्यवहृत्य निष्ठां गमयेत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण भनिन्छ[२६] (शुक्र, १९९९, अ.४, प्र.५, श्लो.१५३) । शास्त्रीय हिन्दु न्याय प्रणालीमा मानवीय र दिव्य गरी दुई प्रकारका प्रमाण प्रचलित थिए । लिखित, साक्षी र भोग गरी तीन प्रकारका प्रमाणलाई मानवीय प्रमाण भनिएको छ । मानवीय क्रियाकलापमा आधारित हुने हुँदा यी तीन प्रमाणलाई मानवीय प्रमाण भनिएको हो । विवादमा साध्य विषय सत्य धर्म निरूपण हो । लिखत प्रमाण, साक्षी, र भोग सत्य धर्म प्रमाणित गर्न सक्षम हुन्छन् । त्यसैले यी तीन प्रमाण हन् । दोस्रो प्रमाण दिव्य प्रमाण हो । मानवीय प्रमाणको अभावमा दिव्य परीक्षालाई प्रमाणको रूपमा ग्रहण गरिन्छ भन्ने याज्ञवल्क्यको मत छ[२७] (याज्ञवल्क्य, २०११, व्य., श्लो. २२) । लिखित, भुक्ति, र साक्षी मानवीय प्रमाण र दिव्य परीक्षा दैविक प्रमाण गरी प्रमाण दुई प्रकारका हुन्छन् भनी शुक्रनीतिमा पनि उल्लेख गरिएको छ (शुक्र, १९९९, अ.४, प्र. ५, श्लो.६१-६२) । यसरी लिखत, साक्षी, र भोग तीन प्रकारका मानुष प्रमाण र एउटा दिव्य गरी चार प्रकारका प्रमाणको धर्मशास्त्र र नीतिशास्त्रमा उल्लेख गरिएको छ । यी प्रमाणका आधारमा प्राचीन हिन्दु राज्य प्रणालीमा न्याय प्रशासन सञ्चालन गरिन्थ्यो । कौटिल्यको अर्थशास्त्रका अनुसार अपराध प्रमाणित हुने स्पष्ट देखिएको चिह्न वा वस्तु, अपराधको स्वीकृति वा साबिती, जिरह, अपराधको कारण र शपथ गरी पाँच उपाय विवादको विषयमा सत्य सिद्ध गर्न सहायक हुन्छन् । यी उपायको प्रयोगबाट सत्य तथ्य पत्ता लगाउन सकिएन भने साक्षी र गुप्तचरको माध्यमबाट सत्य पत्ता लगाई विवादको फैसला गर्नुपर्छ[२८] (कौटिल्य, १९२४, अधि.३, अ.१, प्र.५७-५८) । यसबाट कौटिल्य परम्परागत प्रमाणका अतिरिक्त अपराधका स्पष्ट सङ्केत चिह्न, साबिती, जिरहबाट स्थापित सत्य, हेतु वा तर्कबाट प्रमाणित सत्य, र गुप्तचरको माध्यमबाट प्राप्त सत्य तथ्यलाई समेत न्याय सम्पादनमा प्रमाणका रूपमा प्रयोग गर्ने पक्षमा रहेको स्पष्ट हुन्छ ।

क. लिखित

पत्रमा लेखिएको लिखित प्रमाण हो । साक्षी प्रमाणभन्दा लिखित प्रमाण श्रेष्ठ मानिएको छ । लिखित प्रमाण प्रस्तुत गरेपछि साक्षी र दिव्य प्रमाणको आवश्यकता पर्दैनथ्यो । लिखित प्रमाण पनि सरकारी लिखत, व्यक्तिगत लिखत, र कारणी स्वयं आफैले लेखेको लिखत गरी तीन प्रकारका मानिएको छ । बलपूर्वक लेखिएको वा लेखाइएको लिखत प्रमाणमा ग्राह्य हुँदैन (मनु, १९८३, अ.८, श्लो.१६८) । विज्ञानेश्वरले शासन लिखत र चीरक लिखत गरी दुई प्रकारका लिखित प्रमाण मानेका छन् (याज्ञवल्क्य, २०११, व्य., श्लो.२२, मिताक्षरा टीका) । शासन लिखत भनेको सरकारी कार्यालयबाट प्रमाणित लिखत हो । व्यक्तिहरूले आपसमा लेनदेन आदि व्यवहारमा लेखिने लिखतलाई चीरक लिखत भनिएको छ । शुक्राचार्यले राजकीय र लौकिक गरी दुई प्रकारका लिखत उल्लेख गरेका छन्[२९] (शुक्र, १९९९, अ.५, प्र.४, श्लो.१७०) । आफ्नै हातले लेखेको, अन्य व्यक्तिलाई लेखाएको, साक्षी राखिएको, साक्षी नराखिएको गरी चार प्रकारका लेख हुन्छन् । यी लेखको आधिकारिकता देशअनुसार हुन्छ । शासन, ज्ञापन र निर्णय गरी राजकीय लेख तीन प्राकारका हुन्छन्[३०] (शुक्र, १९९९, अ.५, प्र.४, श्लो.१७३) । शासनको अर्थ राजाको

[२६] कार्यं हि साद्यमित्युक्तं साधनं तु क्रियोच्यते ।

[२७] प्रमाणं लिखितं भुक्तिः साक्षिणश्चेति कीर्तितम् । एषामन्यतमाभावे दिव्यान्यतममुच्यते ॥

[२८] दृष्टदोषः स्वयंवादः स्वपक्षपरपक्षयोः । अनुयोगार्जवं हेतुः शपथश्चार्थसाधकः ॥
पुर्वोत्तरार्थव्याघाते साक्षिवक्तव्यकारणे । चारहस्ताश्च निष्पाते प्रदेष्टव्यः पराजयः ॥

[२९] राजकीयं लौकिकञ्च द्विविधं लिखितं स्मृतम् ।

[३०] शासनार्थं ज्ञापनार्थं निर्णयार्थं तृतीयकम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदेश हो । राजाको आदेश कानुन मानिन्थ्यो । राजाद्वारा जारी गरिएको सूचनालाई ज्ञापन भनिएको हो । विवादको फैसला निर्णय हो ।

ख. भुक्ति

भुक्तिको अर्थ भोग हो । भोग दोस्रो कोटीको प्रमाण मानिन्थ्यो । भोगको अर्थ प्रत्यक्ष रूपले कुनै वस्तुमाथि नियन्त्रण प्राप्त गर्नु हो । लिखित प्रमाण नभएमा भोगलाई प्रामाणिक मानिन्थ्यो । आधुनिक विधिशास्त्रमा भोगलाई भोगाधिकार भनिन्छ । प्राचीन हिन्दुहरूले न्याय प्रणालीमा भोगलाई महत्त्वपूर्ण प्रमाण मान्दथे । यदि कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको कुनै वस्तु अन्य व्यक्तिले उपभोग गरेको देखेर पनि केही नभनी मौन बस्दछ भने उसले आफ्नो वस्तु फिर्ता लिन सक्दैन[३१] (मनु, १९८३, अ.८, श्ला.१४७) । तर जड वा पटमूर्ख र नाबालकको हकमा भने यो नियम लागु नहुने व्यवस्था गरिएको छ (मनु, १९८३, अ.८, श्लो.१४८) । त्यसैगरी बलपूर्वक भोग गरिएको भए त्यस्तो भोगलाई प्रमाणमा लिन नहुने मनुको मत छ (मनु, १९८३, अ.८, श्लो.१६८) । याज्ञवल्क्यका अनुसार भूमि वा अचल सम्पत्तिको हकमा वास्तविक मालिकले आफ्नो स्वामित्वको जमिन अन्य व्यक्तिले उपभोग गरेको थाहा पाएर पनि कुनै हक दाबी गर्दैन भने त्यो जमिनमा त्यसको स्वामित्व बीस वर्षमा समाप्त हुन्छ । त्यो जमिनमा उपभोग गर्नेको भोगाधिकार कायम हुन्छ । धन वा चल सम्पत्तिको हकमा दश वर्षसम्म मालिकको बाधा-विरोध बिना यदि कुनै व्यक्तिले सम्पत्ति उपभोग गर्दछ भने त्यस्तो धनमा उपभोग गर्नेको भोगाधिकार कायम हुन्छ (याज्ञवल्क्य, २०११, व्य., श्लो.२४) । बन्धकी राखेको, सिमाना, यो यती छ भनी जानकारी दिएर वा नदिएर सुरक्षाका लागि राख्न दिएको नासो, होस ठेगान नभएका व्यक्तिको सम्पत्ति, बालकको सम्पत्ति, राजस्व र श्रोत्रिय ब्राह्मणको सम्पत्तिमा भने सम्पत्तिका मालिकको कुनै बाधा विरोध बिना जमिन बीस वर्ष र चल सम्पत्तिमा दश वर्ष उपभोग गरे तापनि भोग गर्ने व्यक्तिको भोगाधिकार कायम हुँदैन । त्यस्तो सम्पत्तिको स्वामीको स्वामित्व कायम रहन्छ (याज्ञवल्क्य, २०११, व्य., श्लो.२५) । आगम वा लिखतसहितको भोग मात्र प्रामाणिक मान्ने शुक्राचार्यको मत छ[३२] (शुक्र, १९९९, अ.४, प्र.५, श्लो.२१६) । कौटिल्यले पनि दस वर्षसम्म अन्य व्यक्तिले भोगचलन गर्दा पनि आफ्नो सम्पत्तिको खोज खबर नगर्ने व्यक्तिको सम्पत्तिमा अधिकार रहँदैन भनेका छन् । घरको हकमा बीस वर्षमा भोगाधिकार सिर्जना हुन्छ । तर बालक, वृद्ध, रोगी, दुर्व्यसनी, विदेश गएका, देश त्याग गरेका, राजकीय कार्यमा बाहिर पठाइएका व्यक्तिको सम्पत्तिमा भने यो नियम लागु हुँदैन (कौटिल्य,२०००, अधि.३, अ.१६) । लामो समयसम्म लगातार जसले भोग गरेको छ उसैको भोगाधिकारका आधारमा स्वामित्व कायम हुन्छ भन्ने हिन्दु विधिशास्त्रको स्थापित सिद्धान्त थियो ।

ग. साक्षी

लिखित र भोग प्रमाणको अभावमा साक्षी प्रमाणको आधारमा विवादको निर्णय गरिन्थ्यो । आफ्नै आँखाले देखेका वा कानले सुनेका विषयमा बताउने व्यक्ति साक्षी हुन सक्छ भन्ने मनुको मत छ[३३] (मनु, १९८३, अ.८ श्लो.७४) । विवादका विषयमा प्रत्यक्ष देखेको र सुनेको व्यक्ति साक्षी

---

[३१] यत्किञ्चिद्दश वर्षाणि सन्निधौ प्रेक्ष्यते धनी । भुज्यमानं परैस्तूष्णीं न स तल्लब्धुमर्हति ॥

[३२] सागमो दीर्घकालश्च निराक्रशो निरन्तरः ।

[३३] समक्षदर्शनात्साक्ष्यं श्रवणात्चैव सिद्धति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । साक्षी संस्कृत शब्द हो । मनुले सबै वर्णका यथार्थ वक्ता, धर्मको ज्ञान भएका, र लोभरहित व्यक्ति साक्षीका लागि योग्य मानिन्छन् र यी गुण नभएका व्यक्ति साक्षी बन्न योग्य मानिँदैनन् (मनु, १९८३, अ.८, श्लो.६३) । लेनदेन व्यवहार भएको, नाता सम्बन्ध भएको, सहयोगी, शत्रु, भ्रूटो बोल्ने, रोगद्वारा पीडित, पापले दूषित व्यक्ति साक्षी हुन योग्य हुँदैनन् । राजा, कारिगर, नट, वेदाध्यायी ब्राह्मण, ब्रह्मचारी, र संन्यासी साक्षीका लागि अयोग्य मानिन्छन् । दास, डाँका, क्रूर कार्य गर्ने, निषेध गरिएको कर्म गर्ने, वृद्ध, बालक, अन्त्यज, र विकलेन्द्रिय व्यक्तिलाई साक्षी राख्न निषेध गरिएको छ । शोकार्त, मत्त, पागल, भोक-तिर्खाले पीडित, परिश्रम गरेर थाकेको, कामातुर, क्रोधी, र तस्कर साक्षी राख्न योग्य हुँदैनन् (मनु,१९८३, अ.८, श्लो.६४-६७) । स्त्रीका साक्षी स्त्री, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, र अन्त्यजका सजातीय साक्षी राख्नुपर्छ (मनु, १९८३, अ.८, श्लो.६८) । कुनै घटना घटेको अवस्थामा त्यस ठाउँमा उपस्थित भएको व्यक्तिलाई साक्षी बनाउनुपर्छ । स्त्री, बालक, वृद्ध, शिष्य, बन्धु, नोकर र कर्मचारी पनि साक्षी हुन सक्छन् (मनु,१९८३, अ.८, श्लो.६९-७०) । साहस वा डाँका, चोरी, परस्त्री संसर्ग, र गाली धम्कीसम्बन्धी विवादमा साक्षीको परीक्षण आवश्यक छैन (मनु, १९८३, अ.८, श्लो.७२) । यसको अर्थ फौजदारी मुद्दामा जो सुकै व्यक्ति पनि साक्षीको रूपमा ग्राह्य मान्ने सिद्धान्त प्रचलित रहेको बुझिन्छ ।

घ. दिव्य प्रमाण

दिव्य प्रमाण दैवी प्रमाण हो । मनुस्मृतिमा दिव्य प्रमाणको चर्चा गरिएको छ । शपथ दिव्य प्रमाणको एउटा स्वरूप मानिएको छ । यसलाई दैवी परीक्षा पनि भनिन्छ । विवादका पक्ष र विपक्षले आफ्नो पक्षको विचार प्रस्तुत गर्नु भन्दा पहिले सत्य बोल्ने शपथ लिनु पर्दथ्यो । साक्षी प्रमाण नभएको अवस्थामा पनि शपथको प्रयोगद्वारा सत्य तथ्य पत्ता लगाएर न्यायिक निर्णय गर्न सकिन्छ भन्ने मनुस्मृतिमा चर्चा गरिएको छ (मनु, १९८३ अ.८, श्ला. १०९) । वर्णअनुसार शपथ गराउने व्यवस्था मनुस्मृतिमा गरिएको छ । ब्राह्मणलाई सत्यको, क्षत्रियलाई वाहन र शस्त्रको, वैश्यलाई गाई, अन्न, र धनको र शूद्रलाई सबै पाप लाग्ने शपथ गराउनु भन्ने मनुस्मृतिमा उल्लेख छ (मनु, १९८३, अ.८, श्लो.११३) । लिखत, साक्षी र भोगबाट सकारात्मक विषय प्रमाणित हुन्छ भने दैवी परीक्षाबाट अभियुक्त दोषरहित छ भन्ने नकारात्मक पक्षसमेत प्रमाणित हुन्छ भन्ने याज्ञवल्क्यमृतिका टीकाकार विज्ञानेश्वरको मत छ । अन्य प्रमाणबाट सत्य प्रमाणित गर्न असफल भएमा मात्र दिव्य प्रमाणको प्रयोगको अनुमति दिइएको छ । सन्देह निवारणका लागि विवादका पक्ष एवं विपक्ष दुबैमा तुला, अग्नि, जल, विष आदि दिव्य परीक्षाको प्रयोग गरिन्थ्यो । दिव्य प्रमाणको व्यवस्था वर्तमान अवस्थामा असान्दर्भिक लाग्दछ ।

ङ. अन्य प्रमाण

कौटिल्य अर्थशास्त्रमा दृष्टदोष, स्वयंवाद, अनुयोगार्जव, हेतु र शपथ गरी पाँच वटा प्रमाणको उल्लेख गरिएको छ । तर कौटिल्यले यी प्रमाणको विस्तृत व्याख्या र विश्लेषण गरेका छैनन् ।

दृष्टदोषः दृष्टदोषको अर्थ दोष प्रत्यक्ष देखिएको भन्ने हुन्छ । न्याय सम्पादनमा सत्य पत्ता लगाउन विभिन्न चिह्न सङ्केत, सामग्री आदि प्रमाणको रूपमा प्रयोग गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयंवादः संस्कृत शब्द स्वयंवादको अर्थ साविती हो । प्राचीन हिन्दु न्याय सम्पादन प्रक्रियामा साबितीलाई प्रमाणको रूपमा ग्रहण गर्ने गरेको बुझिन्छ । तर यसको व्याख्या विश्लेषण गरेको पाइँदैन । पक्ष वा निजको तर्फबाट गरिएको लिखत वा मौखिक रूपमा दोष स्वीकार गर्नु साबिती हो । अन्य प्रमाणको अभावमा साविती प्रमाण मान्य हुँदैन । स्वयंवादको अर्थ स्वीकृतिपनि हो । अन्य प्रमाणबाट स्वीकृति झुट्टा हो भन्ने देखिन आयो भने यो प्रमाणमा ग्राह्य हुँदैन । स्वेच्छा पूर्वक स्वीकार गरेको कथन मात्र प्रमाण हुन्छ ।

अनुयोगार्जव : संस्कृत शब्द अनुयोगार्जवम् अनुयोग र आर्जव दुईवटा शब्द मिलेर बनेको छ । अनुयोगको अर्थ प्रश्न, प्रतिप्रश्न, परीक्षण, टिप्पणी आदि हुन्छ । आर्जव शब्दको अर्थ सत्य वा सरलता हो । जिरहबाट मौखिक प्रमाणको सत्यता पत्तालगाउने विधिलाई अनुयोगार्जव भनिएको हो । आकार, अभिप्राय, गति, चेष्टा, बोलीको स्वर, आँखा र मुखका विकार आदि वाहिरी चिह्नहरूबाट मानिसको मन भित्रका कुरा जान्नुपर्छ (मनु,१९८३, अ.८, श्लो.२६) ।

हेतु : हेतुको अर्थ तर्क, कारण, उद्देश्य, मनसायका साथै तर्कशास्त्र पनि हुन्छ । हेतुलाई युक्ति पनि भनिन्छ । न्याययुक्त निर्णयमा पुग्न युक्ति सही उपाय मानिन्थ्यो । प्रमाण परीक्षण गर्न हेतुको प्रयोग गरिन्थ्यो । हेतुलाइ प्रमाणको रूपमा प्रस्तुत गरेर कौटिल्यले न्यायालयद्वारा गरिने प्रमाणको अनुमानको सङ्केत गरेको हुन सक्छ ।

गुप्तचरको प्रयोग : प्राचीन हिन्दु राज्यव्यवस्थामा गुप्तचर राज्यको अभिन्न अङ्ग मानिन्थ्यो । विवादको निर्णय केवल साक्षी प्रमाणका आधारमा मात्र गर्नु उपयुक्त मानिदैनथ्यो । सत्य तथ्य पत्ता लगाउन राज्यले गुप्तचरको प्रयोग गर्नु तात्कालिक आवश्यकता थियो । गुप्तचरद्वारा प्राप्त सूचनाका आधारमा विवादको निर्णय गरिन्थ्यो । त्यसैले कौटिल्यले न्याय प्रशासनमा गुप्तचरको प्रयोगको आवश्यकता महसुस गरेका थिए । वर्तमान समयमा प्रहरी तथा अख्तियार अनुसन्धान आयोगद्वारा गरिने अनुसन्धान र प्राचीन कालमा गुप्तचरद्वारा गरिने अनुसन्धानका बीचमा समानता देखिन्छ ।

निष्कर्ष

प्राचीन वैदिक सनातन समाजमा वेद र धर्मशास्त्रमा तोकिएका नैतिकताका नियमलाई धर्म भनिन्थ्यो । धर्म नै कानुन थियो । विद्वान् ऋषिहरूको मानव कल्याणका लागि प्रतिपादन गरेको सिद्धान्तहरू नै कानुन थिए । देश, जाति, कुल र श्रेणीमा प्रचलित परम्परागत प्रथालाई पनि कानुनको रूपमा मान्यता दिइन्थ्यो । राजा र राज्यलाई कानुन निर्माण गर्ने अधिकार थिएन । कालान्तरमा विशाल साम्राज्यको निर्माण गरी राजा शक्तिशाली भएपछि राजको आदेशलाई सर्वश्रेष्ठ कानुनका रूपमा मान्यता दिन थालियो । विवादको निर्णय वा धर्मन्याय पनि कानुनको रूपमा मान्य हुन थाल्यो । यति हुँदा हुँदै पनि राजाको आदेश धर्म र न्यायका अनुकूल हुनु आवश्यक मानिन्थ्यो । वर्तमान विधिशास्त्रीय मान्यताअनुसार सारवान् कानुन र कार्यविधि कानुन शास्त्रीय हिन्दु विधिमा छरिएको अवस्थामा नै रहेको देखिन्छ । सभा स्वतन्त्र न्यायालय थियो । लिखत, साक्षी, भोग र दिव्य प्रमाणका आधारमा विवादको निर्णय गरिन्थ्यो । समाजमा धर्म र न्यायको स्थापना गर्नु न्याय प्रशासनको उद्देश्य थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्रीसूची

कौटिल्यः (१९२४ सन्), *कौटलीयम् अर्थशास्त्रं*, (द्वितीय सम्पुट) गणपति शास्त्री (व्या.,सं), महामहिमश्रीमूलकरामवर्मकुलशेखरमहाराजशासनेन राजकीयमुद्रणालये तदध्यक्षेण मुद्रित्वा प्रकाशित ।

कौटिल्य, (२००० सन्), *कौटिलीयम्अर्थशास्त्रम्*, (चतुर्थ सं.), (वाचस्पति गैरोला सं.), चौखम्वा विद्याभवन ।

वाजपेयी, अम्बिका प्रसाद, (२००६), *हिन्दू राज्यशास्त्र* (तृतीय सं.), हिन्दी साहित्य सम्मेलन ।

वृहस्पतिः (संवत् १९९८), *बृहस्पतिस्मृतिः*; के. भि. रङ्गस्वामी अइयञ्गार (सं. सङ्कलन), बरोरा राजकीय प्राच्य विद्या विमर्शालय ।

मनु, (१९८३) *मनुस्मृति*, जगदीश लाल शास्त्री (सं), मोतीलाल बनारसीदास ।

याज्ञवल्क्य, (२०११), *याज्ञवल्क्यस्मृति* (एम. एन. दत्त अंग्रजी अनु.,आर.के. पण्डा सं), भारतीय कला प्रकाशन ।

विद्यालंकार, सत्यकेतु (१९९४), *प्राचीन भारत की शासन–संस्थाएँ और राजनीतिकं विचार*, श्री सरस्वती सदन ।

शुक्राचार्य, (१९९९), *शुक्रनीतिः* (चतुर्थ सं.), (ब्रह्मशंकरमिश्रः सं), चौखम्भा संस्कृत संस्थान ।

सुरि,सोमदेव, (१९७२), *नीतिवाक्यमृत*, रामचन्द्र मालवीय (हिन्दी व्या.), चौखम्वा विद्याभवन ।

Altekar, A. S. (2001). *State and government in ancient India.* Motilal Banarasidass Publishers.

Apastamba, Gautama, Baudhayana, & Vasistha (1979). *Dharmasutras, the law codes of Apastamba, Gautama, Baudhayana, & Vasistha.* (Patrick Olivelle Trans.). Oxford University Press.

Dabke, V. (2013). Glimpses of judiciary in classical Sanskrit literature. U. Vaidya, G. Mahulikar, & A. Bapat (Eds). *Governance in Ancient India.* Nag Publishers. pp.216-227

Jayswal, K. P. (1978). *Hinhu polity: A constitutional history of India in Hindu times. (parts i and ii).* The Bangalore Printing and Publishing Co. Ltd. First Published in 1924.

Nath, B. (1979). *Judicial administration in ancient India.* Janaki Prakashan.

Sarkar, U.C. (1958). *Epochs in Hindu legal history.* Vishweshvarananda Vedic Research Institute.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारदर्शी मान्छे भित्रको विसङ्गतिवादी चिन्तन

✍ डा.लेखप्रसाद निरौला*

शोधसार

प्रयोगधर्मी कथाकार मनु ब्राजाकीको पादरर्शी मान्छे कथामा विसङ्गतिवादी चिन्तनको गहिरो प्रभाव पाइन्छ । यसमा एकातिर मानिसका आफ्ना विसङ्गतपूर्ण भोगाइहरूको चित्रण पाइन्छ भने अर्कातिर राजनीतिक तथा सामाजिक परिदृश्यहरूमा देखिने विसङ्गतिहरूको चित्रण पाइन्छ । राजनीतिमा देखिने अपारदर्शिता, समाजमा देखिने ठुलावडाको स्वभाव र अरुको आडमा आफ्नो रवाफ देखाउने व्यक्तिसँगका विसङ्गत प्रवृत्तिहरूको पनि भन्डाफोर गरिएको पाइन्छ । त्यसैले प्रस्तुत अनुसन्धानात्मक लेखमा पाश्चात्य समालोचना शास्त्रहरूमा पाइने विसङ्गतिवादी मूल्य र मान्यताका आलोकमा पारदर्शी कथाभित्रको विसङ्गतिवादी चिन्तन, प्रवृत्ति र प्रभाववारे परिचर्चा गरिएको छ ।

शब्दकुञ्जी- *अतियथार्थवादी, अस्तित्ववादी, प्रयोगधर्मी, विकासवादी सिद्धान्त, विसङ्गतिवादी ।*

विषयप्रवेश

आधुनिक नेपाली कथा परम्परामा नवयुगीन धाराको विकाससँगै अस्तित्ववादी, विसङ्गतिवादी, अतियथार्थवादी आदि अनेक प्रवृत्तिहरूको विशिष्ट भूमिका रहँदै आएको छ । साथै, सामाजिक यथार्थभित्रका अनेक वैशिष्ट्यहरूले समेत नेपाली कथा परम्परालाई विकसित तुल्याउँदै लगेका छन् । त्यस्ता विशिष्ट प्रवृत्तिहरूको प्रस्तुतिसँगै मनु ब्राजाकीले अलोचनात्मक प्रवृत्तिका साथ तयार परेको कथासङ्ग्रहको नाम *पारदर्शी मान्छे* (२०६०) हो । यसभित्र सङ्कलित पच्चिस कथाहरूमध्ये कृतिको शीर्षक एवम् पहिलो कथाका रूपमा *पारदर्शी मान्छे* (२०५७, जेठ : गरिमा) नै रहेको छ । व्यक्ति, राजनीति तथा समाजका त्यस्ता कैयौँ असङ्गत पाटाहरूलाई समेट्दै तयार पारिएको यस कथामा वर्तमान मानिसको सत्य र रहस्यमयी वैयक्तिक विसङ्गतिपूर्ण अवस्था र नेपाली विकृत राजनीतिको सन्दर्भसमेतलाई आलोचनात्मक ढङ्गबाट उद्घाटन गरिएको छ । वर्तमान मानिसका अनेक रूपहरूमध्ये जसलाई कसैले महत्त्व नदिन सक्छ; त्यसतर्फको अभियान नै पारदर्शी मान्छेका रूपमा साकार भएको छ । वस्तुतः नेपाली समाज र राजनीतिसँगै मान्छेको व्यक्तिगत जीवन दर्शनलाई समेत उजिल्याएको हुँदा यो कथा आफैँमा प्रयोगशील वा नवप्रवृत्तिको नमुनाका रूपमा देखा परेको छ । विश्लेषण र मूल्याङ्कनको कसीबाट हेर्दा यहाँ जाँ पाल सार्त्रका विसङ्गतिवादी चिन्तनहरूको प्रभाव पर्याप्त मात्रामा देखिन्छ । यसर्थ ती विसङ्गतिवादी चिन्तनका रूपमा देखापरेका प्रमुख पक्षहरूलाई केन्द्रविन्दुमा राखेर यो अनुसन्धानात्मक लेख तयार पारिन्छ ।

अनुसन्धानको समस्या र उद्देश्य

कथाकार मनु ब्राजाकीको एउटा प्रमुख प्रवृत्ति भनेको विसङ्गतिवादी चिन्तनको प्रयोग पनि हो । जीवन जगत्का यावत् वस्तुसत्ताहरूमा सङ्गतिको जति सम्भावना छ त्यति नै विसङ्गतिको आधार पनि वलियो छ । प्रस्तुत कथामा त्यस्तै विसङ्गत स्वरहरू मुखरित भएका छन् । यसकारण अनुसन्धानको समस्याका रूपमा मूलतः दुइटा पाटाहरू देखापर्छन् :

---

* *सहप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क. *पारदर्शी मान्छे* भित्र मानवीय वैयक्तिक स्वभावकेन्द्री विसङ्गतिहरू केकस्ता छन् ?

ख. *पारदर्शी मान्छे* भित्र राजनीतिक विसङ्गतिका स्वरहरू केकस्ता पाइन्छन् ?

वस्तुतः यिनै समस्यामा केन्द्रित भई अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनु नै *पारशदर्शी मान्छे* भित्रको विसङ्गतिवादी चिन्तनमा आधारित अनुसन्धानको उद्देश्य रहेको छ ।

अनुसन्धान विधि

पारदर्शी मान्छे कथाभित्र विसङ्गतिवादी चिन्तनबारे गरिएको यस अनुसन्धानात्मक लेखमा गुणात्मक विधिको उपयोग गरिएको छ । पाश्चात्य साहित्यशास्त्रमा प्रचलित अनेकौं साहित्य समालोचना सिद्धान्तहरूमध्येको एउटा प्रमुख सिद्धान्तका रूपमा रहेको विसङ्गतिवादी चिन्तनलाई मुख्य आधार बनाइएको छ । त्यसमा पनि वैयक्तिकता र सामाजिक/राजनीतिक परिवेशसँग गाँसेर गरिने विसङ्गतिपरक विश्लेषणका आधारहरूको उपयोग गरिएको छ । त्यसका लागि पुस्तकालीय स्रोतबाट प्राथमिक र द्वितीयक सामग्रीहरू सङ्कलन गरी सैद्धान्तिक आलोकमा *पारदर्शी मान्छे* कथाको विश्लेषण गर्दै एउटा निष्कर्ष प्रतिपादन गरिएको छ।

विसङ्गतिवादी सिद्धान्त

विसङ्गतिवादको पयार्यवाचीका रूपमा शून्यवाद, निस्सारतावाद, अवस्थावाद र असङ्गतिवादजस्ता शब्दहरू प्रयोग गरिन्छन्। यो शब्द अङ्ग्रेजीको एब्सर्डिज्म (Absurdism) को नेपाली रूपान्तर हो (निगम, सन् २०००) । यसका प्रतिपादक वा जन्मदाता अस्तित्ववादी जाँ पाल सार्त्र (सन् १९०५-१९८०) भए पनि यसका व्याख्याताचाहिँ फ्रान्सेली साहित्यकार अल्बेर कामु (सन् १९१३-१९६०) हुन् (त्रिपाठी, २०६४) । कतिपय समालोचकले कामुलाई नै विसङ्गतिवादका व्याख्याता एवम् प्रवर्तक पनि मानेका छन्। जेहोस्, यो वाद डार्बिनको विकासवादी सिद्धान्त, मार्क्सको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त र फ्रायडको मनोविश्लेषणवादी सिद्धान्तका विविध महत्त्वपूर्ण चिन्तनहरूबाट प्रभावित भई देखा परेको हो। यसले नित्सेद्वारा घोषणा गरिएको ईश्वरको मृत्युपछिको अवस्थामा ईश्वरीय सत्यसँग सङ्गतिको सम्भावना हट्दै गएको परिवेशलाई आत्मसात् गर्दै नयाँ मान्यताहरू अघि सारेको छ । अथवा, हेगेलद्वारा ईश्वरकै सापेक्षतामा जीवनको सङ्गति स्थापित गरिएको पृष्ठभूमिमा ईश्वरकै मृत्युको घोषणाले विसङ्गतिको जन्म हुन पुगेको मानिन्छ (सुवेदी, २०५४) । अल्बर्ट कामुको *लि मिथ दि सिसिफस* अर्थात् *सिसिफसको पुराकथा* नामक दार्शनिक प्रबन्ध नै यस वादको पहिलो उत्कृष्ट कृति रहेको र यसले सिसिफसलेझैं हामी मानवले व्यर्थको काम गरिरहेका छौं भन्ने बताएको छ (निगम,सन् २०००) । यस वादले जीवनलाई कहिल्यै पनि सङ्गतिमूलक, व्याख्येय, बोधगम्य र बुद्धिसङ्गत, रहेको स्विकार्दैन । यो पूर्णतः नास्तिकवादी सिद्धान्त हो र यसले मानवतावादी दृष्टिकोणलाई अघि सार्दछ (सुवेदी, २०५४)। कामुले अन्तहीन र निस्सार परिश्रममा लिप्त रहनुपर्ने मानव जीवनलाई कहिल्यै सङ्गतिपूर्ण ढङ्गबाट व्याख्या गर्न नसकिने बताएका छन्। वस्तुतः मानिसका लागि सङ्गतिको केन्द्रबिन्दु मानिने ईश्वरकै मृत्यु भएपछि जीवनमा सङ्गतिको कुनै सम्भावना नै रहेन भन्ने दार्शनिक धरातल नै यस वादको मूल आधार रहेको छ ।

हामी जन्मिन नचाही जन्मिन्छौं र मर्न नखोजे पनि मर्छौं; हामी जन्म र मृत्युका दोसाधमा छौं त्यसैले हाम्रो अस्तित्व विसङ्गत छ भन्ने विसङ्गतिवादी मान्यता हो (लामिछाने,२०६३) । यसले जीवनलाई आफ्ना तर्फबाट कुनै किसिमको मान्यता नदिई केवल भोग्दै जानुपर्छ भनेको छ। जीवनमा स्थायित्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त नभएमा निराश भई आत्महत्या चाहिँ गर्नु हुँदैन भन्ने धारणा पनि यसले प्रस्तुत गरेको छ (निरौला, २०७३) ।

विसङ्गतिवादीहरू जीवनलाई जसरी देखिन्छ वा बुझिन्छ त्यसरी नै व्यक्त गर्दछन् । जीवन स्वयम्मा दुर्बोध्य भएकाले जीवनबारेको कलाकृति दुर्बोध्य हुनु स्वाभाविक भएको उनीहरूको तर्क छ । उनीहरू मान्छेको विवेक विसङ्गतिबोधमा मात्र सुरक्षित रहन्छ भन्ने बनाउँछन् । उनीहरूका विचारमा रूढि, भ्रान्ति र अन्धविश्वासको जीवनभन्दा विसङ्गतिको जीवन बढी मूल्यवान् हुन्छ भन्ने रहेको छ (लामिछाने, २०६३) । त्यसैगरी विसङ्गतिवादी साहित्य दुर्बोध्य भएकामा कुनै आश्चर्य नमान्न आग्रह गर्दै वरु विच बिचमा रोचक प्रसङ्गहरू पनि समावेश गर्न उनीहरू छुट दिन्छन् । उनीहरूको साहित्यमा विसङ्गतिबोधपछि पनि पुनः निराशापूर्ण विसङ्गत पक्षकै चित्रण पाइन्छ (त्रिपाठी, २०६४)। त्यसैले विसङ्गतिको बोधपछि फेरि विसङ्गतिको परिचर्चाका कारण उनीहरूको साहित्यमा विषयवस्तुदेखि शैलीशिल्पसम्मको विशृङ्खला तथा जटिल अवस्था सिर्जना हुने गरेको छ । वस्तुतः उनीहरूले चिन्तन र अभिव्यक्ति दुबै पक्षमा नवीनता देखाउने प्रयास गरेका कारण पनि विसङ्गतिवादी साहित्य दुर्बोध्य र जटिल बन्दै गएको छ । प्रस्तुत अनुसन्धानात्मक लेख *पारदर्शी मान्छे*भित्र पाइने यस्तै विसङ्गत पक्षहरूको खोजीमा केन्द्रित छ ।

ब्राजाकी र पारदर्शी मान्छे

कथाकार मनु ब्राजाकी (चेतमानसिंह भण्डारी, महोत्तरी : १९९९-२०७४) को पहिलो प्रकाशित रचना नारी स्वतन्त्रतासम्बन्धी हिन्दी भाषाको लेख (सन् १९५७, नवभारत टाइम्स) मानिए पनि उनको नेपाली भाषाको पहिलो प्रकाशित रचनाचाहिँ 'भन्याङ' (२०१९) हो । त्यसपछि उनका *अवमूल्यन* (२०३८), *आकाशको फल* (२०४२), *तिम्री स्वास्नी र म* (२०४६), *भविष्य यात्रा* (२०५२), *पारदर्शी मान्छे* (२०६०), *मनुब्राजाकीका छोटा कथाहरू* (२०७०), *अन्नपूर्णाको भोज* (२०७०) आदि अनेकौं कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । *पारदर्शी मान्छे*को प्रकाशन २०६० सालमा साझा प्रकाशनबाट भएको हो । जम्मा पच्चिसओटा कथाहरू सङ्कलन गरिएको यस कृतिको शीर्षक र पहिलो कथाको क्रममा पनि पारदर्शी मान्छे नै हो । यो नवीनतम विषयवस्तुको प्रस्तुतिमा आधारित यस कथामा कथाकारले समाजमा आफूलाई पारदर्शी भएको बताउने तर आफ्नो वास्तविकता लुकाएर आफूलाई ठुलो भएको पुष्टि गर्ने संस्कारबारे प्रकाश पारिएको छ (बस्नेत, २०६०) । त्यसैले प्रस्तुत कथाको वस्तुविन्यासलाई हेर्न सकिन्छ :

ऊ 'म' पात्रकै टेबुलको अघिल्तिर बसेर अर्कै व्यक्तिसँग धार्मिक कर्मकाण्डमा निहित अपारदर्शितावारे कुरा गरिरहेको व्यक्ति हो । उसको अनुहार हँसिलो छ र उसले हँसिलो मुख लाएरै नजिकैको दुईतले चाइनिज इँटाले बनाएको घर देखाएको छ । उसको घर अहिले काठमाडौँको रिङरोड वारि नै एउटा थुम्कोमा जहाँ दसबिसओटा गुजुमुज्ज परेका नयाँ घरहरू छन्, त्यहीं रहेको छ । त्यो घर धेरै पुरानो पनि छैन चार पुगेर पाँच वर्षअगि मात्र बनाइएको हो । त्यही घरमा बस्दै आए पनि आज नजिकैको रक्सी पसलमा छिरेर उसले एकदुई गिलास रक्सी पिइरहेको छ । उसका विचारमा ठाउँ न ठेगानको मान्छेको परिचय परिचय हुँदैन ।

मधेसतिर सहरबिचमै भाइहरूसँगै उसको घर थियो तर २०२१ को भूमिसुधार लागु भएपछि चारओटै मौजा छोडेर उसका भाइहरू काठमाडौँतिर लागे । ऊ पनि केही समयसम्म त मधेसमै बस्दै थियो तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछि छोडिदियो र यसरी उसले काठमाडौंमा घर बनाएको चारपाँच वर्ष मात्र भएको हो । मधेसतिरै चारओटा मौजालाई स्वामित्व मानेर ऊ बसिरहेकै थियो तर २०२१ मा भूमि सुधार लागेपछि सबै सकिएको हो । सम्पत्ति सिद्धिएकोमा उसलाई कुनै चिन्ता छैन । भूपू.जिम्दार सापका रूपमा उसले त्यतै मधेसको जमिनबाट दाल, चामल, आलु, प्याज, लसुन आदि स्वच्छ एवम् अप्रदूषित खाद्य पदार्थहरू ल्याएर खाइरहेकै छ । सिजनमा आँप, लिची, कटहर आदि ताजा फलफूलहरू पनि उसले त्यही मधेसबाटै ल्याएर खाइरहेको छ । त्यति मात्र हैन त्यहाँ रहेको एक बिघा जमिनको आफ्नै पोखरीबाट ताजा माछाहरू समेत ल्याएर ऊ खाँदै छ ।

ऊ कुनै समाज निरपेक्ष मान्छे होइन । त्यसैले आफ्ना बाबुले गाउँमा खोलेको हाइस्कुलमा उसले पढाएको पनि छ । त्यो पनि कुनै विद्यार्थीलाई कहिल्यै नकुटी वा नपिटी पढाएको हो । यद्यपि म पात्रले पटक पटक परिचय सोधिरहँदा परिचय नै केही छैन भन्ने त्यस्तो ऊ पात्रको व्यक्तिले आफू स्पष्टवक्ता भएको कुराचाहिँ दोहोर्‍याइरहेकै छ । उसको आफ्नै आदर्श दृष्टिकोण वा मान्यता पनि छ । त्यसैले भन्छ- *"हेर्नुस्, म केही कुरा लुकाउँदिनँ, के भने, सार्वजनिक जीवनमा मान्छे प्रस्ट हुनुपर्छ । मुसुमुन्द्रे हुनु हुँदैन, कसो ?"* समय सापेक्ष परिवर्तनको महत्त्व जानेको हुनाले उसले आफन्तलाई त्यसतर्फ प्रेरित नगरेको पनि होइन । आफ्नो सालालाई पञ्चबाट प्रजातान्त्रिकका रूपमा परिवर्तन हुने सल्लाह नदिएको पनि होइन । त्यसैले सालो हिजो पनि मन्त्री थियो, आज पनि मन्त्री नै छ । अर्थात्, पञ्चायती मन्त्री पनि र बहुदलीय प्रजातान्त्रिक मन्त्री पनि । पञ्चायतदेखि प्रजातन्त्रसम्ममा सालाको मन्त्री कहिल्यै खुस्किएको छैन । त्यति मात्रै होइन उसको एक जना साढु एसपी पनि छन् । तिनले त धेरै जनालाई जागिर समेत लगाइदिएका छन् । त्यस्तै अर्का भान्दाइ उद्योगपति वा फ्याक्ट्रीका मालिक पनि छन् । यसरी निरन्तर मन्त्री पद लिइरहने आफन्त नातेदार, शान्ति सुरक्षा र प्रहरी प्रशासनतर्फ अधिकारसम्पन्न ढङ्गबाट उपस्थिति जनाइरहने साढु र उद्योगपति भान्दाइहरूको सफलतामा उसकै हात रहँदै आएको छ ।

उसका विचारमा प्रजातन्त्रमा केही पनि लुकाइन्न; लुकाइन्छ भने केवल प्रजातन्त्र मात्र लुकाइन्छ; प्रजातन्त्रमा प्रस्ट भनेको झ्यालको सिसा मात्र हो, ऐना होइन । यसरी उसले केही नलुकाएको भनिरहँदा अझैं पनि म पात्रद्वारा परिचय माग्ने क्रम रोकिएको छैन । अन्ततः: ऊबाट कुनै उत्तर आउँदैन बरु नजिकैको मान्छेबाट उसको परिचय दिँदै भनिन्छ- *"मान्छेको संस्कार नै यसको वास्तविक परिचय हो । त्यसैले यसको परिचय अगाडि हैन पछाडि हेर्नुपर्छ ।"* जब कि पछाडि हेर्दा उसको छाया निकै बाक्लो, कालो र अपारदर्शी देखिन्छ अनि टेबुलमाथि बलेको बत्ती हेर्दा मैनबत्तीको प्रकाश सफा, स्वच्छ, स्पष्ट र पारदर्शी देखिन्छ ।

पारदर्शी मान्छेमा विसङ्गतिवादी चिन्तन

पारदर्शी मान्छे कथामा दुई विसङ्गतपूर्ण अन्तर्वस्तुहरूको गहनतम प्रस्तुति पाइन्छ; जसमा पहिलो पक्ष भनेको *वैयक्तिक स्वभावजन्य विसङ्गति* र दोस्रो *राजनीतिक प्रभावजन्य विसङ्गति* पर्दछन् । यी दुवै एकअर्कामा अन्योन्याश्रित समेत बनेर प्रस्तुत भएका छन् । जसरी व्यक्ति जीवनलाई समाजसापेक्ष राजनीतिक जीवनले स्पर्श गरेको हुन्छ त्यसरी नै राजनीतिमा पनि व्यक्तिगत जीवनको प्रभाव परिरहने भएकाले तिनका बिचको विसङ्गत पक्षबारे प्रकाश पार्न सक्नु नै यस कथाको उल्लेखनीय पक्ष रहेको छ । यसर्थ व्यक्तिगत स्वभाव र राजनीतिक प्रभावसँग गाँसिएर देखा परेका त्यस्ता विसङ्गत पक्षहरूको रहस्योद्घाटन नै पारदर्शी मान्छे कथाको विवेच्य पक्ष मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैयक्तिक स्वभावजन्य विसङ्गति

रक्सी खानु कतिपय मानिसको कमजोरी हो भने गहिरो लत पनि हो । त्यस्तो लत जसबाट मुक्ति पाउन मानिसले निकै सङ्घर्ष गर्नुपर्छ । हाम्रो जस्तो मुलुकमा सामाजिक दृष्टिले रक्स्याहाको खासै अस्त्वि छैन र उसलाई विश्वास पनि गरिँदैन । ऊभित्र पनि सत्यतथ्य प्रस्तुत गर्न सक्ने इमानदारिता हुन्छ भन्ने कल्पनासम्म पनि गरिँदैन । त्यस्तै यस कथाको एउटा ग्राहक रक्स्याहा छ र जसले भट्टी पसलमा प्रवेश गरेको छ, ऊ अलि फरक प्रवृत्तिको पनि छ । अरू रक्सी खाने व्यक्तिको बानी व्यवहारभन्दा उसको छुट्टै प्रवृत्ति र पहिचान पनि छ । उसले आफ्ना विगतदेखि वर्तमानसम्मको वास्तविकतालाई पारदर्शी किसिमबाट प्रस्तुत गरेको छ । उसको विगतलाई हेर्ने हो भने केही छायामयी परिदृश्यजस्तो देखिन्छ तर वर्तमानमा ऊ पारदर्शी मान्छेजस्तै बनेर उभिएको छ ।

रक्सी पसलको यस्तो गाहकी निश्चय पनि पारदर्शी मान्छे हो । उसले आफ्नो व्यवहार स्पष्ट रूपमा दर्साएकै छ र कुनै पनि कुरा लुकाएको छैन । ऊ रक्सी खान्छ तर अरूहरूको जस्तै रक्सीको मातमा अविवेकी बनेको छैन । समाजमा परम्परित रूपमा कैयौँ त्यस्ता अपारदर्शी पाखण्डहरू हुँदै आएका छन् भन्ने कुरासमेत उसलाई राम्ररी थाहा छ । रक्सी खाँदैमा ऊभित्र कुनै मानवीय सचेतना नै छैन भन्ने होइन । बरु, उसले धार्मिक कर्मकाण्डमा निहित अपारदर्शिता नै पाखण्ड हो भन्ने विषयमा बहस गरिरहेको छ । हो पनि, धार्मिक कर्मकाण्डका सबै क्रियाकलापहरू नितान्त पारदर्शी नै हुन्छन् भन्ने छैन । जब धार्मिक व्यवहार, परम्परा र आचरणमा पारदर्शिता हुँदैन भने अरू क्षेत्रमा त्यस्तो अपेक्षा गर्नु सान्दर्भिक नहुन सक्छ । समाजले उसलाई रक्सी खाने व्यक्ति र अपहेलित पात्रका रूपमा मात्र हेर्दो हो । तर, ऊ न त अज्ञानी छ न अविवेकी । उसलाई राम्ररी थाहा छ ऊ जे गर्दै छ त्यो कुनै अज्ञानतावश गरिहेको छैन । पुरै सचेत अवस्थामा उसले आफ्ना कुराहरू सुनाइरहेको छ । मात्र दुई गिलास रक्सीको भरमा उसका विगतहरू प्रस्तुत भइरहेका छन्; जसबाट उसभित्रको पारदर्शिता झल्किन सक्छ ।

हरेक मान्छेको जीवन भोगाइ आआफ्नै किसिमको हुन्छ । चाहे उसले रक्सी बेचोस् चाहे रक्सी खाएर समय बिताओस् । आफ्नै स्वभाव र चिन्तासँगै उसले गुजारा गरिरहेको हुन्छ । रक्सी पसलेलाई बढीभन्दा बढी व्यक्तिले गाहकीका रूपमा रहेर रक्सी पिऊन् भन्ने चाहना हुन्छ । तर, गाहकीलाई लामो समयसम्म एकै ठाउँमा रक्सी पिएर समय बिताउने धोको पनि हुन्छ । दुवैका बिचको सम्बन्ध रक्सी बेच्नु र खानुको रहे पनि दुवैको चाहना फरक फरक रहेको पाइन्छ । त्यसैले रक्सी पसले अर्थात् साहुजीलाई त्यस गाहकीले ढिलो गरी आफ्नो पसलमा बसेर रक्सी खाएको चित्त बुझेकै छैन । अरूहरूले फटाफट रक्सी सिध्याएर बस्ने ठाउँ खाली गरिसक्दा पनि त्यस गाहकीले प्रतिगिलास एकएक घण्टा लगाएकोमा पसलेलाई पटक्कै चित्त बुझेकै छैन । हो पनि, गाहकीले जति छिटो र जति धेरै खायो त्यति नै रक्सी पसलेको आमदानी हुने हो तर त्यस गाहकीले रक्सी पसलमा त्यसो गरिरहेकै छैन । त्यसैले पनि साहुजीलाई थोरै खाएर धेरैबेर बसिरहने गाहकीप्रति ठ्याम्मै सहानुभूति नभएको हो । भनिएको छ- "गाहकीले जति धेरै खायो जति धेरै मात्यो उसलाई उति नै नाफा हुन्छ । .... थोरै खाएर धेरैबेरसम्म बस्ने गाहकीप्रति उनको ठ्याम्मै सहानुभूति छैन ।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिक प्रभावजन्य विसङ्गति

प्रस्तुत *पारदर्शी मान्छे* कथाको ऊ पात्र राजनीतिक परिवर्तनबाट प्रभावित व्यक्तिका रूपमा देखा परेको छ । मधेसको एउटा सामूहिक परिवारमा बस्ने ऊ पात्रले परिवर्तनकै नाममा त्यसबाट अलग्गिनुपरेको अवस्था छ । उसको अधिकारक्षेत्रका रूपमा रहेका त्यत्रा चार चारओटा मौजाहरू परिवर्तनकै नाममा अधिकारबाट मुक्त भएका छन् । उसलाई काठमाडौंको सीमित घेरामा बस्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैकारण पनि उसको व्यक्तिगत जीवनलाई राजनीतिले केही हदसम्म प्रभाव पारेको मान्न सकिन्छ । तर, नेपाली समाज रूपान्तरको व्यथाबाट मुक्त हुन सकिरहेको छैन । एउटा व्यवस्था र प्रवृत्तिबाट समाजलाई अलग्याउन खोज्यो भने अर्को प्रवृत्ति पुनः दोहोरिँदै आएको अवस्था छ । त्यसबाट केही व्यक्ति वा वर्गलाई केही क्षणका लागि प्रभाव त पारेको छ नै तर समग्र सामाजिक एवम् राजनीतिक परिवर्तन हुन सकेको छैन । ऊ पात्र जमिनदार नै हो । ऊसँग मधेसका चारओटा मौजाको अधिकार थियो नै । जे चाहन्थ्यो त्यस्तै गर्थ्यो तर भूमिसुधार लागु भयो र उसले पनि भाइहरूले जस्तै मधेस छोड्यो । हो, यसबाट हक अधिकार एकबाट अर्कामा परिवर्तन भयो तर विकासको गति उस्तै नै छ । त्यो वर्ग जहाँ बसे पनि पुनः उस्तै रवाफका साथ बसेको पनि छ । अर्थात्, मौजा गए पनि उसको मधेसमा जग्गाजमिन छँदै छ । त्यसैले काठमाडौंमा उसले मधेसबाटै खाद्यपदार्थ ल्याएर खाँदै गरेको पनि छ । ऊ आफू भूपू.जिम्दार भएकाले सबै कुरा त्यतैबाट ल्याउने गरेको तथ्यलाई नलुकाई स्विकार्छ पनि ।

नेपाली परिवर्तित राजनीतिले ऊ पात्रको वैयक्तिक जीवनलाई नकारात्मक असर पारेजस्तै समग्र समाजलाई पनि रचनात्मक प्रभाव पार्न सकेको पाइँदैन । राजनीतिक पदप्रतिष्ठका लागि नयाँ पद्धतिको सुरुवात भए पनि राजनीतिक अगुवा वा अभियन्ताहरू तिनै रहँदै आएका छन् । हिजोकै सङ्कीर्णताको विरोधमा भएका आन्दोलनहरूबाट परिवर्तित समाजमा नयाँ नेतृत्व हुनुपर्थ्यो होला तर तिनै व्यक्ति 'रक्सी पुरानै बोतल नयाँ' भनेझैँ नयाँ व्यवस्थामा पनि दोहोरिँदै आएका छन् । कारण, जुन प्रवृत्ति र परम्पराका विरुद्ध राजनीतिक आन्दोलनहरू भए तिनै व्यक्तिको अवशेष प्रवृत्तिलाई पुनर्जागरण गराउनुबाहेक अरू केही भएको पाइँदैन । सालाको पञ्चायतदेखि प्रजातन्त्रसम्ममा कहिल्यै मन्त्री पद खुस्किएकै छैन । यसरी ऊ पात्रको सालो हिजैदेखिको मन्त्री हो र आज पनि हुनु भनेको राजनीतिक विसङ्गति नै हो ।

राजनीतिक परिवर्तनका नाममा केही व्यक्तिको नोक्सान होला; केहीको पद र प्रतिष्ठामा परिवर्तन आउला तर त्यस्ता कतिपय व्यक्तिको पहुँच एवम् शक्ति उस्तै अक्षुण्ण रहँदै आउनु भनेको विसङ्गतिको डरलाग्दो पाटो मानिन्छ । ऊ पात्रलाई भूमि सुधार व्यवस्थाले केही नोक्सान गरेझैँ देखिन्छ तर गहिरिएर हेर्दा त्यस्तो केही छैन । उसले आफन्तलाई हिजो पनि उच्च पदमा राखेको थियो र तिनै सालाजस्ता उच्च पदस्थ व्यक्तिको छत्रछायालाई स्वीकार गरेको थियो । आज पञ्चायतबाट प्रजातन्त्र आएको अवस्थामा पनि उसले सालालाई परिवर्तनका लागि अभिप्रेरित गरेको छ र पुनः मन्त्री बनाउन सफलता प्राप्त गरेको छ । यसर्थ आज पनि ऊ राजनीतिक शक्तिको केन्द्रमै रहँदै आएको छ । त्यस्तै उसको एक जना साढुलाई एसपी बनाइकै छ, जसबाट कयौँ व्यक्तिलाई जागिर लगाइदिने भूमिका समेत रहँदै आएको छ । अनि जतिसुकै राजनीतिक परिवर्तन होस् तर अर्का भान्दाइ उद्योगपति वा फ्याक्ट्रीका मालिक छँदै छन् । यसरी निरन्तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्री पद लिइरहने आफन्त नातेदार, शान्ति सुरक्षा र प्रहरी प्रशासनतर्फ अधिकारसम्पन्न ढङ्गबाट उपस्थिति जनाइरहने साहु र उद्योगपति भान्दाइहरूको सफलतामा ऊ पात्रकै हात रहँदै आउनु भनेको राजनीतिक परिवर्तनबाट कुनै नयाँ दिशा लिन सक्नुभन्दा पनि तिनै परम्परित सोचकै केन्द्रीयता रहनु हो भन्ने प्रस्ट हुन्छ ।

अनि, किन स्वीकार गर्द सकिँदैन कि देशको शासन सत्तामा विकृतिपूर्ण प्रवृत्तिले जरा गाडेको छ ? किन रक्सी व्यापारीले कामना नगरोस् कि रक्सी पसलमा आउने हरेक रक्स्याहाले त्यसरी छिटो खाएर ठाउँ खाली गर्नुपर्छ जसरी मुलकुका नेता वा मन्त्रीहरूले चाँडो चाँडो खाएर ससम्मान बिदा हुने परम्परालाई कायमै राख्दै आएका हुन्छन् । लामो समयसम्म शासन सत्तामा बसी थोरै मात्र उपभोग गर्ने नेता मन्त्रीहरूलाई कसले सम्मान गर्दै आएको छ र ! वस्तुतः कुनै पनि गाहकीले थोरै समयमा बढी रक्सी पिएर सम्मानित हुने काम गरे हुन्थ्यो भन्ने चाहना हुनु रक्सी व्यापारीका लागि कुनै अनौठो होइन । जसरी मुलुकमा अधिकतम समय खर्च गरेर थोरै खाने नेता, मन्त्री वा हाकिमहरूभन्दा थोरै समयमा बढी खानेहरूको बढी सम्मान रहँदै आएको पृष्ठभूमिका त्यस्तै अपेक्षा राख्नु भनेको रक्सी पसले साहुको धर्म बन्छ नै । वास्तवमा राजनीतिक परिवर्तन भने पनि केही भएकै छैन । त्यसैले भनिएको छ- 'हिजो र आजको भिन्नता भनेको यत्ति मात्रै हो कि हिजो सबै कुरा भित्रभित्र गुपचुप हुन्थ्यो आज सबै छ्याङ्ग छ । लुकाउनुपर्ने केही छैन र लुकाउनु पनि हुँदैन ।' हो पनि जुन कुरा हिजो हुन्थ्यो त्यो आज पनि भइ नै रहेको छ तर कति गोप्य र कति सार्वजनिक भन्ने त्यति मात्र फरक छ ।

राजनीतिक आन्दोलनका नाममा हिजो भएका सबै कुरा बेठिक नै हुन् भन्ने होइन । तर बेठिक ठहर्‍याइने प्रवृत्तिचाहिँ बेठिक नै हो । हिजोसम्म ऊ पात्र नितान्त नालायक, अकर्मण्य र स्वार्थी मात्र थियो भन्न सकिन्न । केही नगरी केवल बसेर खाइरहेको थियो भन्ने पनि होइन । उसले त्यहाँ मधेसमा रहँदा आफ्नै बुबाले खोल्नुभएको हाइ स्कुलमा तलब समेत नलिई विद्यार्थीहरूलाई नकुटी पढाएको पनि थियो । तर, यसबाट गरिएको त्यस्तो कामलाई वर्तमानले पहिचान गर्ने कोसिस नै गर्दैन, यो विडम्बनाको विषय पनि हो । यसरी *पारदर्शी मान्छे* कथाले नेपाली राजनीतिक परिवर्तनसँग गाँसिएर देखा परेका विसङ्गत पक्षहरूलाई सहज किसिमबाट समेटेको छ ।

यसप्रकार ब्राजाकीद्वारा लिखित पारदर्शी मान्छे कथाले पारदर्शिताका नाममा आफ्नो वास्तविकता लुकाएर छद्म भेषमा सोझासादा जनतालाई ठग्ने प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । देशमा प्रजातन्त्रको र पारदर्शिताको नाममा विकसित भइरहेको गलत संस्कारलाई कथाले व्यङ्ग्य गर्न खोजेको छ । सामान्य रक्सी भट्टीमा भेट भएका पात्रद्वारा समग्र नेपाली राजनीतिमा देखिएको अपारदर्शी संस्कृतिप्रति आलोचना गर्नु कथाको उद्देश्य रहेको देखिन्छ । म पात्रले परिचय सोद्धा आफूलाई हरेक किसिमबाट ठूलो भएको पुष्टि गर्न खोज्ने ऊ पात्रले अन्त्यसम्म पनि म यो हुँ भनेर भन्न चाहँदैन, तर उसले पटक पटक पारदर्शी मान्छे हुँ सार्वजनिक जीवनमा पारदर्शी हुनुपर्छ भन्छ । अन्त्यमा तेस्रो पात्रले *'मान्छेको संस्कार नै उसको वास्तविक परिचय हो र यिनको परिचय यिनको अगाडि छैन पछाडि छ, ल हेर्नुस् !'* भनेर बनाए पनि म पात्रले ऊ पात्रकी निकै कालो बाक्लो अपारदर्शी छाया देख्छ । मान्छेले आफूलाई जतिसुकै पारदर्शी हुँ भनेर बताए पनि ऊ साँचो अर्थमा पारदर्शी छैन भनेर देखाउन खोज्छ (बस्नेत, २०६०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

नवयुगीन कथा प्रवृत्तिका साथ देखा पर्ने मनु ब्राजाकीको यस *पारदर्शी मान्छे* कथाले मूलत: व्यक्ति चरित्र र राजनीतिक परिवर्तनको कथित प्रभावलाई प्रस्ट पारेको छ । व्यक्तिको स्वभावभित्र सामाजिक मान्यता विपरीत परिघटनाहरू प्रतिबिम्बित भए पनि वास्तविक रहस्य अर्कै हुन सक्नेतर्फ सङ्केत गरेको छ । व्यक्तिका बाह्य स्वभाव र आन्तरिक मनोवृत्तिलाई सतही रूपमा कसैले पनि मूल्याङ्कन गर्न सक्दैन भन्ने किसिमको धारणा अगि सारेको छ । साथै, कतिपय व्यक्तिको बाह्य चरित्रले एउटा विशिष्ट पहिचान बनाइसकेको देखिए तापनि त्यसभित्रको रहस्य फरक हुन सक्ने कुरा औंल्याएको छ । त्यसैगरी हाम्रो जस्तो मुलुकमा राजनीतिक परिवर्तनहरूको लहर देखिँदै आए पनि वास्तविक उपलब्धि हुन नसकेको र तिनै व्यक्तिको हालीमुहाली रहने परम्परा यथावत् भएको कुरा दर्साएको छ । कहीँकतै पनि सङ्गतिका अभिलक्षणहरू नपाइएको यथार्थलाई उजागर गरेको छ । सबै सुरापान गर्नेहरू बेठिक हुन्छन् भन्ने दृष्टिकोणमा प्रश्नचिह्न खडा गरेको छ । पदलोलुपहरूको बाह्य र आन्तरिक व्यवहारमा पाइने विसङ्गतिलाई दर्साएको छ । यहाँसम्म कि राज्यद्वारा लागु गरिने नौला अभियानहरूले सबैलाई समान किसिमबाट लाभान्वित गर्न नसक्ने विसङ्गतिको पाटोसमेतलाई छर्लङ्ग्याएको छ । त्यसैले जहाँ पारदर्शिता छ भनिन्छ त्यहाँ अपारदर्शिता र जहाँ अपारदर्शिता भनिन्छ त्यहाँ पारदर्शिता पनि हुन सक्ने विसङ्गतिपूपर्ण चिन्तनको एउटा नमुनाका रूपमा पारदर्शी मान्छे कथा बनेर देखा परेको छ ।

सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव (२०५५), *नेपाली कथा भाग-२,* (सम्पा.), ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४), *नेपाली कथा,* काठमाडौं : नवीन प्रकाशन ।

जैन, जगदीशचन्द्र. (सन् १९६९), *पाश्चात्य समीक्षा दर्शन,* वाराणसी : हिन्दी प्रचारक संस्थान ।

त्रिपाठी, वासुदेव (२०४८), *पाश्चात्य सामालोचनाको सैद्धान्तिक परम्परा* (भाग -१) ललितपुर : साझा प्रकाशन

त्रिपाठी, वासुदेव (२०६४), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* दो.सं. ललितपुर : साझा प्रकाशन ।

निगम, शोभा (सन् २०००), *पाश्चात्य दर्शनको सम्प्रदाय,* दिल्ली : मोतीलाल वनारसीदास ।

निरौला, लेखप्रसाद (२०७३) *साहित्यसिद्धान्त र नेपाली समालोचना,* काठमाडौं : जानुका भण्डारी ।

बस्नेत, भीमकुमार (२०६३), *पारदर्शी मान्छे कथासङ्ग्रहको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, काठमाडौं : त्रिवि रत्नराज्यलक्ष्मी क्याम्पस ।

ब्राजाकी, मनु (२०६०), *पारदर्शी मान्छे,* ललितपुर : साझा प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६३), आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा २०४०, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, अभि (२०५४), *पाश्चात्य काव्य सिद्धान्त,* दो.सं., काठमाडौं : साझा प्रकाशन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रीय प्रायश्चित्त व्यवस्था

✍ डा. वासुदेव खनाल*

शोधसार

मानवजीवनसँग सम्वन्धित ज्ञानको आदि स्रोत वेद हो र वेदमा मानवजीवनसँग सम्वन्धित जीवनोपयोगी ज्ञानको बीज विद्यमान छ । वैदिक संहितादेखि लिएर ब्राह्मण, आरण्यक, उपनिषद् , सूत्रग्रन्थहरूका साथ स्मृतिग्रन्थहरूमा पनि मानव जीवनको कर्त्तव्याकर्त्तव्यका सम्बन्धमा विस्तृत विवेचना गरिएको छ । सांसारिक विषयहरूप्रतिको मानवीय प्रवृत्ति स्वाभाविक हो । काम, क्रोधादि भावनाका कारण मानिसले कहिले काहिं निषिद्ध कर्म पनि गर्न पुग्दछ । यसरी गरिएका निषिद्धकर्मबाट मानिस पापको भागी वन्दछ । यस्ता पापकर्मबाट मनोवृत्ति हटाउनका लागि तथा अन्तःकरणको शुद्धिका लागि अनेक प्रायश्चित्तको विधान धर्मशास्त्रीय ग्रन्थहरूमा गरिएको छ । शास्त्रमा मानिसले कुन कर्म गर्न हुन्छ र कुन कर्म गर्न हुँदैन भनेर निर्देश गरिएको छ जसलाई अर्को शब्दमा शास्त्रीय आचार व्यवस्था भनिन्छ । त्यही आचारव्यवस्थाको आधारमा मानिसले आफ्नो जीवन यापन गर्नुपर्दछ यसैले प्राच्य संस्कृतिको मूल आधार नै आचार हो । आचारवाट च्युत व्यक्तिलाई सामाजमा सामाजिक जीवन यापन गर्ने कुनै अधिकार छैन । समाजबाट वहिस्कृत तथा अपराधी प्रवृत्तिका व्यक्ति(पापी)सँग कुराकानी तथा सम्वन्ध स्थापित गर्न पनि शास्त्रमा निषेध गरिएको छ । यदि कसैले त्यस्तासँग सम्बन्ध स्थापित गर्दछ भने त्यो व्यक्ति पनि दण्ड(प्रायश्चित्त)को भागी वन्नुपर्दछ । कुनै पनि व्यक्तिले आफूले गरेको अपराधलाई स्वीकार गरेर त्यसको प्रायश्चित्त गरिसकेपछि आफ्नो आचरणमा सुधार ल्याउँछ भने समाजमा त्यो निन्दनीय र तिरस्कृत बन्नुपर्दैन । यो प्रायश्चित्तको विधान पछिल्लो समयमा मात्र नभएर वैदिक कालदेखि नै हुँदै आएको देखिन्छ । प्रस्तुत लेखमा प्रायश्चित्त शब्दको अर्थ, प्रयोजन, प्रायश्चित्त नगर्दा हुने परिणामका सम्बन्धमा स्मृतिवाङ्मयमा आधारित रहेर सङ्क्षिप्त विवेचना गरिएको छ ।

शब्दकुञ्जी: *आचार, उजागर, ऋषिमहर्षि, प्रायश्चित, सनातन ।*

विषयप्रवेश

वर्तमान समाजमा पुण्यापुण्य, त्याज्यात्याज्य, कर्तव्याकर्तव्यका विषयमा मानिसहरूको अनास्थामात्र होइन यस्ता शुभाशुभकर्मबाट प्राप्त हुने परिणामप्रति पनि वास्ता गरेको देखिदैन । यसरी वास्ता नगर्नुको कारण पाश्चात्य प्रभावका साथै आफ्नो सनातनधर्मप्रतिको अनभिज्ञता, अनास्था तथा सनातनधर्मको वैज्ञानिक रहस्यलाई बुझ्ने प्रयत्न नगर्नु नै हो । सनातन धर्मको वैज्ञानिक रहस्यलाई बुझ्नका लागि वैदिक सनातनधर्मको ऐतिहासिक विवेचना आवश्यक देखिन्छ । त्यस्तै सनातन धर्मका अधिकांश विषयवस्तु संस्कृत वाङ्मयमा रहेका छन् । भाषा ज्ञानको अभावमा सनातनधर्मका वैज्ञानिक रहस्य केवल संस्कृत वाङ्मयका अध्येता, अनुसन्धाता र संस्कृतानुरागीमा मात्र सीमित हुन पुगेको छ । यस्तो अवस्थामा धर्मशास्त्रमा वर्णित पाप, पुण्य तथा प्रायश्चित्तको रहस्य एवं महत्त्वका सम्वन्धमा विभिन्न भाषामा अनुवाद गरी विवेचना गरेर ऋषिमहर्षिहरूको हजारौं वर्षको तपस्यावाट प्राप्त शाश्वत ज्ञानराशिलाई उजागर गर्नु नितान्त आवश्यक भइसकेको छ । जसको माध्यमवाट मानिसहरूले आफूले गर्ने अधर्माचरणका कारण प्राप्त हुने दुष्परिणामका सम्वन्धमा जानकारी हासिल गरेको अवस्थामा

* *सहप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूलाई सन्मार्गमा लगाउनका लागि अग्रसर हुने विश्वास लिन सकिन्छ। वेदादि अपौरुषेय र स्मृत्यादि पौरुषेय ग्रन्थमा मानव जीवनका सबैजसो पक्षका सम्बन्धमा विचार र विश्लेषण गरेको देखिन्छ। उल्लेखित ग्रन्थहरूमा पापकर्म, त्यसको परिणाम र त्यसबाट बच्नका निम्ति प्रायश्चित्तको विधान विशद रूपमा गरिएको पाइन्छ। मानिसले जीवनमा गर्ने पापका कारण सांसारिक जीवनमा पतन र सामाजिक जीवनमा तिरस्कार प्राप्त गर्दछ भने मृत्युपश्चात अत्यन्त कष्टमय नारकीय जीवन भोग्न बाध्य मात्र हुँदैन जन्मान्तरमा निकृष्ट योनिमा जन्म लिन्छ भन्ने सनातन विश्वास छ। जुन कुरा समाजमा नैतिकता र सदाचरणलाई स्थापित गर्ने उद्देश्यले आएको हो भन्दा पनि अत्युक्ति हुने छैन। पापीलाई उसको पापाचरणबाट मुक्ति दिलाउनका लागि तथा उसले आफूलाई सुधार गर्न चाहन्छ भने सुधार गर्न सक्ने सम्भावनालाई पनि स्मृतिकारहरूले अस्वीकार गरेको देखिदैन। मानिसले जीवनमा गर्ने र गर्न सक्ने विभिन्न पापहरूको प्रायश्चित्तको विधानका साथ प्रायश्चित्तका विविध रूपको वर्णन स्मृतिशास्त्रमा गरेको देखिन्छ। त्यही कुरालाई सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

प्रायश्चित्त शब्दको अर्थ

प्रायश्चित्त शब्द प्रायः र चित्त पदका साथ समास भएर सुट् आगमको योगबाट बन्दछ।[१] प्रायश्चित्त शब्दको व्याख्याका सम्बन्धमा अङ्गिराको वचन अत्यन्त सान्दर्भिक र उपयुक्त देखिन्छ। उनले प्रायको अर्थ 'तप' र चित्तको अर्थ 'निश्चय' गरेका छन्। त्यही तप र निश्चयको जोडबाट नै प्रायश्चित्त शब्द बनेको उनको भनाइ छ।[२] उनले प्रायश्चित्त शब्दको अर्को सान्दर्भिक अर्थ पनि लगाएका छन् जसअनुसार समचित्तले युक्त पर्षद्ले विचार पूर्वक जो अनुष्ठान गर्नका लागि निर्देश गर्दछन् त्यसलाई प्रायश्चित्त भनिन्छ।[३] माधवाचार्यले त्यसको व्याख्याको प्रसङ्गमा व्रत गराएर पापका कारण चित्तमा भएको विषमताको नाश गर्नु नै प्रायश्चित्त हो तथा परिषद्मा बसेका सबैको चित्त जसरी समान हुन्छ तथा सबैका एकमतले विचार गरेर जे अनुष्ठान गर्न लगाइन्छ त्यही नै प्रायश्चित्त हो भनेका छन्[४]। जानेर होस् या नजानिकन गरिएको अपराध या दुष्कर्म जनित दोष परिमार्जनलाई सामान्यतया प्रायश्चित्त भनिन्छ। वैदिक साहित्यमा प्रयुक्त प्रायश्चित्त र प्रायश्चित्ति शब्दमध्ये प्रायश्चित्ति शब्द प्राचीन देखिन्छ। तथापि यी दुवै शब्दको अर्थ एउटै हो। कौषितकी ब्राह्मणमा यज्ञमा जुन त्रुटि या अनर्थ हुन्छ त्यसको प्रभाव पुरोहितलाई पर्दछ। उसले तीनवटै वेदको माध्यमबाट त्यसको मार्जन गर्दछ या ठीक गर्दछ भनिएको छ।[५]

प्रायश्चित्तको स्वरूप

वैदिक साहित्यदेखि लिएर सूत्र, स्मृति तथा परवर्ती संस्कृत साहित्यमा प्रायश्चित्तको स्वरूपका सम्बन्धमा सुविस्तृत वर्णन गरिएको पाइन्छ। धर्मशास्त्रीय ग्रन्थमा कामकृत र अकामकृत गरी दुई प्रकारका पाप

---

[१]अष्टाध्यायी, पाणिनि, ६.१.१५७।

[२]प्रायो नाम तपः प्रोक्तं चित्तं निश्चय उच्यते।
तपोनिश्चयसंयुक्तं प्रायश्चित्तं तदुच्यते॥ अङ्गिरा, पराशरमाधवीय, प्रायश्चित्ताध्याय, पृ.२।

[३]प्रायशश्च समं चित्तं चारयित्वा प्रदीयते।
पर्षदा कार्यते यत्तत् प्रायश्चित्तमिति स्मृतम्॥ अङ्गिरा, पराशरमाधवीय, प्रायश्चित्ताध्याय, पृ.२।

[४]'व्रतं चारयित्वा चित्तवैषम्यनिमित्तं पापं प्रदीयते खण्डयते विनाश्यते इत्यर्थः। यद्वा परिषदि उपविष्टानां सर्वेषां चित्तं यथा समं भवति, तथा चारयित्वैकमत्येन विचार्य प्रदीयते विधीयते कार्यते अनुष्ठाप्यते इत्यर्थः'। पराशरस्मृति, पराशरमाधवीय, प्रायश्चित्ताध्याय, पृ. २।

[५]यद्वै यज्ञस्य स्खलितं वोल्वण वा भवति ब्रह्मण एव तत्प्राहुस्तस्य त्रय्या विद्यायाः भिषन्यति। कौषीतकी ब्राह्मण, ६.१२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने कुराको वर्णन गरिएको छ । अकामकृत पापलाई प्रायश्चित्तको माध्यमबाट नष्ट गर्न सकिन्छ तर कामकृत पाप प्रायश्चित्तको माध्यमबाट हटाउन सकिदैन भन्ने कतिपय स्मृतिकारको मत रहेको छ । धर्मशास्त्रसँग सम्बन्धित ग्रन्थहरूको अध्ययन र विश्लेषण गर्दा प्राचीनकालमा प्रायश्चितको स्वरूप व्यक्तिगत, सामाजिक एवं राज्य तथा न्यायपरिषद् सम्बन्धी गरी तीन प्रकारको रहेको थियो भन्ने आधारहरू प्रसस्त मात्रामा पाइन्छन् ।

व्यक्तिगत

कतिपय अपराध यस्ता हुन्छन् जसको जानकारी न त समाजलाई हुन्छ न त सरकारलाई नै । यस्ता अपराधका सम्बन्धमा सम्बन्धित व्यक्तिले नै शास्त्रीय मर्यादानुसार इमान्दारी पूर्वक प्रायश्चित्त गरेर त्यस्तो अपराध तथा पापबाट आफूलाई मुक्त गर्नुपर्दछ भन्ने शास्त्रीय विश्वास रहेको छ । जसअनुसार मानिस यस्ता अपराधबाट आफूलाई मुक्त राख्नका लागि आफै क्रियाशील भई आफूलाई निस्पाप बनाउनेतर्फ लाग्नुपर्दछ ।

सामाजिक

दोस्रो खाले अपराध सामाजिक व्यवस्थासँग सम्बन्धित छन् अर्थात् यस अन्तर्गत यस्ता पापहरू पर्दछन् जसको जानकार व्यक्ति मात्र नभएर समाज पनि हुन्छ । यस व्यवस्था अन्तर्गत पातकी(पापी)ले समाजद्वारा निर्दिष्ट प्रायश्चित्त गरेर आफूलाई उक्त पाप तथा पातकबाट मुक्त गर्न सक्नुपर्दछ । यसरी प्रायश्चित्त गरेको अवस्थामा ऊ पापबाट मुक्त हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ ।

राज्य तथा न्यायपरिषद्

यो व्यवस्था अनुसार पातकीलाई राजदण्ड एवं समाजदण्ड गरी दुबै किसिमका दण्डबाट दण्डित गर्नुपर्दछ । धर्मशास्त्रीय ग्रन्थहरूको अध्ययन गर्दा प्राचीनकालमा प्रायश्चित्त व्यवस्था राज्यको तर्फबाट सञ्चालित हुन्थे । पछिल्लो समयमा यो व्यवस्था तथा प्रायश्चित्त दण्डको रूपमा विकसित भएको देखिन्छ ।

प्रायश्चित्त गर्नुपर्ने अवस्था

जुन मनुष्यले श्रुति एवं स्मृतिमा गर्नुपर्दछ भनी निर्देश गरिएको छ त्यस्ता कर्म गर्दैन र जुन कर्मलाई गर्नुहुँदैन भनेर निषेध गरिएको छ त्यस्ता कर्महरू गर्दछ र आफ्ना इन्द्रियहरूलाई वशमा गर्दैन त्यसले प्रायश्चित्त गर्नुपर्ने हुन्छ ।[६] यमले तपस्याबाट तथा कर्मको क्षयबाट मानिसमा रहेको मलिनताको शुद्धि हुने कुराको उल्लेख गर्दै शुद्धिका लागि प्रायश्चित्त गर्नुपर्ने बताएका छन् ।[७] पापबाट छुटकारा पाउनका लागि सर्वदा प्रायश्चित्त गर्नुपर्दछ, प्रायश्चित्त नगर्ने व्यक्ति निन्दनीय चिन्हका साथ यही लोकमा पुनः उत्पन्न हुन्छ भन्ने कुराको उल्लेख मनुले गरेका छन् ।[८] याज्ञवल्क्यले पाप गरेर प्रायश्चित्त न गर्ने र पश्चाताप पनि नगर्ने व्यक्तिले कठोर नरकको

[६]अकुर्वन् विहितं कर्म निन्दितं च समाचरन् ।
प्रसक्तश्चेन्द्रियाऽर्थेषु प्रायश्चित्तीयते नरः ॥ मनुस्मृति, ११.४४ ।

[७]तपसोऽन्ते विशुद्ध्यन्ति कर्मणां वा परिक्षयात् ।
तस्मात् कर्त्तव्यमेतैस्तु प्रायश्चित्तं विशुद्धये ॥ प्रायश्चित्तविवेक, पृ.१० ।

[८]चरितव्यमतो नित्यं प्रायश्चित्तं विशुद्धये ।
निन्द्यैर्हि लक्षणैर्युक्ता जायन्तेऽनिष्कृतैनसः ॥ मनुस्मृति, ११.५३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यातना भोग्नुपर्ने बताएका छन् ।[९] याज्ञवल्क्यले गर्नु पर्ने कर्म नगर्ने र जो कर्म गर्न हुँदैन भनेर शास्त्रमा भनिएको छ त्यही कर्म गर्ने, इन्द्रियका शब्दस्पर्शादि विषयमा अत्यन्त आशक्त व्यक्ति प्रायश्चित्त गर्ने योग्य हुन्छ भन्दै यस्तो व्यक्ति पतित हुने कुराको उल्लेख गरेका छन् ।[१०] माधवाचार्यले सामान्य अवस्थामा प्रायश्चित्तको आवश्यकता नै नपर्ने बताएका छन् उनका अनुसार सामान्य अधिकार भनेको नित्य हो, जस्तो-**'यावज्जीवमग्निहोत्रं जुहुयात्'** अर्थात् बाचुन्जेल अग्निहोत्र गर्नुपर्दछ । प्रायश्चित्त जीवनको अधिकार विशेष होइन, यो त जो गर्नुपर्ने कुरा हो त्यो नगरेका कारण त्यसको निमित्त गर्नुपर्ने अधिकार विशेष हो । तसर्थ नैमित्तिक कर्म नै प्रायश्चित्त हो भनेर माधवाचार्यले उल्लेख गरेका हुन् ।[११] बृहस्पतिले पनि प्रायश्चित्तलाई नैमित्तिक धर्म भएको बताउँदै जो गर्नुपर्ने कर्म हो त्यो नगर्नाले र जो निन्दित भनेर शास्त्रमा भनिएको छ त्यो गरे वापत जो नैमित्तिक कर्म गरिन्छ त्यही नै प्रायश्चित्त हो भनेका छन् ।[१२] मनुले मन, वचन र शरीरको माध्यमबाट पापकर्महरू हुने बताउँदै शरीरबाट गरिएका पापका कारण मानिसले स्थावर योनिमा जन्म लिनुपर्दछ, वचनको दोषले युक्त व्यक्तिले पक्षी तथा मृगादिको योनिमा जन्म लिनुपर्दछ र मानसिक दोषका कारण अन्त्यजातिमा जन्म लिनुपर्ने कुराको उल्लेख गरेका छन् ।[१३] उनले कतिपय यसै जन्ममा गरिएका कर्मका कारण, कतिपय पूर्वजन्ममा गरिएका दुष्कर्मका कारण मानिसले रूपमा विषमता प्राप्त हुने कुराको उल्लेख पनि गरेका छन्[१४] । यसकारण पापबाट छुटकारा पाउनका लागि सर्वदा प्रायश्चित्त गर्नुपर्दछ जसले प्रायश्चित्त गर्दैनन् उनीहरू यसै लोकमा विभिन्न निन्दनीय चिन्हका साथ पुनः जन्म लिन्छन् भन्ने कुराको उल्लेख पनि मनुले गरेका छन् ।[१५] उनले अज्ञान वा ज्ञानका कारण निन्दित कर्म गरिसकेपछि तज्जनित पापबाट मुक्ति पाउनका लागि प्रायश्चित्त गरिसकेपछि दोस्रो पटक उक्त पापजन्यकर्म नगर्न निर्देश गरेका छन् ।[१६] यसरी पापकर्मलाई न दोहोऱ्याउनु पनि एक प्रकारको प्रायश्चित्त रहेको मनुको धारणा रहेको छ । जब व्यक्तिले कुनै निन्दनीय या अकर्तव्य कार्य गर्दछ उसको मनमा

---

[९]प्रायश्चित्तमकुर्वाणाः पापेषु निरता नराः ।
अपश्चात्तापिनः कष्टान्नरकान्यान्ति दारुणान् ॥ याज्ञवल्क्यस्मृति, ३.२२१ ।
[१०]विहितस्याननुष्ठानान्निन्दितस्य च सेवनात् ।
अनिग्रहाच्चेन्द्रियाणां नरः पतनमृच्छति ॥ याज्ञवल्क्यस्मृति, ३.२१९ ।
[११]यत्र जीवनमधिकारिविशेषणं तन्नित्यम् । यथा 'यावज्जीवमग्निहोत्रं जुहुयात्' इति । प्रायश्चित्ते तु न जीवनमधिकारिविशेषणम्, अपि त्वन्यदेव विहिताकरणादिनिमित्तमधिकारिविशेषणम् । तस्मात् नैमित्तिकं प्रायश्चित्तम् । पराशरमाधवीय, प्रायश्चित्ताध्याय, पृ. ३ ।
[१२]नैमित्तिकं धर्मजातं गदतो मे निबोधत ।
विहितस्याननुष्ठानात् निन्दितस्य निषेवनात् ॥
प्रायश्चित्तं यत् क्रियते तन्नैमित्तिकमुच्यते ।
नैमित्तिकं समाख्यातं प्रायश्चित्तं समासतः ॥ बृहस्पति, पराशरमाधवीय, प्रायश्चित्तकाण्ड, पृ.३ ।
[१३]शरीरजैः कर्मदोषैर्याति स्थावरतां नरः ।
वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम् ॥ मनुस्मृति, १२.९ ।
[१४]इह दुश्चरितैः केचित् केचित् पूर्वकृतैस्तथा ।
प्राप्नुवन्ति दुरात्मानो नरा रूपविपर्ययम् ॥ मनुस्मृति, ११.४८ ।
[१५]चरितव्यमतो नित्यं प्रायश्चित्तं विशुद्धये ।
निन्द्यैर्हि लक्षणैर्युक्ता जायन्तेऽनिष्कृतैनसः ॥ मनुस्मृति, ११.५३ ।
[१६]अज्ञानाद्यदि वा ज्ञानात् कृत्वा कर्म विगर्हितम् ।
तस्माद्विमुक्तिमन्विच्छन् द्वितीयं न समाचरेत् ॥ मनुस्मृति, ११.२३२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो कार्य प्रति घृणा उत्पन्न हुन्छ र त्यसले उक्त कार्यको दण्डस्वरूप स्वयं तप या कष्ट सहँदै यो निश्चय गर्दछ मैले अब आगामी दिनमा यस्ता किसिमका पाप कर्म गर्ने छैन भनेर निश्चय गर्नु पनि प्रायश्चित्त नै हो ।[१७] अधिकांश निबन्ध एवं टीका ग्रन्थहरूमा प्रायश्चित्त शब्दको व्युत्पत्ति 'प्राय' (तपः) 'चित्त'(निश्चय) भनेर गरेका छन् । यसको तात्पर्य निश्चयका साथ तप गर्नु नै प्रायश्चित्त हो ।[१८] हारीतका अनुसार जुन शास्त्रविधि अनुसार अनुष्ठान गर्दा सञ्चित तथा उत्पन्न अशुभ नाश हुन्छन् त्यसलाई प्रायश्चित्त भनिन्छ ।[१९] पापबाट चित्तको विशोधन नै प्रायश्चित्त हो ।[२०] पाप भनेको अनर्थ पनि हो र अनर्थले अनिष्ट निम्त्याउँछ । योगीश्वर याज्ञवल्क्यले गर्नुपर्ने कर्म नगर्ने, गर्न नहुने कर्म गर्ने र इन्द्रियहरूलाई नियन्त्रण नगर्ने मानिस पतित हुन्छ भनेका छन् ।[२१] मनुले पनि गर्नुपर्ने कर्म नगर्ने निन्दित कर्म गर्ने र इन्द्रियहरूलाई छाडा छोड्ने व्यक्तिले प्रायश्चित्त गर्नुपर्दछ भनेका छन् ।[२२] कोही व्यक्ति यस जन्मको दुराचरणका कारण तथा कतिपय पूर्वजन्मका गरिएका दुष्टाचरणका कारण कुरूपता प्राप्त गर्दछन् भन्ने मनुको धारणा रहको छ ।[२३]

पापको परिणाम

मानिसले जीवनमा गरेका यी कर्महरूको फल प्राप्त गर्ने सम्बन्धमा तीन स्थिति परिकल्पना गर्न सकिन्छ । त्यसमध्ये पहिलो स्थिति भनेको त्यही जीवनमा सामाजिक दृष्टिले पतन तथा कष्टको अनुभूति, दोस्रो अर्को जन्ममा कर्मानुसार नरक प्राप्ति र अर्को पुनर्जन्म भएको अवस्थामा निकृष्ट योनिको कष्टमय जीवन जस्ता कुराहरू विभिन्न स्मृतिशास्त्रमा वर्णन गरिएको देखिन्छ । यसका अतिरिक्त व्यक्तिले गरेको दुष्कर्मका कारण उसका पितृहरूले पनि दुर्गति प्राप्त गर्दछन् ।

सामाजिक दृष्टिले पतन र कष्टको अनुभूति

मानिस समाजिक प्राणी हो । समाजका हरेक गतिविधिमा उसको चासो र सहभागिता रहन्छ र रहनुपर्दछ । यदि उसले समाजका हरेक गतिविधिमा सहभागिता प्राप्त गर्न सकेन भने उसले कष्टको अनुभूति गर्नुको साथै आफूलाई दोस्रो दर्जाको मानिसको रूपमा स्थापित गर्नुपर्ने हुन्छ । जुन मानिसले श्रुति एवं स्मृति विरुद्ध कर्म गरेको छ त्यो सामाजिक दृष्टिले पतित हुन्छ । पतितका साथ समाजमा समान व्यवहार नभएर भिन्न व्यवहार हुन्छ जसले गर्दा उसले कष्टको अनुभूति गर्दछ ।

[१७] तपादि साधन पूर्वकं किल्विषनिवारणार्थ चित्तनिश्चयम् प्रायश्चित्तम् । अष्टाध्यायी, पाणिनि, ६.१.१५७ ।

[१८] प्रायो नाम तपः प्रोक्तं चित्तं निश्चय उच्यते ।
तपोनिश्चयसंयोगात्प्रायश्चित्तमिति स्मृतम् ॥ गौतमधर्मसूत्रम्, हरदत्तटीका, २२.१ ।

[१९] प्रयतत्वाद्वोपचिमशुभं नाशयतीति प्रायश्चित्तम्, प्रायश्चित्त कदम्ब, पृ.१ ।

[२०] प्रायस्य पापस्य चित्तं विशोधनं यस्मात् तत्प्रायश्चित्तम्, प्रायश्चित्तप्रकाशः पृ. १ ।

[२१] विहितस्याननुष्ठानान्निन्दितस्य च सेवनात् ।
अनिग्रहाच्चेन्द्रियाणां नरः पतनमृच्छति ॥याज्ञवल्क्यस्मृति, ३.२१९ ।

[२२] अकुर्वन् विहितं कर्म निन्दितं च समाचरन् ।
प्रसक्तश्चेन्द्रियाऽर्थेषु प्रायश्चित्तीयते नरः ॥ मनुस्मृति, ११.४४ ।

[२३] इह दुश्चरितैः केचित्केचित्पूर्वकृतैस्तथा ।
प्राप्नुवन्ति दुरात्मानो नरा रूपविपर्ययम् ॥मनुस्मृति, ११.४८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मानुसार नरक प्राप्ति

विष्णुधर्मसूत्रको अध्याय त्रिचालीसमा एक्काईस प्रकारका नरकको वर्णनका साथै त्यहाँको कष्ट, घृणा एवं जुगुप्साप्रद अवस्थाको पनि वर्णन गरिएको छ । पापकर्म गर्ने व्यक्तिले प्रायश्चित्त नगरेको अवस्थामा ती नरकको असह्य कष्टलाई भोग्नुपर्दछ जसअनुसार महापातकीले एक मन्वन्तरसम्म, उपपातकीले चारयुगसम्म, सङ्करीकरण गर्ने पापीले एकहजार वर्षसम्म नरक भोग्नुपर्दछ । सबै प्रकारका पापीहरू जसले नौ प्रकारका विभिन्न अपराधहरूमध्ये कुनै एक अपराध गरेको छ भने मरेपछि यमपथमा घोर कष्ट सहनुपर्दछ र यमका दूतले उवड-खावड मार्गमा अत्यन्त दारुण यातनाका साथ लैजान्छन् ।[२४] मनुले पनि मानिसले यस संसारमा जुन प्रकारको भावनाले जुन-जुन कर्मको सेवन गर्दछ त्यसैगरी शरीरद्वारा त्यो कर्मको फल प्राप्त गर्दछ भनेका छन् ।[२५] तामिश्र, अन्धतामिस्र, महारौरव, रौरव, कालसूत्र, नरक तथा महानरक, संजीवन, महावीचि, तपन, संप्रतापन, संघात, कालोल, कुड्मल, लोहशंकु, ऋजीष, पन्था, शाल्मली, नदी, असिपत्रवन र लोहदारक गरी एक्काईस नरकहरूको उल्लेख मनुले पनि गरेका छन् ।[२६]

विभिन्न चिन्हका साथ कष्टमय पुनर्जन्म

ब्रह्महत्या आदि महान् पाप गर्नेले धेरै वर्षसम्म विभिन्न धर्मसूत्र र स्मृतिग्रन्थहरूमा उल्लेखित ती घोर नरकको भोग गर्नुपर्दछ । यसरी नरकको भोग गर्ने क्रममा आफ्ना कुत्सित कर्म तथा पापकर्म क्षय भइसकेपछि मात्र विभिन्न योनि प्राप्त गर्दछन् ।[२७] जस्तो ब्रह्महत्या गर्ने महापातकी कुकुर, सुंगुर, गधा, ऊँट, गाई, बाखो, मृग, पक्षी, चाण्डाल एवं पुक्कस(निषादद्वारा शूद्रामा उत्पन्न) योनि प्राप्त गर्दछन् ।[२८] सुरापान गर्ने ब्राह्मण कमिला, कीरा, पतङ्ग, विष्ठा खाने पक्षी एवं हिंस्रक प्राणीको योनिमा जन्म लिन्छ ।[२९] सुवर्ण चोरी गर्ने व्यक्ति मकरो, सर्प, घर्षने जन्तु, जलचर प्राणी तथा हिंसा गर्ने खालको पिचास योनिमा हजारौं पटक जन्मनुपर्दछ ।[३०] गुरुपत्नी गमन गर्ने व्यक्ति तृण, गुल्म, लताको योनि तथा काँचो मासु खाने प्राणी, ठूला-ठूला दाँत भएको क्रूरकर्म

[२४] विष्णुधर्मसूत्रम्, ४३.२४-३२ ।

[२५] यादृशेन तु भावेन यद्यत्कर्म निषेवते ।
तादृशेन शरीरेण तत्तत्फलमुपाश्नुते ॥ मनुस्मृति, १२.८१ ।

[२६] तामिस्रमन्धतामिस्रं महारौरवरौरवौ ।
नरकं कालसूत्रं च महानरकमेव च ॥
संजीवनं महावीचिं तापनं संप्रतापनम् ।
संहातं च सकाकोलं कुड्मलं प्रतिमूर्तिकम् ॥
लोहशङ्कुमृजीषं च पन्थानं शाल्मलीं नदीम् ।
असिपत्रवनं चैव लोहदारकमेव च ॥ मनुस्मृति, ४. ८८-९० ।

[२७] वहून्वर्षगणान्घोरान्नरकान्प्राप्य तत्क्षयात् ।
संसारान्प्रतिपद्यन्ते महापातकिनस्त्विमान् ॥मनुस्मृति, ११.५४ ।

[२८] श्वसूकरखरोष्ट्राणां गोजाविमृगपक्षिणाम् ।
चण्डालपुक्कसानां च ब्रह्महा योनिमृच्छति ॥मनुस्मृति, ११.५५ ।

[२९] कृमिकीटपतङ्गानां विड्भुजां चैव पक्षिणाम् ।
हिंस्राणां चैव सत्त्वानां सुरापो ब्राह्मणो व्रजेत् ॥मनुस्मृति, ११.५६ ।

[३०] लूताहिसरटानां च तिरश्चां चाम्बुचारिणाम् ।
हिंस्राणां च पिशाचानां स्तेनो विप्रः सहस्रशः ॥मनुस्मृति, ११.५७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने जीवको योनिमा सयौं पटक जन्म लिनुपर्दछ ।[३१] हिंस्रक ब्राह्मण अर्को जन्ममा काँचो मासु खाने प्राणी भएर जन्मिन्छ । अभक्ष्य भक्षण गर्ने कीरो भएर जन्मिन्छ, महापातक भिन्न चोरी गर्ने परस्पर मासु खाने प्राणी र चाण्डाल स्त्रीको सेवन गर्ने व्यक्ति प्रेत भएर जन्मन्छ ।[३२] पतितसँग संगत गर्ने, परस्त्री गमन गर्ने, ब्राह्मणस्व हरण गर्ने व्यक्ति ब्रह्मराक्षस भएर जन्मिन्छ ।[३३] लोभका कारण मणि, मुक्ता, मूँग आदि विविध प्रकारका बहुमूल्य रत्न चोर्ने व्यक्तिले सुनारको योनिमा जन्म लिन्छ । पूर्वजन्ममा सुन चोर्ने मान्छे यस जन्ममा नङ्को रोगले पीडित हुन्छ, मदिरा पान गर्ने काला दाँतले युक्त हुन्छ, ब्राह्मणको हत्यारा क्षयरोगले पीडित हुन्छ र गुरुपत्नी गमन गर्ने छालाको रोगले पीडित हुन्छ । यसैगरी चुगलखोर दुर्गन्धले युक्त नाक भएको हुन्छ, नभएको दोष लगाउने व्यक्ति दुर्गन्धित मुखले युक्त हुन्छ, यस्तै अन्न चोरी गर्ने अङ्गले हीन हुन्छ भने अन्नमा मिसावट गर्ने अधिकाङ्गले युक्त हुन्छ । पाकेको अन्न चोरी गर्ने मन्दाग्नि रोगले पीडित हुन्छ भने विद्या तथा वाणीलाई चोरी गर्ने लाटो हुन्छ । यस्तै वस्त्र चोरी गर्ने श्वेतकुष्ठ रोगले पीडित हुन्छ र घोडा चोरी गर्ने लंगडो भएर जन्मन्छ । यसरी पूर्व जन्मको कर्म विशेषका कारण सज्जनबाट निन्दित जड, लाटो, अन्धो, वहिरो तथा विकारले युक्त अङ्ग भएर जन्मने कुराको उल्लेख पनि मनुले गरेका छन् ।[३४] यमले पनि पञ्चमहापातकीहरू नरकका भागी बन्ने कुराको उल्लेख गरेका छन् ।[३५]

प्रायश्चित्तका साधन

मानिसले जानेर होस् या नजानेर विभिन्न किसिमका पापकर्महरू गरिरहेको हुन्छ र त्यसको प्रायश्चित्तका लागि विविध प्रकारका उपायहरूको वर्णन पनि स्मृतिशास्त्रमा गरिएको पाइन्छ । स्मृतिकारहरूले एक किसिमको पापबाट मुक्त हुनका लागि अनेक प्रकारका उपायहरूको वर्णन गरेको देखिन्छ । आधुनिक युगमा प्रायश्चित्तका साधनहरूलाई त्यति महत्त्व दिइएको पाइदैन । तर प्राचीनकालमा यसको ठूलो महत्त्व रहेको देखिन्छ । कुनै किसिमको पाप गरेको व्यक्तिले प्रायश्चित्त नगरेसम्म उसलाई समाजमा घुलमिल हुने अधिकार शास्त्रले दिएको छैन । कतिपय यस्ता पाप पनि हुन्छन् जुन पापका सम्वन्धमा पाप गर्ने व्यक्तिलाई बाहेक अन्य कसैलाई थाहा पनि हुँदैन । यस्ता किसिमका पापबाट पनि व्यक्ति मुक्त

---

[३१]तृणगुल्मलतानां च क्रव्यादां दंष्ट्रिणामपि ।
क्रूरकर्मकृतां चैव शतशो गुरुतल्पगः ॥मनुस्मृति, ११.५८।

[३२]हिंस्रा भवन्ति क्रव्यादाः कृमयोऽभक्ष्यभक्षिणः ।
परस्परादिनः स्तेनाः प्रेतान्त्यस्त्रीनिषेविणः ॥मनुस्मृति, ११.५९ ।

[३३]संयोगं पतितैर्गत्वा परस्यैव च योषितम् ।
अपहृत्य च विप्रस्वं भवति ब्रह्मराक्षसः ॥मनुस्मृति, ११.६० ।

[३४]सुवर्णचौरः कौनख्यं सुरापः श्यावदन्तताम् । छन ।
ब्रह्महा क्षयरोगित्वं दौश्चर्म्यं गुरुतल्पगः ॥
पिशुनः पौतिनासिक्यं सूचकः पूतिवक्त्रताम् ।
धान्यचौरोऽङ्गहीनत्वमातिरैक्यं तु मिश्रकः ॥
अन्नहर्ताऽऽमयावित्वं मौक्यं वागपहारकः ।
वस्त्रापहारकः श्वैत्र्यं पङ्गुतामश्वहारकः '॥
एवं कर्मविशेषेण जायन्ते सद्विगर्हिताः ।
जडमूकान्धवधिरा विकृताकृतयस्तथा ॥मनुस्मृति, ११.४९-५२।

[३५]सुरापो ब्रह्महा गोघ्नः सुवर्णस्तेयकृन्नरः ।
पतितैः संप्रयुक्तश्च कृतघ्नो गुरुतल्पगः ॥
एते पतन्ति सर्वेषु नरकेष्वनुपूर्वशः ॥ यमस्मृति, प्रायश्चित्त प्रकाश पृ. १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन नसक्ने कुराको वर्णन श्रुति, स्मृति एवं पुराणादि ग्रन्थहरूमा गरिएको छ । मानिसले आफ्नो जीवनमा जे जस्तो अपराध गरेको छ सोही अनुसारको प्रायश्चित्त पनि गर्नुपर्ने विधान धर्मशास्त्रीय ग्रन्थहरूमा गरिएको छ । वेदमा बताइएको नित्यकर्मलाई अतिक्रमण गरेको अवस्थामा तथा स्नातक व्रत उल्लङ्घन भएको अवस्थामा एक दिन निराहार रहनु नै प्रायश्चित्त हो ।[३६] वेदज्ञ तथा वैदिक पण्डितहरूको शुद्धि वेदाभ्यासबाट नै हुन्छ । मनुले तपस्या गर्ने इच्छुक ब्राह्मणलाई सदा वेदाभ्यास गर्न निर्देश गर्दै ब्राह्मणका लागि वेदाभ्यासभन्दा ठूलो तपस्या नभएको बताएका छन्[३७] । यस्तै विद्वान्को पवित्रता क्षमाबाट हुन्छ भन्ने कुरा मनुले पनि बताएका छन्[३८] । वसिष्ठले काल, अग्नि, मन, तुष्टि, जल र मनन गरी छ प्रकारका शुद्धि रहेको बताएका छन्[३९] । मनुले ज्ञान, तपस्या, अग्नि, आहार, माटो, मन, पानी, उपलेपन, वायु, कर्म, सूर्य र काल अशुद्ध प्राणिका शुद्धिका कारण भएको बताएका छन्[४०] । यही प्रसङ्गमा मनुले सबै शुद्धि भन्दा अर्थ शुद्धि (धनोपार्जनका उपाय) श्रेष्ठ रहेको बनाउँदै जो अर्थमा शुद्ध छ त्यही नै शुद्ध हो केवल माटो पानीबाट मात्र शुद्ध शुद्ध होइन भनेका छन्[४१] । प्रच्छन्न पापले युक्त व्यक्ति जपबाट र वेदको परमार्थलाई जान्नेहरू तपस्याबाट शुद्ध हुने कुराको उल्लेख मनुले गरेका छन्[४२] । यस्तै शरीरको शुद्धि पानीबाट, मनको शुद्धि सत्यबाट, जीवात्मा ब्रह्मविद्या र तपस्याबाट र बुद्धिको शुद्धि ज्ञानबाट हुने कुराको उल्लेख मनुले पनि गरेका छन्[४३]। यही क्रममा शास्त्रकारहरूले प्रायश्चित्तका विभिन्न साधनहरू रहेको उल्लेख गरेका छन् । जस अनुसार पश्चाताप(अनुताप), प्राणायाम, तप, होम, जप, दान, व्रत, तीर्थयात्रा, भिक्षाटन र स्वाध्याय प्रमुख रहेका छन् ।

निष्कर्ष

विश्वको सर्वविहित ज्ञानको आदि स्रोत वेद हो । वेदमा मानव जीवनसँग सम्बन्धित सबै उपयोगी ज्ञानको बीज सन्निहित छ । संहितादेखि लिएर स्मृतिग्रन्थहरूका साथ पछिल्ला निबन्ध ग्रन्थहरूमा पनि मानव जीवनका कर्तव्याकर्तव्यका विभिन्न पक्षको विवेचना गरिएको पाइन्छ । मानवको सहज प्रवृत्ति सांसारिक विषयमा हुन्छ नै जसले गर्दा समय-समयमा काम क्रोधादि भावनाबाट ग्रसित भएर अनेन निषिद्ध कर्म गर्न पुगदछ । यसरी बेला बेलामा मानिसबाट हुने पापकर्मबाट मनोवृत्ति हटाउनका लागि तथा मानिसलाई सन्मार्गतर्फ अभिप्रेरित गर्नका लागि स्मृतिशास्त्रमा प्रायश्चित्तको विधान गरिएको हो ।

---

[३६]वेदोदितानां नित्यानां कर्मणां समतिक्रमे ।
स्नातकव्रतलोपे च प्रायश्चित्तमभोजनम् ॥मनुस्मृति, ११.२०३ ।

[३७]वेदमेव सदाऽभ्यस्येत् तपस्तप्तन् द्विजोत्तमः ।
वेदाऽभ्यासो हि विप्रस्य तपः परमिहोच्यते ॥ मनुस्मृति, २.११६ ।

[३८]क्षान्त्या शुध्यन्ति विद्वान्सो । मनुस्मृति, ५.१०७ ।

[३९]कालोऽग्निर्मनसस्तुष्टिरुदकान्यवलेखनम् ।
अविज्ञातं च भूतानां षड्विधा शुद्धिरिष्यते ॥ अपरार्क, पृ.९२८ ।

[४०]ज्ञानं तपोऽग्निराहारो मृन् मनोर्वायुपाञ्जनम् ।
वायुः कर्माऽर्ककालौ च शुद्धेः कर्तृणि देहिनाम् ॥ मुनस्मृति, ५.१०५ ।

[४१]सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम् ।
योऽर्थे शुचिर्हि स शुचिर्नमृद्वारिशुचिः शुचिः ॥ मनुस्मृति, ५.१०६ ।

[४२]प्रच्छन्नपापा जप्येन तपसा वेदवित्तमाः ॥ मनुस्मृति, ५.१०७ ।

[४३]अद्भिर्गात्राणि शुध्यन्ति मनः सत्येन शुध्यति ।
विद्यातपोभ्यां भूतात्मा वुद्धिः ज्ञानेन शुध्यति ॥मनुस्मृति, ५.१०९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्मृतिग्रन्थमा विशेष गरेर मानव जीवनको व्यवहारिक पक्षलाई जोड दिइएको छ । व्यवहारिक पक्ष विधिनिषेधात्मक हुन्छ । स्मृतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्था भनेकै श्रुतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्था हो । अर्थात् श्रुतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्थाको विस्तृत रूप नै स्मृतिमा प्रतिपादित प्रायश्चित्त व्यवस्था हो । वेदमा प्रतिपादित प्रायश्चित्त विधानभन्दा भिन्न प्रायश्चित्तविधान पनि स्मृतिमा पाइन्छ तर स्मृतिमा प्रतिपादित प्रायश्चित्त विधानको लक्ष्य पनि व्यक्तिको अन्तःकरणको शुद्धि भएकाले कतिपय सन्दर्भमा भिन्न हुँदा हुँदै पनि त्यसलाई अभिन्न नै मान्नुपर्दछ । प्रायश्चित्तको अर्थ आफूले गरेको पापको संशोधन तथा भविश्यमा त्यस्तो प्रकारको पाप न गर्ने प्रण हो । पापको निर्णय पनि शास्त्रहरूद्वारा नै गरिएको छ । यदि कसैले पाप गरेर त्यसको संशोधन तथा प्रायश्चित्त गरेन भने उसले दारुण नरकको भोग गर्ने पर्दछ । अतः शास्त्रकारले मानवलाई त्यो कठोर नरकभोगबाट बचाउनका लागि तथा कठिन यातनालाई सरल बनाउनका लागि विहिताकरणजन्य तथा निषिद्धाचरणजन्य प्रत्यवाय रूप प्रायश्चित्तको व्यवस्था गरेका हुन् ।

सन्दर्भ सामग्रीसूची

अथर्ववेद. (सन् १९८५). जयदेव शर्म्मा (भाष्यकार). अजमेर : आर्य साहित्य मण्डल ।

अष्टादशस्मृति .(वि.सं. १९६९). श्यामसुन्दरलाल त्रिपाठी (अनु.). बम्बै : खेमराज श्रीकृष्णदास ।

आचार्य, गोविन्दप्रसाद (वि.सं.२०६९). **शास्त्रीय अंशबण्डा र नेपालमा प्रचलित अंशबण्डाको तुलनात्मक समीक्षा.** वासुदेव खनाल (सम्पा.). काठमाडौं : श्रीमती ईश्वरी आचार्य ।

कणाद, **वैशेषिकसूत्रम्**. (वि.सं.२०४१).षडदर्शनसूत्रसंग्रह. द्वारिकादास शास्त्री (सम्पा.). वाराणसी : सुधीप्रकाशनम् ।

काणे, पाण्डुरंग वामन (सन् १९९२). चतुर्थ संस्करण, **धर्मशास्त्र का इतिहास**. अनुवादक, अर्जुन चौवे काश्यप, उत्तरप्रदेश : हिन्दी संस्थान ।

कात्यायन, (वि.सं.२०२९). द्वितीयसंस्करणम् **कात्यायनश्रौतसूत्रम्.**चौखम्वा संस्कृत सीरीज वाराणसी ।

कौटिल्य, **अर्थशास्त्रम्**. (सन् १९२४). (गणपतिशास्त्रिणा विरचितया श्रीमूलाख्यया व्याख्यया समुपेतम्) वाराणसी : राजकीय मुद्रणालय ।

गैरोला, वाचस्पति (वि.सं.२०१७). **संस्कृत साहित्य का इतिहास.** वाराणसी- १ : चौखम्वा विद्याभवन ।

गौतम, (वि.सं.२०४३). **गौतमधर्मसूत्रम्.** टीकाकार हरदत्त, वाराणसी : चौखम्वा संस्कृत संस्थान ।

पराशर, (वि.सं. २०६७). **पराशरस्मृति**. टीकाकार माधवाचार्य, हिन्दी टीकाकार जयकृष्णमिश्र, वाराणसी : चौखम्बा संस्कृत सीरीज आपिस ।

पारस्कर, (सन् १९८०). **पारस्करगृहसूत्रम्.** टीकाकार हरिहर, वाराणसी : चौखम्वा अमरभारती प्रकाशन ।

पाणिनि, (वि.सं. १९३२). **अष्टाध्यायीसूत्रपाठ.** सप्तमसंस्करणम्, वाराणसी : चौखम्वा संस्कृत सीरीज अपिस ।

बाहादुर, राधाकान्तदेव (वि.सं.२०२४). **शब्दकल्पद्रुम.** तृतीय संस्करण, (श्रीवरदाप्रसाद-वसुना तदनुजेन श्रीहरिचरण-वसुना च अशेषशास्त्रविशारदकोविदवृन्दसाहाय्येन च संपरिवर्द्धित) वाराणसी-१ : चौखम्वा संस्कृत सिरिज ।

वौधायन, (वि.सं.२०५१). **बौधायनधर्मसूत्रम्.** टीकाकार गोविन्दस्वामी, वाराणसी : चौखम्वा संस्कृत संस्थान ।

बृहस्पति, (सन् १९२१). **बार्हस्पत्यसूत्रम्.** अर्थात् **बार्हस्पत्य अर्थशास्त्रम्.** लाहोर : पञ्जाव संस्कृत बुक डिपो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवद्दत्त, (सन् १९३१). **वैदिक वाङ्मय का इतिहास.** लाहोर : रिसर्च डिपार्टमेण्ट डीएभी कलेज ।

भट्ट, कमलाकर (वि.सं.१९६५). **निर्णयसिन्धु.** (शिवदत्तेन संशोधित टिप्पण्यालंकृतश्च) मुम्बय्याम् : क्षेमराज श्रीकृष्णदासश्रेष्ठिना ।

मनु, (सन् १९८३). **मनुस्मृति.** (श्रीकुल्लुकभट्टविरचितया मन्वर्थ मुत्तावल्या व्याख्यया समुपेता), दिल्ली : मोतीलाल बनारसीदास पब्लिशर्स प्रा.लि. ।

मिश्रमित्र, (सन् १९१३). **वीरमित्रोद. आन्हिकप्रकाश.** (पर्वतीयनित्यानंदशर्मणा संशोधित) बनारस : चौखम्बा संस्कृत बुक डिपो ।

यास्क, (सन् १९९३). **निरुक्तम्.** तृतीय संस्करण, (दुर्गाचार्य संस्कृत टीका, भगीरथ शास्त्रीकृत् सुबोधिनी हिन्दी व्याख्या) नयाँ दिल्ली : मेहरचन्द लक्षमनदास पब्लिकेशन्स ।

याज्ञवल्क्य, (सन् १९०४). **याज्ञवल्क्यस्मृति.** (अपरार्कापराभिधापरादित्यविरचितटीकासमेता), भाग १-२, पूना : आनन्दाश्रममुद्रणालय ।

याज्ञवल्क्यादि शिक्षासंग्रह. (वि.सं.२०४६). संकलक एवं सम्पा. रामप्रसाद त्रिपाठी, हरिश्चन्द्रमणि त्रिपाठी, वाराणसी : सम्पूर्णानन्दसंस्कृत विश्वविद्यालय ।

वल्लालसेनदेव, (सन् १९५३). **दानसागर.** कलकत्ता : ओरिएन्टल प्रेस ।

वात्स्यायन, (सन् १९९९). **कामसूत्र**, यशोधररचित जयमङ्गला व्याख्यासहित, हिन्दी व्याख्याकार पारसनाथ द्विवेदी, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

विष्णु, (वि.सं.२०१८). **विष्णुस्मृति.** (नन्दपण्डितविरचितसंक्षिप्त वैजयन्ती व्याख्योपेता) वाराणसी : चौखम्बा संस्कृत सीरीज आपिस ।

विष्णुगुप्त, (वि.सं.२०४८). **कौटलीयार्थशास्त्रम्.** वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

वेदालंकार, हरिदत्त (वि.सं.२०११). **हिन्दु-परिवार-मीमांसा.** (वैदिक युग से वर्तमानकाल तक के हिन्दु-परिवार का ऐतिहासिक, समाजशास्त्रीय और तुलनात्मक अध्ययन), प्रस्तावना लेखक वासेदव शरण अग्रवाल, बंगाल : बंगाल हिन्दी मण्डल ।

वेदार्थ मञ्जरी. (सन् १९९५). (पं. चन्द्रबली त्रिपाठी स्मृति ग्रन्थ) सम्पादक विद्यानिवास मिश्र, दिल्ली : ऋत्विज प्रकाशन ।

व्यास, (सन् १९००). **ब्रह्मसूत्र.** द्वितीय संस्करण, (आनन्दगिरिकृतटीकासंवलितशांकरभाष्यसमेतानि) पूना : आनन्दाश्रममुद्रणालय ।

शतपथब्राह्मणम् (शुक्लयजुर्वेदस्य माध्यन्दिनशाखीयम्). (सन् १९०८)(श्रीमत्सायणाचार्यकृतवेदार्थप्रकाशनामभाष्येण सहितम्, सामश्रमीत्युपनामाचार्यसत्यव्रतशर्मणा यथामति संशोध्य सण्टीक्य च सम्पादितम्) बंगाल : एसियाटिक सोसाइटी ।

ईशावास्योपनिषद्. (शकाब्दि १८२७). शाङ्करभाष्य, पूना : आनन्दाश्रममुद्रणालय ।

शुक्लयजुर्वेदसंहिता. (सन् १९२९). द्वितीयावृत्ति, (उवटाचार्यविरचित मन्त्रभाष्य, महीधरविरचित वेददीपाख्य भाष्य) पाण्डुरङ्ग जावजी, निर्णय बम्बै : सागर प्रेस ।

स्मृतीनां समुच्चय. (सन् १९२९) द्वितीय संस्करण, पूना : आनन्दाश्रममुद्रणालय ।

त्रिपाठी, कृष्णमणि (सन् १९८०). **अष्टादशपुराणपरिचय.** सम्पादक श्रीपति अवस्थी, वाराणसी : चौखम्बा संस्कृत भवन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा धर्म परिवर्तन : तथ्याङ्कीय विश्लेषण

✍ शान्तिकृष्ण अधिकारी *

शोधसार

नेपालमा धर्म परिवर्तनको लहर व्यापक मात्रामा बढेको छ । सन् १९८१ मा ८९.५ प्रतिशतको संख्यामा रहेका हिन्दुहरु सन् २०११ को जनगणना अनुसार हाल ८१.३४ प्रतिशतमा झरेका छन् । सन् १९८१ मा ०.०३ प्रतिशतमा रहेका क्रिश्चियन धर्मावलम्बीहरुको संख्या भने सन् २०११ सम्म आइपुग्दा १.४१ प्रतिशत पुगेको छ । तथ्यांकीय विधि रिग्रेसनका माध्यमद्वारा प्रक्षेपण गर्दा सन् २०३१ मा संख्या घट्दै गएर हिन्दुहरु ७५.४८ प्रतिशतमा सीमित हुनेछन् भने क्रिश्चियनहरुको संख्या बढेर ३.३३ प्रतिशतमा पुग्नेछ । नेपालमा धार्मिक र सामाजिक सद्भाव कायमै राखिरहनका लागि धर्म परिवर्तनको लहर तत्काल रोक्न जरुरी देखिन्छ । यसमा स्वयं हिन्दु धर्मावलम्बीहरु र सम्बन्धित निकायहरु सजग हुन आवश्यक छ ।

शब्दकुञ्जी- *क्रिश्चियन, धर्म परिवर्तन, धार्मिक सद्भाव, हिन्दु, ।*

विषयप्रवेश

नेपालका बडामहाराजाधिराज पृथ्वीनारायण शाहको भनाइ 'नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो' भन्ने अद्यापि प्रख्यात छ । 'पृथ्वी र एसियाको क्रमशः ०.०३ प्रतिशत र ०.३ प्रतिशत भूभाग मात्र ओगटेको नेपालमा धरातलीय बनोट र हावापानीका दृष्टिले अत्यन्तै विविधता देख्न सकिन्छ' (केतवि, २०७२) । 'उत्तरमा हिमाली, मध्यभागमा पहाडी र दक्षिणको समथर भागलाई तराई गरी भौगोलिक भूभागलाई तीन प्रदेशमा विभाजन गरिएको छ' (सीबीएस्, २०१५) । जसरी भौगोलिक रुपमा नेपाल विभिन्न प्रकृतिले विभाजित छ, त्यसैगरी जात, धर्म, संस्कृति, परम्परा आदिले पनि थरिथरि समूहमा नेपालको जनसंख्या वर्गीकृत छ ।

सन् २०११ अर्थात् वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा १३० जातजाति रहेकामा सबैभन्दा बढी क्षेत्री १६.६० प्रतिशत र त्यसपछिको दोस्रोमा पहाडी ब्राह्मण १२.१८ प्रतिशत रहेका थिए । नेपालमा बोलिने १२४ भाषाहरु मध्येमा सवैभन्दा बढी नेपाली भाषीहरु ४४.६४ प्रतिशत र दोस्रोमा मैथिली भाषा बोल्ने ११.६७ प्रतिशतको संख्यामा छन् । उक्त जनगणनामा मुख्यतः दश धर्मावलम्वीहरु नेपालमा पाइएका थिए (सीबीएस्, २०१६) जसमध्ये हिन्दुको संख्या ८१.३४ प्रतिशत र बौद्ध धर्मावलम्वीहरुको संख्या ९.०४ प्रतिशत रहेको पाइन्छ (केतवि, २०७२) ।

पहिचानको राजनीति शुरु भएसंगै केन्द्रीय तथ्यांक विभागले प्रत्येक दश वर्षमा गर्ने राष्ट्रिय जनगणनामा नेपाली नागरिकहरुले आफ्नो जात र धर्म विशिष्टिकृत गर्दै बताउन थालेवाट उक्त भनाइलाई अझ पुष्टि गर्ने काम हुँदै गएको छ । थरिथरिका जात, फरक फरक धर्म र विभिन्न जात र धर्मका आआफ्नै

* *सहप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृति र परम्पराहरुले नेपाललाई सुन्दर बनाएका छन् । विश्वका अन्य मुलुकहरुभन्दा नेपालको बेग्लै पहिचान कायम हुन सकेको छ ।

नेपालमा विभेद र द्वन्द्वहरु हुँदै नभएका पनि होइनन् । 'नेपालमा जातीय विभेदको सुरुआत कहिले र कसरी भयो भन्नेबारे ठ्याक्कै ऐतिहासिक तथ्य र प्रमाण भेटिँदैन । तर, केही लिखित सामग्री हेर्ने हो भने नेपालमा जातीय विभेद २६ सय वर्षभन्दा पहिले नै सुरु भइसकेको देखिन्छ । गौतम बुद्धले एउटी चाण्डालकी छोरीको हातबाट पानी खाएपछि निकै आलोचना भएको कुरा बुद्धको जीवनीहरुमा पढ्न पाइन्छ (ताम्राकार, २०७७, जेठ २१)' ।

नेपालको पश्चिम रुकुममा वि.सं. २०७७ जेठ १० मा भएको घटनालाई जातीय विभेदको परकाष्ठाका रुपमा लिइन्छ । उक्त घटनामा 'कथित माथिल्लो जातकी एकजना किशोरीसंग प्रेम सम्बन्धमा रहेका नवराज विश्वकर्मा सहित उनका साथीमाथि हमला गरी हत्या गरिएको दलित अधिकारकर्मीहरुले आरोप लगाएका थिए । उक्त घटनामा भेरी नदीमा नवराजसहित अन्य चार जनाको शव भेटिएको थियो भने एकजना युवा वेपत्ता भएका थिए (बीबीसी न्यूज नेपाली, २०२०, जुन २०)' ।

विश्वमा धर्मलाई राजनीति र दैनिक जीवनको मूल आधार मान्ने देश तथा मानिसहरु थुप्रै भेटिन्छन् । आधुनिक विश्व र २१ औं शताब्दिको नारा दिएर धर्म मास्नु पर्दछ भन्ने देश र मानिसहरु पनि प्रशस्तै छन् । आफ्नो मुलुकलाई र मुलुकवासीलाई धर्मप्रति कट्टर बनाउने र अर्काको देशलाई धर्म निरपेक्ष बनाउन भरमग्दुर प्रयत्न गर्नेहरु पनि बढ्दैछन् । यही भूमरीमा परेर धार्मिक झैंझगडा शून्य भएको मुलुक नेपाल हुन सकेको छैन । भट्ट (२०७१, कार्तिक ३०) का अनुसार 'धर्मका नाममा हिन्दुइतरबाट गलत क्रियाकलाप भएको देखिन्छ । गरिबीका साथै अन्य सामाजिक समस्यालाई देखाएर धर्म परिवर्तनको कार्य पनि भइरहेकै छ । जबर्जस्ती धर्म परिवर्तन गराउने क्रमलाई रोक्न सक्नुपर्दछ ।' तथापि सुझबुझपूर्ण तरिकाले विवादलाई नेपाली आफैले साम्य पार्दै आएका छन् र आजसम्म सबै धर्मावलम्बीहरुमा सुमधुर सम्बन्ध कायम हुन सकेको छ ।

नेपालको संविधान २०७२ ले दलितहरुका हक अधिकारका बारेमा प्रष्टरुपमा व्याख्या गरेको छ । दलित सम्बन्धी अधिकार सातवटा उपदफामा लेखिएको छ भने पाँचवटा बूँदाले कानून निर्माण गर्नुपर्ने बताएका छन् । धार्मिक स्वतन्त्रताको हक अन्तर्गत सबैलाई आफ्नो आस्था अनुसारको धर्म अवलम्बन गर्न स्वतन्त्रता दिएको छ । धर्म परिवर्तन गराउने कार्यलाई दण्डनीय मानेको छ (नेपालको संविधान, २०७२) । यद्यपि नेपालमा धर्म परिवर्तन गराउनेहरु सक्रिय भइरहेको र धर्म परिवर्तन गर्नेहरुको संख्या निरन्तर बढिरहेको कुरा विभिन्न तथ्यांकहरुले प्रष्टरुपमा देखाई रहेका छन् । विशेषगरी क्रिश्चियनहरु यसमा खुलेयाम कार्यरत रहेको पाइन्छ ।

जति जात र धर्म एवं मातृभाषा भएकाहरुको साझा मुलुक भए पनि इतिहासदेखि नै जातीय र धार्मिक एकतामा तुलनात्मकरुपमा अरुहरुभन्दा सामञ्जस्य भएको मुलुकमा नेपाल पर्दछ । एकले अर्कोको अस्तित्व स्वीकार गर्दै सबै धर्म समान हुन् भन्ने मनोभावनाका साथ सामाजिक सद्भाव कायम गर्न सफल मुलुक नेपाल बनेको छ । पछिल्ला दिनहरुमा बाह्य प्रभावका कारण कहिँकतै विच्छृंखल देखिए पनि नेपाली आफै मिलेर समस्या हल गर्न सफल भएका छन् र हिमाल, पहाड, तराई–सबै नेपाली भाइभाइ नारालाई साकार तुल्याउने गरेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि हिन्दु धर्मावलम्बीहरुको संख्यामा निरन्तर ह्रास आइरहेको र बौद्ध धर्मावलम्बीहरुमा पनि केही असर देखिएबाट यी धर्म मान्नेहरु सचेत हुन थालेको पाइन्छ । अहिले सचेत भएर धर्म संरक्षणमा मात्र क्रियाशील रहेका छन् भने धर्म परिवर्तनको लहर बढ्दै गएमा यसले निकट भविष्यमै ठूलै विद्रोह निम्त्याउन सक्ने भएकाले सम्वन्धित निकाय सजग हुन जरुरी छ ।

समस्या कथन

खुलेयामरुपमा धर्म परिवर्तन गराउने संस्थाहरु सक्रिय भइरहनु र पछिल्ला केही वर्षहरुमा धर्म परिवर्तन गर्नेहरुको जनसंख्या ह्वात्तै बढ्दै जानुले त्यति सकारात्मक सन्देश दिँदैन । यो प्रवृत्तिबाट सामाजिक सद्भाव सधैँ उस्तै राम्रो रहन्छ भनेर अनुमान गर्न पनि सकिँदैन । सन् १९८१ को जनगणनामा ८९.५० प्रतिशत हिन्दु रहेको नेपालमा सन् २०११ मा आइपुग्दा ८१.३४ प्रतिशतमा झरेको पाइन्छ जब कि त्यही अवधिमा ०.०३ प्रतिशतबाट क्रिश्चियनहरुको संख्या बढेर १.४१ प्रतिशत पुगेको पाइन्छ (तालिका नं. १) । आँकडाको अंक मात्र हेर्दा सामान्य देखिए पनि यसबाट नेपालमा उब्जिएको समस्या र केही वर्ष अघिदेखि हिन्दुराष्ट्रको माग उठेका कुराहरुलाई मनन गर्ने हो भने यो समस्या जटिल भएर जाने देखिन्छ ।

अध्ययनको उद्देश्य

यो अध्ययनको उद्देश्य नेपालमा भइरहेको धर्म परिवर्तनको कुप्रयासलाई तथ्यांकका माध्यमद्वारा प्रष्ट पारी संविधान बमोजिम यस्ता क्रियाकलापलाई रोक्न झकझक्याउनु रहेको छ ।

अध्ययन विधि

यो अध्ययन द्वितीयक तथ्यांकमा आधारित हुनेछ । केन्द्रीय तथ्यांक विभागद्वारा प्रकाशित गरिएका आँकडामा आधारित रही विभिन्न धर्मावलम्बीहरुको घटबढको दिशालाई चित्रका माध्यमद्वारा देखाई विश्लेषण गरिनेछ ।

साथै यही अवस्था रहेमा आगामी दश वर्ष भित्रमा नेपालका धर्मावलम्बीहरुको अवस्था के हुनेछ भन्ने प्रक्षेपण तथ्यांकीय विधि (रिग्रेसन) का माध्यमद्वारा देखाइने छ ।

धर्मका आधारमा नेपालको अवस्था

नेपालमा विभिन्न दश धर्महरुमा जनसंख्यालाई वर्गिकृत गरी जनगणना गर्ने गरिएको पाइन्छ । त्यसदेखि बाहेक अन्य र धर्म नखुलेका गरी १२ वर्गमा नेपालको जनसंख्यालाई विभाजन गरिएको छ । धर्म अनुसार नेपालको जनसंख्या तालिका नं. १ मा देखाइएको छ ।

तालिका नं. १: धर्म अनुसार नेपालको जनसंख्या र प्रतिशत

धर्म	१९५२/५४	१९६१	१९७१	१९८१	१९९१	२००१	२०११
हिन्दु	७३१८३९२ (८८.८७)	८२५४४०३ (८७.६९)	१०३३०००९ (८९.३९)	१३४४५७८७ (८९.५०)	१५९९६६५३ (८६.५१)	१८३३०१२१ (८०.६२)	२१५५१४९२ (८१.३४)
बौद्ध	७०७१०४ (८.५९)	८७०९९१ (९.२५)	८६६४११ (७.५०)	७९९०८१ ५.३२)	१४३९१४२ (७.७८)	२४४२५२० (१०.७४(	२३९६०९९ (९.०४)
इस्लाम	२०८८९९ (२.५४)	२८०५९७ (२.९८)	३५११८६ (३.०४)	३९९११७ (२.६६)	६३५२१८ (३.५३)	९५४०२३ (४.२०)	११६२३७० (४.३८)
किरात					३१८३८९ (१.७२)	८१८१०६ (३.६०)	८०७१६९ (३.०४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जैन		८३१ (०.०१)	५८३६ (०.०५)	९४३८ (०.०६)	७५६१ (०.०४)	४१०८ (०.०२)	३२१४ (०.०१)
क्रिश्चियन			२५४१ (०.०२)	३८९१ (०.०३)	३१२८० (०.१७)	१०११९७६ (०.४५)	३७५६९९ (१.४१)
सिख						५८९० (०.०२)	६०९ ०.०१)
बहाई						१२११ (०.०१)	१२८३ (०.०१)
प्रकृति							१२१९८२ (०.४६)
बोन							१३००६ (०.०४)
अन्य	६८४ (०.०१)			३६५४४६ (२.४३)	२६४१६ (०.१४)	७८९९४ (०.३४)	
नखुलेको		५७१६ (०.०६)			१८१३८ (०.१०)		६१५८१ (०.२३)
जम्मा	८२३५०७९	९४१२९९६	११५५५९८३	१५०२२८३९	१८४९१०९७	२२७३६९३४	२६४९४५०४

स्रोतः *सीबीएस, २०१४*

तालिका नं. १ ले देखाए अनुसार सन् १९८१ सम्म हिन्दु धर्मावलम्बीहरुको संख्या सामान्यरुपमा कहिले घट्ने त कहिले बढ्ने गरेको छ । त्यो अवधिमा सबैभन्दा कम ८७.६९ प्रतिशत रहेको थियो भने सबैभन्दा बढी ८९.५० प्रतिशत थियो । सन् १९८१ पछि भने हिन्दुहरुको संख्या नेपालमा निरन्तर ओरालो लाग्दै गएको पाइन्छ । हिन्दु धर्मावलम्बीहरुको संख्या घट्दै गएर सन् २०११ को जनगणना अनुसार अहिले ८१.३४ प्रतिशत छ । सन् २००१ को भन्दा भने केही बढेको देखिन्छ ।

बौद्ध धर्मावलम्बीहरु सन् २००१ मा १०.७४ प्रतिशत थिए भने सन् २०११ को जनगणनामा आइपुग्दा ९.०४ प्रतिशतमा सीमित हुन पुगेका छन् । त्यसैगरी अघिल्लो जनगणनामा ३.६० प्रतिशतमा रहेका किरातहरु सन् २०११ मा जम्मा ३.०४ प्रतिशतको संख्यमा पाइएका थिए । त्यसैगरी जैन र सिख धर्मावलम्बीहरु पनि घट्दै गएको देखिन्छ ।

तालिकामा देखाइए अनुसार इस्लाम धर्मावलम्बी र क्रिश्चियनहरुको संख्या भने सन् १९९१ पछि तीव्र गतिमा बढ्दै गएको देखिन्छ । विशेषगरी क्रिश्चियनहरुको संख्याको वृद्धिदर हेर्दा केही समयमा यसले निकै ठूलो फड्को मार्ने सहजै अनुमान गर्न सकिन्छ । संख्याका हिसाबले सन् १९७१ मा नेपालमा जम्मा २५४१ क्रिश्चियनहरु थिए भने सन् २०११ मा आइपुग्दा ३७५६९९ पुगिसकेका छन् । प्रतिशतमा हेर्ने हो भने पनि सन् १९७१ मा ०.०२ प्रतिशतमा रहेका क्रिश्चियनहरु पछिल्लो जनगणनामा आइपुग्दा १.४१ प्रतिशतको संख्यामा पुगेका छन् ।

भोलि के हुन्छ ?

माथिको विश्लेषणले नेपालमा हिन्दु धर्मावलम्बीहरुको संख्या घट्दै गएको र क्रिश्चियन तथा इस्लाम धर्म मान्नेहरु बढ्दै गएको प्रष्टै देखिन्छ । नेपालमा प्राचीन कालदेखि बसोवास गर्दै आएका मानिसहरुले अवलम्बन गर्दै आएका धर्ममाथि आघात पर्दै जानु र पछि विविध कारणले उदाएका धर्महरुलाई फस्टाउने अवसर प्राप्त हुँदै जानुको असर के हुन्छ सोचिएको छैन । नेपालमा कुन धर्मको तथ्यांकीय अवस्था कस्तो रहेको छ भन्ने कुरा चित्र नं. १ मा देखाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. १: विभिन्न धर्मावलम्बीहरुको जनसंख्या र प्रक्षेपण (प्रतिशतमा)



स्रोत: तालिका नं. १ बाट

विगत पाँचवटा जनगणनाको औसतलाई आधार मानेर सन् २०३१ मा कुन धर्मावलम्बीको संख्या कति हुनेछ भनी प्रक्षेपण गर्दा हिन्दु धर्मावलम्बीहरुको संख्या निकै उच्च दरले घट्ने देखिन्छ। यही दर कायम रहेमा सन् २०११ को जनगणनामा ८१.३४ प्रतिशतमा रहेका हिन्दुहरु घटेर ७५.४८ प्रतिशतमा पुग्नेछन्। क्रिश्चियनहरुको संख्या भने सन् २०११ मा १.४१ प्रतिशत रहेकोमा बढेर सन् २०३१ मा १.७० प्रतिशत हुनेछ।

विगत पाँचवटा जनगणनाको औसतबाट हेर्दा यस्तो देखिए पनि पछिल्ला दुई जनगणनामा क्रिश्चियनहरुको संख्या ज्यादै ठूलो अनुपातमा वृद्धि भएको पाइन्छ। सन् २००१ बाट सन् २०११ सम्म आइपुग्दा भएको वृद्धिदरलाई आधार मानेर हेर्दा क्रिश्चियन धर्मावलम्बीहरुको आगामी दिनको परिदृश्य चित्र नं. २ मा देखाए बमोजिम हुनेछ।

चित्र नं. २: नेपालमा क्रिश्चियनहरुको वृद्धिदर



स्रोत : तालिका नं. १ को तथ्यांकबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र नं. २ ले बताए अनुसार सन् २०३१ मा पुग्दा वृद्धिदर यही रहेमा क्रिश्चियनहरुको संख्या नेपालमा ३.३३ प्रतिशत हुनेछ । चित्रमा देखिएको रेखाको उकालो चढ्ने दरले नेपालमा धर्म परिवर्तनको लहर सामान्य अवस्थामा नरहेको प्रष्ट रुपमा देखिन्छ ।

निष्कर्ष

नेपालमा धर्म परिवर्तन गराउनका लागि सक्रिय संस्थाहरु बढ्दै गएका छन् । विभिन्न बहाना बनाएर विदेशबाट नेपालमा आई वर्षौं वर्षसम्म बस्ने र बाहिरीरुपमा अन्य काममा संलग्न भएको देखाएर भित्रीरुपमा नेपालका सोझासाझा जनतालाई विभिन्न प्रलोभनमा पारी क्रिश्चियन धर्म अँगाल्न लगाउनेहरु प्रशस्तै देखिन्छन् । विगतका आँकडाहरुलाई हेर्दा पनि प्रजननका कारण क्रिश्चियनहरुको संख्या यसरी बढेको निश्चय नै होइन । लुकेका कारणहरु धेरै हुन सक्दछन् । नेपालमा सामाजिक र धार्मिक सद्भाव कायमै राखिरहन संविधानमा गरिएको धर्म परिवर्तन गराउनेलाई दण्डको व्यवस्था यथाशीघ्र कार्यान्वयनमा ल्याउनै पर्दछ अन्यथा भयावह परिस्थिति उत्पन्न हुन सक्ने देखिन्छ । सबै जातजातिको साझा र सुन्दर फूलबारी नेपाललाई तहसनहस हुन नदिन सम्बन्धित निकायहरु चनाखो हुन जरुरी देखिएको छ । हिन्दू धर्मावलम्बीहरुले समेत आफ्ना कमी कमजोरीहरुलाई पत्ता लगाई समयमै तिनको निराकरण गर्ने र धर्म परिवर्तनको लहरलाई साम्य पार्ने कुरामा सम्वेदनशील हुन त्यत्तिकै आवश्यक छ ।

सन्दर्भ सामग्रीसूची

केतवि (२०७२). **नेपालको तथ्यांकीय झलक २०७२**. केन्द्रीय तथ्यांक विभाग ।

ताम्राकार, मन्जित . (२०७७, जेठ २१). **नेपालमा जातीय विभेदको इतिहास र ऐतिहासिक जेठ २१.** नयाँ पत्रिका ।

नेपालको संविधान (२०७२). कानून किताब व्यवस्था समिति ।

बीबीसी न्यूज नेपाली .(२०२०, जुन २०). https://www.bbc.com/nepali/news-52879772

भट्ट, माधवी (२०७१, कार्तिक ३०). **धार्मिक द्वन्द्वको जोखिम**. नागरिक दैनिक ।

सीबीएस् (२०१४). **पोपुलेसन मोनोग्राफ अफ नेपाल भोलुम २ सोसल डेमोग्राफी**. सेन्ट्रल ब्यूरो अफ स्टाटिस्टिक्स ।

सीबीएस् (२०१५). **नेपाल इन फिगर्स २०१५**. सेन्ट्रल ब्यूरो अफ स्टाटिस्टिक्स ।

सीबीएस् (२०१६). **स्टाटिस्टिकल इयर बूक २०१५**. सेन्ट्रल ब्यूरो अफ स्टाटिस्टिक्स ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षड्बलविचार

✍ शालिग्राम ढकाल*

शोधसार

यस धराधामका हरेक तत्त्वमा ग्रहको गहिरो प्रभाव मुखरित भएको हुन्छ । यसरी समस्त चराचर जगत्लाई प्रभाव पार्ने ग्रहहरूको पूर्ण फल, मध्यम फल, अल्प फल कस्तो बेलामा मिल्दछ भन्ने बोध षड्बलविचारबाट गरिन्छ । आकाशीय ग्रहहरूका ६ प्रकारका बल हुन्छन् । तिनै बलाबलको आधारमा जातकमा प्रभाव परेको हुन्छ र त्यही प्रभावको कारणले जातक हरेक कार्यमा प्रवृत्त, अप्रवृत्त वा निवृत्त भएको महसुस हुन्छ ।स्थानको आधारमा, दिशाको आधारमा, कालको आधारका, चेष्टाको आधारका, दृष्टिको आधारमा र नैसर्गिकताको आधारमा ग्रहहरू बलशाली हुन्छन् । ग्रहका यिनै बलको समग्र स्वरूप नै षड्बलहो । षड्बलहीन ग्रहको प्रभाव पनि केही हुँदैन । जुन जातकमा ग्रहको शून्य प्रभाव पर्दछ त्यो जातकको जीवन पनि शून्यप्राय हुन्छ । तसर्थ ग्रहको षड्बल विशेष विचारणीय हुन्छ । षड्बलविना जातकको जन्मकुण्ढलीको वास्तविक ज्ञान गर्न सकिदैन । यस अनुसन्धान्धानात्मक लेखमा ग्रहका तिनै षड्बललाई विश्लेषण गरिएको छ ।

शब्दकुञ्जीः *ग्रह, जन्मकुण्डली, जातक, प्रभाव, बलाबल, मानवजीवन, षड्बल ।*

विषयप्रवेश

षडङ्गात्मक वेदपुरुषको नेत्रको रूपमा रहेको ज्योतिष शब्द पाणिनि व्याकरणको प्रकाशित गर्नु अर्थको **द्युत् दीप्तौ** धातुमा इसिन् प्रत्यय लागेर बनेको हो जसले आकाशीय सूर्यादि ग्रहनक्षत्रहरूको सर्वाङ्गीण पक्षको बोध गराउँछ । पूर्वीय सिद्धान्त, संहिता र होरा गरी प्रमुख तीन शाखा भएको ज्योतिष शास्त्रको होरा खण्डले समस्त जातकको ऊहापोह वर्णन गर्दछ । **सिद्धान्त-संहिता-होरारूपं स्कन्धत्रयात्मकम् । वेदस्य निर्मलं चक्षुर्ज्योतिःशास्त्रमनुत्तमम्** (नारदसंहिता, पृ.१) । जातकको जन्मकालिक कुण्डलीको विशेष ज्ञान गर्न ग्रहहरूको षड्बलको गहन चिन्तन गर्नुपर्दछ । अनि मात्र जन्मकुण्डलीको वास्तविकता राम्ररी बुझ्न सकिन्छ । स्थानको आधारमा, दिशाको आधारमा, कालको आधारमा, चेष्टाको आधारमा, दृष्टिको आधारमा र स्वभावको आधारमा ग्रहका ६ प्रकारका बलाबलज्ञान गर्नु अत्यावश्यक मानिन्छ ।

समस्याकथन

कुनै पनि जातकको जन्मकुण्डलीको पूर्ण ज्ञान हुन ग्रहज्ञान आवश्यक हुन्छ । ग्रहज्ञानको गहनता बोध गर्न ग्रहको षड्बल चिन्तनीय र मननीय हुन्छ । तसर्थ ग्रहको षड्बल कसरी ज्ञान गर्ने भन्ने जिज्ञासाको आधारमा तयार पारिएको यस अनुसन्धानात्मक लेखमा निम्नानुसारका समस्याहरू तय गरिएका छन् :

क. सूर्यादि ग्रहको षड्बल केके हुन्?

ख. षड्बलको विचार कसरी गर्न सकिन्छ?

अध्ययनको उद्देश्य

समस्याकथनमा तय गरिएका जिज्ञासाहरूको प्राज्ञिक समाधान खोज्ने उद्देश्यले प्रस्तुत अनुसन्धानात्मक लेख तयार गरिएको हो र यसका उद्देश्य निम्नानुसार रहेका छन् :

---

* *उपप्राध्यापक, वाल्मीकि विद्यापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क. सूर्यादि ग्रहको षड्बल निर्धारण गर्नु,

ख. षड्बलविचारको ज्योतिषशास्त्रीय आधारमा अनुशीलन गर्नु ।

अध्ययनविधि

प्रस्तुत अनुसन्धान ग्रहको षड्बलविचारको लागि ज्योतिषीय सौन्दर्यका आधारमा तयार गरिएको छ । त्यसैले यसमा पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरेर विश्लेषणात्मक विधिबाट यसको विश्लेषण गरिएको छ । विभिन्न ज्योतिष शास्त्रमा केके भनिएको छ भन्ने निर्क्यौल पनि गरिएको छ । आवश्यकता अनुसार ऐतिहासिक, तुलनात्मक र विश्लेषणात्मक विधिद्वारा अध्ययन गरिएको छ ।

स्थानबल

कुनै पनि ग्रह आफ्नो उच्च राशिमा, आफ्नो घरमा, मूलत्रिकोण राशिमा, मित्र राशिमा, स्वद्रेष्काणमा, स्वनवांशमा बसेमा स्थानबली हुन्छ । भनिएको छ -**स्वोच्चसुहृत्स्वदृगाणनवांशैः स्थानबलं स्वगृहोपगतैश्च** (बृहज्जातक,२।१७) ।दैवज्ञ वैद्यनाथले वराह मिहिरको कुरालाई समर्थन गर्दै आफ्नो मत राख्ने क्रममा पारिजातादि वैशेषिकांशमा आरोहवीर्य र धेरै बिन्दुभएमा स्थानबली हुन्छ भनेर थपेका छन् । जस्तै -

स्वोच्चत्रिकोणस्वसुहृद्दृगाणराश्यंशवैशेषिकवर्गवन्तः ।आरोहवीर्याधिकबिन्दुकास्ते खेचारिणः स्थानबलाधिकाः स्युः(जातकपारिजात,२।३३) ।कल्याण वर्मा आफ्नो होराशास्त्रमा माथिका कुराबाहेक मित्रनवांशमा ग्रह बसेमा, शुभ ग्रहको दृष्टि परेमा र चन्द र शुक्र स्त्रीराशि अर्थात् समराशिमा बसेमा तथा बाँकी अरु ग्रह पुरुष राशिमा अर्थात् विषम राशिमा भएमा ग्रह स्थानवली हुन्छ भन्ने चर्चा गरेका छन् । जस्तै -.... **स्वच्चे स्वकोणे स्वभे , मित्रस्वांशकसंस्थितः शुभफलैदृष्टो बलीयान्ग्रहः । स्त्रीक्षेत्रे शशिभार्गवौ नरगृहे शेषा बले स्थानजे** (सारावली,४।३५) । यसरी बताएअनुसार स्थानबली ग्रहको विशेष ज्ञान गर्दा ग्रहराशि, उच्च र नीच, मूलत्रिकोण आदिको ज्ञान अपरिहार्य हुने भएकोले त्यसको चर्चा क्रमशः गरिन्छ ।

ग्रहराशि

मेष, वृष आदि बाह्र राशिका आ-आफ्ना स्वामी ग्रहहरू रहेका छन् । मेष राशिको अधिपति मङ्गल, वृषको शुक्र, मिथुनको बुध, कर्कटको चन्द्रमा, सिंहको सूर्य, कन्याको बुध, तुलाको शुक्र, वृश्चिकको मङ्गल, धनुको बृहस्पति, मकर र कुम्भ दुवै राशिको शनि र मीनको बृहस्पति अधिपति हुन् । नारदले भनेका छन् -**सिंहस्याधिपतिर्भानुश्चन्द्रः कर्कटकेश्वरः ।मेषवृश्चिकयोर्भौमः कन्यामिथुनयोर्बुधः ।**

धनुर्मीनयोर्देवेज्यः शुक्रो वृषतुलेश्वरः । शनिर्मकरकुम्भेश इत्येते राशिनायकाः (नारदसंहिता) ।

रामदैवज्ञले यसरी उल्लेख गरेका छन् । जस्तै -

कुजशुक्रसौम्यशशिसूर्यचन्द्रजाःकविभौमजीवशनिसौरयोर्गुरुः ॥

इह राशिपाः क्रियमृगास्यतौलि-केन्दुभतो नवांशविधिरुच्यते बुधैः (मुहूर्तचिन्तामणि,६।३९) ।

मेष राशि, मकर राशि, तुला राशि र कर्कट राशिबाट क्रमशः नवमांश गणना हुने कुरा पनि राम दैवज्ञले चर्चा गरेका छन् ।

दैवज्ञ वैद्यनाथले राशि र नवांशका अधिपतिलाई आफ्नो जातक ग्रन्थमा यसरी बताएका छन् । जुन यसप्रकार छ-

धराजशुक्रज्ञशशीनसौम्यसितारजीवार्कजमन्दजीवाः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमेण मेषादिषु राशिनाथास्तदंशपाश्चेति वदन्ति सन्तः (जातकपारिजात,१।२५) ।

राशिस्वामीतालिका

राशि	मेष	वृष	मिथुन	कर्कट	सिंह	कन्या	तुला	वृश्चिक	धनु	मकर	कुम्भ	मीन
स्वामी	मङ्गल	शुक्र	बुध	चन्द्रमा	सूर्य	बुध	शुक्र	मङ्गल	बृहस्पति	शनि	शनि	बृहस्पति

सूर्य र चन्द्रमाबाहेक सबै ग्रहहरू दुई दुई राशिका अधिपति छन् भन्ने कुरा राशि स्वामीको ज्ञान गर्दा बुझ्नुपर्ने हुन्छ ।

ग्रहको उच्च र नीच

सूर्य मेष राशिमा उच्च हुन्छ भने सोही राशिको १० अंशमा परमोच्च हुन्छ । चन्द्रमा वृषमा उच्च तथा सोही राशिको ३ अंशमा परमोच्च हुन्छ । मकर राशिमा उच्च हुने मङ्गल सोही राशिको २८ अंशमा परमोच्च हुन्छ । त्यसैगरी कन्याको १५ अंशमा बुध, कर्कटको ५ अंशमा वृहस्पति, मीनको २७ अंशमा शुक्र, तुलाको २० अंशमा शनि परमोच्च हुन्छ भने परमोच्चवाट सातौं राशिको सोही अंशमा परमनीच हुने कुरा जातक शास्त्रमा बताइएको छ । भनिएको छ -

अजवृषभमृगाङ्गनाकुलीराझषवणिजौ च दिवाकरादितुङ्गाः ।

दशशिखिमनुयुक्तिथीन्द्रियांशै-स्त्रिनवकविंशतिभिश्च तेऽस्तनीचाः (बृहज्जातक,१।१३) ।

दैवज्ञ वैद्यनाथले आफ्नै शैलीमा स्वकीय शास्त्रमा उल्लेख गर्दछन् । जस्तै -

मेषो वृषो मकरषष्ठकुलीरमीनास्तौली च तुङ्गभवनानि तदस्तनीचाः ।

नित्याङ्गनाहरिमयामनुसारनीरसंख्या दिवाकरमुखादतितुङ्गभागाः (जातकपारिजात,१।२९) ।

उता दैवज्ञ कल्याण वर्मा जातक ग्रन्थमा व्यक्त गर्दछन् ।

सूर्यादीनामुच्चाः क्रियवृषमृगयुवतिकर्किमीनतुलाः ।

स्वोच्चगृहकथिता यथाक्रमेणैव परमोच्चाः ॥

दिग्वह्न्यष्टाविंशतितिथिबाणत्रिघनविंशतयः ।

प्राभाकरमतेऽपि ज्ञातसम्बन्धस्यैकदेशदर्शनादेकदेशान्तरेऽसन्निकृष्टेऽर्थे या बुद्धि र्जायते तदनुमानम् । उक्तञ्च-

ज्ञातसम्बन्धनियमस्यैकदेशस्य दर्शनात् ।

एकदेशान्तरे बुद्धिरनुमानमबाधिते ॥ (प्रकरणपञ्चिका :१९६१:१९६)

ज्ञातः सम्वन्धनियमो यस्य, तस्यैकदेशस्य दर्शनादेकदेशान्तरेऽसन्निकृष्टेऽर्थे या बुद्धिः, साऽनुमानमित्यर्थः । अर्थाद् ज्ञातसम्बन्धनियमस्येत्यादिलक्षणं सम्बन्धनियमज्ञानादेकदेशस्य दर्शनाद्धर्मिग्रहाच्च, यत्पश्चाज्जायते ज्ञानं, तदनुमानमित्यर्थः ।

प्राभाकरमते धूमस्याग्निसम्बन्धः सकृद्दर्शनादेवावगम्यत इति सकृद्दर्शनगम्यैव व्याप्तिः । उपाधिशङ्कानिरासार्थमेव तु भूयो दर्शनमर्थ्यते ।

भाट्टमते प्रथमन्तावदनुमानं त्रिविधं अन्वयव्यतिरेकि, केवलान्वयि, केवलव्यतिरेकिभेदेन । पुनश्चानुमानं दृष्ट सामान्यतोदृष्टभेदेन द्विविधमाहुः । यथोक्तं कुमारिलमतानुयायिनारायणेन-

दृष्टैकव्यक्तिविषयं दृष्टमिष्टं हि मादृशाम् ।

कृतिकोदयमालक्ष्य रोहिण्यनुमितिर्यथा ॥

एवं सामान्यतो व्याप्तिर्दृष्ट्या यत्रानुमीयते ।

तद्धि सामान्यतो दृष्टं यथा वह्न्यनुमादिकम् ॥ (मानमेयोदयः :१९७८: ६६)

तच्चानुमानं स्वार्थपरार्थभेदेन पुनरपि द्विविधम् । यत्र स्वयमेव धूमादिकं दृष्ट्वा व्याप्त्यादिनिरूपणेनानुमीयते तत्स्वार्थम् । परार्थानुमानं वाक्यात्मकम्, स्वार्थानुमानं तु ज्ञानात्मकम् । स्वस्मादिदं स्वार्थम् - येन स्वयं प्रतिपद्यते, तत्स्वार्थम्, येन परं प्रतिपादयति, तत् परार्थम् । उक्तञ्च-

यदा पुनः स एवार्थः परवाक्येन बोध्यते ।

तदा परार्थमित्याहुस्तयोरेतावती भिदा ॥(पूर्ववत् :६८)

परार्थानुमानं अवयववाक्यरूपात्मकम् ।

प्राभाकरमते द्विविधमनुमानस्य प्रमेयम्, किञ्चिद्दृष्टस्वलक्षणम् । यथा वह्न्यादि । किञ्चिच्चादृष्टलक्षणम्, यथा कर्मादि । पुनश्च स्वयमनुसंहितयाऽनुमानोत्पादकसामग्र्या, परप्रयुक्तवाक्योद्बोधितया च अनुमानं द्विविधमिति ।

शब्दः

भाट्टमते असन्निकृष्टवाक्यार्थज्ञानं च शाब्दमित्युक्तम् । इदमेवागम इति चोच्यते । यथोक्तम्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र तावत्पदैर्ज्ञातैः पदार्थस्मरणे कृते ।

असन्निकृष्टवाक्यार्थज्ञानं शाब्दमितीर्यते ॥ (पूर्ववत् :९५)

अत्र असन्निकृष्टपदेन च अनुवादानां बाधितार्थानां च वाक्यानामप्रामाण्यमुक्तम् । तथैव वाक्यार्थज्ञाने आकांक्षाः, योग्यता, सन्निधिश्चेति हेतुस्त्रैविध्यमुक्तम्-

अत्राकांक्षा च योग्यत्वं सन्निधिश्चेति तत्त्रयम् ।

वाक्यार्थावगमे सर्वैः कारणत्वेन कल्प्यते ॥ (पूर्ववत् :१००)

तच्च शाब्दं द्विविधं पौरुषेयमपौरुषेयञ्च । तत्राप्तवचः पौरुषेयं वेदवचोऽपौरुषेयम् । आद्यो यथा गामानयेत्यादि, द्वितीयः स्वर्गकामो यजेदित्यादि ।

प्राभाकरमते तु वैदिक एव शब्दः प्रमाणम् । पुरुषवचनानि तु वक्त्रभिप्रायानुमापकान्येव न स्वयमेव वाक्यार्थं बोधयन्ति, शङ्काकुण्ठितशक्तित्वाद् व्युत्पत्तिसमयसिद्धापि शब्दानां बोधकशक्तिर्व्यभिचारवहुलेषु पौरुषेयवचनेषु तदाशङ्कया कुण्ठिता भवति । उक्तञ्च शालिकनाथेन- **लौकिकं वाक्यं नार्थे स्वयं निश्चयमुत्पादयति, लौकिकवचसामनृतभूयिष्ठत्वादर्थव्यभिचारस्य शङ्कितत्वात् । यो हि पुरुष एवमवधारितः- नायमशक्तः न प्रमादी नायमविज्ञायान्वयमर्थानामन्वितार्थानि प्रयुंक्त इति, तद्वाक्यप्रयोगस्यान्वयज्ञानपूर्वकत्वादन्वयज्ञानं तावदनुमीयते, ज्ञानं हि ज्ञेयाविनाभावि ज्ञेयानुमाने भवत्येव लिङ्गम् । तद्वाक्यस्यानुवादकतैव, अत एव लौकिकं वचनं न शाब्दं प्रमाणम् (प्रकरणपञ्चिका :१९६१:२४२-४४)** इति ।

उपमानम्

उपमितेः करणमुपमानम् । सादृश्यज्ञानमुपमितिः । उपमानमपि सादृश्यमसन्निकृष्टेऽर्थे बुद्धिमुत्पादयति । यथोक्तं नारायणेन-

दृश्यमानार्थसादृश्यात् स्मर्यमाणार्थगोचरम् ।

असन्निकृष्टसादृश्यज्ञानं ह्युपमितिर्मता ॥ (मानमेयोदयः :१९७८:१०९)

यथा गवये गोसादृश्यदर्शनानन्तरं स्मर्यमाणे गवि गवयसादृश्यज्ञानम् । कुमारिलेनापि उक्तं वर्तते-

तस्माद्यत् स्मर्यते तत् स्यात् सादृश्येन विशेषितम् ।

प्रमेयमुपमानस्य सादृश्यं वा तदन्वितम् ।

प्रत्यक्षेणावबुद्धेऽपि सादृश्ये गवि च स्मृते ।

विशिष्टस्यान्यतोऽसिद्धेरुपमानप्रमाणता ॥(श्लोकवार्तिकम् :१९७८: ३१५-१६)

अर्थात् यस्मादेव प्रत्यक्षे गवये न किञ्चिदुपमानस्य प्रमेयमस्ति, तस्मात् स्मर्यमाणैव गौर्गवयसादृश्यविशिष्टा तद्विशिष्टं वा सादृश्यमुपमानस्य प्रमेयम् । यत्सादृश्यं दृश्यमानमसन्निकृष्टेऽर्थे बुद्धिमुत्पादयति तदुपमानं प्रमेयबुद्धिजनकमेव सादृश्यमिन्द्रियप्रत्यक्षमुपमानं यथा गवयदर्शनमिति सादृश्यविशिष्टगवयदर्शनं गोस्मरणस्य जनकमिति । यद्वा, सादृश्यमसन्निकृष्टेऽर्थे यां बुद्धिमुत्पादयति सा उपमानम्, यथा गवयदर्शनं यस्य गोस्मरणस्य जनकं तदिति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाकरमतानुयायिशालिकनाथेनापि उपमानस्य लक्षणमित्थं निगदितम्- **सादृश्यदर्शनोत्थं ज्ञानं सादृश्यविषयमुपमानम् (प्रकरणपञ्चिका :१९६१: २६७)** इति । अर्थात् दृष्टगोः पुरुषस्य तत्सदृशं गवयं पश्यतो यद्गोविषयकं गवयगतसादृश्यज्ञानम्, तदुपमानम् ।

अर्थापत्तिः

अर्थापत्तिशब्दोऽर्थस्याऽऽपत्तिः कल्पना यस्मादिति बहुव्रीहिसमासेन प्रमाणपरः । उक्तञ्च-

अन्यथानुपपत्त्या यदुपपादककल्पनम् ।

तदार्थापत्तिरित्येवं लक्षणं भाष्यभाषितम् ॥(मानमेयोदयः :१९७८: ११६)

अयमाशयः- गणितागममूलेनानुमानेन देवदत्तो गृहे बहि र्वा क्वचिज्जीवति इति साधारण्येनावगम्यते । तस्य गृहे नास्तीत्यनेन विरोधे सति अविरोधाय बहिरस्ति इति कल्प्यते । तदिदं प्रमाणद्वयविरोधकरणमर्थापत्तिज्ञानमिति । उक्तञ्च कुमारिलेनापि-

प्रमाणषट्कविज्ञातो यत्रार्थो नान्यथा भवेत् ।

अदृष्टं कल्पयेदन्यं सार्थापत्तिरुदाहृदा ॥(श्लोकवार्तिकम् :१९७८:३२०)

भाट्टमते सा पुनर्द्वयी दृष्टार्थापत्तिः, श्रुतार्थापत्तिश्चेति । अतः प्रमाणपञ्चपूर्विका दृष्टार्थापत्तिः पञ्चधा । श्रुतार्थापत्तिस्त्वेकविधेत्येतासां संकलनेन षड्विधाऽर्थापत्तिः पर्यवस्यति । दृष्टार्थापत्तावर्थस्य कल्पना भवति, श्रुतार्थापत्तौ शब्दरूपं प्रमाणं कल्प्यते । अयं विशेषो वार्तिककृताऽभ्यधायि । यथा-

दृष्टः पञ्चभिरप्येषा भेदेनोक्ता श्रुतोद्भवा ।

प्रमाणग्राहिणीत्वेन यस्मात्पूर्वविलक्षणा ॥ (पूर्ववत् :३२०)

श्रुतार्थापत्तिविषये यथोक्तं नारायणेन-

यत्र त्वपरिपूर्णस्य वाक्यस्यान्वयसिद्धये ।

शब्दोऽध्याह्रियते तत्र श्रुतार्थापत्तिरिष्यते ॥ (मानमेयोदयः :१९७८:१२६)

अयमाशयः- यथा द्वारं द्वारं इत्यस्मिन् वाक्ये अन्वयसिद्ध्यर्थं शब्दगम्येन आवरणाद्यार्थान्तरेण भवितव्यमिति साधारणप्रमाणम् । तस्य श्रुतशब्दानुपलम्भेन बाधे सति अश्रुतशब्दगम्यत्वेन आवरणाद्यर्थः कल्पनीयः । तत्र च शब्देन सहैव आवरणाद्यर्थकल्पनोद्युक्तः शब्दादेवार्थावगतेः लाघवतः शब्दमेव कल्पयति । सेयं शब्दकल्पनारूपा श्रुतार्थापत्तिः ।

प्राभाकरमतानुयायिशालिकनाथेन तु अर्थापत्तेः लक्षणमित्थं निरूपितम्-

विना कल्पनयाऽर्थेन दृष्टेनाऽनुपपन्नताम् ।

नयताऽदृष्टमर्थं या साऽर्थापत्तिस्तु कल्पना ॥ (प्रकरणपञ्चिका :१९६१:२७२)

अर्थाद् दृष्टेनार्थेनाऽदृष्टस्याऽर्थस्याऽर्थान्तरकल्पनायामसत्यामनुपपत्तिमापादयता याऽर्थान्तरकल्पना, साऽर्थापत्तिः । यथा जीवतो देवदत्तस्य गृहाभावदर्शनेन बहिर्भावस्याऽदृष्टस्य कल्पना ।

एतन्मते आवरणाद्यर्थस्यैव कल्प्यतया शब्दकल्पनाभावात् श्रुतार्थापत्तिर्नास्ति इत्याह ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुपलब्धिः(अभावः)

भावभिन्नोऽभावः । स च ह्यनुपलम्भहेतुः । तस्य च ज्ञानाभावरूपत्वादभावः प्रमाणमित्युच्यते । अनुपलब्धिविषये यथोक्तं मानमेयोदये-

अथोपलम्भयोग्यत्वे सत्यप्यनुपलम्भनम् ।

अभावाख्यं प्रमाणं स्यादभावस्यावबोधकम् ॥ (मानमेयोदयः :१९७८:१२९)

अभावस्यावबोधार्थं अभावाख्यं प्रमाणं स्वीकरणीयमिति फलितार्थः । अस्यावबोधनार्थं तु-

विषयं तदधीनांश्च सन्निकर्षादिकान् विना ।

उपलम्भस्य सामग्रीसम्पत्तिः खलु योग्यता ।

सा च ज्ञाततयाभावज्ञानस्य सहकारिणी ।

अज्ञातोऽनुपलम्भस्तु सत्तामात्रेण बोधकः ॥ (पूर्ववत् :१२९)

अर्थात् विषयभूतं घटं तदधीनांश्चेन्द्रियसन्निकर्षादीन् विना यच्चक्षुरुन्मीलनालोकसम्पातमनःप्रणिधानादिकं घटोपलम्भकारणं तत्सर्वमिदानीमेव सञ्जातमित्यवगमे सति तत्सहकृतः सन् घटानुपलम्भो घटाभावं बोधयति इति ।

अभावविषये कुमारिलेनाप्युक्तं वर्तते-

प्रमाणपञ्चकं यत्र वस्तुरूपं न जायते ।

वस्तुसत्तावबोधार्थं तत्राभावप्रमाणता ॥ (श्लोकवार्तिकम् :१९७८:३३५)

अर्थात् वस्तुसत्तावबोधार्थं यत् प्रमाणपञ्चकं तद् यत्र घटादौ वस्तुरूपे सत्यामेव प्रसक्तौ न जायते तत्र घटादावभावस्य प्रामाण्यमित्यर्थः ।

अनुपलम्भस्तु द्विविधः प्रमाणाभावरूपः, स्मरणाभावरूपश्चेति । तत्र प्रत्यक्षप्रमाणाभावरूपादनुपलम्भाद् घटाभावज्ञानम् । एवम् अनुमानगम्यार्थानामभावग्रहणे योग्यानुमानादयो बोधको द्रष्टव्यः ।

स्मरणाभावाद्यथा प्रातरिह मैत्रो नासीदिति सायंकाले ज्ञानम् ।

प्राभाकरास्तु अभावस्याऽधिकरणात्मकत्वमङ्गीकुर्वन्तोऽधिकरणस्य भूतलादेरिन्द्रियग्राह्यत्वेन भावातिरिक्तस्याऽभावस्य प्रमेयस्यैवाभावात्तदर्थमनुपलब्धेः प्रमाणत्वेनाऽश्रयणं नोपपद्यत इति वदन्ति ।

उभयोर्पार्थक्य परिशीलनम्

तत्र प्रथमन्तावत् प्रमाणलक्षणविषये एव मीमांसकनैयायिकयोः मतवैभिन्यं दृश्यते । भाट्टमीमांसका अज्ञाततत्त्वार्थज्ञानमेव प्रमाणमिति वदन्ति । तत्र अज्ञातावगमस्यैव प्रमात्वे घटोऽयं घटोऽयं इति धारावाहिकज्ञानेषु द्वितीयादीनां अप्रमात्वं स्यादिति नैयायिकानां कथनम् । भाट्टा सूक्ष्मकालखण्डभेदेन तत्र अप्रमात्वं नास्तीति वदन्ति, परन्तु नैयायिकाः कालाशानामौपाधिकत्वाद् धारावाहिकज्ञाने तेषां क्षणभेदकल्पना नैव सम्भवति अतः भाट्टानां प्रमाणलक्षणं न समीचीनमिति वदन्ति । तथा च भ्रमसंशयादीन् अपि अज्ञातत्वात् प्रमात्वापत्ति स्यादिति नैयायिकानामाक्षेपः ।

तत्र प्राभाकराः अनुभूतिः प्रमाणम्, स्मृतिव्यतिरिक्ता च संविदनुभूतिरिति वदन्ति, परन्तु तन्न शोभनम्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यतो हि तदपि भ्रमादीनां साधनात् तेषामपि स्मृतिव्यतिरिक्तत्वात् तत्तु अतिव्याप्तम् । किञ्च सर्वज्ञानेष्वपि आत्मा ज्ञानस्वरूपं विषय इति त्रितयमपि प्रकाशते प्रभाकरमते । अतः स्मृतिव्यतिरिक्तज्ञानस्यैव प्रमाणत्वे स्मृतेरात्मस्वात्मांशयोरप्रामाण्यं स्यादित्यव्याप्तिरस्तीति नैयायिकानामाक्षेपः । अतः यत्र यदस्ति, तत्र तस्यानुभवः प्रमा, तद्वति तत्प्रकारकोनुभवो वा इति नैयायिकानामाशयः ।

प्रत्यक्षलक्षणविषये भाट्टमीमांसकनैयायिकयोः मानं समानं दृश्यते । तत्र भाट्टा इन्द्रियसन्निकर्षजं प्रमाणं प्रत्यक्षमिति वदन्ति, नैयायिकनयेऽपि इन्द्रियार्थसन्निकर्षजं प्रमाणं प्रत्यक्षमिति । प्रत्यक्षप्रमाण भेदविषयेऽपि भाट्टनैयायिकयोः साम्यं भजेते सविकल्पनिर्विकल्पभेदेन । परन्तु नैयायिकाः संयोगः, संयुक्तसमवायः, संयुक्तसमवेतसमवायः, समवायः, समवेतसमवायः, विशेषणविशेष्यभावश्चेति षोढा लौकिकसन्निकर्षः मन्यन्ते । तथा च अलौकिकस्तु सामान्यलक्षणः, ज्ञानलक्षणः, योगजश्चेति त्रिविधः' इति चेत् भाट्टाः संयोगः, संयुक्ततादात्म्यभेदेन द्विविधः सन्निकर्षः ।

प्रभाकरमते साक्षात्प्रतीतिः प्रत्यक्षम् । तच्च मेयमातृप्रमास्वरूपमिति त्रिपुटं भवतीति प्रतिपादितम् । परन्तु नैयायिकाः तन्न सहन्ते, यतो हि नामादिपरसम्बन्धिरूपेण भानात् सविकल्पकस्य असाक्षात्वं स्यात्, यदि परसम्बन्धिरूपभाने सत्यपि स्वरूपधीरप्यस्ति इत्युच्यते चेत् तर्हि अनुमानादिष्वपि तथाभावात् साक्षात्वं स्यात् इति नैयायिकानामाशयः । तत्र प्राभाकरा खलु प्रत्यक्षस्य द्वैविध्ये स्वीकृते सत्यपि संयोगः, संयुक्तसमवायः, समवायभेदेन त्रेधा सन्निकर्षमाहुः ।

भाट्टमते व्याप्यदर्शनादसन्निकृष्टार्थज्ञानमनुमानम् । अनुमानं ज्ञातसम्बन्धः । अर्थात् यल्लिङ्गलिङ्गिद्वयं तत्समुदाय एव ज्ञातसम्बन्धः, तस्यैकदेशः समुदायी, तस्य दर्शनात् समुदाय्यन्तरे बुद्धिरिति समुदायिवचनावेकदेशशब्दाविति । व्याप्तिश्च स्वाभाविकः सम्बन्धः । स्वाभाविकत्वं चोपाधिराहित्यम् ।

न्यायमते लिङ्गपरामर्शोऽनुमानम् । व्याप्तिबलेन अर्थगमकं लिङ्गम् । तस्य तृतीयं ज्ञानं परामर्शः उत वा व्याप्तिविशिष्टपक्षधर्मताज्ञानं परामर्शः । साहचर्यनियमो व्याप्तिः, अथवा स्वाभाविकश्च सम्बन्धो व्याप्तिः । न त्वोपाधिकः' इति तर्कभाषायां प्रोक्तम् । अतोऽनुमानप्रमाणलक्षणविषये भाट्टनैयायिकयोः तथा भेदो नास्ति । यतो हि उभये च दर्शने व्याप्तिबलेनार्थगमकं लिङ्गमिति स्वीकृतत्वात् ।

प्राभाकरमतेऽपि ज्ञातसम्बन्धस्यैकदेशदर्शनादेशदेशान्तरेऽसन्निकृष्टेऽर्थे या बुद्धिर्जायते साऽनुमानम् । एतन्मते धूमस्याग्निसम्बन्धः सकृद्दर्शनादेवावगम्यत इति सकृद्दर्शनगम्यैव व्याप्तिरिति । तन्न शोभनम्, यतो हि अनुमानाङ्गभूत एव सम्बन्धो व्याप्तिरित्युच्यते, निरूपाधिकत्वविशिष्टस्यैव च सम्बन्धस्यानुमानाङ्गत्वं, न धूमाग्निसम्बन्धमात्रस्य । निरूपाधिकत्वावधारणं च भूयोदर्शनसाध्यमेव इति तैरप्युक्तम्, अतो भूयोदर्शनगम्यैव निरूपाधिकसम्बन्धरूपा व्याप्तिः ।

तत्र भाट्टमीमांसकाः व्यतिरेकि अनुमानं नैवाभ्युपगच्छन्ति । उक्तञ्च-

तं च कौमारिलाः प्रायो नेच्छन्ति व्यतिरेकिणम् ।
तत्स्थाने चाभिषिञ्चन्ति पञ्चमीं प्रमितिं पुनः ॥(मानमेयोदयः :१९७८:६१)

अर्थापत्तेरेव तस्यान्तर्भावादिति तेषामभिप्रायः ।

तत्र नैयायिकाः प्रथमन्तावत् अन्वयव्यतिरेकि- केवलान्वयि- केवलव्यतिरेकि हेतूनां त्रयाणां सत्त्वात् त्रिविधमनुमानमिति निगीरन्ति । सूत्रकारेणापि अनुमानस्य त्रैविध्यमुक्तं वर्तते- **अथ तत्पूर्वकं त्रिविधमनुमानं पूर्ववच्छेषवत्सामान्यतोदृष्टञ्च (न्यायसूत्रम् :१।१। ५)** इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनश्चापरया दृष्ट्या दृष्ट सामान्यतोदृष्टभेदेन अनुमानं द्विविधमिति वदन्ति भाट्टाः प्रभाकराश्च । ततश्च पुनरपि स्वार्थपरार्थभेदेनापि अनुमानं द्विविधमिति मीमांसकमते । न्यायदर्शनेऽपि एतदनुमानप्रमाणविभजनं स्वीकृतमस्ति ।

तथैव परार्थानुमानवाक्ये प्रयुक्तेषु प्रतिज्ञाहेतूदाहरणोपनयनिगमनादिषु पञ्चावयवेषु मध्ये त्रैविध्यमेव स्वीकुर्वन्ति मीमांसकाः । यथोक्तं वर्तते-

प्रतिज्ञाया निगमनं हेतुनोपनयस्तथा ।

गतार्थ इति कः कुर्यात्पञ्चावयवघोषणम् ।

तस्मात् त्र्यवयवं ब्रूमः पौनरुक्त्यासहा वयम् ।

उदाहरणपर्यन्तं यद्वोदाहरणादिकम् ॥(मानमेयोदयः :१९७८:६९-७०)

अर्थात् इमे त्र्यवयवा एव स्वीकुर्वन्ति- प्रतिज्ञा, हेतुः, उदाहरणम् उत वा उदाहरणम्, उपनयः, निगमनञ्चेति ।

तथा च कुमारिलमीमांसकाः असिद्धिरनैकान्तिको बाधक इति हेत्वाभासत्रयमङ्गीकुर्वन्ति । परन्तु भाट्टमतानुयायि नारायणेन तु चत्वारो हेत्वाभासाः निगदिता सन्ति- **असिद्धो विरुद्धोऽनैकान्तिकोऽसाधारणश्चेति चत्वारस्तदाभासाः (पूर्ववत् :७५)** इति । तथैव पार्थसारथिमिश्रेण तु पञ्च हेत्वाभासा इत्युक्ता वर्तते । ते च- **स्वरूपासिद्धः, सम्बन्धासिद्धः, व्यतिरेकासिद्धः, आश्रयासिद्धः, व्याप्यसिद्धिश्चेति (शास्त्रदीपिका : १९४८: ६५) ।**

परन्तु न्यायनये तु पञ्चैव हेत्वाभासाः स्वीकृताः सन्ति । ते च- **असिद्ध- विरुद्ध- अनैकान्ति- प्रकरणसम- कालात्ययापदिष्टभेदात् (तर्कभाषा :२०५७: २४६)** इति । अतो हेत्वाभासविषयेऽपि उभयोः मतवैभिन्यं दृश्यत एव ।

भाट्टमीमांसकाः गवये गोसादृश्यदर्शनान्तरं स्मर्यमाणे गवि गवयसादृश्यज्ञानमुत्पद्यते । तदेवोपमानमिति । तत्र गवयस्थितसादृश्यदर्शनं करणं भवेत् चेत् फलं गोगतसादृश्यज्ञानमिति विदांकुर्वन्ति । फलतः असन्निकृष्टगोगतसादृश्यबोध एवोपमानमित्युक्त्वा नैयायिकसम्मतः संज्ञासंज्ञिसम्बन्धप्रतीतिरूपात्मकं उपमानं नैवाभ्युपगच्छन्ति ।

नैयायिकास्तु अतिदेशवाक्यार्थस्मरणसहकृतं गोसादृश्यविशिष्टपिण्डज्ञानमुपमानमिति मन्यन्ते । यथा गौस्तथा गवय इति वाक्यं श्रुत्वा वनं गतो वाक्यार्थं स्मरन् यदा पुरुषः गोसादृश्यविशिष्टं पिण्डं पश्यति तदा तद्वाक्यस्मरणसहकृतं गोसादृश्यविशिष्टपिण्डज्ञानमुपमानम् । तस्य करणमुपमिति । गोसादृश्यविशिष्टपिण्डज्ञानानन्तरमयमसौ गवयशब्दवाच्यः पिण्ड इति संज्ञासंज्ञिसम्बन्धप्रतीतिरुपमितिः । सैव फलमिति वदन्ति । तत्र मीमांसकाः सादृश्यज्ञानं उपमानमिति वदन्ति चेन्नैयायिकाः संज्ञासंज्ञिसम्बन्धप्रतीतिरुपमानमिति मन्यन्ते । प्राभाकरास्तु सादृश्यं पदार्थान्तरमेवेति वदन्ति ।

भाट्टमते असन्निकृष्टवाक्यार्थज्ञानं च शाब्दमित्युक्तम् । तत्र आकांक्षाः, योग्यता, सन्निधिश्चेति वाक्यार्थज्ञाने हेतवो भवन्ति । एषां मते वाक्यार्थः पदार्थगम्य एव न तु पदशक्तितः'इति । शब्दप्रमाणं द्विविधं पौरुषेयमपौरुषेयञ्चेति नैयायिकवन्मन्यन्ते ।

परन्तु प्राभाकरमते पदाभिधेय एवान्वितरूपो वाक्यार्थः, न तु पदार्थगम्यः । एषां मते वैदिकमेव शाब्दं प्रमाणम् । पौरुषेयं तु शङ्काकुण्ठितशक्तित्वादप्रमाणम् । मीमांसकाः तात्पर्यमपि शाब्दबोधे कारणमिति वदन्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैयायिकनये आप्तवाक्यं शब्दः । यथाभूतस्यार्थस्योपदेष्टा पुरुष एव आप्तः । वाक्यं तु आकांक्षायोग्यतासन्निधिमतां पदानां समूह एव । दृष्टाऽदृष्टार्थभेदेन स द्विविधः । फलन्त्वयं वाक्यार्थज्ञानमिति ।

अत्र नैयायिकाः वैदिकावैदिकयोः शब्दयोः प्रामाण्यं मन्यन्ते चेत् प्रभाकरमीमांसकाः वैदिक एव शब्दः प्रमाणं वदन्ति । तथा च वाक्यार्थज्ञाने आकांक्षायोग्यतासन्निधिश्चेति अपेक्ष्यते न्यायनये चेत् तात्पर्यमपि कुत्रचिच्चापेक्ष्यते मीमांसादर्शने इति विशेषः ।

भाट्टमते साधारणप्रमाणानां असाधारण्येन प्रमाणेन विरोधोपस्थिते सति अविरुद्धांशे तात्पर्यावाधारणमर्थापत्तिरित्युपपादितम् । प्रमाणद्वयविरोधोऽनुपपत्तिः नान्येन प्रमाणेनावगतो भवति, अतः अर्थापत्तिप्रमाणान्तरं स्वीकरणीयमेव । उक्तञ्च-

साधारणप्रमाणानामसाधारणमानतः ।

विरोधादविरुद्धांशे धीरर्थापत्तिरिष्यते ॥(मानमेयोदयः :१९७८:११७)

अर्थापत्तिः दृष्टार्था- श्रुतार्थाभेदेन द्विविधा । परन्तु प्राभाकरास्तु आवरणाद्यर्थस्यैव कल्प्यतया शब्दकल्पनाभावात् श्रुतार्थापत्तिर्नास्तीति मन्यन्ते ।

परन्तु नैयायिकास्तु अर्थापत्तेः पृथक् प्रामाण्यं नैवाभ्युपगच्छन्ति । अनुपपद्यमानार्थदर्शनात् तदुपपादकीभूतार्थान्तरकल्पनम् अर्थापत्तिः । स तु केवलव्यतिरेकि अनुमानस्य विषयः, न तु पदार्थान्तरम् । यथा अयं देवदत्तो रात्रौ भुङ्क्ते दिवाऽभुञ्जानात्वे सति पीनत्वात् । यस्तु न रात्रौ भुङ्क्ते नासौ दिवाऽभुञ्जानत्वे सति पीनो, यथा दिवा रात्रौ चाऽभुञ्जानोऽपीनो, न चायं तथा, तस्मान्न तथेति केवलव्यतिरेक्यनुमानेनैव रात्रिभोजनस्य प्रतीयमानत्वात् । किमर्थमर्थापत्तिः पृथक्त्वेन कल्पनीया इति नैयायिकाः वदन्ति ।

भाट्टमीमांसकाः अभावस्यावबोधनार्थं अभावाख्यं पृथक् प्रमाणं स्वीकरणीयमिति वदन्ति । अभावस्यावबोधनार्थं तु-

विषयं तदधीनांश्च सन्निकर्षादिकान् विना ।

उपलम्भस्य सामग्रीसम्पत्तिः खलु योग्यता ।

सा च ज्ञाततयाभावज्ञानस्य सहकारिणी ।

अज्ञातोऽनुपलम्भस्तु सत्तामात्रेण बोधकः ॥ (पूर्ववत् :१२९)

अर्थात् विषयभूतं घटं तदधीनांश्चेन्द्रियसन्निकर्षादीन् विना यच्चक्षुरुन्मीलनालोकसम्पातमनःप्रणिधानादिकं घटोपलम्भकारणं तत्सर्वमिदानीमेव सञ्जातमित्यवगमे सति तत्सहकृतः सन् घटानुपलम्भो घटाभावं बोधयति । अतो अभावस्य पृथक् प्रामाण्यं स्वीकर्तव्यम् । तच्च प्रमाणाभावरूपः, स्मरणाभावरूपश्चेति द्विविधमिति भाट्टाः । प्रभाकरास्तु अभावात्मकं प्रमाणं नाभ्युपगच्छन्ति । तस्याभावात् ।

नैयायिकाः अभावस्य प्रामाण्यं स्वीकुर्वद्भिरपि तस्य पृथक्त्वं नैव मन्यन्ते । यतो हि प्रत्यक्षे एव तस्यान्तर्भावात् । यद्यत्र घटोऽभविष्यत्तर्हि भूतलमिवाद्रक्ष्यदित्यादितर्कसहकारिणाऽनुपलम्भसनाथेन प्रत्यक्षेणैवाभावग्रहणात् तस्य पृथक्त्वं नास्तीति नैयायिकानां कथनम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्षः उपसंहारः

लघुकायकेऽस्मिन् शोधलेखे न्यायमीमांसादर्शनयोः प्रमाणविषयकं पार्थक्यं परिशीलितं वर्तते । तत्र न्यायनये प्रत्यक्षानुमानोपमानशब्दप्रमाणानि स्वीकृतानि सन्ति चेत् मीमांसादर्शने भाट्टमीमांसकाः प्रत्यक्षानुमानोपमानशब्दार्थापत्त्यनुपलब्धिभेदेन प्रमाणषट्कं मन्यन्ते चेत् प्राभाकरा प्रत्यक्षानुमानोपमानशब्दार्थापत्तिभेदेन प्रमाणपञ्चकं स्वीकुर्वन्ति । अत्र प्रमाणस्वरूपविषये उभयोर्दर्शनयोः का मान्यता वरीवर्तीति विषये चर्चां विधाय तेषां भेदविषयेऽपि तयोः पार्थक्यं प्रस्तुतं वर्तते । उभये च दर्शने प्रमाणपदार्थस्य स्थानं महत्त्वपूर्णं विद्यते । न्यायदर्शनं प्रमाणपदार्थप्रधानभूतं शास्त्रं मन्यते । अतो प्रमाणशास्त्रमित्यपि कथ्यते । मीमांसादर्शनेऽपि यथावश्यकं प्रमाणानां वर्णनं कृतं विद्यत एव । अतश्चोभयोर्दर्शनयोः प्रमाणस्य महत्त्वं सर्वोत्कृष्टमस्तीति निष्कर्षः ।

सन्दर्भ सामग्रीसूची

आप्टे, वामनशिवरामः(२००९), *संस्कृत-हिन्दीकोशः*, पुनर्मुद्रितसंस्करणम्, वाराणसी : चौखम्बासंस्कृतसीरिज आफिस ।

उद्योतकरः, भारद्वाजः(१९९७), *न्यायभाष्यवार्तिकम्*, (अनन्तलालठक्कुरेण संस्कृतम्), नवदेहली : भारतीयदार्शनिकानुसन्धानपरिषद् ।

गौतमः(१९९८), *न्यायसूत्रम्*, वात्स्यायनभाष्यसहितं सुदर्शनाचार्यशास्त्रिविरचितया प्रसन्नपदाख्यटीकया संवलितम्, अभिनव संस्करणम्, (सम्पादकः द्वारिकादासशास्त्रि), वाराणसी : बौद्धभारतीप्रकाशनम् ।

नारायणद्वयी(१९७८), *मानमेयोदयः*, स्वामीयोगिन्द्रानन्दकृतया हिन्दीव्याख्यया समलङ्कृता, (सम्पादकः योगिन्द्रानन्दः), वाराणसी : षड्दर्शनप्रकाशनप्रतिष्ठानम् ।

भट्टः, कुमारिलः,(१९७८), *श्लोकवार्तिकम्*, पार्थसारथिमिश्रविरचितया न्यायरत्नाकरव्याख्यया सनाथम्, (सम्पादकः द्वारिकादासशास्त्री), वाराणसी : तारापब्लिकेशन्स् ।

भट्टः, जयन्तः,(वि.सं. २०२८), *न्यायमञ्जरी-१-२*, द्वितीयं संस्करणम्, (विवरणकारः सूर्यनारायणशुक्लः), वाराणसी : चौखम्बासंस्कृतसीरिज ।

मिश्रः, केशवः, (वि.सं. २०५७), *तर्कभाषा*, दशमसंस्करणम्, (व्याख्याकारः विश्वेश्वरसिद्धान्तशिरोमणि), वाराणसी : चौखम्बासंस्कृतसंस्थान ।

मिश्रः, पार्थसारथिः,(१९४८), *शास्त्रदीपिका*, श्रीराममिश्रशास्त्रिणा संस्कृता-तदीयविरलटिप्पण्या संकलिता च, काशी : मेडिकल् हल् मुद्रणालये मुद्रयित्वा प्रकाशिता ।

मिश्रः, शालिकनाथः (१९६१), *प्रकरणपञ्चिका*, न्यायसिद्ध्याख्यव्याख्यया संवलिता, (सम्पादकः श्रीसुब्रण्यशास्त्री), वाराणसी : काशीहिन्दुविश्वविद्यालयः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहको धर्मशात्रीय आधार

✍ सुरेशराज पौडेल*

शोधसार:

गृहस्थाश्रम सनातन वैदिकधर्मका चार आश्रममध्येको श्रेष्ठ आश्रम हो । गृहस्थाश्रमको प्राण मानिएको संस्कार विवाह संस्कार हो । स्त्रीपुरुषको आत्मीय सम्बन्धलाई मर्यादामा सीमित गर्ने काम विवाहले गर्दछ । धर्मशास्त्रले निर्दिष्ट गरेका विवाहका आठ प्रकारमा ब्राह्म ,दैव ,आर्ष, प्राजापत्य, आसर ,गान्धर्व ,राक्षस , पैशाच पर्दछन् । उल्लेखित विवाहहरूमध्ये क्रमश: पहिलाका चार विवाहहरू उत्तम र पछाडिका चार विवाहहरू अधम मानिएका छन् । विवाहका निमित्त वरवधू दैवसमान कुलीन , उत्तम आचरण, शुभलक्षण र कुनै सङ्क्रमित रोगरहित हनपर्दछ । वरवधू उच्चकुलीन, अध्ययनशील,सवर्ण , युवा, पुंस्त्व र जनप्रिय हुनुपर्दछ । वेदाध्ययन र वेदव्रत दुबै सम्पन्न भएपछि गुरुलाई यथाशक्ति दक्षिणा प्रदान गरेर गुरुकै आज्ञाअनुसार समावर्तन गरेर घरमा आएपछि उचित लक्षण र गुणलेयुक्त वरका लागि वधू र वधूका लागि वर खोजेर विवाह गर्नुपर्छ भन्ने शास्त्रमा आर्ष वचन छ । कन्या रजोवती भएपछि मात्र विवाहयोग्य हुन्छिन् भन्ने शास्त्रीय मान्यता भएकोले वरवधूको विवाह वयस्क र उमेर पुगेपछि मात्र गर्नुपर्दछ । यसो भएमा कुमार र कन्या पनि सन्तान उत्पादनका लागि योग्य हुन्छन् अनि मात्र विवाह गर्नुपर्ने धर्मशास्त्रीय मत रहेको छ । विवाह के हो , कहिले गरिन्छ ? विवाहका प्रकार कति छन् र कस्ता छन् ? विवाहका धार्मिक र सामाजिक मान्यता केके हुन् ? भन्ने कुराको निष्कर्ष यस अध्ययनमा निकालिएको छ ।

शब्दकुञ्जी: *अभ्युदय, आर्ष, आभूषण, प्रायश्चित्त ,पुंस्त्व, रति ।*

विषयप्रवेश

भगवान्ले संसारको अस्तित्व र उत्पत्तिको महसुस गरेर प्राणीहरूको सृष्टि , स्थिति र संहारका आधरमा यो संसार अगाडि बढाउनुभयो । साथै मानव सभ्यता प्रारम्भ भएसँगै मानिसका लागि साथीको आवश्यकता भयो , जसको फलस्वरूप मानिस समाजमा र समूदायमा बस्न थाल्यो । वासस्थानका हिसाबले कमजोर अवस्था, जीवनयापनका लागि खानेबस्ने कुराको जोहो आफैँले गर्नुपर्ने र त्यसमाथि जनावरहरूको त्रासका कारण सुरक्षित बन्न पनि मानिसलाई समाजको खाँचो महसुस हुन थाल्यो र बिस्तारै समाज बन्न लाग्यो अनि सामूहिक कार्य सम्पादन तथा भोजन व्यवस्थापनका लागि पनि समूहमा बस्दा सहजताको अनुभव हुन थाल्यो । त्यसक्रमले निरन्तरता पाँउदै गएपछि यस युगमा मानिसहरूका सबै काम सामूहिकरूपमै हुन थाले । त्यो बेला बस्ने , खाने र रतिक्रियासमेत समूहमा हुने तथा स्त्रीपुरुषबीचमा देखिएका असहज व्यवहारलाई सीमा, संस्कार एवं मर्यादाजस्ता विषयमा स्थापित गराउन सामूहिक तथा पारिवारिक क्रियाबाटै विकसित परम्पराका रूपमा विवाह प्रारम्भ भयो । त्यही परम्परालाई आधार बनाएर विभिन्न श्रुति,स्मृति तथा ग्रन्थका आधारमा विधान र पद्धति विकसित भएका छन् । तिनै विकसित र विस्तृत वैदिक षोडश संस्कारमध्ये मुख्य मानिएको विवाह संस्कारलाई यहाँ धर्मशास्त्रीय मान्यतामा रहरे चर्चा गरिन्छ .

---

* *उपप्राध्यापक, वाल्मीकि विघापीठ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समस्या कथन

वैदिक सनातन संस्कृतिका षोडश संस्कारहरूमध्ये प्रमुख संस्कार विवाह र विवाहका प्रकारको विश्लेषण गरेर समाजमा भइरहेको वैदिक पद्दतिको बारेमा यथार्थ र समाजोपयोगी निष्कर्ष निकाल्नु आजको आवश्यक विषय रहेको छ । वैदिक सनातनीय परम्पराका प्रमुख घटक विवाहका प्रकार र पद्दतिका सेरोफेरोमा रहेर अध्ययन गर्दै विश्लेषण गर्नु नै यस लेखको समस्या कथन रहेको छ ।

अध्ययनको उद्देश्य

प्रस्तुत शोध लेखका उद्देश्यहरू निम्न रहेका छन् :

क) धर्मशास्त्रमा उल्लेखित विवाह संस्कारको ऐतिहासिकता , सामाजिकता र धार्मिक विवेचनाका बारेमा जानकारी दिनु,

ख) वैवाहिक कृत्य तथा व्यावहारिक महत्व प्रष्ट पार्नु ।

शोधविधि

प्रस्तुत लेखका निम्ति प्राथमिक सामग्री धर्मशास्त्रका मूलभूत ग्रन्थ नै हुन् ।कतिपय तत्थ्यलाई पुष्टि गर्नका निम्ति धर्मशास्त्रका मूल ग्रन्थका टीका ,वृत्ति , भाष्य , हिन्दी एवं नेपालीमा भएका सामग्री पनि प्रयोग गरिएका छन् । सङ्कलित सामग्रीलाई मूलतः वर्णनात्मक, गवेषणात्मक, विवेचनात्मक एवं तुलनात्मक विधिमा आधारित भएर अध्ययन गरिएको छ । धर्मशास्त्रका विभिन्न विद्वान्हरूसँग गरिएको प्रश्नावलीहरूबाट प्राप्त उत्तरहरू पनि शोधकार्यमा प्रस्तुत गरिएको छ । पुस्तकालय तथा आधुनिक सञ्चार माध्यम नेटबाट प्राप्त विवाहसँग सम्वन्धित धर्मशास्त्रीय विषयवस्तुहरू पनि प्रयोग गरिएको छ .

सैद्धान्तिक आधार

वह (प्रापणे) धातुमा वि उपसर्गपूर्वक "घञ्" प्रत्यय लागेपछि विवाह शब्दको निर्माण हुन्छ । विशिष्टं वहनम् यस्तो विग्रह अनुसार विशेष तरिकाले वहन गर्नु , जिम्मेवारी लिनु भन्ने हुन्छ । विवाहकर्म यस्तो धार्मिक वा सामाजिककर्म हो जसमा आ-आफ्नो धर्म ,समाजमा बाधा नपर्ने गरी एकजनाकी छोरी अर्काको छोरालाई वैदिक विधि र पद्धतिपूर्वक दिएर वा आ-आफ्नो इच्छाले पतिपत्नीको रूपमा सम्बन्ध जोडिनु वा वर र कन्या दुबैले एक आपसमा धार्मिक, सामाजिक तथा पारिवारिक दायित्वबोध गर्नु नै विवाह हो । विवाहको प्रथम उद्देश्य सृष्टिको विस्तारका लागि स्त्रीशक्ति र पुरुषशक्तिको एकीकृत सम्मेलन हो । आदिमकालमा विवाह संस्कार प्रयोगमा थिएन[१] र मानिसले आफ्नो कामेच्छा, भोग एवं राग शान्त पार्नका लागि गरिने नारीप्रतिका बलात् कर्महरूको न्यूनीकरण गर्नका लागि विवाह संस्कार महत्वपूर्ण संस्कार बन्यो । हाम्रा ऋषिमुनिहरूले धार्मिक कर्महरूको अनुष्ठान गर्नका लागि पतिपत्नी सँगसँगै हुनपर्ने व्यवस्था गरे ।[२] त्यसपछि संस्कारित विवाहको झनै महत्व बढ्दै गयो । सफल गृहस्थाश्रमका लागि पतिपत्नीबीच सामञ्जस्यता आवश्यक रहन्छ । गृहस्थधर्मको प्रमुख आशय वंशपरम्पराको रक्षा पनि हो । वंशको निरन्तरता पुरुष वा महिला एकले मात्र गर्न सक्दैनन् ।

१. अनावृत्ताः किल पुरा स्त्रिय आसन् वरानने ।
कामचारविहारिण्यः स्वतन्त्राश्चारुहासिनी ॥ १२८।१आदिपर्व ।

२ सहोभौ चरतां धर्ममितिवाचानुभाष्य च
कन्याप्रदानमर्भ्यर्च्य प्राजापत्यो विधिःस्मृतः ॥३०।३मनुस्मृति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारीविनाको पुरुष र पुरुषविनाको नारी जीवन अपूर्ण हुन्छ ।[३] सन्तानोत्पादन गरी वंशपरम्पराको रक्षाका लागि विवाह गर्नुपर्ने शास्त्रीय विधान नै विवाहको सैद्धान्तिक आधार रहेको छ ।

धर्मशास्त्र

"धृञ्" धातुमा "मन्" प्रत्यय लागेर धर्म शब्दको निर्माण भएको मानिन्छ । मूलतः धर्म शब्द धारण वा पालन भन्ने अर्थ नै समाजमा बुझिएको छ । श्रुति, स्मृति, सदाचार र आफ्नो आत्माको सन्तोष नै धर्मको लक्षण हो ।[४] यतोऽभ्युदयनिःश्रेयसःसिद्धिः स धर्मः अर्थात् वर्तमानमा जीवनको अभ्युदय र भावी कालमा निः श्रेयसको सिद्धि हुनु नै धर्म हो भनेर वैशेषिक दार्शनिक कणादको मत रहेको छ । मिमांसाशास्त्रले जुन कर्म प्रतिपादन गरेको छ त्यो नै शास्त्रविहित कर्म हो । मानवीय कर्म शास्त्रनिर्दिष्ट हुनुपदर्छ र त्यो नै धर्म हो भन्ने शास्त्रीय मान्यता रहेको छ । आचारहीनं न पुनन्ति वेदाः जस्ता सूक्तिको आशय पनि धर्मशास्त्रले निर्देश गरेको कुरालाई स्वीकार नगर्ने, आचार पालन नगर्नेलाई वेदले रक्षा (पवित्र) गर्दैनन् भन्ने हो ।

धर्मशास्त्रले प्रत्येक वर्ण र जातिका सदस्यहरूलाई समाजको अभिन्न अङ्ग मानेको छ । आचार , व्यवहार र प्रायश्चित्तमा व्यक्तिको महत्वभन्दा सामाजिक महत्वलाई प्रधान मान्नुले धर्मशास्त्र प्रत्यक्ष सामाजिक विषय हो भन्ने प्रष्ट हुन्छ । वेदले समाजमा रहेका अध्ययनशील मानिसहरूलाई मात्र प्रभावित गरेकाले सर्वसाधारणका लागि भनेर नै महर्षिहरूले विभिन्न वेदाश्रित स्मृतिहरुको रचना गरे । वेदलाई श्रुति र धर्मशास्त्रलाई स्मृति नामले चिनिन्छ ।[५] स्मृति शास्त्रहरूमा उल्लिखित, वर्ण धर्म, आश्रम धर्म, वर्णाश्रम धर्म, गुण धर्म, निमित्त धर्म साधारण धर्मको विषयमा ऋषिहरूले निर्देशन गरेको विधान नै धर्मशास्त्र हो ।

धर्मशांस्त्रीय मतानुसार स्वयम्भू ब्रह्माले आफ्नो शरीरलाई दुई भागमा विभाजन गरी एक भागबाट नारी र अर्को एक भागबाट पुरुषको रचना गरेका हुन् ।[६] वैदिक सनातन धर्ममा मानवजातिको परमायु सय वर्ष मानेर[७] जीवनलाई चार भागमा विभाजन गरी आश्रमगत दृष्टिले गणना गरिएको छ । विज्ञानेश्वरले पाँच प्रकारका विशिष्ट धर्मसहित एक साधारण धर्मको चर्चा गरेका छन् ।[८] १.वर्णधर्म २.आश्रम धर्म ३.वर्णाश्रमधर्म ४.गुणधर्म ५.निमित्तधर्म ६.साधारण धर्म । वैदिक धर्मशास्त्रीय मान्यतामा चार प्रकारका ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्न्यास आश्रम प्रसिद्ध छन् । पच्चिस वर्ष ब्रह्मचर्य त्यसपछिको पच्चिस गृहस्थ, त्यसपछि वानप्रस्थ र अन्तिममा जीवनपर्यन्त सन्यासाश्रममा रहनुपर्दछ भन्ने शास्त्रीय मान्यता छ ।[९] सम्वन्धित आश्रममा रहँदा शास्त्र निर्दिष्ट कर्म गर्नु नै आश्रमधर्म हो । विवाह संस्कार आश्रमधर्मअन्तर्गत पर्दछ । उल्लिखित आश्रमहरूमा रहँदा गरिने आचारव्यवहारको निर्देशन नै धर्म हो । सारतः आश्रमहरूमा पालना गर्नुपर्ने विधिशास्त्र नै धर्मशास्त्र हो ।

---

३ अर्धो वा एष आत्मानो यत् पत्नी । तैत्तरीय संहिता६ ।१ ।८ ।५

४ सम्यकसङ्कल्पजःकामो धर्ममूलमिदं स्मृतम् । याज्ञवल्क्यस्मृतिः७१ ।

५ श्रुतिस्तु वेदविज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः ।(मनस्मृति १०।२)

६ द्विधा कृत्वात्मनो देहमर्धेन पुरुषो ऽभवेत् ।
अर्धेन नारी तस्यां स विराजमसृजत्प्रभुः ॥(३२।१ मनुस्मृति)

७ शतायुरक्त पुरुषः सर्ववेदेषु वै यदा । विदुरनीति ५।९ ।

८ अत्र च धर्मशव्द षड्विधस्मार्त विषयः १/१ याज्ञवल्क्यस्मृति मिताक्षराटीका ।

९ चतुर्थमायुषो भागमुषित्वाऽऽद्यं गुरौ द्विजः ।
द्वितीयमायुषो भागं कृतदारो गृहे वसेत् । ४।१ मनुस्मृति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहको उद्देश्य

महिला र पुरुषमा भएका प्राकृतिक एवं स्वच्छन्द कामवासनालाई शास्त्रीय नियमद्वारा एक पति वा एक पत्नीमा सीमित राखी उनीहरूलाई मोक्ष मार्गतर्फ अग्रसर गराउनु विवाहको उद्देश्य हो । विवाहको अर्को उद्देश्य भोगविलास नभएर सन्तान उत्पादन गरी वंश विस्तार गर्नु हो ।[१०] जन्मँदैमा असल र खराब भनेर कोही छुट्टिँदैनन् । जन्मनुभन्दा अघि बाबुआमाको संस्कार चिन्तनले पनि बच्चाको स्वभाव निर्धारण गर्दछ । उत्तम सन्तान प्राप्त गर्नका लागि विधिविधानपूर्वक विवाह गर्नुपर्दछ । विधिपूर्वक गरिने विवाहको मुख्य उद्देश्य उत्तम सन्तान उत्पादन गर्नु हो ।[११] अनिन्दित स्त्री विवाह गर्नाले उत्तम र निन्दित स्त्री विवाह गर्नाले अधम सन्तानको जन्म हुने भएकाले सकेसम्म निन्दित स्त्री सर्वथा त्याज्य मानिन्छन् । त्यस्ता कन्या विवाह नगर्नु भन्ने कुरामा मनु जोड दिन्छन् ।[१२] मानिसले आफ्नो शक्ति र सम्पतिलाई सहजै कसैलाई सम्पन चाहन्न यो उसको मानवीय गुण हो । आफ्नो शक्ति, सम्पति र सामर्थ्यलाई जो कोहीले पनि नजिकको मान्छे आफन्तलाई मात्र सुम्पन चाहन्छ । आफ्नो सत्ता एवं सम्पत्ति माथिको स्वामित्वलाई निरन्तरता दिन मानिसले गरेको अभिलाषाको फल सन्तान हो । सन्तानलाई आफ्नो सत्ता एवं सम्पति सुम्पिएपछि मात्र उसले सन्तोषको सास फेर्दछ । सन्तान र आफैंमा केही फरक छैन । सन्तान नै मानिसको आफ्नो रूप हो ।[१३] स्त्री पुरुषको आत्मीय सम्बन्धलाई मर्यादा एवं सीमामा सीमित गर्ने काम विवाहले गर्दछ । पारिवारिक संरचनाको आधार भएको विवाह सस्कार व्यक्तिको जीवनको एक महत्वपूर्ण अध्याय पनि हो । स्त्रीजाति परमात्माको प्रकृतिशक्ति र पुरुष जाति पुरुषशक्ति हुन् । स्वतन्त्र रूपमा रहेका यी दुवै शक्तिको परस्परको हयोगविना दृष्टिको कार्य सम्पन्न असम्भव छ । तसर्थ दृष्टि धान्नका लागि विवाह अनिवार्य छ ।

विवाहका प्रकार

तात्कालीन सबै सभ्यता तथा समूदायको भावना अनुरूप नै धर्मशास्त्रीय ग्रन्थहरूमा विवाहका आठ प्रकारहरूको उल्लेख गरेको पाइन्छ । विवाहका आठ प्रकारका विषयमा आश्वलायन र याज्ञवल्क्यको पनि मतैक्यता रहेको छ ।[१४] विवाहका प्रकार निम्न छन् ।

१.ब्राह्म विवाह, २. दैव विवाह, ३. आर्ष विवाह, ४. प्राजापत्य विवाह, ५.आसुर विवाह, ६. गान्धर्व विवाह, ७. राक्षस विवाह र ८. पैशाच विवाह ।

यी आठ प्रकारका विवाहमध्ये पहिलाका चार विवाहहरु असल र पछाडिका चार विवाहहरुलाई खराव मानिएको छ ।[१५] वेदलगायत प्रायः स्मृतिहरुमा विवाह आठ प्रकारकै मानिएको छ । त्यसकारण हामीले विवाह आठ प्रकारका भनेर बुझ्दा मनन गर्दा नै ठीक हुनेछ । हिन्दूधर्म यस्तो धर्म हो जहाँ अनेकता व्याप्त छ एउटाले एउटा कामको अधिकार प्राप्त गर्दछ तर अर्को त्यसबाट वञ्चित छ । यसैकारण यहाँ

---

१० प्रजातन्तु मा व्यवच्छत्सी पृ.१०, विवाह पद्धति,म. सं.वि.।

११ ऋणानि त्रीण्यपाकृत्य मनो मोक्षे निवेशयेत् (पृ.११,विवाह पद्धति,म.सं.वि.)

१२ अनिन्दितैः स्त्रीविवाहैरनिन्द्या भवति प्रजा ।
निन्दितैर्निन्दिता नृणां तस्मान्निन्द्यान्विवर्जयेत् ॥(मनुस्मृति ४२।३)

१३ पृ.१०,विवाह पद्धति,म.सं.वि. पूर्ववत्।

१४. क. ब्राह्मोदैवस्तथैवार्षः प्रजापत्यस्तथासुरः
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः॥२१।३मनुस्मृति
ख. (१।६आश्वालयनगृह्यसूत्र,)

१५.........चाष्टमोऽधमः। २१।३मनुस्मृति, पूर्ववत् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह गर्ने तरिका शैली तथा पद्धतिमा पनि भिन्नता देखिन्छ । हिन्दूधर्मभित्रका अनेकौं परिवार र समाजका आ-आफ्नै मूल्य मान्यता र संस्कारहरु छन् । तिनै संस्कारहरुमध्येको एक विवाह पनि हो । एउटा जातिले गर्ने विवाह पद्धति तथा संस्कार अर्को जातिले गर्ने विवाह पद्धति तथा संस्कारमा पनि भिन्नता देखिन्छ र समान हुनुपर्दछ भन्ने पनि छैन । किनकि संस्कार समाजअनुसार विवाह पद्धति निर्धारण हुन्छ । सम्पूर्ण जातिका लागि सबै प्रकारका विवाहयोग्य अर्थात् ग्राह्य हुँदैनन् । नेपाल पनि विविध जाति तथा संस्कारहरुका मानिसहरु मिलेर बसेको राष्ट्र हो । यहाँ पनि आपसमा विवाह संस्कारमा समानता पाइँदैन । हिन्दूधर्म मान्ने कतिपय जातिले फुपूकी छोरी र मामाका छोराबीच विवाह गर्दै आएका छन् । भगाएर विवाह गर्ने पद्धतिलाई धार्मिक शास्त्रले अस्वीकारे तापनि हाम्रो सनातन संस्कृतिभित्रकै विभिन्न समुदायले भने स्वीकारेका छन् । धेरैजसो स्मृतिकारहरुले ब्राह्म, दैव, आर्ष र प्राजापत्य गरी यी चार प्रकारका विवाहहरुलाई प्रशंसनीय र योग्य मानेका छन् ।

ब्राह्म विवाह

जुन विवाहमा योग्य वरलाई आमन्त्रित गररे श्रृङ्गार, वस्त्र, आभूषण इत्यादिद्वारा यथाशक्य श्रृङ्गारिएकी कन्या वरलाई दिइन्छ भने त्यो विवाह ब्राह्म विवाह हो ।[१६] ब्राह्म विवाह सत्ययुगमा हुने गरेका तथ्यहरू पाइन्छन् । यस्तो विधिद्वारा विवाह गरेर जन्मिएको सदाचारी पुत्रले आफूभन्दा अधिका दशपुस्ता स्वयं आफू र आफूभन्दा पछिका दसपुस्तासम्मका सन्ततिलाई मुक्ति दिन्छ अर्थात् पवित्र पार्दछ ।[१७] ब्राह्मविवाह नेपाली समाजमा प्रचलित विवाह संस्कारसँग मिल्दोजुल्दो भए पनि अन्य विवाहलाई समावेश गरेर विवाह पद्धतिको निर्माण गरी प्रचलनमा ल्याइएको छ ।

दैव विवाह

समाज परिवार तथा आफ्नो आत्मशान्ति तथा उद्धारका लागि यज्ञ गर्ने गरिन्छ । यज्ञको समापनको समयमा आचार्य अथवा मूल पुरोहितलाई विविध वस्त्रालङ्कार आदि दान गरी आभूषणादिले श्रृङ्गारिएकी कन्यालाई दान दिइने विवाह दैव विवाह हो ।[१८] यस्तो विवाहद्वारा उत्पन्न सदाचारी पुत्रले आफूअधिका सात र पछिका सात गरी चौध पुस्ताको उद्धारका साथै पवित्र पार्दछ ।[१९] वर्तमान समयमा प्रायः यस प्रकारको विवाह हाम्रो समाजमा भएको पाइँदैन । प्राचीनकालमा भने ऋषिमुनिहरुको विवाह यही विधिअनुसार हुने गर्दथ्यो ।

आर्ष विवाह

विवाह हुनुअगावै वरपक्षबाट कन्यापक्षकाले दुई गाई लिएर कन्यादान गरिने विवाहलाई आर्ष विवाह भनिन्छ ।[२०] राजा महाराजाहरूले सुन्दर तथा लक्षणले युक्त कन्यालाई देखेपछि उनका पितालाई विधिपूर्वक गाई प्रदान गरी कन्यालाई विवाह गरेर पत्नी बनाउने शुभकार्य गर्दथे । यस्तो विवाहबाट

---

१६. आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम् ।
आहूय दानं कन्याया ब्राह्मो धर्मःप्रकीर्तितः ॥(२७।३मनुस्मृति)
१७ तज्जः पुनात्युभयतःपुरुषानेकविंशतिम् ॥
यज्ञस्थ ऋत्विजे दैव आदायार्षस्तु गोद्वयम्। ५८।१याज्ञवल्क्यस्मृति ।
१८ ऋत्विजे वितते कर्मणि दद्यादलङ्कृत्य स दैवः १।६आश्वलायनगृह्यसूत्र ।
१९ यज्ञस्थऋत्विजे दैव आदायार्षस्तु गोद्वयम् ।
चतुर्दश प्रथमजः पुनात्युत्तरजस्च षट् ॥ ५९।१याज्ञवल्क्यस्मृति ।
२० एकं गोमिथुनं द्वे वा वरादादाय धर्मतः ।
कन्याप्रदानं विधिवदार्षो धर्मः स उच्यते ॥ २९।३मनुस्मृति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेको सदाचारी पुत्रले आफूअघिका तीन र पछिका तीन गरी छ पुस्तालाई पवित्र एवं उद्धार गर्दछ ।[२१] वैदिककालमा अथवा वेदनीति कायमको समयमा आर्ष विवाह प्रचलनमा थियो ।

प्रजापत्य विवाह

वरवधूसँग हितभाव तथा प्रीतभाव जगाउँदै धर्मको आचरण गर भनी विवाहका निम्ति इच्छुक एवं योग्य वरसँग कन्यादान गरी सम्पन्न गरिने विवाह प्राजापत्य विवाह हो ।[२२] यस्तो विधिबाट विवाह गरिएको वरवधूको जोडीबाट जन्मिएको सदाचारी छोराले आफ्नो पुस्ताका साथै आफूभन्दा अघिका छ र पछिका छ पुस्तालाई समेत पवित्र पार्दै उद्धार गर्दछ भन्ने शास्त्रीय मत रहेको छ ।

आसुर विवाह

विवाह गर्न इच्छुक वरका अभिभावकसँग धनसम्पत्ति लिएर कन्यादान गरिने विवाह आसुर विवाह हो ।[२३] मनुका मतअनुसार कन्याका पिता, माता, दाजुभाइ, बन्धुबान्धव र कन्यालाई समेत यथाशक्य धनदौलत दिएर वरले आफ्नो समाज र संस्कारलाई अनुकूल हुनेगरी कन्यादान लिई गरिने विवाह आसुर विवाह हो ।[२४] यस्तो विवाहलाई राम्रो विवाहका रूपमा स्वीकार गरिँदैन । कतै-कतै आर्ष विवाहको अपभ्रंश पद्धति आसुर हो भन्ने गरिन्छ तर त्यो कदापि सत्य होइन । आर्ष विवाहमा लोभमोहले आफ्ना सन्तान कन्यादान गर्ने चाहना हुँदैनथ्यो बरु त्यसको सट्टा धर्म र मोक्ष प्राप्त गर्नका लागि आसुर विवाह गरिन्थ्यो ।.

गान्धर्व विवाह

वर र कन्याको परस्पर प्रेम वा सहमतिद्वारा कामोपभोगका निम्ति हुने संयोगलाई गान्धर्व विवाह भनिन्छ ।[२५] महाभारतमा राजा दुष्यन्त र शकुन्तलाको गान्धर्व विवाहलाई धर्मानुकूल विवाह मानिएको छ । राजा दुष्यन्तले पहिला विधिवत् रूपमा पाणिग्रहण गरेपछि मात्र सहवास गरेका थिए भन्ने कुरा महाभारतमा स्पष्ट उल्लेख छ ।[२६] गान्धर्व विवाहमा बाबुआमा तथा बन्धुवान्धवको स्वीकृतिविना देवालय वा अन्य कुनै स्थानमा गएर विवाहविधि अनुसार विवाह गरिन्छ ।

राक्षस विवाह

युद्धमा बलात् अपहरण गरेर गरिने विवाह राक्षस विवाह हो ।[२७] कन्याका मातापिता, दाजुभाइ तथा संरक्षक जो कोहीलाई धम्क्याएर, मारेर, काटेर वा घाइते बनाएर चिच्याउँदै वा रुँदै गरेकी कन्यालाई निजको सहमतिविना बलपूर्वक हरण गरी गरिने विवाह राक्षस विवाह हो ।[२८] राक्षस विवाहलाई राम्रो मानिँदैन तापनि प्राचीनकालमा क्षत्रीयहरूमा यो विवाह प्रचलनमा थियो ।

---

२१ ५९।१ याज्ञवल्क्यस्मृति, पूर्ववत् ।

२२ सहोभौ चरतां धर्ममिति वाचाऽनुभाष्य च ।
कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधिःस्मृत ॥३०।३ मनुस्मृति ।

२३ आसुरो द्रविणादानाद् । ६१ । १ याज्ञवल्क्यस्मृति ।

२४ ज्ञातिभ्यो द्रविणं दत्वा कन्यायै चैव शक्तितः ।
कन्यादानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते ।३१।३ मनुस्मृति ।

२५ इच्छयान्योन्यसंयोगः कन्यायाश्च वरस्य च ।
गान्धर्वः स तु विज्ञेयो मैथुन्यः कामसम्भवः । ३२।३ मनुस्मृति ।

२६ जग्राह विधिवत् पाणावास च तया सह । ७३।२० आदिपर्व महाभारत ।

२७राक्षसो युद्धहरणात् ......।६१।१ याज्ञवल्क्यस्मृति ।

२८ हत्वा छित्वा च भित्वा च क्रोशन्ती रुदती गृहात् ।
प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते ॥ ३३।३ मनस्मृति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैशाच विवाह

कन्यालाई छल गरेर अपहरण गरेर बलात् गरिने विवाहलाई पैशाच विवाह भनिन्छ ।[२९] सुतेको अवस्थाकी कुनै पनि नशाले गर्दा होस गुमाएकी, एकान्तमा रहेकी कन्यालाई बलात् उठाएर लैजानु र विवाह गर्नुलाई पैशाच विवाह भनिन्छ । यी माथि बताइएका आठै प्रकारका विवाहहरुमध्ये सबैभन्दा निकृष्ट पैशाच विवाहलाई मानिएको छ ।[३०] धर्मशास्त्रीय ग्रन्थहरुमा ब्राह्म, दैव, आर्ष र प्राजापत्य विवाहलाई ग्राह्य मानिएको छ भने आसुर, गान्धर्व , राक्षस र पैशाच विवाहलाई त्याज्य मानिएको छ ।

वरवधूको योग्यता

विवाह शब्दबाट नै मानिसमा कस्तो वर वा कस्ती वधू हुने होला भन्ने कौतूहलता सिर्जना हुन्छ । समाज विकासको क्रममा आफू अझ जिम्मेवार बन्न खोज्नु स्वभाविक तथा अझ परिपक्वता प्रतिको अग्रसरता हो । यिनै विकासका प्रक्रियालाई हेर्दा विवाहका लागि पनि केही योग्यताको आवश्यकता अपरिहार्य छ ।

विवाहको योग्यता भनेको वर तथा वधूका उमेर तथा गुणहरु नै मुलभूत विषय हुन् । वर तथा वधूमा विवाहका लागि के कस्ता गुणहरु छन् ? ती कुरा थाहा पाएपछि मात्र एक पक्षले अर्को पक्षसँग कुरा अघि सार्न थाल्दछन् । विवाहका निमित्त वरवधू दुवै समान कुल उत्तम आचरण, शूभलक्षण र कुनै संक्रमित रोगरहित हुनपर्दछ । याज्ञवल्क्यले वर उच्चकुलीन, वेदाध्ययनले सम्पन्न ,सवर्ण ,युवा ,पुंस्त्व भएको मेधावी र जनप्रिय हुनुपर्ने उल्लेख गरेका छन् ।[३१] वरका लागि वेदाध्ययन थप उत्कृष्ट तह हो । नेपाली समाजको कुरा गर्ने हो भने 'मूलको पानी कुलकी छोरी' भन्ने लोकोक्ति प्रचलनमा रहनुले पनि कुललाई नै महत्व दिइएको पाइन्छ । कुलअनुसार सन्तानको बानी व्यवहारका विषयमा अनुमान लगाउने गरिन्छ । विवाहमा वधूको भन्दा वरको कुल हेर्नु उपयुक्त मानिन्छ । वर र वधूका लक्षणका विषयमा रूप , बुद्धि, शील , निरोगी हुनुपर्दछ ।

कन्या पनि निरोगी, दाजुभाइ भएकी ,असमान गोत्र तथा प्रवरकी हुनुपर्दछ भन्ने याज्ञवल्क्यको भनाई छ । बाबुबाट सातपुस्ता परकी आमाबाट पाँचपुस्ता परकी अर्थात् नाता साइनो नभएकी कन्या विवाह गर्नुपर्दछ ।[३२] सर्वाङ्ग सुन्दरी, हाँस वा हात्तीको जस्ता हिँडाइ भएकी मसिना र मस्याइला रौँ, केश र टम्म मिलेका अनारका दानाजस्ता दाँत भएकी कोमलाङ्गी कन्यासँग विवाह गर्नुपर्दछ भनेका छन् ।[३३] वरकन्याका गुणअवगुणहरु बुझेर मात्र विवाह गर्नुपर्द्धछ भन्ने धर्मशास्त्रीय मान्यता रहेको छ । वरकन्याका आफन्तले रोजेका वर वा वधूसँग विवाह गर्दा सबै प्रशन्न हुन्छन् , आत्मशान्ति पनि मिल्दछ ।

---

२९ पैशाचः कन्यकाछलात् ...। ६१।१ याज्ञवल्क्यस्मृति ।

३० सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति ।
स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः ॥३४।३ मनुस्मृति

३१ एतैरैव गुणैर्युक्तः सवर्ण श्रोतियो वरः ।
यत्नात् परीक्षितः पुंस्त्वे युवा धीमान् जनप्रियः । ५५।१याज्ञवल्क्यस्मृति ।

३२ अरोगिणीं भ्रातृमतीमसमानार्षगत्रजाम् ।
पञ्चमात्सप्तमादूर्ध्वं मातृतःपितृतस्तथा ॥(५३ ।१याज्ञवल्क्यस्मृति)

३३ अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंसवारणगामिनीम् ।
तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत्स्त्रीयम् ॥(१०।३) मनुस्मृति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहार्थी वर र कन्याको उमेर

हाम्रो सनातन वैदिक समाजमा विवाह भनेपछि धर्मकर्महरू सँगसँगै गर्नको निम्ति सुरु गरिने सहयात्रा वा बन्धन भन्ने बुझिन्छ । विवाह संस्कारका निम्ति पनि केही सीमाहरू हुनुपर्दछ अन्यथा विवाह विधि नभई एउटा क्रीडा बन्न जान्छ । त्यसैले पनि हाम्रा अग्रज, पूर्वज ऋषिमहर्षिहरूले विवाहका केही योग्यताहरू तोकेका छन् । हाम्रो समाजमा विवाहको प्रक्रियामा जाँदा वरवधूको योग्यता हेर्ने गरिन्छ । देश, काल परिस्थितिअनुसार कन्याको विवाहको समयमा फेरवदल भएको अनुमान लगाउन सकिन्छ । सामान्यतया रजस्वला भइसकेपछि कन्या विवाहयोग्य हुने शास्त्रीय मान्यता छ । रजस्वला स्त्रीलाई पुष्पवती भनिन्छ । पुष्पवतीको अर्थ फूल लागेको भन्ने हो ।[३४] कुनै वृक्षादिमा फूल लागेमा फल लाग्ने समय आएको भन्ने ज्ञात भएजस्तै नारीका लागि पनि सन्तानोत्पादनका लागि योग्य उमेर भएको जानकारी रजस्वला धर्मले दिन्छ । रजस्वला हुनु भनेको कन्या परिपक्व भइन् भन्ने कुराको द्योतक हो । रजस्वला भएपछि कामको चाहना हुनु स्वभाविक एवं प्राकृतिक विषय हो । वर वा कन्यामा कामवासना जागृत हुँदा आफ्नै पति वा पत्नीबाहेक अन्य स्त्री वा परपुरूषहरूप्रति कामवृत्ति जागृत नहोस् भन्ने ध्येयले वैदिक ऋषिहरुले रजोदर्शनपूर्व नै कन्याको विवाह गरिदिने पद्धति विकास गरेको बुझ्न सकिन्छ । पाश्चात्य सभ्यताका केही अनुयायीहरुले हिन्दू दर्शनले बालविवाहलाई प्रश्रय दिइएको छ भन्न पछि पर्दैनन् । वैदिक दर्शनका मुलभूत ग्रन्थहरूको अध्ययन नगरी बोक्रे अध्ययन गरेकाहरूको यो आरोप मात्र हो । वैदिक दर्शनले प्रतिपादन गरेका विवाहहरूले बालविवाहलाई प्रोत्साहन नगरी निरुत्साहित गरेका छन् । मनुले गृहस्थधर्म सम्हाल्न हतारिएका बेला २४ वर्षका वरले ८ वा १२ वर्षकी कन्यालाई विवाह गर्दा हुने कुरा बताएका छन् ।[३५] सीताले रामलाई मन पराउनु भन्नुको अर्थ सीता वयस्क थिइन् भन्ने कुराको पनि ज्ञान हो । रामायणमा सीताले अयोध्या पुगी सबैसँग दर्शनभेट गरेर रामसँग विहार गरिन् भन्नुको आशय नै सीता वयस्क थिइन् भन्ने हो ।[३६] विवाहपछि एकवर्ष, बाह्र रात्रि, छ रात्रि र नसके तीन रातसम्म सम्भोग नगरी ब्रह्मचर्यमा बस्नुपर्दछ भन्ने कुरा गृह्यसूत्रहरूमा उल्लेख गरिएको छ ।[३७] ३७कन्या सानैमा विवाह गर्न इच्छुक भएमा वा विवाह नगरी नहुने परिस्थिति सिर्जना भएमा, कन्या रजस्वला नहुँदै र कन्या, विचारशील भएमा रजस्वला भए पश्चात् पनि विवाह गर्न हुने शास्त्रको आशय छ ।[३८] यसको आशय विवाह गर्नु भनेको सन्तानोत्पादन गर्नका लागि तयार हुनु हो तसर्थ सन्तान उत्पादन गर्न योग्य भएको अवस्थामा मात्र विवाह गर्नुपर्छ । आपस्तम्बका अनुसार व्रतबन्धपश्चात् पनि बाह्रवर्षसम्म ब्रह्मचर्यव्रतको पालना गर्दै वेदाध्ययन सम्पन्न भएपछि समावर्तन गररे मात्र विवाह गर्नुपर्ने शास्त्रीय मान्यता भएकोले वरको विवाह उमेर पच्चीस वर्षपछि नै हुन आउँछ ।[३९] यस दृष्टिले हेर्दा कन्या पनि सन्तान उत्पादनका लागि योग्य भएपछि मात्र विवाह गर्न उचित देखिन्छ । यसैगरी

---

३४ पृ.९ , विवाह पद्धति भूमिकाखण्ड प्रा.डा. ऋषिराम पोखरेल ।

३५ त्रिंशद्वर्षोवहेत्कन्यां हृद्यां द्वादशवार्षिकीम् । ९४।९ मनुस्मृति ।

३६ पतिसंयोगसुलभं वयो दृष्ट्वा तु मे पिता ।
चिन्तामभ्यगमद् दीनो वित्तनाशादिवाधन : ॥
तस्यवुद्धिरियं जाता चिन्तवानस्य संततम् ।
स्वयंवरं तनूजाया : करिष्यामीति धर्मत : ॥(३४,३८-२।११८ वाल्मीकि रामायण)

३७ अधःत्रिरात्रमक्षरालवणाशिनौ स्यातामधःशयीयातां संवत्सरं
न मिथुनमपेयातांद्वादशरात्रं षड्रात्रं त्रिरात्रमन्ततः । १।८।१६ ।पारस्कर गृह्यसूत्र ।

३८ मुनीनां प्रेयसी नारी युवतीरूपशालिनीम् ।
सा लङ्कारा सशंयां च दत्वाऽनन्तफलं लभेत् ॥९७५२,सृष्टिखण्ड,पद्मपुराण)

३९ द्वादशवर्षाव्यवरार्द्धमपिः । १।१।२।१६आपस्तम्व धर्मसूत्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न पौराणिक ग्रन्थहरूमा पनि कन्याको विवाह यौवनावस्थामै हुने गरेका वचनहरू पाइन्छन् । गर्भग्रहण गर्ने स्त्रीको उमेर १६ वर्ष तथा पुरुषको उमेर २५ वर्ष हुनुपर्ने कुरा सुश्रुतले उल्लेख गरेका छन् ।[४०] विवाह पद्धतिमा यदि कन्या रजस्वला भइसकेपछि विवाह गरिने भए प्रायश्चित्त गोदान गरेर मात्र गर्नुपर्ने विधिनिर्देश भएको हुँदा विवाहमा कन्या रजस्वला भइसकेपछि पनि विवाह गर्न हुन्छ भन्ने स्पष्ट उल्लेख पाइन्छ । चाहे जे भए पनि सन्तान उत्पादन गर्न योग्य भएपछि मात्र वर तथा वधूको विवाह गर्नुपर्ने शास्त्रीय आशय हो । विवाह परम्परामात्र नभई जीवन जिउने एउटा सफल कला पनि हो ।

निष्कर्ष

सृष्टिको सुरुवातदेखि नै अनौपचारिक तरिकाले स्त्रीपुरुष एकअर्कामा बाँधिए तापनि समयक्रममा एउटा पद्धतिको विकास भई सामाजिक बन्धनमा जोडिँदा आवश्यक पर्ने विधि र विवाह गरिएअनुसारका नामको कल्पना तत्वद्रष्टा महर्षिहरूले गरे । जसअनुसार विवाहका नाम र प्रकारको विकास भएको मान्न सकिन्छ । आठ प्रकारका विवहामा चार प्रकारका विवाहलाई उत्तम र चार प्रकारका विवाहलाई अधम मानेर महर्षिहरूले स्मृतिहरूमा आफ्ना मत उपस्थापित गरेको पाइन्छ । विवाहको उद्देश्य , काल, विवाह योग्य स्त्रीपुरुष, तिनका योग्यता र विशेषताका बारेमा शास्त्रको मान्यता केकस्तो रहेको छ ? भन्ने कुराको चर्चा यस अध्ययनमा गरिएकाले वैदिक विवाहका अनेकौँ ज्ञानलाई समाजमा बुझाउनु पनि यस अध्ययनको मूल ध्येय हो ।

सन्दर्भ ग्रन्थसूची

आपस्तम्ब गृह्यसूत्र, आपस्तम्ब, चौखम्बा संस्कृत संस्थान वाराणसी, वि.सं २०३६

आश्वलायन गृह्यसूत्रम्, आपस्तम्ब, चौखम्बा संकृत संस्थान वाराणसी, वि.सं. २०४०

तैत्तिरीय संहिता सायणानन्दाश्रमः, पुना, सन् १९५९ ।

पारस्कर गृह्यसूत्रम्, पारस्कर, चौखम्बा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०४९

मनुस्मृति, मनु, चौखम्बा संस्कृत संस्थान वाराणसी, वि.सं. २०४९

महाभारत (आदिपर्व), व्यास, गीताप्रेस, गोरखपुर; सन् १९५१

याज्ञवल्क्यस्मृति,(मिताक्षरा) याज्ञवल्क्य, निर्णयसागर मुद्रण यन्त्रालय, सन् १९२६

रामायण,(मुलमात्रम्) वाल्मीकि, गीताप्रेस, गोरखपुर, सन् १९५१

विदूरनीति,विदूर, अनु. मदनप्रसाद अर्याल, श्रीमती रमादेवीअर्याल, वि.सं. २०६० तृ.सं.

विवाह पद्धति, सम्पा.ऋषिरामपोखरेल, महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं.२०४९

पद्मपुराण (,सृष्टिखण्ड), व्यास, विद्यासागर प्रेस, मुम्बई , सन् १९८६

सुश्रुत संहिता, सुश्रुत,अनु. डा.केवलकृष्ण ठकराल,चौखम्बा ओरियण्टालिया, वाराणसी, ई.सं.२००१

---

४० ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतिम्।
यद्याधत्ते पुमान् गर्भं स कुक्षिस्थो विपद्यते॥
जातो वा न चिरं जीवेत् जीवेद् वा विकृतेन्द्रियः।
तमादत्यन्तबालायां गर्भाधानं न कारयेत्॥ (सुश्रुतसंहिता,शरीरस्थान ४२-४३ ।१०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकहरूका लागि निर्देशन

लेखको लम्बाइ

लेख ३००० देखि ५००० शब्दभित्रको हुनुपर्ने छ ।

शोधसार र परिभाषिक शब्दहरू

लेखकहरूले १५० देखि २०० शब्दसम्मको शोधसार र जम्मा ५/७ परिभाषिक शब्दहरू समावेश गर्नुपर्ने छ। शोधसारले अध्ययनका सबै पक्षहरू समेटेको हुनुपर्ने छ ।

भाषा

लेख नेपाली, अङ्ग्रेजी वा संस्कृत भाषामा हुनुपर्ने छ ।

प्रस्तुतिको ढाँचा

लेख सफ्टकपीमा इमेलमार्फत् पेश गर्नुपर्ने छ ।

लेखको संरचना

शोधसार, शब्दकुञ्जी, विषयप्रवेश, शोधसमस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, सैद्धान्तिक पर्याधार, विश्लेषण र निष्कर्षयुक्त शोधविधि समावेश गर्नुपर्ने छ ।

ढाँचा

अङ्ग्रेजी लेखका लागि १२ फन्ट साइज भएको TIMES NEW ROMAN, नेपाली र संस्कृतका लागि PREETI मा फन्ट साइज १४ हुनुपर्ने छ । लेखको पहिलो पृष्ठमा इमेल ठेगाना, शीर्षक, लेखकको पूरा नाम र पद समावेश गराउनु पर्ने छ ।

लेखकीय मर्यादा

लेखहरू अप्रकाशित र मौलिक हुनुपर्ने छ ।

सन्दर्भ सामग्री एवं पाठटिप्पणीको ढाँचा

लेखकले APA (6TH EDITION) र MLA (8TH EDITION) वा संस्कृत लिपिका लागि अन्य कुनै ढाँचा प्रयोग गर्नुपर्ने छ ।

लेख प्रस्तुत गर्ने तरिका

सबै लेखहरू MS WORD हुनुपर्ने छ र maryada.researchjournal@gmail.com मा पेश गर्नुपर्ने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
नेपाल संस्कृत विश्वविद्यालय
Valmeeki Vidyapeeth
वाल्मीकि विद्यापीठ, काठमाडौं, नेपाल
काठमाडौं, नेपाल

ISSN 2795-1626
9 772795 162003

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal